# काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा दर्शनाचार्य (M.Phil) उपाधिका लागि प्रस्तुत

**शोधपत्र**

**शोधार्थी**

श्रीलोचन राजोपाध्याय

एमफिल/पिएचडी, तेस्रो सेमेस्टर

रोल नं ०७ (२०७८/०७९)

त्रि वि रजिष्ट्रेसन नं ६-१-२६४-२४२-९७

(चैत २०८०)

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह (M.phil) का विद्यार्थी श्रीलोचन राजोपाध्यायले ' काठमाडौं उपत्यका भित्रका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शीर्षकको शोध प्रवन्ध मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो। मिहिनेतपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य प्रति म सन्तुष्ट छु। अतः यसको आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु।

उप प्रा.डा. तिना मानन्धर

मिति: २०८०/१२/३० (शोध निर्देशिक

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह, तेस्रो सत्रको पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको **'काठमाडौं उपत्यकाका राजोपाध्यायको सांस्कृतिक अध्ययन'** शीर्षको प्रस्तुत शोध प्रवन्ध मैले आदरणीय गुरु उप प्रा.डा तिना मानन्धरको प्राज्ञिक सल्लाह र कुशल निर्देशनमा तयार पारेको हुँ । शोध प्रवन्ध तयार गर्ने सन्दर्भमा आएका विभिन्न कठिनाईहरुलाई समाधान गर्दै शोधकार्य सम्पन्न गर्न सही मार्ग निर्देशन, प्रेरणा र सरसल्लाह प्रदान गर्नु भएकोमा आदरणीय गुरुप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने सन्दर्भमा बेला-बेलामा आवश्यक सहयोग तथा सुझाव प्रदान गर्नुहुने नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागिय प्रमुख आदरणीय गुरु प्रा.डा सोमप्रसार खतिवडाज्यू लगायत सम्पूर्ण गुरुहरुप्रति म कृतज्ञताज्ञापन गर्दछु । साथै यस शोधकार्यमा आवश्यक विभिन्न सूचना एवं जानकारी उपलब्ध गराउन सहयोग गर्ने मेरा सवै सहपाठी मित्रहरुमा आभार प्रकट गर्दछु । कम्प्युटर डिजाइनमा सहयोग गर्ने मित्र रञ्जित श्रेष्ठलाई धन्यावाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधप्रबन्धलाई आवश्यक मुल्यांकनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग समक्ष पेश गर्दछु ।

श्रीलोचन राजोपाध्याय

२०८०/१२/३०

# शोधसार

काठमाडौं उपत्यकाका राजोपाध्यायको सांस्कृतिक अध्ययन समिक्षात्मक रुपमा विश्लेषण गरिएको छ। शोध प्रबन्धमा उपत्यकामा कहिले देखि राजोपाध्याय रहेको र उनीहरुको सांस्कृतिक पक्षको विश्लेषण भएको छ । प्रसारवाद र संरचनात्मक प्रकार्यवादको सिद्धान्त अनुसार यसको निष्कर्ष निकालिएको छ। हिन्दू नेवार जातिमा जजमानी गर्ने राजोपाध्यायलाई उपाध्याय ब्राह्मण, द्यः ब्रह्मू, देउ भाजु र देव ब्राह्मण भन्छन्। शाब्दिक अर्थमा राज र उपाध्याय शब्दको मिश्रण नै राजोपाध्याय बनेको हो। राजाको कुमार 'राजकुमार', राजाको दरवार 'राजदरवार' जस्तै राजाको उपाध्याय, राजउपायध्याय हो।

नेपाली व्याकरण अनुसार यसमा 'ज' र 'उ' को सन्धि भई 'जो' भएको हो। मल्लकालिन पशुपतिमा रहेको जयसिंहरामवर्द्धनको अभिलेखमा 'राजोपाध्याय' पहिलोपटक लेखिएको हो। नेवार जाति भित्र उपजाति राजोपाध्यायको मुख्य पेशा जजमानी हो। यिनीहरुको लिच्छवि देखि काठमाडौं उपत्यकाभित्र रहेको मानिन्छ। राजा हरिदत्त वर्माले स्थापना गरेको चार मध्ये तीन वटा नारायणमध्ये चाँगु, इचंगु र शेष नारायणमा राजोपाध्याय नै मूलपुजारीका रुपमा छन्। मध्यकाल राजाका गुरु तथा राजपुरोहितको दर्जा पाएको राजोपाध्यायहरुले शासन परिवर्तनसँगै पूर्ववत् पद गुमाए । यस शोधको अनुसन्धान दर्शन (Research Phliosophy) तथा सैद्धान्तिक खाका रचनावाद/ निर्माणवाद (Constructivism) मा आधारित विश्लेषण भएको छ। अनुसन्धानमा वर्णात्मक तथ्यांकहरुको प्रयोग गरिने हुनाले यो गुणात्मक अनुसन्धान (Qualitative Resarch) हो।

यसै गुणात्मक विधिअन्तर्गत इन्थोग्राफी (Ethnography) अध्ययन विधि प्रयोग भएको छ। निर्माणवादको दृष्टिकोणमा ज्ञान (Epistemology) व्यक्तिको अनुभव र घटनाहरूबाट निर्माण हुने गर्दछ। विषयगत सत्यता (Subjective Reality) बोकेको हुन्छ। प्रस्तुत शोधमा राजोपाध्याय कहिले देखि काठमाडौं उपत्यकाभित्र रह्यो, उनीहरुको सांस्कृतिक पक्ष र आएका परिवर्तन कारणको खोजी हो। यसै सम्वन्धित विषयका विद्वान र छलफलका माध्यमवाट सत्यताको खोजी गरिएको छ। सत्य (Ontology) सामाजिक रूपले मानिसको दिमागमा निर्माण हुन्छ।

अण्नुसन्धानको मूल्य मीमांसा (Axiology) राजोपाध्यायले हिन्दू नेवारहरुको घरमा जजमानी गर्छन् । सत्यको खोजी गर्न प्राथमिक तथा द्वितीयकको तथ्याङ्क प्रयोग गरिएको छ। प्राथमिक तथ्यांकहरु स्थलगत रुपमा सहभागितामूलक अवलोकन गरी संकलन गरिएको छ। अन्तर्वार्ताको लागि प्रश्नको छनोट भने उद्देश्यमुलक नमूना छनोट पद्धतिवाट भएको छ। अध्ययनको क्रममा प्रकाशित तथा अप्रकाशित पुस्तक र लेख रचनालाई द्वितीयक स्रोतको रुपमा प्रयोग गरिएको छ। त्रि.वि.केन्द्रिय पुस्तकालय र वेभसाइटहरुवाट पनि संकलन गरी प्रयोग भएको छ । प्रस्तुत अनुसन्धान आगमन विधिको प्रयोग गरी तथ्यहरूको विश्लेषणबाट नयाँ सत्यको प्रतिपादन गरिएको छ ।

ने.सं २४२ को वंशावलीमा मखन टोलका राजोपाध्याय परेको छ । जयस्थिति मल्लको जातिय व्यवस्थामा तत्काल उपाध्याय ब्राह्मण उच्चवर्गमा थिए । यिनै उपाध्याय ब्राह्मणलाई पनि राजोपाध्याय भनिएको छ । राजोपाध्याय सम्वन्धि भारतको कान्यकुब्ज ब्राह्मणको चर्चा छ । स्वदेशी तथा विदेशी विद्वानहरुले हिन्दू नेवार कहाँ पुरोहित्याई गर्ने राजोपाध्यायका पुर्खज कान्य कुब्जलाई मानेका छन्। भक्तपुरको एक वंशावलीमा उल्लास राजलाई उनीहरुको पुर्खाको रुपमा देखाइएको छ। यसैगरी, हरिसिंह देवले आफ्नो इष्ट देवता तलेजु भवानीसँगै ल्याउँदा ब्राह्मणहरु पनि सँगै आएको भनाई छ । भक्तपुर र ललितपुरको तलेजुको मूलपूजारी राजोपाध्याय हुन्। तलेजुका मुख्य पूजारीहरुले आफू मध्यकालदेखि पूजा गर्दै आइरहेको मान्छन् ।

काठमाडौं उपत्यकाको दरवार परिसरलाई मुख्य बासस्थान बनाएका राजोपाध्यायले तीन वटा मुख्य गोत्र प्रयोग गर्छन्। भारद्वाज, कोशिक र गार्ग्य गोत्र हुन्। मध्यकालमा विकसित भएको संस्कार राजोपाध्यायहरुले पछ्याउँदै आएका छन्। नेवार समाजभित्र हुलमेलका कारण उनीहरुले नेपाल भाषालाई मातृ भाषाका रुपमा प्रयोग गर्छन् । सामाजिक संगठन ढाँचामा राजोपाध्याय संयुक्त परिवामा वस्छन्। हिन्दू नेवारहरुको संस्कृति अपनाएका राजोपाध्यायहरुले जन्म देखि मृत्युसम्मका संस्कार शास्त्रले निर्देशन गरेको अनुसार गर्छन्। वेल विवाह (इही), बाह्रा तयेगु, सूर्यदशर्न), चुडाकर्म, व्रतवन्ध र विवाह संस्कारअन्य हिन्दू नेवारहरुको भन्दा फरक छ।

मृत्यु संस्कारमा काठमाडौं, भक्तपुर र ललितपुरमा केही फरकता छ। मृत्यु संस्कारको १२औं दिनमा पाक श्राद्धसहित सपिण्ड श्राद्ध गर्नुपर्छ। पाक श्राद्ध अन्य नेवार जातिहरुमा गर्नु पर्दैन। पाक श्राद्धमा बोकाको टाउकोको विभिन्न अंग पिण्डमा राखिन्छ ।

आधुनिककरण र परसंस्कृतिको प्रभावले ४०-५० वर्ष भित्र राजोपाध्याय समुदायको संस्कार धेरै परिवर्तन आएको छ। विवाह, मृत्यु, इही, बाह्रा तयेगु, चुडाकर्म, व्रतवन्ध तथा पास्नी जस्ता महत्वपूर्ण संस्कार छोटकरीका रुपमा भइरहेको छ। संस्कृति शिक्षाको अभावका कारण यूवा पुस्तामा जजमानी कामप्रति आकर्षण कमी देखिएको छ। यद्यपि, यो शोध राजोपाध्याय सम्वन्धी पूर्ण होइन। अझ पनि यसमा थप अनुसन्धान हुन बाँकी छ।

## शब्द अर्थ

| नेपाल भाषा | नेपाली अर्थ |
|---|---|
| थकाली | परिवारको सवैभन्दा जेष्ठ पुरुष सदस्यलाई जनाउँछ । |
| नकी | परिवारको सर्वभन्दा जेष्ठ महिला सदस्यलाई जनाउँछ । |
| लिसः भ्वय् | कान्तिपुर, ललितपुर र भक्तपुरका उपाकर्म गुठी पालो चलाउनेले निम्तो दिने भोजलाई लिसः भ्वय् भनिन्छ । |
| कों चिक | जौको, पिठो र तेल मिश्रण वस्तुलाई भनिन्छ । विशेषत मृत्यु संस्कारको एक बर्षको दिन प्रयोग हुन्छ । |
| सी गुठी | कुनै व्यक्तिको निधन हुँदा पार्थिव घर देखि घाटसम्म पुऱ्याउने व्यवस्था गर्ने गुठीलार्य सी गुठी भनिन्छ । |
| फुकी | परिवार भित्रका १० दिने सदस्यलाई फुकी भनिन्छ । |
| बाह्रा तयेगु | पहिलोपटक छोरी रजस्वला भएको बेला राख्ने संस्कारलाई बाह्रा तयेगु भनिन्छ । यसलाई सूर्य दर्शन पनि भनिन्छ । |
| धौ बजी नकेगु | माइती पक्षबाट छोरी प्रसुति हुने केही दिन अगाडि सगुनसहित दही चिउरा खुवाउने चलनलाई धौ बजी नकेगु भनिन्छ । |

सिन्ह कंके छोय........................................................ फुकीहलाई बच्चा जन्मेको जानकारी दिने चलनलाई सिन्ह कंके छोय भनिन्छ ।

ज्योना लप्ते............................................................. कुनै पनि संस्कार वा अन्य अवसरमा भोज वा थाय्भू खुवाउँदा राखिने एक किसिमको पातलाई जनाउँछ ।

प्युचा न्हयाकेगु........................................................ भीम रथारोहनको अवसरमा कानमा लगाउने एक किसिमको सुनको रिङ हो ।

जयबिली ब्यंकेगु...................................................... बच्चा जन्मदा घरमा सुद्धिकरण गर्ने कार्यलाई जनाउँछ ।

बो.......................................................................... एक किसिमको खाने सामग्रीको भाग हो ।

मचा बु लहिके यंकेगु................................................ छोरी सुत्केरी भएपछि माइती पक्षले स्याहार्न लैजानेलाई भनिन्छ ।

मच्चा जंको.............................................................. बालक वा बालिका पहिलोपटक ठोष अन्न खुवाउने संस्कारलाई मच्चा जंक (पास्नी) भनिन्छ ।

थाय्भू...................................................................... विभिन्न ८४ किसिमको खाद्यान्न राखिने काँसको थाललाई थाय्भू भनिन्छ ।

बुकी लूँ.................................................................... काँचो सुनलाई जनाउँछ ।

बाह्रा ख्याः............................................................... पहिलोपटक रजस्वला भएकी कन्यालाई सूर्यको किरण नआउने कोठामा राखिन्छ । त्यसै कोठामा प्रतिकात्मक रुपमा बनाइएको भूतलाई बाह्रा ख्याः भनिन्छ ।

इही पर्सि.................................................................. बेल विवाहको कन्याले लगाउने साडी हो

दुसो का....................................................................... विवाह, इही, व्रतवन्ध, चुडाकर्मको पुर्वाङ्गको को दिन लगाइदिने पहेलो धागो हो ।

बुह्रा तयेगु ...................................................... बालकलाई जनै दिने संस्कारलाई बुह्रा तयेगु भनिन्छ ।

खं क्वछियगु............................................................. विवाहको अवसरमा केटा पक्षबाट केटीको घरमा सम्वन्ध पक्कापक्की गर्ने दिनलाई भनिन्छ ।

ग्वय यंकेगु............................................................... विवाह पक्कापक्की गर्न सोमबार वा बिहीबारको दिन दुलाहको पक्षबाट दुलहीको घरमा सगुनको रुपमा सुपारी लैजाउने चलनलाई बुझाउँछ ।

मरी कसी.................................................................. विवाह हुनु चारदिन अघि केटा पक्षबाट केटी पक्षको घरमा पठाउने विशेष किसिमको माटोको भाँडोलाई बुझाउने गर्छ ।

दुरुदाई...................................................................... सुपारी लगेको दिन दुध राखेको भाँडोलाई दुरुदाई भनिन्छ ।

अलि द्यः..................................................................... माटोको प्रतिक रुपमा बनाइने देवता हो ।

दुसो........................................................................... कुनै संस्कार गर्नु एकदिन अगाडिको पुर्वाङ्गको दिन गर्ने कार्यलाई दुसो भनिन्छ ।

भम्चा पित वियगु......................................................... छोरी अन्माउने (दुलही)

छ्वास......................................................................... घर नजिको चौवाटोमा थाय्भूका परिकार फयाक्ने स्थानलाई छ्वास भनिन्छ ।

सिंकाय भ्वय्.............................................................. देवाली पूजा पछि कुलका सदस्यहरुबीच खाने भोजलाई सिंकाय भ्वय् भनिन्छ ।

भौमचा दुकायगु........................................................ दुलाहको घरमा बुहारीलाई घरमा भित्राउने कार्यलाई जनाउँछ ।

सँ प्याकेगु............................................................... विवाहको भोलिपल्ट दुहालले यज्ञ कार्यसँगै आफ्नी श्रीमतीको केश सृंगार गर्ने कार्यलाई सँ प्याकेगु भनिन्छ ।

जिलाजं दुचाकेयगु..................................................... ज्वाईलाई पहिलोपटक घर भित्राउने कार्यलाई जिलाजं दुचाकेयगु भनिन्छ ।

जंको........................................................................ पुरुष वा महिलालाई ७७ वर्ष ७ महिना, ७ दिनको दिन गर्ने संस्कारिक कार्यलाई पास्नी भनिन्छ ।

पुन्नेचा...................................................................... कानमा लगाउने एक किसिमको सुनको रिङ

लुँची........................................................................ सुनको टिका

विचा वनेगु .............................................................. मृतकको घरमा अपशोच प्रकट गर्न जाने

न्यानुमा..................................................................... भक्तपुरमा मृत्यु भएको व्यक्तिलाई पाँचौं दिन खाद्यन्न चढाउने दिन हो ।

न्ह्यनुमा..................................................................... काठमाडौं र ललितपुरमा सातौं दिनमा मृतकको नाम घर बाहिर भोग राखिन्छ ।

घः............................................................................ माटोको घैटो हो ।

सु............................................................................. मृत्यु संस्कारको ११औं दिनमा गरिने सुद्धिकरण कार्यलाई सुः भनिन्छ ।

दक्षिणा छायेगु................................................ बच्चा जन्मेको दस दिनमा नामकरणको संस्कारपछि बच्चाको टाउकोमा पैसा चढाउने कार्यलाई दक्षिण छायेगु भनिन्छ ।

वंजला वनेगु ................................................. ललितपुरका राजोपाध्यायहरुले मनाउने सवै संस्कार कार्यको भोलिपल्ट कुमारी मन्दिरमा पूजा गर्न जानेलाई वंजला वनेगु भनिन्छ ।

जयविली व्यंकेगु.............................................. बच्चा जन्मेको घरमा १० दिनसम्म सुतक लाग्छ । यही सुतकको सुद्धिकरणलाई नै जयविली व्यंकेगु भनिएको हो ।

कचि लुँ ...................................................... खानीबाट निकालिएको काँचो सुनलाई जनाउँछ ।

वस्खा.......................................................... राजोपाध्याय समुदायमा चुडाकर्म संस्कारलाई नेपाल भाषामा बस्खा भनिन्छ ।

ज्याः थजंक्व.................................................. आमा-बुबाको गरिने पहिलोपटक भीमरथारोहण) संस्कारलाई ज्याः थजंक्व भनिन्छ ।

विचा वनेगु................................................... परिवार शोकमा रहँदा प्रकट गर्ने अपरोचलाई जनाउँछ ।

# विषयसूची

**पृष्ठ संख्या**

शोध निर्देशकको सिफारिस....................................................................................क
स्वीकृती पत्र .................................................................................... . ख
कृतज्ञताज्ञापन ...................................................................................... ग
शोधसार ..........................................................................................  घ-च
शब्द अथ.........................................................................................  छ-ट
विषय सूची .......................................................................................... ठ-त

## परिच्छेद एक

१.१ शोध विषयको परिचय..........................................................................१
१.२ राजोपाध्यायको परिचय ........................................................................१
१.३ समस्या (Statement of  the problem)....................................................२
१.४ अध्ययनको उद्देश्य (Objectives of study)...............................................२
१.५ अध्ययनको महत्व (Significance of the Study)......................................२-३
१.६ भौगोलिक सिंमाङ्कन (Delimation).........................................................३
१.७. अवधारणात्मक खाका (Conceptual Fremework)...................................३-४
१.८. अध्ययनको संगठन (Orgranization of the Study)..................................४-५

## परिच्छेद दुई : **साहित्य समिक्षा**

२.१ विषय प्रवेश........................................................................................ ६
२.१.१ विषयगत समिक्षा (Review of Empirical )........................................ ६-२९
२.२ सैद्धान्तिक ढाँचाको समिक्षा ( Review of Theoritical Framework ................. २९-३०
२.२.१ प्रसारवादको परिचय (Meaning of Diffusionist )................................३०-३१
२.२.२ प्रसारवादको मुख्य मान्यता ( Major assumptions of Diffusionism) .......... ३१-३२

२.२.३ प्रसारवादको आलोचना (Criticism of Diffusionism) .................................. ३२-३३
२.२.४ प्रकार्यवाद र संरचनात्मकको परिचय (Functionalism and Structural) .................३३-३४
२.२.५ प्रकार्यवाद र संरचनात्मकवादको मूलभूत मान्यताहरु.......................................... ३४-३६
२.२.६ प्रकार्यवाद र संरचनात्मकवादको आलोचना ............................................... ३५-३६
२.३ नीतिगत समिक्षा (Policy Review) ..............................................................३६
२.३.१ नेपालको अधिराज्यको संविधान २०४७.....................................................३६-३७
२.३.२ नेपालको संविधान पहिलो संसोधन (२०७२) ............................................ ३७
२.३.३ नेपाल सरकार (२०६७)............................................................................ ३७-३८
२.३.४ संस्कृति नीति २०६८ मा भएको व्यवस्था................................................ ३८-३९
२.३.५ स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था.............................. ३९
२.४ विधिगत समिक्षा (Methodological Review)..........................................................३९-४०
२.५ अनुसन्धान रिक्तता (Research Gap) ..................................................................... ४०-४१
२.६ निष्कर्ष........................................................................................................ ४१

## परिच्छेद तीन : अनुसन्धान विधि

३.१ विषय प्रवेश.................................................................................................. ४२
३.२ अनुसन्धान दर्शन (Research Philosophy)..........................................................४२-४४
३.३ अनुसन्धानको ढाँचा (Research Design)........................................................४५-४६
३.४ तथ्यांक संकलन विधि (Method of Data Collection) .................................. ४६-४७
३.४.१ प्राथमिक तथ्यांक संकलन विधि.......................................................................४७
३.४.२ द्वितीयक तथ्यांक संकलन विधि...................................................................... ४८
३.५. तथ्यांक विश्लेषण विधि (Method of Data Analysis)........................................४८
३.६. अनुसन्धानमा नैतिक सवालहरु (Ethical Issues in Research) ........................४८-४९
३.७. सैद्धान्तिक र अवधारणात्मक ढाँचा (Theoretical & Conceptual Framework) ...........४९-५०
३.८ निष्कर्ष ......................................................................................................... ५१

## **अध्याय चारः** राजोपाध्याय समुदायको परिचय

४.१ नेवार जातिको परिचय ..........५२-५३

४.१.२ नेवार जाति भित्र राजोपाध्याय .......... ५३-५४

४.१.३ राजोपाध्याय नामकरण .......... ५४-५५

४.१.४ लिच्छविकालका राजोपाध्याय .......... ५५-५७

४.१.५ मल्लकालमा राजोपाध्याय .......... ५७-५९

४.१.६ शाहकालमा राजोपाध्याय .......... ६०-६१

## सामाजिक संरचना

४.२ परिचय..........६१-६३

४.२.१ गोत्र..........६४

४.२.२ राजोपाध्यायहरुको बसोबास स्थान .......... ६४

४.२.२.१ काठमाडौं..........६४

४.२.२.२ ललितपुर.......... ६५

४.२.२.३ भक्तपुर..........६७-६८

४.३ जाति व्यवस्था..........६६-६७

४.४ गुठी व्यवस्था..........६७-६८

४.४.१ कान्तिपुर उपाकर्म गुठी ..........६८-६९

४.४.२ ललितपुर उपाकर्म गुठी..........६९-७०

४.४.३ भक्तपुर उपाकर्म गुठी..........७०-७२

४.५ जजमानी पेशा..........७२-७३

४.६ धर्म..........७३

४.७ भाषा..........७३

४.८ नाता सम्वन्ध..........७३-७४

४.९ छलफल र निष्कर्ष..........७४-७७

## अध्याय पाँचः राजोपाध्यायको सांस्कृतिक पक्षः संस्कार

**५.१ संस्कारको परिचय** ...... ७८-८०

५.१.२ गर्भाधान ...... ८०-८१

५.१.३ पुंशवनं ...... ८१

५.१.४ सिमन्तोनयन ...... ८१-८२

५.१.५ दही चिउरा खुवाउने ...... ८२

५.१.६ जातकर्म ...... ८२-८३

५.१.७ सुत्केरीको जानकारी गराउने ...... ८३

५.१.८ छैठीं ...... ८४-८५

५.१.९ नामकरण ...... ८५-८७

५.१.१० निस्क्रमण ...... ८७

५.१.११ अन्नप्राशन वा पास्नी ...... ८७-८९

५.१.१२ इहि (बेलविवाह) ...... ८९-९२

५.१.१३ गुफा राख्ने ...... ९२-९३

५.१.१४ चुडाकर्म ...... ९३-९४

५.१.१५ बुह्राँ तयेगु वा व्रतवन्ध ...... ९४-९६

५.१.१६ विवाह ...... ९६-९८

५.१.१६.१ सुपारी लैजाने ...... ९८

५.१.१६.२ कल्यां पठाउने ...... ९८-९९

५.१६.१६.३ पूर्वाङ्ग वा दुसो ...... ९९-१००

५.१.१६.४ कन्यादान ...... १००-१०१

५.१.१६.५ भम्चा पितवियगु (दुलहीलाई विदा गर्ने) ...... १०१-१०२

५.१.१६.६ दुहली भित्राउने कार्य (होंकेगु) ...... १०२

५.१.१६.७ सं प्याकेगु ...... १०२

५.१.१६.८ देवाली पूजा ...... १०३

५.१.१७ पास्नी (जंको)........................................................................ १०३-१०५

५.१.१८ मृत्यु संस्कार ........................................................................१०५-१०७

५.२ छलफल र सारांश ........................................................................१०७-१०८

५.३ निष्कर्ष........................................................................ १०८-१०९

**परिच्छेद छ :** राजोपाध्याय समुदायमा आएका परिवर्तन

६.१ परिवर्तनको परिचय ........................................................................११०-१११

६.२ राजोपाध्यायमा प्रमुख परिवर्तनहरु........................................................................ १११-११२

६.३ दही चिउरा खुवाउने ........................................................................११२

६.४ बेल विवाह (इही) ........................................................................ ११२-११३

६.५ गुफा राख्ने (सूर्य दर्शन)........................................................................११३

६.६ चुडाकर्म र व्रतवन्ध ........................................................................११३-११४

६.७ विवाह........................................................................११४-११५

६.८ मृत्यु संस्कार ........................................................................११५-११६

६.९ जजमानी........................................................................११६

६.१० सामाजिक संगठन ........................................................................११७

६.११ निष्कर्ष........................................................................ ११८

**परिच्छेद सातः** सारांश तथा निष्कर्ष

७.१ अनुसन्धानको सारांश ........................................................................११९-१२०

७.२ अनुसन्धानको निष्कर्ष........................................................................ १२०-१२५

७.२ प्राप्ती ........................................................................१२५-१२६

**परिशिष्टहरु**

परिशिष्ट : क देखि ६ सम्म ........................................................................ १२७-१३३

राजोपाध्याय सम्वन्धि संस्कारका तस्बिरहरु ........................................................................१३४-१४६

**सन्दर्भ सामग्री**

अंग्रेजी पुस्तक........................................................................१४७

नेपाली पुस्तक ........................................................................१४७-१५०

संस्कृत, हिन्दी, नेपाल भाषका पुस्तक........................................................................१५०-१५२

# परिच्छेद एक

## १.१ शोध विषयको परिचय (Introduction)

काठमाडौं उपत्यकामा हिन्दू नेवारहरुको जजमानी गर्ने राजोपाध्यायलाई उपाध्याय ब्राह्मण, द्यः ब्रह्मू, देउ भाजु र देव ब्राह्मण भन्छन् । नेवार ब्राह्मणको रुपमा चिनिने यिनीहरुको 'काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शिर्षक अनुरुप अध्ययन गरिएको छ । काठमाडौं उपत्यका भित्र मुख्य गरी मल्लकालिन दरवार परिसरमा यिनीहरुको मुख्य बसोबास स्थान हो । शोधको अध्ययन क्षेत्र काठमाडौं उपत्यका केन्द्रित राजोपाध्यायको इतिहास केलाउने देखि सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । काठमाडौं, ललितपुर र भक्तपुरको दरवार परिसर मात्र अध्ययनको भौगोलिक सिमा हो । राजोपाध्यायको संगठन र उनीहरुमा पछिल्लो समय आएको परिवर्तनको समेत अध्ययन गरिएको छ ।

## १.२ राजोपाध्यायको परिचय

नेपालको भौगोलिक संरचनाअनुसार यहाँको बसोबास, जातिय संरचना तथा सांस्कृतिक विविधताले भरिएको देश हो । भौगोलिक बनौटका कारणले पूर्वदेखि पश्चिमसम्म र उत्तर हिमालदेखि दक्षिण तराईसम्म विभिन्न आदिबासी, जातजाति, जनजाति तथा जातिय समूह बसोबास गर्दछन् । सबै जातजातिहरुको आ-आफनै मौलिक परम्परा, सामाजिक, सांस्कृतिकसँगै जीवन पद्धति फरक-फरक रहेका छन् । वि.सं २०७८ सालको जनगणनाअनुसार नेपालभित्र एक सय ४९ जातजाति र एक सय २७ भाषा विद्यमान छन् (के.त.वि, २०७८) । विभिन्न जातजाति मध्ये नेवार एक हो । पछिल्लो जनगणना अनुसार नेवारहरुको जनसंख्या १३ लाख ४१ हजार तीन सय ६३ रहेको छ ।

बागमती प्रदेश भित्र नेवार जातिअन्तर्गत राजोपाध्याय उपजाति हो । राजोपाध्याय समुदाय मुख्य गरी काठमाडौं उपत्यका भित्र केन्द्रित छन् । राजोपाध्यायको मुख्य बासस्थान काठमाडौं, भक्तपुर र ललितपुरका दरवार परिसर हो । नेवार समाज भित्र राजोपाध्यायलाई 'नेवार ब्राह्मण, नेवाल ब्रह्मू वा देउ भाजु' भन्छन् । खस, आर्य, थर गोत्र सूचीमा राजोपाध्यायलाई ब्राह्मण वर्गमा राखिएको छ । यिनीहरुलाई देव ब्राह्मण, देउ भाजु, द्यः ब्रह्मुआदि नामले बोलाइन्छ ।

## १.३ समस्या (Statement of the problem)

मानव सभ्यताको इतिहाससँगसगै संस्कृति र समुदायको विकास हुँदै आएको पाइन्छ। विभिन्न क्षेत्र र काल खण्डमा फरक किसिम संस्कृति र जातिय समुदायको विकास भएको देखिन्छ। काठमाडौं उपत्यका सांस्कृतिक दृष्टिले समृद्व र महत्वपूर्ण स्थलको रुपमा रहेको छ। उपत्यका भित्र विभिन्न थरका जात, जनजाति र आदिवासी बसोबास गर्छन्। यहाँका आदिवासी मध्ये नेवार पनि पर्छन। हिन्दू नेवार भित्र वैष्णव र शैव संप्रदाय मान्ने राजोपाध्याय एक उपजाति हो। राजोपाध्यायको इतिहास र बसोबास स्पष्ट छैन। मल्ल कालअघि यिनीहरुको प्रामाणिक इतिहास भेटाउन मुश्किल छ। मल्लकालसम्म राजगुरुको हैषियत पाएका राजोपाध्यायको बारेमा लेखरचना आदि प्रकासित छन्। तर, अहिलेसम्म गहकिलो अनुसन्धान भएको देखिदैन। यही रिक्तता परिपूर्ति गर्न नै अनुसन्धान औचित्यपूर्ण देखियो।

उपयुक्त समस्याहरुको समाधानका लागि यस अनुसन्धानमा मुख्यगरी निम्न अनुसन्धान प्रश्नहरु (Research Questions) राखिएको छ।

१. काठमाडौं उपत्यका भित्रको राजोपाध्याय समुदायको ऐतिहासिकता कस्तो रहेको छ ?

२.यिनीहरुले सांस्कृतिक पक्षअन्तर्गत संस्कार कसरी मनाउँछन ?

३. सांस्कृतिक पक्षमा पछिल्लो समय आएको परिवर्तन के-कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य (Objectives of study)

माथि उल्लेख भएको अनुसन्धान प्रश्नहरुको सेरोफेरोमा प्रस्तुत अनुसन्धानका निम्न तीन उद्देश्यहरु रहेका छन्।

१. काठमाडौं उपत्यकाका राजोपाध्यायको ऐतिहासिक पक्षको बारे अनुसन्धान गर्ने।

२. उनीहरुको समाजसँगै संस्कारहरुको अभ्यास बारे अध्ययन गर्ने।

३. यस समुदाय भित्र संस्कारमा आएको परिवर्तनका कारण खोजि गर्ने ।

## १.५ अध्ययनको महत्व (Significance of the Study)

राजोपाध्यायको अध्ययन लिच्छविकाल पछि मध्यकालिन समयको मात्र भएको देखिन्छ। लेखकहरुले राजोपाध्याय मध्यकालमा काठमाडौं उपत्यकाभित्र बसाईसराई गरी आएको उल्लेख गरेका छन्।

यिनीहरुको अनुसन्धानत्मक पुस्तक तथा लेखहरु प्रकाशन भए पनि सम्वन्धित साहित्य समिक्षा, अनुसन्धान कृति एवं अन्य पूर्वकार्यहरुमा केन्द्रित रही यो शोध सम्पन्न गरिएको छ। यस अध्ययनले एउटा तथ्य विश्वास छ। अध्ययनले काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको क्षेत्रगत रुपमा बसोबास गर्ने प्राचीन देखि वर्तमान अवस्थासम्म उजागर गर्ने प्रयास भएको छ। यद्यपि, यो शोध पूर्ण होइन। भविष्यमा यस राजोपाध्याय सम्वन्धि थप अनुसन्धान गर्नेहरुलाई यो एउटा महत्वपूर्ण दस्तावेज हुन सक्ने विश्वास छ। यस शोधले राजोपाध्याय सम्वन्धि इतिहास, संस्कृति, सामाजिक अवस्था, संस्कार, सामाजिक संरचना, सैद्धान्तिक दर्शनसँगै ज्ञान सम्वन्धमा जानकारी पाउन सहयोग पुऱ्याउने छ।

## १.६.भौगोलिक सिमाङ्कन (Delimation)

सिमांकनले अध्ययनलाई एउटा निश्चित सिमा भित्र रही अनुसन्धान गर्न निर्देशन दिएको हुन्छ। यसले अनुसन्धानलाई सुक्ष्म र सांघुरो बनाउने काम गर्दछ। सिमांकन भन्नाले अनुसन्धानमा जानी-जानी हुन सक्ने बृहत अध्ययनलाई सानो आकार बनाउने अध्ययनलाई सिमांकनका अर्थ जनाउँछ। अनुसन्धानकर्ताले आफैले निश्चित गरेको अध्ययनको परिधिलाई सीमांकन भनिन्छ। जुन अनुसन्धानकर्ताको नियन्त्रणमा हुन्छ। समयमै अनुसन्धानलाई पूरा गर्न विषय वस्तुको अनावश्यक विषयलाई सिमित गर्छ। शोध शीर्षकले अध्ययन गरिने सम्पूर्ण पक्षलाई समेट्न गाह्रो हुने भएमा विभिन्न क्षेत्रमध्ये यतिलाई छोडेर केही सिमामा केन्द्रित भई अध्ययन गरिने स्पष्ट रुपमा सीमांकनले निर्धारण गर्छ। यस शोध अनुसार भौगोलिक क्षेत्रफललाई केन्द्रित भएको छ। 'काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शोध अध्ययन हो। यसले सिंगो उपत्यका भित्र बसोाबस गर्ने राजोपाध्यायलाई बुझाउँदछ। तर, यस शोधमा उपत्यका भित्र काठमाडौं, भक्तपुर र ललितपुर दरवार परिसर केन्द्रित रहेर अनुसन्धान भएको छ।

## १.७. अवधारणात्मक खाका (Conceptual Fremework)

सवै अनुसन्धान कार्यहरुको मूल उद्देश्य ज्ञान वृद्धि वा अज्ञात पक्षको जानकारी प्राप्त गर्नु हो। अनुसन्धानको उद्देश्य सामाजिक घटनाहरुको आन्तरिक प्रकृतिलाई जान्न सकिने सिद्धान्तहरुको प्रतिपादन गर्नु हो। अनुसन्धानकर्ताले मुख्य रुपमा अनुसन्धान कार्य सामाजिक जीवन, सामाजिक घटना र समस्याहरुसँग सम्बन्धित वास्तविकताको ज्ञान प्राप्त गर्दछ।

अनुसन्धानको उद्देश्य नयाँ सिद्धान्तहरुको निर्माण गर्नुमात्र नभएर पुराना सिद्धान्तहरुलाई नयाँ परस्थितिमा सत्यापन गर्नु हो। सामाजिक अनुसन्धानको उद्देश्य अनुभव सिद्ध तथ्यहरुको आधारमा वैज्ञानिक अवधारणाहरुलाई प्रस्तुत गर्ने र त्यसलाई विकासित गर्नु कार्य समेत हो। जाति व्यवस्थासँग सम्वन्धित वर्तमान प्रक्रियाहरुको अध्ययन गरेर त्यसको आधारमा आधुनिकीकरण, संस्कृतिकरण र खास जाति सम्वन्धि अवधारणा प्रस्तुत गरिन्छ। यसले अनुसन्धानको सैद्धान्तिक उद्देश्य प्रस्ट पार्छ। यस राजोपाध्याय समुदायको शोधअन्र्तत समाज र संस्कृतिको अध्ययन नै सामाजिक विज्ञान हो। समाजबाट ज्ञान निर्माण हुने भएकाले यो रचनावाद/निर्माणवाद (Constructivism) सैद्धान्तिक अनुसन्धान दर्शनबाट साथै बिषयगत सत्यतामा आधारित निष्कर्ष निकालिएको छ।

यो शोध इथ्नोग्राफी अध्ययनअन्तर्गत भएकाले गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ। सैद्धान्तिकमा प्रसारवादी र संरचना प्रकार्यवादी अनुसार विश्लेषण भएको छ। निर्माणवादको दृष्टिकोणमा ज्ञान (Epistemology) व्यक्तिको अनुभव र घटनाहरूबाट निर्माण हुन हुन्छ । यसमा बिषयगत सत्यता (Subjective Reality) बोकेको हुन्छ । सत्य (Ontology) सामाजिक रुपले मानिसको दिमागमा निर्माण हुन्छ। सत्य निरपेक्ष हुन्छ भन्ने मान्यता बोकेको हुनाले विषयगत सत्य हुनेछ। मूल्य मिमांस (Axiology) राजोपाध्यायको सांस्कृतिक अध्ययन भएकाले यसमा समग्र अध्ययन भएको छ।

## १.८. अध्ययनको संगठन (Orgranization of the Study)

प्रस्तावित शोध प्रवन्धलाई व्यवस्थित रुपमा सम्पन्न गर्नको लागि सात परिच्छेदमा विभाजन गरिएको छ। यसरी परिच्छेद विभाजन गरिएको शोध प्रवन्धको रुप रेखा निम्नअनुसार रहेको छ :

**परिच्छेद-१** शोध विषयको परिचय

नेवार जाति भित्र देउ भाजु वा द्यः ब्रह्मुको रुपमा चिनिने राजोपाध्याय ब्राह्मणको मुख्य बसोबास नै काठमाडौं उपत्यकाको मल्लकालिन दरवार परिसर क्षेत्र रहेको छ।

**परिच्छेद-२** सन्दर्भ साहित्यको समिक्षा

प्रस्तुत शोधको सम्वन्धित साहित्य सामग्री, अनुसन्धान कृति एवं अन्य पूर्व कार्यको अध्ययन पछि यसको समिक्षा प्रस्तुत गरी अनुसन्धान रिक्तता पत्ता लगाउने कार्य गरिएको छ।

**परिच्छेद-३** अनुसन्धान विधि

काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन विषयको अनुसन्धानमा इथ्नोग्राफी तथा गुणात्मक विधि अपाइएको छ। प्राथमिक र द्वितियक श्रोत विधि अनुसार अध्ययन भएको छ।

**परिच्छेद-४** राजोपाध्यायको परिचय र सामाजिक संरचना

देउ भाजु, देव ब्राह्मण वा द्यः ब्रह्मु भन्ने नेवार जाति भित्र जजमानी गर्नेहरुलाई राजोपाध्याय ब्राह्मण भनिन्छ। हिन्दू नेवार समाजअन्तर्गत समाजिक संरचना अनुसार नै यिनीहरुले जन्मदेखि मृत्युसम्म मनाउने गर्छन्।

**परिच्छेद-५** राजोपाध्यायको संस्कार

हिन्दू धर्म अनुसारै यिनीहरुले जन्मदेखि मृत्यसम्म संस्कार कार्य गर्छन्। केही संस्कारहरु नेवारहरुको भन्दा केही फरक रहेको छ। वेल विवाह, बाह्रा तयेगु, चुडाकर्म, व्रतवन्ध, विवाह र मृत्यु सस्कार अन्य हिन्दू नेवार जातिहरुको तुलनामा राजोपाध्यायको फरकता छ।

**परिच्छदे-६** राजोपाध्यायभित्र पछिल्लो समय आएका परिवर्तन

परसंस्कृतिको प्रभाव तथा आधुनिककरणले पछिल्लो समयमा संस्कारहरुमा केही परिवर्तन आएको छ।

**परिच्छेद-७** सारांश तथा विश्लेषण

हिन्दू नेवार जाति भित्र एक प्रमुख उपजातिको रुपमा रहेको राजोपाध्यायको मुख्य पेशा नै जजमानी हो। मल्लकालमा विकास भएको संस्कृतिलाई उनीहरुले अहिलेसम्म अपनाइरहेका छन्। यिनीहरुको ऐतिकासिक पक्षमा फरक-फरक छ।

परिशिष्ट

फोटोग्राफी

सन्दर्भ पुस्तक

# परिच्छेद दुई
# साहित्य समिक्षा

## २.१ विषय प्रवेश

अनुसन्धानको कुनै विषयमा वर्तमान अवस्थासम्म के कस्तो तथ्यहरु पत्ता लागेका छन् । त्यसले विषयमा थप अनुसन्धान गरी पत्ता लगाउन पर्ने के-के विषयहरु बाँकी छन ? भनी अनुसन्धान विषयसँग सम्वन्धित सन्दर्भ साहित्यहरुको विश्लेषण र समिक्षा गर्ने कार्यलाई साहित्य समिक्षा भनिन्छ । 'काठमाडौं उपत्यकका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शीर्षकको प्रस्तुत शोध प्रवन्धको यस परिच्छेदमा सम्वन्धित साहित्य सामग्रीहरु, अनुसन्धान कृति एवं अन्य पूर्व कार्यको समिक्षा गरी अनुसन्धान रिक्तता पत्ता लगाउने कार्य गरिएको छ । साहित्यहरुको समिक्षालाई सैद्धान्तिका, नीतिगत, विधिगत र विषयगत साहित्य समिक्षा गरी चार खण्डमा विभाजन गरी विश्लेषण भएको छ । सैद्धान्तिक, नीतिगत र विधिगत समिक्षाहरुसँग सम्वन्धित सन्दर्भ विषयगत (Thematic) रुपमा राखिएको छ । विषयगत साहित्य समिक्षासँग सम्वन्धित सन्दर्भलाई कालक्रम अनुसार (chronological) रुपमा प्रस्तुत गरिएको छ ।

### २.१.१ विषयगत साहित्य समिक्षा (Empirical Review)

एक अनुभवजन्य समीक्षालाई व्यवस्थित साहित्य समिक्षा भनिन्छ । यसले अनुसन्धान प्रश्नको जवाफ दिन विगतको अनुभवजन्य अध्ययनको परिक्षण गर्छ । अनुसन्धानकर्ताले आफ्नो अध्ययनमा के गरिएको थियो ? अनुसन्धानबाट के पत्ता लाग्यो भन्ने गरिन्छ । विषयगत साहित्य समिक्षाअन्तर्गत राजोपाध्याय सम्वन्धमा प्रकासित पुस्तक, लेख रचना र अनुसन्धानत्मक प्रतिवेदनमा रहेका मुख्य विषयवस्तुको विश्लेषण गरिन्छ । यसको अतिरिक्त अध्ययनको लागि लिइएको सन्दर्भ साम्रगी र सो साहित्यमा रहेका कमिकमजोर पक्षहरुको संक्षेपमा समिक्षा गरिएको छ ।

Bista, Dor Bahadur (2004), **People of Nepal :** जात-जाति सम्वन्धी धेरै पुस्तकहरु छन् । त्यसमध्ये विष्टको 'पिपुल अफ नेपाल' पनि हो । लेखक विष्टले हिमाल देखि तराईसम्म बसोबास गर्ने विभिन्न जात-जातिहरुको विस्तृत अध्ययन गरेका छन् । लेखक विष्टले नेपाल अधिराज्य भित्र छरिएका जात-जातिलाई समेटेर यो पुस्तक तयार पारेका हुन् । उनले नेवार जातिको थोरै चर्चा

गरेका छन् । राजोपाध्यायलाई नेवार जातिकै एक हागांका रुपमा राखिएको छ । यिनीहरुको बारेमा धेरै चर्चा पुस्तकमा छैन । राजोपाध्याय काठमाडौं उपत्यका भित्र कहिले देखि बसोबास भएको उल्लेख छैन । सामान्य जानकारी लिन यस पुस्तक शोधका लागि सहयोगी देखिन्छ ।

Gellner. David N. (2014), **The Anthropology of Buddhism & Hinduism** : नेपालमा मुख्य हिन्दू र बौद्ध संप्रदाय मान्ने धेरै छन् । यी संप्रदाय मान्नेहरुको संख्या काठमाडौं उपत्यका भित्र छन् । काठमाडौं उपत्यका भित्र केन्द्रित रही यहाँ बसोबास गर्ने प्राचीन नेवारहरुको धर्म र संस्कृतिका पक्षमा लेखक गेल्नेरले विवेचना गरेका छन् । मानवशास्त्री ढाँचामा उनले नेवार हिन्दू र बौद्धहरुको सुक्ष्म रुपमा औल्याएका छन् । काठमाडौं उपत्यका भित्र बौद्ध संप्रदायहरुको बाहुल्यता रहेको छ । बौद्धमार्गीहरु दैनिक रुपमा विहार, चैत्य र स्तुपामा जाने गर्ने पुस्तकमा उल्लेख छ । पाटनमा यसको प्रभाव धेरै रहेको देखाइएको छ । गेल्नेरले हिन्दू र बौद्धबीचको मानवशास्त्री रुपमा उनीहरुबीचको फरकपना देखाउन खोजेका छन् । नेवार समुदाय भए पनि बौद्ध र हिन्दू धर्म मान्ने भएकाले संस्कार देखि संस्कृतिसम्म फरकता भएको लेखक गेल्नेरको भनाई रहेको छ ।
गेल्नेरले बौद्ध धर्म मान्नेहरुले आफ्नो गुरुका रुपमा वज्राचार्य वा शाक्यलाई लिने गरेको बताएका छन् । हिन्दू धर्ममा राजोपाध्याय ब्राह्मणले कर्मकाण्ड गराउने भनिएको छ । गेल्नेरले आफ्नो अध्ययनमा भक्तपुरका राजोपाध्यायलाई मात्र सिमित बनाएका छन् । त्यहीका राजोपाध्यायलाई उल्लास राजको वंशजका रुपमा उनको मत छ । मध्यकालमा राजोपाध्याय ब्राह्मण भक्तपुरमा भित्रिएको र उनीहरु कान्यकुब्जकै एक हाँगा भएको पुस्तकमा भनिएको छ । भक्तपुरका राजोपाध्यायले हिन्दू नेवारहरुको घरमा गएर संस्कार गर्ने चर्चा पुस्तकमा छ । भक्तपुरमा कर्मकार्ण्ड गराउँदा राजोपाध्याय ब्राह्मणले जोशी र कर्माचार्यको सहयोग लिने गरेका छन् । यसबाहेक अरु पक्षको विश्लेषण छैन ।

Gubhani Juhee. (2003), **Are Rajopadhyayas Newar of Nepal ? :** मानवशास्त्रीहरूले काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवार जातिहरुलाई हिन्दू नेवार र बौद्ध नेवारको रुपमा विभाजन गरिएको छ । उनीहरुले आआफ्नो लेखमा प्राचीन समय देखि नेवारहरुको बासस्थान काठमाडौं उपत्यका भित्र रह्यो ? राजोपाध्यायहरुको सम्वन्धमा धेरै लोकप्रिय गाथा (कथा) चर्चा रहेको पाइन्छ । लोककथा मध्ये सवैभन्दा पुरानो भारतको कान्य कुब्ज हो । कान्य कुब्ज समूहमा अल्लास र उल्लास राजका हाँगा छन् । राजोपाध्याय यसै कान्य कुब्जकै हाँगा भएको लेखक गुभानीले

आफ्नो लेखमा चर्चा गरेकी छिन् । हरिसिंह देव वा न्याय देवको आगमनसँगै राजोपाध्यायको काठमाडौं उपत्यकाभित्र प्रवेश गरेको उनको भनाई छ । मध्यकालमा जयस्थिति मल्लले भारतबाट झिकाइएका मैथली बाह्मणसँगै राजोपाध्याय पनि भित्रिएको उल्लेख छ । अनुसन्धानकर्ता गुमानीले ७० देखि ८० प्रतिसत राजोपाध्यायको मुख्य पेशा नै जजमानी भएको मानेकी छिन् । उपत्यकाभित्र विभिन्न राजोपाध्यायहरुको खलक र गोत्र फरक रहेको लेखमा उल्लेख छ ।

राजोपाध्यायलाई द्यः भाजु, नेवाः ब्रह्मू, द्य ब्रह्मू वा देउ भाजु भन्ने गर्छन् । यसै राजोपाध्यायहरु श्रेष्ठ थर भएका नेवारहरुको जजमानी गर्छन् । वैदिक र तान्त्रिक विधिबाट यिनीहरुले जजमानी गर्छन । लेखक गुभानीले राजोपाध्यायहरु लामो समयदेखि नेवार समुदायको संस्कृतिलाई पछ्याएको मानेकी छिन् । उनीहरुले नेवारको नेपाल भाषा र संस्कृतिलाई दैनिक जीवनमा प्रयोग गरेको गुभानीले औल्याएकी छिन् । राजोपाध्यायको पूर्खा देखि वर्तमानसम्म नेवारको भाषा, संस्कृति, भेषभूषा तथा खानपान नै अनुसरण गरेको उनको विचार छ । राजोपाध्याय नेवार नभएको गुभानीको धारणा छ । जसरी काठमाडौं उपत्यकामा गैर नेवारले बसाईसराई गरी यही कर्म थलो बनाए, राजोपाध्यायले पनि प्राचीन समय देखि नेवारसँगै बसोबास गरे ।

आफू बसेको समाजमा अन्य जातिको बाहुल्यता रहँदा नै राजोपाध्यायले नेवार संस्कृतिलाई अपनाएको लेखक गुभानीले विश्लेषण गरेकी छिन् । उनको यस अनुसन्धात्मक लेखमा राजोपाध्यायलाई प्राचीन समयकै मानेकी छिन् । तर, राजोपाध्यायको इतिहास र कहाँबाट आएको भन्ने प्रष्ट छैन । कान्य कुब्ज, द्रविड ब्राह्मणसँगै हरिसिंह देवको समयमा काठमाडौं उपत्यकमा राजोपाध्याय प्रवेश गरेको लेखमा चर्चा गरिएको छ । शोधमा गुभानीको यस लेख ज्यादै उपयुक्त देखियो ।

Nepali. Gopal Sing (1965), **The Newar :** नेपालीले इथ्नोग्राफी विषयमा केन्द्रित रहेको 'द नेवार' मा पाँगा क्षेत्रका नेवार समुदायलाई समेटिएको छ । यसै क्षेत्रलाई आधार बनाएर नेपालीले समग्र नेवार समुदायको विश्लेषण गरेका छन् । नेवार समुदायको अध्ययन र अनुसन्धान निमित्त 'द नेवार' पुस्तक महत्वपूर्ण मान्न सकिन्छ । लेखक नेपालीले नेवारहरुको सामाजिक, आर्थिक, धर्म तथा जातिय रुपमा के-कस्तो भूमिका रहेको विश्लेषण गरेका छन् । यसै सन्दर्भमा काठमाडौं उपत्यकाका राजोपाध्याय ब्राह्मण पनि नेवार जाति भित्र कै एक भएको उनले उल्लेख गरेका छन् । हिन्दू धर्म मान्ने मध्ये राजोपाध्याय पर्छन् । राजोपाध्याय बाह्मण मध्यकालमा जयस्थिति मल्लको

समयमा काठमाडौं उपत्यका आएको लेखकको भनाई छ। मल्लकालीन समयमा राजोपाध्याय पुरोहित पदमा रही दैनिक नित्यकर्म गर्ने गर्थे। राजोपाध्याय शैवमार्गी भएको नेपाली मान्छन्। शैवमार्गी नेवारहरुको गुरु वा पुरोहितका रुपमा यिनीहरुले जन्म देखि मृत्यु संस्कारसम्म गराउँछन्। 'द नेवार' मा देउ भाजु भनिने जाति राजोपाध्यायको पुर्खा कान्य कुब्ज ब्राह्मण भएको चर्चा छ। कान्य कुब्ज परिवारअन्तर्गत राजोपाध्याय उपत्यकामा रहँदै आएको उनले उल्लेख गरेका छन्। कसै-कसैले राजोपाध्यायलाई उपाध्याय वा देउ भाजु ब्राह्मण भन्छन्।

भारद्वाज, गार्गी र कौशिक गोत्र मान्ने राजोपाध्याय ब्राह्मण पर्वतीयहरु भन्दामाथि रहेको लेखकको भनाई छ। तत्कालिन समयमा राजोपाध्यायबीच विवाह आफ्नै समुदाय भित्र हुने गर्थ्यो। जनसंख्यामा यिनीहरु थोरै भएका कारण सात पुस्ताको अन्तरमा विवाह हुन थालेको उनले टिप्पणी गरेका छन्। एक अर्कोबीच छोरीवेटी वा चेलीवेटी आदानप्रदान गरी विवाह प्रचलन राजोपाध्यायमा रहेको 'द नेवार' मा उल्लेखित छ। राजोपाध्याय समुदायमा अन्तरजातिय विवाह पूर्ण रुपमा वन्देज थियो।

काठमाडौं उपत्यकाभित्र राजोपाध्याय ३२ थरीका नेवारहरुको पुरोहितका रुपमा रहेका छन्। यदपि, उपत्यका भित्र अन्य ब्राह्मण रहे पनि कुनै सम्वन्ध छैन। लेखक नेपालीले राजोपाध्यायलाई एक अनुछेदमा पञ्च द्रविड भनेका छन्। नेवार समुदाय भित्रका जोशी, आचाजु, मिश्र तथा गुरुवाचार्यसँग पनि सम्वन्ध उनीहरुहको रहेको प्रश्न लेखको छ। कर्मकाण्डमा जोशी, कमाचार्य र आचाजुसँग उनीहरुको सहकार्य हुने गर्छन्। नेवार समुदाय भित्र माथिल्लो दर्जा पाएको राजोपाध्यायको सामाजिक अवस्थाको नेपालीले गहकिलो रुपमा विश्लेषण गरेका छन्। उनले समग्र राजोपाध्यायलाई समेटेका छैनन्। पाँगा क्षेत्रमा बसोबास गर्ने राजोपाध्यायहरुको डाटा संकलन गरी समग्रमा यिनीहरुको अध्ययन गरेको देखिन्छ।

काठमाडौं उपत्यका भित्र मुल रुपमा बसोबास गर्ने राजोपाध्यायको अध्ययन विना यसले पूर्णता पाउन सकिँदैन। यस अनुसन्धानमा 'द नेवार'मा नसमेटिएका पक्षलाई प्रस्तुत गरिएको छ। यस शोधमा यो पुस्तक ज्यादै उपयुक्त रहेको छ।

Nepali. Gopal Sing (2003), **Nepaliese Culture Different Dimenions :** अनुसन्धात्मक आलेखमा लेखक नेपालीले बौद्ध र हिन्दू नेवारहरुको संस्कारसँगै सामाजिक संरचनाको पक्षबारे अध्ययन गरेका देखिन्छन्। नेपालीले आफ्नो लेखमा विषयगत केन्द्रित रही अध्ययन गरेका छन्।

नेवार समुदायको सामाजिक संरचना एक पुस्ताबाट अर्को पुस्तामा स्थानान्तर भएको उल्लेख छ। नेवारभित्र हिन्दू र बौद्ध संप्रदायले जीवनमा १२ संस्कारहरु गर्छन। जन्मदेखि मृत्यु संस्कारसम्म नेवार समुदायमा प्रचलित रहेको नेपालीको भनाई छ। हिन्दू धर्मअन्तर्गत शैवमार्गीले १२ संस्कार गर्ने प्रचलन छ। शाक्य वा वज्राचार्यले बौद्धमार्गीहरुको घरमा जजमानी गर्छन्। हिन्दू नेवारमा राजोपाध्याय ब्राह्मण संस्कार काम गरेको लेखक नेपालीको भनाइ छ। राजोपाध्याय ब्राह्मण विना शैवमार्गी नेवारहरुको जन्मदेखि मृत्यु संस्कार कठिन भएको लेखक नेपालीले औल्याएका छन्।
यद्यपि, संस्कारमा पहिला र वर्तमान समयमा के-कस्तो परिवर्तन आएको छ ? यसको चर्चा छैन। लेखक नेपालीले राजोपाध्यायको भूमिका सम्वन्धमा स्पष्ट उल्लेख गरेका छन्। पछिल्लो समयमा राजोपाध्याय भित्र देखिएको परिवर्तन पक्षमा उनले उल्लेख गरेका छैनन। यस शोधमा यो आलेख सहयोगी रुपमा छ।

Levy, Roberti & Rajopadhyaya, Kedar (1992), **The Construction of the Mesocosm :** लेभी र राजोपाध्यायको संयुक्त लेखनमा 'द कन्ट्रक्सन अफ द मेसोकोजम' राजोपाध्याय सम्वन्ध गहकिलो पुस्तक हो। भक्तपुरका राजोपाध्यायको मात्र अध्ययन भए पनि यिनीहरुको सम्वन्धमा सवै जानकारी यस पुस्तकमा पाउन सकिन्छ। पुस्तकको दोस्रो अध्यायमा 'हिन्दू थर' राखिएको छ। भक्तपुरमा बसोबास गर्ने जात-जातिका थर अनुसार क्रमबद्ध विश्लेषण गरिएको छ। हिन्दू थरमा वर्णाश्रम पालना गर्ने राजोपाध्यायको चर्चा छ। राजोपाध्यायलाई नेवार ब्राह्मण शीर्षकमा विश्लेषण गरिएको छ।
भक्तपुरमा राजोपाध्याहरुलाई 'पुरोहित वा वजु' भन्छन्। भक्तपुरको मल्ल राजाका राजपुरोहित, सल्लाहकार तथा प्रशासनिक रुपमा उनीहरुले राम्रो स्थान पाएको उल्लेख छ। राजोपाध्यायको इतिहास केलाउने क्रममा अल्लास र उल्लास देखाइएको छ। भक्तपुरका राजोपाध्यायको वंशज उल्लास राज भएको लेखकद्वयको अभिमत छ। १२औँ र १३औँ शताब्दीतिर भक्तपुरमा राजोपाध्याय देखा परेको पुस्तकमा भनिएको छ। स्थानीयहरुले राजोपाध्यालाई द्यः (देवता) ब्राह्मण भन्छन्। यिनीहरुको मुख्य पेशा जजमानी हो। राजोपाध्यायले भक्तपुरको हिन्दू नेवार भित्र तल्लो देखि माथिल्लो वर्गमा जजमानी गर्ने पुस्तकमा भनिएको छ। लेखकद्वयले तल्लो थर भन्नाले ज्यापुलाई जनाएका छन्। यसमा लाखे ब्राह्मण र राजोपाध्याय ब्राह्मणबीच फरकता देखाइएको छ। राजोपाध्याय विशुद्ध हिन्दू नेवार परिवारसँग सम्वन्धित छ।

माथिल्लो वर्गमा जजमानीमा राजोपाध्याय, जोशी र आचाजु अनिवार्य उपस्थिति हुनुपर्ने जनाएको छ। पुस्तकमा राजोपाध्यायको सामाजिक र धार्मिक क्षेत्रमा कस्तो भूमिका खुलाइएको छ। भक्तपुरका राजोपाध्यायको जजमानी र दैनिक जीवनमाथि विश्लेषण गरिएको छ। भक्तपुरलाई आधार मानेर समग्र राजोपाध्यायको अवस्था बारेमा चर्चा भएको छ। यस शोधमा मेसोकोजमलाई आधार मानिएको छ। यसमा नसमेटिएको पक्षलाई शोधमा समावेश गरिएको छ।

Michael, Witzel (1976), GUR GESCHICHTE DER RAJOPADHYAYAS VON BHAKTAPUR **:** जर्मन अनुसन्धानकर्ता माइकलले भक्तपुरमा एक दशकको बसाईपछि राजोपाध्याय सम्वन्धी यो आलेख लेखेका हुन्। सन् १९८० तिर लेखक माइकलले जर्मन भाषामा आर्टिकल प्रकासित गरेका थिए। यसमा भक्तपुरका राजोपाध्यायको वंशावलीमा उल्लास राजलाई वंशज मानिएको छ। लेखक माइकलका अनुसार अल्लास र उल्लास राज दाजु भाई थिए। भक्तपुरमा उल्लास राज बसेको र उनकै सन्तानका रुपमा अहिलेका राजोपाध्यायलाई दर्शाएको छ। अनुसन्धात्मक लेखमा उनीहरुको सामाजिक, दैनिक जीवन र मुख्य पेशा जजमानी रहेको उल्लेख छ। सामाजिक क्षेत्रबाहेक अन्य पक्ष यसमा समेटिएको छैन। भक्तपुर सम्वन्धी राजोपाध्यायको वंशावली आधारमा अध्ययन गर्न निमित्त यो आर्टिकल गहकिलो छ।

Regmi. D.R (1965), **Medieval Nepal (Vol. 1) :** रेग्मीले मेडिएभल नेपालमा राजोपाध्याय सम्वन्धी चर्चा गरेका छन्। नेपालका जात-जाति र ब्राह्मणहरुको चर्चा गर्ने क्रममा राजोपाध्याय समावेश भएको छ। राजोपाध्यायलाई कान्य कुब्जको वंशजको रुपमा रहेको लेखक रेग्मीको भनाई छ। सिमरौंगढबाटै हरिसिंह देवको आगमनसँगै उपत्यकाभित्र राजोपाध्यायको इतिहास सुरु भएको उनको तर्क छ। सुरुवातीमा भक्तपुरमा राजोपाध्यायहरु बसेका थिए। त्यहीबाट विभिन्न क्षेत्रमा यिनीहरुको बसाईसराई भएको पुस्तकमा उल्लेख छ। लेखक रेग्मीले राजोपाध्यायको वंशजका रुपमा भारतको कान्यकुब्ज ब्राह्मणअन्तर्गत उल्लास राज जनाएका छन्। काठमाडौं उपत्यकाका नेवार ब्राह्मण राजोपाध्याय भनी यिनीहरुलाई दक्षिण भारतको पाँच थरी ब्राह्मणका रुपमा विश्लेषण गरिएको छ। जजमानी मुख्य पेशा गर्ने यिनीहरु मल्लकालमा राजाका राजपुरोहित हैषियत प्राप्त गरेका थिए। मल्ल राजाको पतनसँगै यिनीहरुको शक्ति क्षण हुँदै गएको चर्चा छ। राजोपाध्यायको इतिहास र उनीहरुको पेशाबाहेक अन्य पक्ष चर्चा भएको छैन। यस शोधको तयार गर्ने क्रममा मेडिएभल नेपाल उपयोगीको रुपमा लिएको छु।

Toffin, Gerad (1995), **The social Organization of Rajopadhyaya Brahmans :** राजोपाध्याय सम्वन्धी थोरै विदेशी विद्वानहरुले अनुसन्धान गरेका छन् । तौफिनले काठमाडौं उपत्यका र पनौतिमा बसोबास गर्ने राजोपाध्याय बारे अध्ययन गरेका हुन् । उनले हिन्दू नेवार भित्रको राजोपाध्याय ब्राह्मणको सामाजिक संरचना लेख तयार पारेका हुन् । नेवार समुदायमा विशिष्ट स्थान बनाएका राजोपाध्यायको मुख्य पेशा जजमानी भएको तोफिनले उल्लेख गरेका छन् । ब्राह्मण भए पनि उनीहरुको सामाजिक संरचना नेवार समुदाय भन्दा केही फरक नभएको भनिएको छ । लेखक तौफिनले राजोपाध्यायले शैव र वैष्णव संप्रदाय मान्ने गरेको चर्चा गरेका छन् ।
विष्णु भगवानसँग सम्वन्धित मूर्तिहरु पुजा गर्ने एक समूहलाई वैष्णव र शिव मन्दिरमा पुजा गर्नेलाई शैव भनिएको छ । लेखक तोफिनले राजोपाध्यायहरु उल्लास राजकै वंशज भएको मानेका छन् । काठमाडौं उपत्यका भित्रका राजोपाध्याय उल्लास राजकै सन्तानका रुपमा उनले विश्लेषण गरेका छन् । राजोपाध्यायको सामाजिक र संस्कार सम्वन्धी अध्ययन गर्न यस आलेख उपयोगी देखिन्छ ।

Vaidya, Tulasi Ram, Manandhar, Tri Ratna & Joshi, Shankar Lal (1993) **: Social Histroy of Nepal**

नेपालमा विभिन्न जनजातिहरुको सामाजिक संरचनाको विवरण छ । लिच्छवि देखि वर्तमानम्म सामाजिक संगठन अनुसार यहाँ बसोबास गर्नेले जीवन निर्वाह गर्दै आएका छन् । नेपाल भित्र रहेका विभिन्न जात-जातिको चर्चा गर्ने क्रममा वैद्य र मानन्धरले नेवार जातिको समावेश गरेका छन् । नेवार समुदाय भित्र हिन्दू र बौद्ध धर्म मान्छन् । नेवार जाति भित्र राजोपाध्याय ब्राह्मणले हिन्दू संस्कारको अनुसरण गरेको पुस्तकमा उल्लेख छ । सामाजिक संरचनाअन्तर्गत यिनीहरुले वर्णाश्रम धर्म पालना गर्छन् । राजोपाध्याय र नेवार समुदायका सामाजिक अवस्था बुझ्न यो पुस्तक उपयोगि देखिन्छ ।

आचार्य, उद्धव (२०४३), **फर्पिङको शिखरनारायण एक अध्ययन :** शोधकर्ता आचार्यले *'फर्पिङ शिखर नारायण एक अध्ययन'* शीर्षकमा एम. ए शोध गरेका हुन् । आचार्यको अप्रकासित शोधमा फर्पिङ नारायणको स्थापना, यहाँका भौतिक र अभौतिक संरचना, मुर्त र अमूर्त सम्पदा पक्षको विवरण रहेको छ । लिच्छवी राजा हरिदत्त बर्माले स्थापना गरेको फर्पिङको शिखर नारायणका मुख्य पुजारी राजोपाध्याय रहेको शोधमा उल्लेख छ ।

त्यसबेला देखि नै राजोपाध्यायले यहाँ पूजा गर्दै आएको भनिएको छ । यस शोधमा लिच्छविकालमा १८ थरीका जाति मध्ये ब्राह्मण उल्लेख छ। जसमध्ये राजोपाध्याय त्यहीँ ब्राह्मण हुन सक्ने शोधकर्ता आचार्यको भनाई छ । यसमा इंचंगु, चांगु तथा विशंखु नारायणका पुजारी बारे उल्लेख छैन । फर्पिङ शिखर नारायण केन्द्रित अनुसन्धान शोधमा राजोपाध्यायले गरिने कार्यको चर्चा छ ।

कायस्थ, बलराम (२०७७), **नेवार समाजको इतिहास र संस्कृति :** लेखक कायस्थले नेवार समाजको इतिहास र संस्कृतिमा काठमाडौं उपत्यका भित्र बसोबास गर्ने नेवार समुदायको अध्ययन गरेका छन् । चार खण्डमा विभाजित पुस्तकमा नेवार समाजको विश्लेषण गरिएको छ । नेपालमा विभिन्न जनजातिका आआफनै मूलथलो रहेको पाउन सकिन्छ। नेवारहरुको उद्‌गम थलो काठमार्डौ उपत्यकाका रहेको उनको तर्क छ। नेपाल उपत्यकाका आदिवासी नेवारलाई जनजाति मानेका छन् । नेपाल सरकारले पनि आदिवासी जनजातिको ६१औं स्थानमा नेवार समुदायलाई समावेश गरेको छ। नेवार भित्र आर्य, मंगोल र द्रविड रहेको पुस्तकमा उल्लेख छ। धार्मिक दृष्ट्रीकोणले नेवार भित्र हिन्दू र बौद्ध मार्गीमात्र छन् । यस भित्र धेरै संप्रदाय छन् । शैव, शाक्त तन्त्र, वैदिक, बज्रयान, महायान र नाथआदि संप्रदाय रहेको पुस्तकमा उल्लेख गरिएको छ । नेवार समुदायभित्र चार वर्णमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र छन् ।

नेवार समाजलाई व्यवस्थित बनाउन जयस्थिति मल्लले हिन्दूतन्त्र अनुसारै चारै श्रेणीमा वर्गिकरण गरेका थिए। जयस्थिति मल्लले सहयोगी र सल्लाह लिन भारतबाट समेत हिन्दू ब्राह्मण पण्डितलाई झिकाइए । वर्ण व्यवस्था अनुसार उपाध्याय ब्राह्मणलाई माथिल्लो दर्जा दिएको थियो । यिनै उपाध्याय ब्राह्मणले पछि राजोपाध्यायको पहिचान पाएको कायस्थको भनाई छ। यिनीहरु मल्लकालमा राजगुरुको पदमा रही प्रशासनिक काम-काजमा राजालाई सहयोग गरेको विश्लेषण पुस्तकमा छ । राजोपाध्यायलाई द्यः वजु भनिएको छ । यिनीहरुले हिन्दू नेवारहरुको पुरोहित्याइको काम गर्छन् । नेवार समुदायमा राजोपाध्याय ब्राहमणले सांस्कृतिक कार्यमा महत्वपूर्ण भूमिका रहेका हुन्छन् । नेवार समाजभित्र हिन्दू पुरोहित र बौद्धमार्गीमा गुभाजुले कर्मकाण्ड गराउँछन् । नेवार समाज भित्र कसरी चार वर्ण भयो, उनीहरुको काम अनुसार जात कसरी मल्लकालमा विभाजित भएको सन्दर्भमा लेखक कायस्थले प्रस्ट्याउन खोजेका छन् । राजोपाध्याय सम्वन्धमा शीर्षक र उपशिर्षक राखी यिनीहरुको विवेचना लेखकले गरेका छन् । राजोपाध्यायको प्राचीन सम्वन्धमा लेखकले मल्लकाल देखाइएको छ । शोधको निमित्त यो पुस्तक उपयोगीको रुपमा रह्यो ।

खनाल, मोहनप्रसाद (२०४०), **चाँगुनारायणका ऐतिहासिक सामग्री :** लेखक खनालको चाँगु नारायणका ऐतिहासिक सामग्री पुस्तकको धेरै ऐतिहासिक पक्ष थाहा पाउन सकिन्छ । यसमा नारायणसँग सम्वन्ध राख्ने पूजारी र टहलुवाको चर्चा छ । चाँगु नारायणका यी दुई जाति मन्दिरको स्थापना देखि नै रहँदै मानेका छन् । लिच्छवि कालमा चार वर्ण अठारजातअन्तर्गत उच्चवर्गमा ब्राह्मण र तल्लो वर्गमा चाण्डालसम्मको जातिय व्यवस्था थियो । नेपालको प्राचिन जाति मध्येमा ब्राह्मण वर्गको उल्लेखनीय स्थान रहेको छ । चाँगु नारायणको राजा मानदेवको विजय स्तम्भमा ब्राह्मणहरुलाई अक्षय दान दिएको लेखिएको छ । लिच्छविकालमा ब्राह्मणहरुको समाजमा प्रतिष्ठा उच्च थियो ।

लेखक खनालले लिच्छविकालका प्राप्त अभिलेख आधारमा काठमाडौं उपत्यकाभित्र ब्राह्मणहरुको उपस्थिति रहेको विश्लेषण गरेका छन् । लिच्छविदेखि अहिलेसम्म पुर्वेली, कुमाई र मैथली ब्राह्मण रहेको पुस्तकमा उल्लेख छ । तर, लिच्छविकालमा ब्राह्मणहरुको थर लेख्ने चलन थिएन । मल्ल समयमा पनि ब्राह्मणले थर लेखेको भेटिँदैन । ब्राह्मणहरुलाई चिनाउने माध्यम उपाध्याय पद वा उपाधि थियो । नेपालमा उपाध्याय ब्राह्मणहरुको संख्या धेरै छन् । जसलाई पुर्वेली ब्राह्मण भनिन्छ ।

मल्लकालमा उनीहरुको वंशज परम्परा सुरु भएको मानिन्छ । यि ब्राह्मणहरु नेपाल उपत्यकाका प्राचिन जाति नेवारहरुको गुरु वा पुरोहित रहेको पुस्तकमा भनिएको छ । मल्लकालमा राज गुरु वा पुरोहितलाई राजोपाध्यायको उपाधि दिइएको पुस्तकमा लेखिएको छ । काठमाडौं उपत्यकाका प्रसिद्ध चार मध्ये तीन वटा नारायणको मन्दिरमा यिनै उपाध्याय ब्राह्मणहरुले पुजा गर्दै आएको लेखक खनालको तर्क रहेको छ । वैष्णव पिठमा प्राचीन समयदेखि नै पूजा गर्ने ब्राह्मणलाई पूर्विया ब्राह्मण भनिन्छ । राजोपाध्याय वा उपाध्याय ब्राह्मणको प्राचीनता खोज्ने क्रममा चाँगु नारायणका पुजारीको वंशजलाई पहिलो आधार मानेको देखिन्छ । चाँगु नारायणका पूजारीले आफूलाई सुदर्शन ब्राह्मणका सन्तानका रुपमा लिने गर्छन् ।

उनीहरुले आफूहरुलाई अहिलेसम्म नै लिच्छविदेखिकै मान्छन् । लेखक खनालले पूर्वेलीलाई दुई किसिमले अर्थ लगाएका छन् । पूर्वले एउटा दिशा बोध र अर्कोले प्राचीनता देखाइएको छ । पूर्वकाल देखि नै यहाँ वंश परम्परात रुपमा रहेका ब्राह्मण भएकाले नै पूर्वेली वा पूर्वियाका रुपमा लेखक खनालले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । चाँगु नारायणको स्थापना कालदेखि आफ्नो

वंशज पम्परागत सम्वन्ध जोडिएको र त्यसबेलाका दुई प्राचीन जाति अहिलेसम्म यथावत् रहेको उनी मान्छन् । लेखकले उपाध्याय ब्राह्मणलाई पूर्विया (पुरानो) रुपमा लिएका छन् । यस चाँगु नारायणका ऐतिहासिक सामग्रीमा राजोपाध्यायलाई लिच्छविकालसम्म जोड्न सकिने आधार देखाइएको छ । लिच्छविका अभिलेखमा ब्राह्मणहरुको उल्लेख हुँदा त्यसबेला देखि नै यहाँ ब्राह्मण वर्गको उपस्थिति भएको देखाउन लेखक खनालले कोशिस गरेका छन् । पूर्विया ब्राह्मण (उपाध्याय) नै मध्यकालमा राजोपाध्याय भएको उनको भनाई छ । राजोपाध्याय सम्वन्धका विभिन्न अभिलेख तथा प्रमाण आधारमा यस शोधमा ज्यादै महत्वपूर्ण रुपमा रह्यो ।

जोशी, हरिराम (२०६१), **त्रिदेव स्वरुप ब्राह्मण, कर्माचार्य, जोशी :** अनुसन्धानकर्ता जोशीले हिन्दू नेवार समाजमा त्रिदेव स्वरुप ब्राह्मण, कर्माचार्य र जोशीले जन्मदेखि मृत्यु संस्कारमा विशेष भूमिका खेलेको उल्लेख गरेका छन् । हिन्दू नेवारहरुको संस्कार काममा यिनै तीन वर्गले आआफ्नो दायित्वअनुसार काम गरेका हुन्छन् । उनीहरुलाई ब्रह्मा, विष्णु र शिवका रुपमा लिने गरेको लेखक जोशीको भनाई छ । नेवार हिन्दू समाज वा हिन्दू धर्मबलम्बीहरुले विष्णु, शिव र ब्रह्मालाई पुज्ने गर्छन् । हिन्दू नेवारहरुले धार्मिक र संस्कार काममा ब्राह्मण, जोशी र कर्माचार्यलाई क्रमश ब्रह्मा, शिव र विष्णुको रुप मानेर कार्य गराउने जोशीको भनाई छ ।

यिनीहरुलाई त्रिवर्ग भनिन्छ । तलेजु भवानी मन्दिरको पुजामा ब्राह्मण, कर्माचार्य र जोशीको अनिवार्य उपस्थिति हुनुपर्छ । नेवार हिन्दूहरुको याज्ञिक कार्य, श्राद्ध कार्यसँगै आदि महत्वपूर्ण कार्यहरुमा तीन वर्गको उपस्थिति रहने गर्छ । लेखक जोशीले सूर्यघाटको सम्वत् ४२७ को विजयवतीको अभिलेखलाई आधार मानेर काठमाडौं उपत्यकामा ब्राह्मण त्यसबेला देखि रहेको औंल्याएका छन् । लिच्छविकालका ब्राह्मण नै पछि राजोपाध्याय भनिएको लेखक जोशीले विचार राखेका छन् । यसैगरी, लिच्छविकालमा स्थापना भएको चार नारायण मध्ये चाँगु, इचंगु तथा शेष नारायण मन्दिरसँगै उत्तर प्राचीन कालीन संवत् ४२८ को थानकोटस्थिति आदिनारायणका पूजारी राजोपाध्याय नै रहेका छन् ।

यसरी प्राचीनकालदेखि नै उपत्यका भित्रका चर्चित मन्दिरमा यिनै राजोपाध्याय ब्राह्मणहरुले पूजाअर्चना गर्दै आइरहेका कारण उनीहरु मल्लकालिन भन्दाअगाडि नै काठमाडौं भित्र रहेको जोशीको भनाईछ । हिन्दू नेवार भित्र राजोपाध्यायहरुको कस्तो रुपमा रहेको छ, उनीहरुको कार्य के

हो भन्ने प्रस्ष्ट रुपमा लेखक जोशीले वर्णन गरेका छन् । यद्यपि, लेखकले राजोपाध्यायको परिवर्तन सम्वन्धमा केही चर्चा गरेका छैनन् ।

तिवारी, सुदर्शनराज (२०८०), **हाँडीगाउँ प्राचीन नेपालको राजधानी :** लेखक तिवारीले सन् २००१ मा 'द व्रिक एन्ड बुल' नामको अग्रेजी भाषामा पुस्तक प्रकासन गरेका थिए । यसै 'द ब्रिक एन्ड बुल' को नेपाली संस्करणमा 'हाँडीगाउँ प्राचीन नेपालको राजधानी' हो । मणीन्द्र श्रेष्ठले यसको अनुवाद गरेका हुन् । लिच्छविकालमा हाँडीगाउँ क्षेत्रको विकास भइसकेको तथ्यांक र प्रमाणिक आधारमा पुस्तकमा देखाएको छ । लिच्छवि समयमा हाँडीगाउँ र यस क्षेत्रसँग सम्वन्ध राख्ने अन्य विभिन्न स्थानमा मनाइने जात्रा-उत्सव बारेमा उल्लेख लेखक तिवारीले गरेका छन् । यसैक्रममा हाँडीगाउँ क्षेत्रमा मनाइने सत्यनारायण जात्राको चर्चा परेको छ। सत्यनारायण जात्रा सुरु हुनु अगाडि देउपाटनका राजोपाध्यायले खटपूजा र भैरवा पूजा गर्छन् । अहिले देउपाटनका राजोपाध्याय ब्राह्मणले यस सत्यनारायण जात्राको अवसरमा निकालिने खटपूजा र भैरवा पूजा गर्देनन् ।
तर, पहिला हाँडीगाउँको राजाहरु संक्रमण काल अवस्थामा कर्माचार्यहरुलाई समावेश नराइकन राजोपाध्यालाई पूजा गर्न अधिकार दिएको लेखक तिवारीले जनाएका छन् । नेपाल उपत्यकामा तलेजु भवानीको आगमनपछि मात्र यहाँका स्थानीय नेवार ब्राह्मणहरुलाई राजोपाध्याय भनिएको उनको भनाई छ । मल्लकाल अगाडि नै चलेको सत्यनारायणको जात्रामा राजोपाध्यायको संलग्नता रहेको लेखक तिवारीको तर्क छ। यस पुस्तकमा राजोपाध्याय सम्वन्धी थोरै अंश भए पनि उनीहरुको समाजभित्रको भूमिका बारे अध्ययन गर्न मद्दत मिलेको छ । लिच्छवि अभिलेखमा सत्यनारायणको जात्रा उल्लेख छ। यस जात्रामा यहाँका स्थानीय ब्राह्मण जो पछि राजोपाध्याय कहलाएको पुस्तकमा भनिएको छ। उनीहरुले संभव त्यसै बेलादेखि काठमाडौं उपत्यकामा रहेको संकेत दिन खोजेको छ। यस शोधमा पुस्तकका सहयोगको रुपमा रह्यो ।

धौबन्जार, गोपाल (२०६८), **हिन्दू नेवार संस्कार पद्धति :** लेखक धौबन्जारले नेवार समाजको सामाजिक संरचना बारेमा टिप्पणी गरेका छन् । अहिलका नेवार समाजको स्वरुप प्राचीन समय (लिच्छवी) देखि नै भएको थियो । लिच्छविकालमा काठमाडौं उपत्यकाभित्र वर्ण व्यवस्था अनुसार समाजको जग बसेको लेखक धौबन्जारले पुस्तकमा लेखका छन् । लिच्छवि कालमा उपत्यका भित्र बाहिरबाट फरक-फरक जातजातिहरुको समूह आएका थिए। काठमाडौ भित्र स्थायी रुपमा

बसोबास गरेको समुदाय मध्ये नेवार मात्र रहेको लेखकको भनाई छ । नेवार समुदाय भित्र धार्मिक दृष्ट्रीकोणबाट हिन्दू र बौद्ध संप्रदाय छन् ।

नेपाल काठमाडौं भित्र यी दुवै संप्रदायको पहिचान प्राचीन कालदेखि रहँदै आएको छ । हिन्दू संप्रदायले आफ्नो जीवनको मुल आधार नीतिशास्त्र मान्छन् । गर्भा अवस्था देखि मृत्यु संस्कारसम्म शास्त्रीय विधि अनुसार काम गर्छन् । हिन्दू नेवारहरुले शास्त्र अनुसार सवै संस्कार पूरा नगरेको आवश्यक र मुख्य संस्कार मात्र पूरा गरेको लेखक धौवान्जारले विश्लेषण गरेका छन् । उनले हिन्दू नेवारहरुको संस्कारलाई दश कर्म भनेका छन् । संस्कारका पद्धतिहरु मध्ये व्यवहारिक पक्षलाई मात्र दश कर्म पद्धतिमा नेवारहरुले अनुसरण गरेका पाइन्छन् । धर्मशास्त्र अनुसार संस्कारका संख्या फरक-फरक रहेको लेखक धौबन्जारले चर्चा गरेका छन् ।

यी विभिन्न ग्रन्थ तथा स्मृतिमा संस्कार विवरण प्रस्तुत भए पनि नेवार समाजभित्र आवश्यक र अनिवार्य संस्कार मात्र प्रचलनमा रहेको पुस्तकमा भनिएको छ । यसक्रममा गर्भाधान देखि मृत्यु संस्कार नै नेवार भित्रका मुख्य संस्कारमा पर्छन् । मध्यकालिन हस्तलिखित ग्रन्थहरुमा उल्लेखित दश कर्म पद्धतिअन्तर्गत अनुष्ठानहरु नेवार समुदायले गर्दै आएको धौबन्जारले औल्यांएका छन् । यसैको आधारमा नेवार समुदाय भित्र तल्लो र माथिल्लो वर्गले संस्कार गर्छन् । प्राचीन देखि वर्तमान समयसम्म संस्कारमा आएका परिवर्तन सम्वन्धमा कारकतत्वको विश्लेषण उनले गरेका छन् । उनले समग्रमा नेवार समुदायभित्र मनाइने संस्कारहरुलाई एकै रुपमा लिएका छन् । यस शोधमा धौबन्जारको पुस्तक धेरै सहयोगी भएकोछ । हिन्दू नेवार भित्रको राजोपाध्यायहरुले मनाउने संस्कार धेरै उल्लेख छैन । यिनै नसमेटिएको पक्षलाई शोधमा समावेश गरिएको छ ।

नेपाल, खेमराज (२०७९), **मिश्रित जात-जाति हामी नेपाली :** नेपालमा १२५ भन्दा बढी विभिन्न भाषा बोल्ने जातजाति उपजाति, आ-आफना भिन्न संस्कृतिका साथ अन्य धार्मिक संप्रदाय अनुयायीसाथ बसेका छन् । नेपालको कुन स्थानमा आदिम पूर्खा वस्थे ? उनीहरुको उद्गम कसरी भयो ? विवाह भाषा, धर्म रितिरिवाज, जातिय संस्कार, संस्कृति र सभ्यताको विश्लेषण लेखक नेपालले यस पुस्तकमा उल्लेख गरेका छन् । नेपालमा बसोबास गर्ने विभिन्न जात-जातिको बारेमा विश्लेषण सुक्ष्म रुपमा उनले गरेका छन् । यसै सन्दर्भमा नेवार जातिको पनि चर्चा परेको छ । किराँतकालको समयमा नै नेवार जाति बाहिरबाट भित्रिएको लेखक नेपालको तर्क छ । किराँत र

लिच्छविसँग समिश्रण भएर नेवार जाति भएको पुस्तकमा भनिएको छ । नेपाल उपत्यकामा भित्रिँदा उनीहरुले आफूसँगै आफ्नो प्राकृत भाषा, संस्कृत भाषा ल्याएका थिए ।

तर, यहीँ नेवारहरुले किराँतहरुले बोल्ने भाषा नै मिसाएर र नेवार संस्कृतिको अभिन्न अंग बन्न पुगेको लेखक नेपालले विश्लेषण गरेका छन् । उनले नेवार जातिभित्र रहेका विभिन्न जात-जाति देखि ब्राह्मणहरुको चर्चा गरेका छन् । यहाँ लिच्छवि कालिन ब्राह्मण देखि कनौजिया ब्राह्मण रहेका थिए । नेवारभित्र राजोपाध्याय शर्मा हुन गएको भनिएको छ । यस पुस्तकमा राजोपाध्यायको बारेमा थोरै विवेचना भएको छ । यिनीहरुलाई नेवार भित्रका ब्राह्मणका रुपमा राखिएको छ । यस शोधमा यस पुस्तक सहयोगीको रुपमा रह्यो । यद्यपि, यसमा राजोपाध्यायको विस्तृत जानकारी नहुनु यसको रिक्तता हो । यिनी अपुरो पक्षलाई शोधपत्रमा पूरा गर्ने प्रयास गरिएको छ ।

पाण्डेय, मधुसूदन (२०६३), **नेवार, नेपालका जनजाति :** लेखक पाण्डेयले नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरुको संकलन गरी उनीहरुको संक्षिप्त विवरण र विश्लेषण पुस्तकमा समावेश गरेका छन् । तत्कालिन समयमा श्री ५ को सरकारले निर्धारण गरेको आदिवासीको सूचीमा राखेका ६१ जनजातिहरुलाई पुस्तकमा समेटिएका छन् । सरकारले घोषणा गरेको जनजातिहरुको सामाजिक, आर्थिक, धार्मिक, जनसंख्या र सांस्कृतिक अवस्था जानकारी दिने उद्देश्यले लेखक पाण्डेयले यस पुस्तक तयार पारेका हुन् । पुस्तक भित्र विभिन्न जनजातिहरुको ऐतिहासिकता केलाउने क्रममा गोपालवंश देखि वर्तमान अवस्थासम्म विश्लेषण गरिएको छ । यही संकलित सूचीमा नेवारलाई २८औं संख्यामा राखिएको छ । नेवारहरुको मूलथलो नेपाल उपत्यका वा काठमाडौं उपत्यका भनिएको छ । यिनीहरुका पूर्खाहरु किराँती र लिच्छवि भनिएका छन् । यस नेवार जातिमा हिन्दू र बौद्ध धर्म मान्ने जातिहरु छन् । नेवार समुदायभित्र अनेक जात र थरहरु छन् ।

पेशागत आधारमा जातिहरुको विभाजन भएका छन् । नेवार समुदायभित्र उच्च र निम्न जाति भएको लेखक पाण्डेयले जनाएका छन् । यसैगरी बौद्ध नेवारहरुको पुरोहित कर्म गर्नेलाई गुभाजु, वज्राचार्य र शाक्य भनिन्छ । हिन्दू नेवारमा कर्मकाण्ड गराउने पुरोहितलाई राजोपाध्याय, देउ भाजु वा उपाध्याय ब्राह्मण भनिन्छ । नेवारभित्र कर्मकाण्ड गर्ने ब्राह्मणका रुपमा राजोपाध्यायलाई राखिएको छ । राजोपाध्याय सम्वन्धी यसमा थप अन्य जानकारी छैन । उनीहरुको संस्कार र कर्मकाण्ड बारेमा केही विवरण छैन । यद्यपि यस शोधमा सहयोगका रुपमा रह्यो ।

पौडेल, टंकमणि, (२०७६), **जात र वर्ग :** जात र वर्ग पुस्तक सामाजिकशास्त्र अध्ययन हो । लेखक पौडेलले समाजशास्त्र र मानवशास्त्रको आधारमा नेपालभित्र वसोबास गर्ने विभिन्न जात र वर्गहरुको विश्लेषणसँगै गहकिलो अनुसन्धान गरेका देखिन्छन। विदेशी समाजशास्त्री र मानवशास्त्रीहले जातको अवधारणा र समाजको जातीय विभाजनको सैद्धान्तिक भिन्नताको पक्ष आधार बनाएर पौडेलले विश्लेषण गरेका छन्। नेपालको विभिन्न जात-जातिहरुको व्याख्या गर्ने क्रममा मल्ल राजा जयस्थितिको वर्ण व्यवस्था र मुलुकी ऐनलाई मुख्य आधार मानिएको छ। नेपालको मुलुकी ऐन १८५४ मा सांस्कृतिक वा भाषिक क्षेत्राधिकारको आधारमा विभिन्न समूहमा व्यवस्थित तरिकाले वर्गीकरण गरिएको पाइन्छ। मुलुकी ऐन अनुसार पहाडे, नेवार, भोटे र किराँती नै नेपालका मुख्य जात र वर्ग हुन्। नेपाली भाषा बोल्नेहरुको समूहलाई पहाडे भनिन्छ। यसमा उपाध्याय ब्राह्मण देखि अछुत जातिसम्म छन्।

नेवार भाषा बोल्ने समुदायमा उच्च देखि अछुत जात वर्गसम्म रहेको पुस्तकमा उल्लेख छ। नेपालमा जातीय व्यवस्था अनुसार काम हुन्छ। नेपालमा नेवारहरुको बसोबास प्राचीन समयदेखि भएको लेखकको तर्क छ। मध्यकालमा काठमाडौं उपत्यकामा नेवारहरुको बाहुल्यता थियो। मल्लकालमा जयस्थिति मल्लले काठमाडौं बस्दै आइरहेका नेवार जातिलाई पेशागत आधारमा ६४ वटा उपजातिमा विभाजित गरेका थिए। त्यसैबेला देखि नेवार भित्र पदानुक्रम प्रचलन चलेको हो। नेवार समुदायमा सामाजिक स्तरीयकणको प्रमुख स्वरुपको रुपमा जातीय व्यवस्था रहेको छ। हिन्दू र बौद्धमार्गी दुवै नेवार जातीय व्यवस्थाअनुसार आ-आफ्नो काम गर्छन्। यसमा उपाध्याय देखि देव भाजु ब्राह्मण पर्छन्। नेवारको जातिय संगठन पनि वर्ण व्यवस्था अनुसार भएको देखिन्छ।

पुरोहित जातहरु धार्मिक गुरु रहेको लेखकले जनाएका छन। जसले हिन्दू नेवारहरुको विभिन्न कर्मकाण्ड गराउँछन्। हिन्दू देवारमा देउ भाजु ब्राह्मण र बौद्ध गुभाजु वा बज्राचार्यले कर्मकाण्ड गराउने पुस्तकमा उल्लेख गरिएको छ। उपाध्याय वा राजोपाध्याय ब्राह्मणको नेवार समुदाय भित्र कस्तो भूमिका रहेको देखाइएको छ। उनीहरुको मुख्य कामकाज बारेमा स्पष्ट गरिएको छ। यिनीहरुको अन्य विभिन्न पक्षमा केही चर्चा परेको छैन। यस पुस्तकमा नेवार समुदाय भित्रको सामाजिक अवस्था चित्रण भएको छ।

श्रेष्ठ, तुलसीनारायण (२०७४), **नेपालका नेवारहरु पहिचान र पृष्ठभूमि :** लेखक श्रेष्ठले सैद्धान्तिक साहित्य समिक्षा समावेश गरी नेवार जातिहरुको सुक्ष्म रुपमा विश्लेषण गरेका छन्। प्राचीन समयदेखि वर्तमान अवस्थासम्म नेवारहरु कसरी रही आएको भन्ने पक्षमाथि औल्याएको छ। विभिन्न समयमा नेवाहरुको प्रशासनिक, सामाजिक र राजनीतिक अवस्था बारेमा लेखक श्रेष्ठले जनाएका छन्। गोपालवंश देखि नेपाल उपत्यका र यसको वरपर क्षेत्रहरुमा बसोबास गरी बसेका विभिन्न जात-जातिका सन्तानहरुको सामुहिक रुप नै वर्तमान नेवार समुदाय भएको लेखकले मानेका छन्। यिनीहरुले नेपाल भाषा बोल्ने र नेपाल उपत्यका भित्र विकसित संस्कृति र सभ्यतालाई अंगिकार गरेका हुन्। भारतको विभिन्न स्थानबाट आएका जात-जातिको मानव समूह वृजि, राठौर, चौहान, हाडा, शाक्य, कोली, तिरेहुते ब्राह्मण, भट्ट ब्राह्मण, वंगाली ब्रह्मणआदि पनि नेपाल उपत्यकामा मिसन गई नेवार हुन गएको पुस्तकमा उल्लेख छ।

लिच्छवि समयमा चार वर्ण अठार जातको विकास भएको थियो। मल्लकालमा जयस्थिति मल्लले भारतीय पण्डितहरुको सहयोगमा राजा स्थिति मल्लले काठमाडौं उपत्यकामा बसोबास गर्ने जातिहरुलाई चार जात ३६ वर्णमा विभाजित गरेका थिए। त्यस समयमा ब्राह्मणमा पञ्च द्रविड र पञ्च गौड जाति थिए। मल्लकालमा ब्राह्मण वर्गलाई पहिलो दर्जामा राखिएको थियो। तत्काल नेवार समाजमा मुलतः पाँच थरीका ब्राह्मणहरु थिए। अभिलेखको आधारमा उपाध्याय द्रविड, मैथली, वंगाली र खस ब्राह्मण थिए। यसमध्ये उपाध्याय थर भएका नेवार ब्राह्मणहरुको स्थान विशिष्ट रहेको थियो। उपाध्याय ब्राह्मण नै हालको राजोपाध्याय भएको लेखक श्रेष्ठले जनाएका छन्।

मल्लकालमा शासकहरुको राजपूरोहितको भूमिकामा रहेका नेवार ब्राह्मण (राजोपाध्याय) निकै प्रभावशाली थिए। वर्तमान राजोपाध्यायहरुको पुर्खाले तत्कालिन समयमा शर्मा र पण्डित थर प्रयोग गरेको पुस्तकमा भनिएको छ। त्यसैबेलाका केही ब्राह्मणहरुको समूह राजोपाध्यायमै विलिन भए। मल्लकालमा नेवार ब्राह्मणलाई असर ब्राह्मण भनिन्थ्यो। मुलुकी ऐनमा देवभाजु नामाकारण गरी नेवार ब्राह्मणहरुको उल्लेख गरिएको छ। मल्ल वंशको पतन पछि नेवार ब्राह्मणले राजोपाध्याय थर लेख्न थालेको लेखक श्रेष्ठले जनाएका छन्। १९औं शताब्दीमा वीरशमशेर राणाले नेपालमा हिन्दू र बौद्धमार्गी नेवारहरुलाई दुई भागमा विभाजित गरेका थिए। हाल नेवार ब्राह्मण एकै किसिमको हुन्। वीरसमशेरले भारतको मेवाड राज्यको महाराजा सज्जन सिंहका कवि

श्यामलदासले रचेका नयपालका इतिहास अनुसार नेवार ब्राह्मण उपाध्याय, लवरजु र देवभाजु ब्राह्मणको पहिचान गरिएको थियो ।

यसमध्ये देव भाजु र राजोपाध्याय ब्राह्मण मात्र अस्तित्वमा रहेको पुस्तकमा भनिएको छ। उनीहरुले नेवार समुदायमा जजमानीलाई मुख्य पेशा बनाएका छन्। लेखक श्रेष्ठले काठमाडौं उपत्यकामा रहेका राजोपाध्यायहरुको सम्वन्धमा धेरै भन्दा धेरै जानकारी दिने कोशिस गरेका छन्। राजोपाध्यायहरुलाई मल्लकालदेखि काठमाडौं उपत्यकामा अस्तित्वमा देखिएको भनिएको छ। यस शोधमा श्रेष्ठको पुस्तक धेरै उपयोगी भएको छ। यसमा नसमेटिएका र कमकमी पक्षहरुलाई समेटिने प्रयास भएको छ ।

श्रेष्ठ, पद्म (२०७३), **नेवारः** नेवार समुदायभित्र रहेका विभिन्न जात-जातिहरुको विवरणात्मक संकलित पुस्तक हो। लेखक श्रेष्ठले काठमाडौं उपत्यकाभित्र बसोबास गर्ने रैथानले नेवाहरुको समग्रमा विश्लेषण गरेका छन्। नेवार जाति मध्ये राजोपाध्यायलाई वैदिक नेवार ब्राह्मण शीर्षक राखेर लेखक श्रेष्ठले चर्चा गरेका छन्। उनले आफ्नो आलेखमा पाटन र भक्तपुरका राजोपाध्याय मात्र केन्द्रित रही अनुसन्धान देखिन्छन्। पाटनको कृष्णमन्दिर पुजारी राजोपाध्याय खलकको वंशज कान्य कुब्जबाट आएको उनले मानेका छन्। लेखक श्रेष्ठले पाँच डोरे जनै धारणा गर्ने नेवार ब्राह्मण राजोपाध्यायका तीन गोत्र बताएका छन्। चाँगु नारायणको इतिहासलाई आधार मानेर राजोपाध्यायहरुको प्राचीनता देखाउने प्रयास भएको छ। राजोपाध्याय, शर्मा, रिमाल, सुवेदीलाई प्राचीन समयदेखि काठमाडौं उपत्यकामा रहेको लेखको भनाई रहेको छ ।

काठमाडौं उपत्यका भित्रका राजोपाध्यायहरुले आफूलाई संगठित र आपसी सद्भाव राख्न उपाकर्म गुठी संचालन गरेका छन्। विभिन्न जात्रा उत्सवमा राजोपाध्याय नेवार ब्राह्मणको भूमिका रहेको पुस्तकमा उल्लेख गरिएको छ। वैदिक नेवार ब्राह्मणले भोज तथा अन्य कर्मकाण्डमा राँगाको मासु वर्जित (खान) नहुने भनिएको छ। यिनीहरुले १२ वटा संस्कार मान्ने गर्छन्। उनीहरुको धार्मिक देखि संस्कारका सवै कार्य स्वयम राजोपाध्याय ब्राह्मणले गर्ने लेखक श्रेष्ठले जनाएका छन्। प्रस्तुत वैदिक नेवार ब्राह्मणमा राजोपाध्याय सम्वन्धि संक्षिप्त रुपमा जानकारी लिन सकिन्छ। राजोपाध्यायको खलक र रीतिरिवाज पक्षलाई लेखक श्रेष्ठले समेटेका छैनन्। नेवार समाज भित्र हिन्दू र बौद्ध संस्कारमा धेरै भिन्नता छ। यस शोधमा नेवार ब्राहमण उपयोगि देखिन्छ। यद्यपि, यस पुस्तकमा नभएका पक्षहरु र रिक्तता पक्षलाई समेटिने प्रयास गरिएको छ ।

मुनंकर्मी, पूर्णराम (२०७५), **नेवाः संस्कारय् अन्त्येष्टि विधि व पितृमोक्ष :** मृत्यु संस्कार नै हिन्दू र बौद्ध धर्ममा मृत्यु संस्कार नै अन्तिम कार्य हो । हिन्दू र बौद्ध धर्म संप्रदायका सवैले यसलाई महत्वपूर्ण रुपमा लिने गर्छन् । लेखक मुनंकर्मीले नेवार संप्रदायमा घर परिवारका एक सदस्यको मृत्यु अगाडि गरिने र मसान घाटमा गरिने सवै कार्यको सुक्ष्म रुपमा उल्लेख गरेका छन् ।
विभिन्न धर्म-ग्रन्थको आधार मानेर मुनंकर्मीले अन्त्येष्टि विधि र पितृमोक्ष सम्वन्धमा विश्लेषण गरेका छन् । यस पुस्तकमा नेवार ब्राह्मणले सुरु देखि अन्त्यसम्म गर्ने कामकाज उल्लेख छ । भक्तपुरमा नेवार ब्राह्मणले जन्मदेखि मृत्यु संस्कारसम्म जोशी र आचार्यको सहयोग लिने पुस्तकमा चर्चा छ । विशेषत एक सदस्यको मृत्यु भएको १० देखि १३औं दिनसम्म नेवार ब्राह्मणले पितृ मोक्ष कार्य हेतु विशेष भूमिका निर्वाह गर्ने पुस्तकमा भनिएको छ । नेवार ब्राह्मण राजोपाध्यायले मृत्यु संस्कारमा गर्नुपर्ने कार्य सम्वन्धी अध्ययन गर्न निमित्त यो पुस्तक निकै उपयोगि रहेको छ । यस शोधमा पुस्तकमा समावेश नभएका विविध पक्षलाई समावेश गरिने प्रयास गरिएको छ ।

राजवंशी, लक्ष्मण (२०६५), **नेवाः सांस्कृतिक म्हसीका (*नेवार सांस्कृतिक चिनारी*) :** राजवंशीले आफ्नो पुस्तकमा नेवार समुदाय भित्र संस्कारदेखि जात्रा पर्वलाई नेपाली र नेपाल भाषामा अनुवाद गरेका छन् । पुस्तकमा विभिन्न १३ शिर्षकअनुसार नेवार संप्रदायसँग सम्वन्धित पक्षको विश्लेषण गरिएको छ । राजवंशीले पहिलो खण्डमा नेवार पहिचान र संस्कृतिलाई दर्शनसँग तुलना गरेका छन् । बर्ष भरी मनाइने विभिन्न जात्रा-पर्वलाई उनले दर्शनशास्त्रसँग तुलना गरेका छन् । नेवार दर्शनलाई बौद्ध दर्शनले समेत प्रभाव पारेको उल्लेख छ । यसै विविधताकारण हिन्दू र बौद्ध नेवार रहन गएको उनको भनाई रहेको छ ।
हिन्दू र बौद्ध भित्र विभिन्न जात-जाति छन् । नेवारलाई चिन्ने सहज माध्यम उनीहरुको मौलिक भाषा हो । आभिर, किराँत र लिच्छविहरुले नेपाल उपत्यका भित्र प्रवेश गरी यहीको मौलिक भाषा ( नेवार) अपनाएको राजवंशीले ठम्याएका छन् । उपत्यकामा प्रवेश गरी नेवार भाषा बोलेर उनीहरु कालान्तरमा नेवार भएको पहिलो खण्डमा छ । दोस्रो खण्डमा नेवार जीवन संस्कारको लामो विवेचना लेखक राजवंशीले गरेका छन् । यस खण्डमा हिन्दू र बौद्ध संप्रदाय नेवारहरुले जन्म देखी मृत्यु संस्कारसम्मको विवेचना विश्लेषण छ । यसैगरी धर्मकर्म शिर्षकमा नेवारहरुले मूर्त र अमूर्त संस्कृतिको पक्षमा विश्लेषण परेको छ । रितितिथि शीर्षक अनुसार नेवारहरुले बर्ष भरी मनाइने जात्रा-पर्वहरुको सम्वन्धमा लामो विश्लेषण छ । नेवार समाजमा भित्र संस्कार देखि अन्य

परम्परागत कार्यमा वर्णानुक्रम अनुसार वस्नु पर्ने र काम गर्नुपर्ने उल्लेख गरिएको छ । नेवार समुदायले जन्मदेखि मृत्युसम्म गरिने संस्कारको विस्तृत विश्लेषण नभए सामान्य जानकारी लिन पुस्तक उपयोगीको रुपमा रह्यो ।

राजोपाध्याय, मनोज (ई.सं१९९८), **राजोपाध्याय सम्वन्धी दुइवटा लिखितपत्रः** लेखक राजोपाध्यायले रोलम्ब पत्रिकामा राजोपाध्यायहरुको मौलिकता, संस्कृति तथा प्राचीनता देखाउन कोशिस गरेका छन् । स्वदेशी र विदेशी विद्वानहरुका मत विश्लेषण र आलोचना गर्दै उनले राजोपाध्यायको काठमाडौं उपत्यका भित्र बसोबास गर्ने राजोपाध्यायले 'राजोपाध्याय' कुनै उपाधि वा पदवी नभएको उनले ठम्याइ छ । यस आलेखमा मध्यकालमै राजोपाध्यायको थरबाट अभिलेख प्राप्त भएको प्रमाण प्रस्तुत गरिएको छ । राजोपाध्याय कसरी राजोपाध्याय हुन गयो भन्ने संस्कृत व्याकरणको आधारमा यसको प्रमाणितकताको प्रयास लेखक राजोपाध्यायले गरेका छन् ।
संस्कृत व्याकरण अनुसार 'ज' र 'उ' को सन्धि भइ राजोपाध्याय बनेको लेखकको भनाई छ । राजोपाध्यायको वंशज उल्लाख राज नभएको लेखक राजोपाध्यायले जनाएका छन् । उल्लास राज अघि नै काठमाडौंमा राजोपाध्यायको अस्तित्व देखा परेको आलेखमा उल्लेख गरिएको छ । अल्लास र उल्लासको निधन अवधि सय बर्षको फरक रहेको भनिएको छ । लेखकले राजोपाध्यायहरुको वंशज उल्लास हुन नसक्ने तर्क राखेका छन् । राजोपाध्यायको बारेमा संक्षित ऐतिहासिकताबारेमा जानकारी लिन सकिन्छ ।

राजोपाध्याय, विष्णुभक्तानन्द (ई.सं १९९६,९७ र ९८) : विष्णुभक्तानन्द राजोपाध्यायले कान्तिपुर, भक्तपुर र ललितपुर देव ब्राह्मण शीर्षकमा रोलम्बका विभिन्न अंक गहकिलो विश्लेषण गरेका छन् । उनले तीन वटै सहरमा बसोबास गर्ने देव ब्राह्मण (राजोपाध्याय) को तथ्यांक संकलन गरी विवरण प्रस्तुत गरेका छन् । तीन वटै फरक आलेखमा लेखक राजोपाध्यायले इतिहास, वंशज र वंशावली विवरण समावेश गरेका छन् । तत्कालिन समयमा घर संख्या र जजमानी सम्वन्धी परेको छ । काठमाडौं उपत्यका भित्र राजोपाध्यायको अध्ययन गर्नेहरुलाई यो आलेख भरपर्दा रहेको छ । यद्यपि, यसमा चाँगु नारायण, फर्पिङ, साँखु, देउपाटन तथा गोकर्णमा बसोबास गर्ने राजोपाध्यायहरुको समेटिएको छैन । यसमा राजोपाध्यायहरुको संस्कृति, संस्कार र अन्य पक्ष बारेमा

लेखकले औल्याएका छैनन् । यस शोधमा राजोपाध्यायका तीन वटा आलेख महत्वपूर्ण रुपमा समावेश गरिएकोछ । यसमा नभएका पक्षहरुलाई पूर्णता दिने प्रयास भएको छ ।

राजोपाध्याय, आभाष धरानन्द (२०७९), ***काठमाडौं उपत्यकाका राजोपाध्याय ब्राह्मणहरुको शाक्ततन्त्र परम्परा*** : काठमाडौं उपत्यका र यसको वरपर स्थानमा बसोबास गर्दै आइररहेका नेवार समुदायलाई शैव र बौद्धमार्गीका रुपमा वर्गीकरण गरिएको छ । लेखक आभाषले अनुसन्धानात्मक लेखमा यी दुवै पक्षलाई समावेश गरेका छन् । यस लेखमा काठमाडौं उपत्यका र यस क्षेत्रभन्दा बाहिर बसोबास गरिरहेका राजोपाध्याय ब्राह्मण वा द्यः भाजुले शाक्ततन्त्र कार्य गर्ने चर्चा गरिएको छ । लेखकले मध्यकाल र त्यस समयभन्दा अगाडि राजपूरोहित र राजगुरुको भूमिकामा शैवमार्गी राजोपाध्यायहरुले हिन्दू धर्माबलम्बीअन्तर्गत उच्च जातिहरुको कर्मकाण्ड पेशा (जजमानी) गर्दै आइरहेको विश्लेषण गरेका छन् । राजोपाध्याय ब्राह्मणहरु शुक्ल यर्जुवेदीय माध्यन्दिनी शाखामा रहेको लेखक आभाषको भनाई रहेको छ । राज र उपाध्याय शब्दको मिश्रणबाट राजोपाध्याय भएको लेखकको भनाई छ । राजाका उपाध्यायका रुपमा राजोपाध्याय आएको देखिन्छ । मल्लकालमा राजोपाध्यायले राजाको गुरु वा पुरोहितका रुपमा द्वेत सांस्कृतिक भूमिका निर्वाह गरेका थिए ।
मल्लकालमा मल्ल राजाहरुको आगमन पूजा गर्न राजोपाध्याय ब्राह्मणहरुले विशेष भूमिका निर्वाह गरेका थिए । राजोपाध्यायको नामसँग जोडिएर प्राप्त अभिलेख मध्ये पशुपतिको जयसिंहराम वर्द्धनको सवैभन्दा पुरानो हो । मल्लकालमै राजोपाध्यायले राजोपाध्याय पदवीका रुपमा रहेको लेखकले उल्लेख गरेका छन् । यसैगरी चाँगु नारायणको भण्डारमा रहेको सुनको कण्ठी मालामा उल्लेखित ने.सं ६४५ (बिं.सं १५८२) मा राजोपाध्याय लेखिएको छ । यस लेखमा काठमाडौंमा दुई, भक्तपुरमा दुई र ललितपुरमा ६ कुल राजोपाध्याय रहेको विवरण दिइएको छ । काठमाडौं उपत्यकामा बसाईसराई गरी यहाँ बसेको लेखकले विश्लेषण गरेका छन् । राजोपाध्याय भित्रमात्र वैवाहिक सम्वन्ध गाँस्ने र वैदिक तान्त्रिक परम्परा अनुसार चल्ने भनिएको छ । लेखक आभाषले राजोपाध्यायको इतिहासलाई अल्लास र उल्लाससँग जोडिएका छन् । काठमाडौं उपत्यकाभित्र रहेका राजोपाध्यायले यिनी दुई दाजुभाई मध्ये एक आफ्नो पुर्खा उनी मान्छन् ।
लेखकले आफ्नो आर्टिकलमा राजोपाध्याय सम्वन्धमा सवै विषयवस्तु समेटेका छन् । यद्यपि उनले राजोपाध्यायहरुले तन्त्र विधी अनुसार कसरी कार्य सम्पदान गर्छन भन्ने खासै उल्लेख गरेका

छैनन । काठमाडौं उपत्यका भित्र रहेका राजोपाध्यायहरुमा विभिन्न खलक भए पनि उनीहरुको प्राचीनता देखाइएको छैन । राजोपाध्याय सम्वन्धी अध्ययन गर्नेहरुका लागि यो आर्टिक महत्वपूर्ण मान्न सकिन्छ । यसमा नभएका पक्षहरु समेटिएर यस शोधमा रितक्ता पूरा गर्ने कार्य भएको छ ।

रुपाखेती, श्रीहरि (२०६८), **नेपाली थर-गोत्र-प्रवर कोश :** व्यक्तिको परिचय भनेको आफू बसेको देश, धर्म, वर्ण, जाति, थर, गोत्र र प्रवर हो । विशेष रुपले आर्य जाति जो वैदिक सनातन वर्णाश्रम धर्मानुयायी हिन्दूको यर्थाथ परिचय थर, गोत्र र प्रवरले दिन्छन् । धार्मिक, सांस्कृतिक, पर्व-उत्सवहरु श्राद्ध तपर्ण, संस्कार अन्य देव-पितृ कार्यहरु गर्दा अनिवार्य रुपमा गोत्र प्रवर उच्चारण गर्नुपर्छ । विना गोत्र प्रवरले कार्य सिद्ध नहुने लेखक रुपाखेतीले विश्लेषण गरेका छन् । लेखक रुपाखेतीले यस पुस्तकमा नेपालमा बसोबास गर्ने विभिन्न जात-जातिहरुको थर, गोत्र र प्रवरको सूचीसहित समावेश गरेका छन् । यस पुस्तकमा नेपालका विभिन्न ब्राह्मणहरुको चर्चा छ । यसमध्ये कान्य कुब्ज ब्राह्मणहरुको नेपालमा आगमन र उनीहरुको पुर्खाको उल्लेख छ । थर, गोत्र, प्रवरको विश्लेषणको क्रममा लेखक रुपाखेतीले राजोपाध्यायको चार गोत्र भएको जनाएका छन् ।
कौण्डिय, कौशिक, गर्ग र भारद्वाज गोत्रका राजोपाध्याय काठमाडौं उपत्यकामा बसोबास गर्छन् । राजोपाध्यायको सम्वन्ध थर, गोत्र र प्रवरबाहेक अरु चर्चा छैन । यद्यपि, यहाँ कौशिक, गर्ग र भारद्वाज गोत्रका मात्र राजोपाध्याय छन् । लेखकले पछिल्लो समय सुवेदी, आचार्य, रिमाल जस्ता थर प्रयोग गरेका राजोपाध्यायहरुको गोत्र र प्रवरा उल्लेख गरेका छन् । राजोपाध्यायहरुको गोत्र सम्वन्धी शोध ज्यादै उपयोगी रह्यो ।  भएको छ । यद्यपि, यसमा समेटिन नसकेको पक्षलाइ शोधमा समावेश गरिएको छ ।

रेग्मी, जगदीशचन्द्र (२०७६), **नेपालमा ब्राह्मणहरुको संक्षिप्त इतिहास :** लेखक रेग्मीले यस पुस्तकमा नेपाल अधिराज्यका लगभग सवै ब्राह्मणहरुको उत्पत्ति, बसोबासआदि विभिन्न पक्षको गहकिलो रुपमा प्रस्तुत गरेका छन् । लेखक रेग्मीले प्राचीन लिच्छवीकालमै नेपालमा ब्राह्मणहरुको अवस्था औल्याएका छन् । यसै ब्राह्मणहरुको अवस्था र परिचय दिने क्रममा देव भाजु र नेवार ब्राह्मणको चर्चा गरिएको छ । नेवार समाजमा देउ भाजु ब्राह्मणको विशिष्ट स्थान छ । यि ब्राह्मणलाई विभिन्न नामले पुकारिछ । ब्रह्मु, बराह्मुन, द्यः ब्रह्मूआदि संक्षिप्त रुपमा ब्राह्मणहरुलाई चिनाउने माध्यम भएको लेखक रेग्मीको तर्क छ । राजोपाध्यायलाई देव ब्राह्मण,

देओ ब्राह्मण, देव भाजु, उपाध्याय, राजोपाध्याय, राजोपाध्या, गुरुबाजे र जुजु बाजे जस्ता शब्द प्रयोग भएका छन् । मल्लकालमा यिनीहरुलाई उच्चस्तरको ब्राह्मणको रुपमा देव भाजुको प्रयोग भएको पुस्तकमा भनिएको छ ।

देव भाजु वा द्यः भाजु ब्राह्मण तीन तहको लेखकको भनाई छ । उपाध्याय भाजु र लवटजु पनि छन् । काठमाडौं उपत्यकाभित्र विभिन्न गोत्रका देउ भाजु वा राजोपाध्याय रहेको उल्लेख छ । नेवार ब्राह्मणमा पर्वते ब्राह्मणको तुलनामा थरको विविधता छैन । उनीहरुमा उपाध्याय, शर्मा, सुवेदी, रिमाल, शुक्ल र राजोपाध्याय मात्र लेखिने लेखक रेग्मीले बताएका छन् । बि.सं १९९० मा मुलुकी ऐनमा देव भाजु ब्राह्मणलाई देसी ब्राह्मणको वर्गमा राखिएको थियो । यद्यपि, बि.सं १९९३ मा सरकारले जारी गरेको समाज सुधार सम्वन्धी इस्तेहारमा द्यो भाजु र श्रेष्ठ जातहरुलाई समावेश गरेको पुस्तकमा उल्लेख छ। राजोपाध्यायहरुले पर्वत ब्राह्मणलाई आफ्नो एक हाँगा भएको देखाइएको छ। काठमाडौंबाट बसाईसराई गरी बाहिर गएका ब्राह्मणलाई पर्वते ब्राह्मण र उपत्यकाभित्र रहेका ब्राह्मणलाई देउ भाजु वा राजोपाध्याय हुन गएको लेखकको तर्क छ । तर, पर्वते ब्राह्मणहरुले यस पक्षलाई स्विकार नगरेको उनले लेखका छन् । काठमाडौं उपत्यकाभित्र सय परिवारमात्र रहेको राजोपाध्यायले शिवमार्गी नेवार समुदायमा जजमानी गर्ने नै मुख्य पेशाका रुपमा अंगालेका छन् । मल्लकालमा राजपुरोहित स्थान पाएका यिनीहरु शाहकालमा नराम्रो भएको रेग्मीले तर्क गरेका छन् । लेखक रेग्मीले आफ्नो पुस्तकमा यिनीहरुको कहाँबाट आए वा उनीहरु कहिले देखि उपत्यका भित्र रह्यो भन्ने उठान गरेका छैनन् । यसमा केवल अन्य ब्राह्मणसँगको तुलनामा भएको छ । पुस्तकलाई अध्ययनको क्रममा समावेश भएको छ ।

लेभी, सिल्भाँ (ई.सं २०२०), **नेपाल, हिन्दू अधिराज्यको इतिहास (पहिलो खण्ड) :** सन् १८९८ मा फ्रान्सेली विद्वान सिल्भाँ लेभी बौद्ध धर्म र संस्कृतिको अध्ययन सिलसिलामा पहिलोपटक नेपालको भ्रमण आएका थिए । लेभीले त्यसबेला नेपालको समाज, राजनीति र अन्य विविध पक्षको घटना समेटेर फ्रेन्च भाषामा 'ले नेपाल' प्रकासित गरेका हुन्। फ्रेन्च भाषामा प्रकासित नेपाल अधिराज्यको इतिहास दुई भागमा विभाजित छ। डिल्लीराज उप्रेतीले यस पुस्तक नेपाली भाषामा अनुवाद गरेका हुन् । लेभीले तत्कालिन सामाजिक तथा धार्मिक पक्षको ऐतिहासिक अध्ययनको रुपरेखा समावेश गरेका छन् । उनले प्राचीन समयदेखि काठमाडौंमा बसोबास गर्दै आइरहेका नेवार समुदायको अध्ययन गरी उनीहरुको प्राचीनता देखाउन कोशिस गरेका छन् ।

नेपालमा अध्ययन क्रममा लेभीले नेवार समुदायभित्र बौद्ध र हिन्दू धर्मबीच भिन्नता सम्वन्धमा विश्लेषण गरेका छन् । त्यसबेलाको समाजमा बौद्धमार्गीहरुको प्रभाव हिन्दूहरुको भन्दा धेरै थियो । बौद्ध र हिन्दू धर्म मान्ने व्यक्तिहरुबीच केही द्वेष नभएको लेभी उल्लेख गरेका छन् । धर्म र संस्कारमा फरक भए पनि बौद्ध र हिन्दूबीचको सम्वन्ध राम्रो भएको उनको भनाई छ । लेभीले धेरै जसो स्थानमा नेपाल उपत्यका (काठमाडौं) भित्र ब्राह्मण जात रहेको प्रसंग्र कोट्याएका छन् । त्यसबेला नेपाल उपत्यकामा बसोबास गर्ने मानिसहरुलाई ६४ जातमा बाँडिएको उनले उल्लेख गरेका छन् । ब्राह्मण पनि द्विज र विप्र वर्गका थिए । तराईबाट आएका भारतका पञ्च गौड र शंकराचार्यले ल्याएका डेक्कनका पञ्च द्रविड ब्राह्मण काठमाडौं भित्र रहेको लेभीको तर्क छ ।

आचार्य ब्राह्मणले हिन्दू नेवारको पुरोहित्याई काम गर्ने भनिएको छ । साथै उनीहरु शिव र शक्तिको मन्दिरमा पूजा गर्ने भनिएको छ । लेभीले नेवार समुदाय भित्रको वर्तमान समाजिक संरचना जयस्थिति मल्लको पाला देखि चलेको औल्याएका छन् । समय परिवर्तनसँगै नेवार समुदाय भित्र बाहिर प्रभाव रहे पनि केही पनि परिवर्तन नभएको उनले मानेका छन् । जयस्थिति मल्लले काम अनुसार जाति व्यवस्था लागू गरेका र यही नै अहिले पनि कायम रहेको लेभीले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । गोर्खा राज्यको अधिपत्यपछि नेपाल उपत्यका भित्र नेवाहरुमा दुई ठूला प्रतिस्पर्धी धार्मिक सम्प्रदायमा विभाजित भएको उनको भनाई छ । त्यसबेला शिव मार्गीले हिन्द्रू र बौद्धमार्गीले बुद्ध धर्म अपनाएका थिए । विशेष गरी हिन्दू धर्ममा शिव मार्गीहरुले नेवारहरुका पुरोहित्याई गरे ।

जयस्थिति मल्लको जाति व्यवस्थाकै आधारमा शिव मार्गी ब्राह्मणहरु माथिल्लो दर्जामा रहेका थिए । ब्राह्मण जातमा उपाध्याय थिए । उपाध्याय ब्राह्मणको दर्जा सवैभन्दा माथिल्लो स्तरमा थियो । यि उपाध्याय ब्राह्मणको मुख्य कार्य नै हरिसिंह देवले स्थापना गरेको तलेजु भवानीको पूजा गर्थे । उपाध्याय ब्राह्मणले गुरु र पुरोहितको कार्य समेत गरेको विद्वान लेभीले आफ्नो पुस्तकमा उल्लेखित गरेका छन् । मल्लकालमा यिनै ब्राह्मणहरुले धर्म र नियम विपरित काम गर्नेहरुलाई सजाय तोक्ने अधिकार पाएका थिए ।

यसमा शिवमार्गी मात्र नभएर बौद्धमार्गीलाई समेत सजाय दिन सक्ने अधिकार उपाध्याय ब्राह्मणसँग थियो । फ्रान्सेली विद्वान लेभीको नेपाल कृतिले त्यसबेलाको नेपाली समाजको चित्रण देख्न सकिन्छ । उनले नेपाल अधिराज्यमा आगमन भएका विभिन्न ब्राह्मण मध्ये उपाध्याय

ब्राह्मणलाई एक मानेका छन् । यिनै मध्ये उपाध्याय ब्राह्मण जसलाई राजोपाध्याय पनि भनिन्छ । आज भन्दा १२५ बर्षअघि नेवार समुदायमा राजोपाध्याय ब्राह्मणको सामाजिक, धार्मिक र पेशगत अवस्था बारे लेभीले गहकिलो रुपमा विश्लेषण गरेका छन् । तत्काल नेवार समुदायमा पुरोहित्याई गर्ने राजोपाध्याय ब्राह्मणको स्थान उच्च रहेको देख्न सक्छौँ ।

लेभीले धेरै स्थानमा ब्राह्मणहरुको सम्वन्धमा उपाध्याय ब्राह्मणलाई बढी जोड दिएका छन् । उनले सवै जसो ब्राह्मण बाहिरबाट आएका मानेका छन् । त्यस समयमा राजोपाध्याय (उपाध्याय) ब्राह्मणको अवस्था कस्तो थियो भन्ने लेभीको पुस्तकबाट प्रस्ष्ट हुन्छ । यस शोधमा लेभीले समेटिन नसकेको पक्षलाई समावेश गरी त्यसको रित्तता मेटाउने प्रयास गरिएको छ ।

वराल, बासु (२०४४ दोस्रो संस्करण), **हिन्दू सामाजिक संगठनको प्रारुप :** नेपालको प्राचीन देखि वर्तमान समयसम्मको समाजको अध्ययन र यहाँ बसोबास गर्ने विभिन्न जात-जातिहरुको धर्म सम्वन्धि जानकारी लिन यस पुस्तक उपयोगिको रुपमा रहेको छ । लेखक वरालले पुस्तकलाई तीन खण्डमा विभाजन गरी वर्णन गरेका छन् । हिन्दू समाज र त्यसको संगठनात्मक वनोट के कस्तो रहेको छ ? उनीहरुको वास्तविक स्वरुप ठम्याउने कोशिस गरिएको छ । सामाजिक संगठनका केही आधार हुन्छन् । सुसंस्कृति जातिको बलियो चिनारी पनि हुनाले यसले हिन्दू समाजको विशिष्टता र संठनात्मक प्रक्रियालाई दिशा निर्देशन गर्ने लेखक वरालले टिप्पणी गरेका छन् ।

वर्ण, जाति, संस्कार, धर्म, विवाह, परिवार, कर्मकाण्ड आदिबाट सुसंगठित समाजले आफ्नो सभ्यताको छुट्टै पहिचान दिन्छ । यस पुस्तकमा यि विभिन्न पक्षहरुको गहन अध्ययन भएको देखिन्छ । सभ्यता-संस्कृति भनेको मानवको सामूहिक परिष्कारलाई जनाउने एउटा साझा प्रत्यन्नको नाम हो । यो जाति विशेषको नभइ विभिन्न जातिले एक-अर्काबाट सिक्ने, लिने र दिने स्वाभाविक प्रक्रियामा विकसित सम्पदाका रुपमा रहेको लेखक वरालले औल्याएका छन् । कालान्तरमा कुनै जाति वा देश विशेषलाई चिनाउँदै छुट्टै संस्कृतिमा परिणत हुन्छ । हिन्दू संस्कृतिलाई वा समाज पनि यसरी नै छुट्टिएर समग्रतामा चिनाउने अलग र विशिष्ट रुप भएको उल्लेख पुस्तकमा छ । हिन्दू धर्ममा सम्यता र संस्कृतिको महत्व रहेको हुन्छ । यसमा वर्ण व्यवस्था, संस्कार, जाति व्यवस्था, परिवार, विवाह, नारीको स्थान, जीवन दर्शनलाई एक अंशको रुपमा हेरिने गर्छ । जन्मदेखि मृत्युसम्म एक व्यक्तिले विभिन्न पक्षलाई आर्दशको रुपमा लिने गर्छन् । लेखक वरालले हिन्दू समाजभित्रको सम्भता, संस्कृति, धर्म र अन्य पक्षलाई अनुसन्धात्मक र व्यवहारिक

रुपमा विश्लेषण गरेका छन्। राजोपाध्याय शैव र वृष्णव धर्म मान्ने भएकाले यो पुस्तक अध्ययनका लागि निकै उपयोगिका रुपमा रहेको छ। यस शोधमा यो पुस्तक सहयोगका रुपमा रह्यो ।

शर्मा, विनोदराज (२०६३), **नेवाः संस्कृति र संस्कार** : नेवाः संस्कृति र संस्कार संकलित आलेखमा लेखक शर्माले राजोपाध्याय बारे केही पक्ष राखेका छन् । मल्लकालमा राजोपाध्यायले राजपुरोहित पदवी पाएको र शाहकालका तत्कालिन शासकहरुले राजोपाध्यायको पदवि खोजेको लेखक शर्माले जनाएका छन्। राजोपाध्याय शुद्ध उपाध्याय ब्राह्मण भएको उनको विचार रहेको छ। शर्माकाअनुसार मल्ल राजा आनन्ददेवको सायमै भक्तपुरमा राजोपाध्याय ब्राह्मण देखा परेका थिए । भक्तपुरमा राजोपाध्याय ब्राह्मणले संस्कृति र संस्कारलाई मूल प्रवाह गर्ने कार्यमा अग्रसर भएको लेखमा भनिएको छ। राजोपाध्यायको मुख्य पेशा नै काठमाडौं उपत्यकाभित्र नेवार समुदायमा कर्मकाण्ड संस्कार गराउने हो। काठमाडौं उपत्यका भित्र बसोबास गर्ने राजोपाध्याय त्रिप्रवर र पञ्चप्रवर अन्तर्गत पर्छन्। भारद्वाज, कौशिक र गार्ग्य गोत्र प्रमुख हुन्। लेखक शर्माले रत्नावलीको प्रमाण आधार मानेर सात पुस्तारको अन्तरमा राजोपाध्याय भित्र नै वैवाहिक सम्वन्ध जोड्न सकिने बताएका छन्। धर्मशास्त्र अनुसार राजोपाध्यायहरुले दश कर्म र षोड्श संस्कार गर्छन यस शोधमा लेखकले नसमेटिएका पक्षलाई समेटिने कार्य भएको छ।

## २.२ सैद्धान्तिक ढाँचाको समिक्षा (Review of Theoretical Framework)

जनजाति र उनीहरुको सामाजिक संरचना एवं संगठन सम्वन्धि विद्वानहरुले धेरै सिद्धान्तहरु प्रतिपादन गरेका छन्। उनीहरुले प्रतिपादन गरेका सिद्धान्तमा उद्‌विकासवाद, नव उद्‌विकासवाद, प्रसारवाद, साक्षेपवाद, प्रकार्यवाद, संरचनावाद, संस्कृति र प्रतिकवाद प्रमुख रुपमा रहेका छन्। यस राजोपाध्यायको इतिहास र उनीहरुको परम्परागत सांस्कृतिक अध्ययनमा दुई वटा सिद्धान्तलाई समावेश गरिएको छ। राजोपाध्यायहरुको इतिहास र विकासक्रम कसरी भयो भन्ने सन्दर्भमा प्रसारवाद (Diffusionism) सिद्धान्तलाई अनुसरण गरिएको छ। उनीहरुको सामाजिक संगठन र संस्कारका अभ्यास कसरी भइरहेको छ ? भन्ने सन्दर्भमा प्रकार्यवाद सिद्धान्तलाई (Functionalism) छनोट गरिएको छ। अवधारणाका निर्माण र विकास कसरी र किन भयो भन्ने सन्दर्भमा

संरचनात्मक प्रकार्यवाद (Structural Functionalism) को सैद्धान्तिक मान्यताहरुको सहयोगमा प्राप्त तथ्यांक एवं विश्लेषण गरी निष्कर्ष पुग्ने काम गरिएको छ ।

### २.२.१ प्रसारवादको परिचय (Meaning of Diffusionlism)

प्रसार (Diffusionlism) शब्दको अर्थ मात्र हेर्ने हो भने यसले कुनै पनि वस्तु वा प्रक्रियाको खास सन्दर्भमा उत्पत्ति भएर परिवर्तनको क्रममा विभिन्न ठाउँमा फैलने पक्षको संकेत गर्दछ । खास स्थानमा प्राकृतिक एवं भौतिक संसारका विभिन्न वस्तुहरु उत्पन्न भएर समयको अन्तरालसँगै विभिन्न माध्यमबाट अन्य स्थानहरुमा विस्तार हुने गर्छन् । यसरी भौतिक तथा अभौतिक वस्तुहरु र प्रक्रियाहरुको निश्चित ठाउँबाट अन्य ठाउँमा हुने फैलावटलाई नै प्रसार भन्ने गरिन्छ । मानवशास्त्रमा प्रसारको अर्थले समाज वा संस्कृतिको तत्वहरु वा गुणहरुको खास सन्दर्भमा उत्पत्ति भएर विभिन्न ठाउँमा हुने विस्तारलाई इंगित गर्छ । प्रसारवादको मूल प्रक्रिया भनेको नै संसारको हुनै एक स्थान वा समुदायमा उत्पत्ति र विकास भएको कुनै पनि प्रचलन वा सांस्कृतिक घटकहरु क्रमशः सम्पर्क, बसाईसराई, व्यापार, लेनदेन, विवाह, भेटघाट तथा समारोह र समुदाय र समाजमा प्रसार हुन्छन र फैलिन्छन् ।

यसलाई हामी प्रसार भन्छौ । यही संस्कृतिको प्रसार भएर परिवर्तन हुँदै जान्छ । यही सिद्धान्तलाई समाजशास्त्र तथा मानवशास्त्रहरुले प्रसारवादी भनेका छन् । प्रसारवाद विशेष गरी मानवशास्त्रमा प्रयोग हुने सिद्धान्त हो । यस सिद्धान्तले मानवीय समाज र संस्कृतिको विकासमा प्रसारको महत्वमाथि जोड दिइएको छ । समाज र संस्कृतिको परिवर्तन, भिन्नता, समानता जस्ता पक्षहरुलाई ऐतिहासिक प्रक्रियाको रुपमा लिन्छ । पारस्परिक रुपमा सांस्कृतिक आदान प्रदान हुन्छ । यही प्रक्रियाबाट संस्कृतिको विकास र परिवर्तनको मान्यता राख्दछ । यस सिद्धान्तले संस्कृतिको विकास र परिवर्तनमा प्रसारको भूमिकामाथि जोड दिइएको छ । प्रसारवादका पक्षधर मानवशास्त्रीहरुको तर्क अनुसार सांस्कृतिक समूहको निकटता, भेटघाट, भ्रमण जति बढी हुन्छ, त्यति नै बढी सांस्कृतिक प्रसार हुन्छ ।

यस शोधको सिद्धान्तको प्रमुख सिद्धान्तको रुपमा प्रसार रहेको छ । काठमाडौं उपत्यकामा रहेका राजोपाध्यायहरु संभवत लिच्छवि देखि मध्यकालमा प्रसार हुँदै यहीको संस्कृतिलाई अपनाएको परिकल्पना गर्न सकिन्छ । जयस्थिति मल्ल देखि हसिंहसिंह देवसम्म काठमाडौं, ललितपुर र

भक्तपुरका विभिन्न क्षेत्रबाट आएर बसाई सराई भएको देखिन्छन् । संस्कृतिको उत्पत्ति, परिवर्तन, विकास प्रसारवादको मान्यता अनुरुप नै राजोपाध्यायहरुले यहाँ रहँदा फरक-फरक समयमा विकास भएको संस्कृति, समाज, भाषा र रीतिरिवाज अनुसरण गरेका देखिन्छन् । सांस्कृतिक गुण संसारका केही निश्चित मानसिका समूहद्वारा निश्चित ठाउँमा र समय उत्पत्ति हुनछ । संस्कृति विनिमयको कारणले एक ठाउँको संस्कृति गुण संसारका अन्य ठाउँका मानिसको जीवनशैलीमा पुग्दछ । अतः सांस्कृतिक समानता देखिनुमा प्रसार भएकाले हो । भिन्नता देखिनुमा त्यही संस्कृति परिवर्तन भएर हो । यो प्रसाको प्रक्रियामा निरन्तर एवं ऐतिहासिक हो । प्रसारको सिद्धान्त अनुरुप राजोपाध्यायले विभिन्न समयमा बसाई सराई गरेको अवस्था र यहीँ बसोकास गर्नेहरुले राज्य व्यवस्था परिवर्तन हुँदा त्यस समयमा विकास भएको समाजलाई अपनत्व गरेको देखिन्छ । जसले आफूलाई प्रसारवादको सिद्धान्त अनुसार अगाडि बढाउँदै लगेको छ ।

### **२.२.२ प्रसारवादको मुख्य मान्यता** (Major assumptions of Diffusionist Thought)

प्रसार शब्दको प्रयोग पहिलोपटक मानवशास्त्री टायलरले गरेका थिए । यसले सांस्कृतिक तत्वहरु वा गुणहरुको विभिन्न ठाउँहरुमा हुने फैलावटलाई बुझाउँछ । यस्तो फैलावटको माध्यमबाट भौतिक तथा अभौतिक संस्कृतिका तत्वहरु तिनीहरुलाई अनुसरण गरेका मानिसहरुले बसाईसराईको माध्यमबाट नयाँ भूमिकामा प्रवेश गर्छन् । यसै मान्यतालाई अनुसरण गर्ने वादको रुपमा नै प्रसारवादको जन्म भएको हो । यस सिद्धान्तमा जी. इलियट स्मिथ तथा डब्लू पेरीले आफ्नो मत राखेका छन् । मानव समाज र संस्कृतिको अध्ययनलाई सांस्कृतिक प्रसारको रुपमा अध्ययन गर्ने सिद्धान्तको रुपमा रहेको छ । यसको मान्यता अनुसार संस्कृतिको उत्पत्ति निश्चित र उपयुक्त परिवेशमा भएर विश्वका विभिन्न ठाउँमा प्रसारको माध्यमबाट फैलिने गर्छ । यसको मुख्य मान्यताहरु यस्ता छन ।

**(क)** मानिसको स्वभाव आविष्कारक वा सिजर्नशील भन्न पनि अन्वेषणहिन वा परस्थितिमा मात्र उत्पन्न हुने गर्छ ।

**(ख)** संस्कृति रेखीय रुपमा र प्रगति उन्मुख चरणहरु भएर उद्‌विकास हुँदैन । तर, यो छिमेकी सांस्कृतिक केन्द्रबाट प्रसार वा रुपान्तरित हुन्छ ।

**(ग)** सामाजिक तथा सांस्कृतिक प्रसारको प्रक्रियाले जटिल सामाजिक तथा सांस्कृतिक परिवर्तन ल्याउँछ ।

**(घ)** मानव संस्कृतिको उत्पत्ति, बृद्धि, विकास र परिवर्तन उद्‌विकासको कारणले नभएर ऐतिहासिक प्रक्रियाको कारण हुन्छ । मानव जातीको मानसिक एकताको परिणामले सांस्कृतिक समानान्तरता परस्पर सम्पर्कको परिणाम हो ।

**(ङ)** सांस्कृतिक प्रसारको प्रक्रियालाई यातायात, सञ्चार, पर्यटन र पदयात्रा बसाईसराई, परम्पर सामाजिक तथा सांस्कृतिक अन्तर्क्रिया, व्यापार र व्यवसाय जस्ता विभिन्न कारण तत्वहरुको प्रभाव हुने गर्छ ।

**(च)** सांस्कृतिक प्रसार विकसित र सभ्य समाज वा संस्कृतिबाट सामान्य परम्परा भएको र कम विकसित समाजतर्फ हुन्छ । किन भने प्रायः मानवजातिले तुलनात्मक रुपमा उपयुक्त फाइदाजनक र आरमदायी सांस्कृतिक गुणहरुको नक्कल र अनुसरण गर्ने गर्छ ।

### २.२.३ प्रसारवादको आलोचना (Criticism of Diffusionism)

१९औं शताब्दीको सुरु र २०औं शताब्दीको अन्त्यतिर विकास भएको प्रसारवाद सिद्धान्तको संस्कृतिको उद्‌भव र विकासलाई प्रसारका विभिन्न रुपहरुको सन्दर्भमा ब्याख्या गरिएको छ । प्रसारवादी विभिन्न संप्रदायहरुको विचार रहेकाले तिनीहरु भिन्न भिन्नै वर्गमा राखेर विवेचना गर्न सकिन्छ । प्रसारवादलाई सांस्कृतिक निरपेक्षवाद र सांस्कृतिक सापेक्षवाद र संस्कृति वृत्तअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ । यसमा अमेरिकी र जर्मन प्रसारवाद हावी देखिन्छन् । यसको आलोचना यसरी विश्लेषण गरिएको छ ।

**(क)** प्रसारवादीहरुले प्रसारलाई सांस्कृतिक परिवर्तन र विकासको जटिल र महत्वपूर्ण प्रक्रियाका रुपमा चर्चा गरेका छैनन् ।

**(ख)** प्रसारवादको उपागम सङ्कीर्ण, तुलनात्मक र जनजाति केन्द्रवादी उपागमहरुमा आधारित छ भनेर पनि आलेचना गरिएका छन् ।

**(ग)** धेरै मात्रामा पुरातात्विक प्रमाणहरुको आधारमा विश्लेषण गरिएको हुनाले तिनीहरुले सांस्कृतिक प्रसारका अन्य पक्षहरुलाई वेवास्ता गरेका छन् ।

**(घ)** संस्कृति वृत्तको यस अवधारणाले सांस्कृतिक परिवर्तनको गति बुझ्न कुनै प्रयास नगरेको र बहूपक्षीय वा बहुमुखी संस्कृतिको रुपहरुको ब्याख्या गरेपनि विस्तृत अध्ययन भएको छैन ।

**(ङ)** सांस्कृतिक जटिलता र भौतिक संस्कृतिमा अधिक जोड दिएका छन तर, मानव संस्कृतिका अन्य पक्षहरुप्रति वेवास्ता गरिएको देखिन्छ ।

**(छ)** सांस्कृतिक विशेषताहरुको अर्थपूर्ण फैलावट र प्रसारको व्याख्या गर्नको अलावा उनीहरुको केवल सांस्कृतिक विशेषताहरुको मात्र वर्गीकरण गरेका छन् ।

## २.२.४ प्रकार्यवाद र संरचनात्मकको परिचय (Functionalism and Structural)

संस्कृति र सामाजिक सम्बन्धको अध्ययन गर्नको लागि संरचना र प्रकार्य शब्दहरु एकसाथै प्रयोगमा आउने भए पनि यिनीहरुको बेग्लै अर्थहरु बोकेका हुन्छन् । संरचना र प्रकार्य शब्द आफैमा अर्न्तसम्बन्धित छन् । जसमा एकको अभावले अर्कोको अध्ययन अर्थपूर्ण हुन सक्दैन । संरचना भन्नाले कुनै पनि वस्तुको विभिन्न भागहरु मिलेर बनेको खास खालको समग्रता हो । जवसम्म त्यसको भागहरु क्रमसँग एक अर्कामा मिल्दैनन, त्यसबेलासम्म त्यहाँ संरचना बन्न सक्दैन । त्यसैले संरचना हुन दुई पक्षको आवश्यकता पर्छ । एउटा विभिन्न भागहरुको क्रमता र अर्को कार्य गर्न सक्ने स्वरुप हो । कुनै पनि अर्थपूर्ण कार्य गर्न सक्ने भागहरुको समग्रता स्वरुप नै संरचना हो । उदाहरणको लागि एउटा घर लिन सक्छौं ।

घरको संरचनाको लागि काठ, इट्टा, ढुङ्गा, रडहरु, झयाल र ढोकाहरुलाई थुप्रो बनाएर मात्र हुँदैन, त्यहाँ भएका भागहरुको व्यवस्थित रुपमा मिलाएर राखेपछि एउटा राम्रो घरको संरचना बन्छ । यसलाई प्रकार्य भनिन्छ । तसर्थ, समाज व्यवस्था र संस्कृतिको व्याख्या र विश्लेषण गर्न संरचनात्मक प्रकार्यवाद सिद्धान्तको महत्वपूर्ण भूमिका रहेको छ । संरचनात्मक प्रकार्यवादले सिंगो समाज र यसका इकाहरुबीच कार्यकारण सम्वन्धको अध्ययन गर्दछ । समाज भनेको एउटा वस्तुमात्र नभएर यो समाजिक सम्वन्धहरुको जटिल जालो हो । यही सामाजिक सम्वन्धको जालो भित्र रहेका विभिन्न ईकाइहरुद्वारा गरिने प्रकार्यबाट समाज निर्माण र संचालन भएको हुन्छ । कुनै पनि समाज र संस्कृतिको अध्ययन भनेको सामाजिक र सांस्कृतिक प्रक्रिया हो ।

अत: समाज विकास प्रक्रियाको अध्ययन भन्नु नै समग्र सामाजिक प्रणाली र यसका ईकाहरुबीच रहेको कार्यकारण सम्वन्धको अध्ययन हो । कोजरको भनाई अनुसार कुनै सामाजिक क्रियाको

परिणाम त्यस संरचना तथा समाज निर्माणका अंगहरुको अनुकुलन तथा तिनीहरुको बीचमा पारस्परिक सहायतता नै प्रकार्य हो । यस्तै, रेडफिलक ब्राउनका अनुसार संरचनात्मक प्रकार्यवाद भन्नाले कुनै सामाजिक इकाको कार्य त्यस इकाईको त्यो योगदान हो, जसले सामाजिक व्यवस्थालाई क्रियाशिल बनाउने भूमिका निर्वाह गर्दछ ।

प्रकार्यवादी समाजशास्त्री र मानवशास्त्रीहरुले क्षेत्रगत अध्ययन गरी सुरुमा यस सिद्धान्तको मान्यताहरु अगाडि सारेका पाइन्छन् । त्यसपछि लेनमार्क र डार्विनले प्राणीहरुको उत्पत्ति र विकास सम्वन्धी विभिन्न अध्ययन गरी जीव विकास सम्वन्धी सिद्धान्तको विकास गरे । यसै जीव विकासको सिद्धान्तलाई आधार मानेर समाजशास्त्री हर्बर्ट स्पेन्सरले समाजलाई जैविक प्रणालीसँग दाँजेर अध्ययन गरे । यसरी यस सिद्धान्तको पृष्ठभूमि तयार भएको पाइन्छ । प्रकार्यवाद र संरचनावादको सिद्धान्त निर्माण र विकासमा मुख्य गरी अगस्टे कोम्टे, इमाइल दुर्खिम, हर्बर्ट स्पेन्सर, मेलिनोवस्की, रेडफिलक ब्राउन र रवर्ट मर्टन जस्ता समाजशास्त्री र मानवशास्त्रीहरुको मुख्य भूमिको रहेको पाउन सकिन्छ ।

यस शोधको अर्को मुख्य सिद्धान्त प्रकार्य र संरचना हो । जसरी कुनै पनि घर निर्माण कार्यमा विभिन्न पक्षहरु आवश्यक पर्छ । जस्तो फलाम, इट्टा, बालुवा, ढुंगा, काठ, झयाल आदि आवश्यक पर्छ । त्यसै गरी नै समाज निर्माण कार्यमा विभिन्न संरचना आवश्यकता बोध हुन्छ । समाज भित्र रहेको विभिन्न पक्षहरु संगठित र एक आपसमा सम्वन्ध नराख्दा सम्म त्यो समाज विकसित हुन सक्दैन । नेवार समाज भित्र विभिन्न इकायले यसलाई एकिकृति र संगठित बनाएको छ । राजोपाध्याय समुदाय पनि यसैको उदाहरण हो । जन्म देखि मत्यु संकारसम्म यसले एउटा संरचनाको कार्य गर्छ । त्यस भित्र हुने विभिन्न तत्वहरुले प्रकार्यको रुपमा कार्य गर्दछ । यसै कारण नै यस अध्ययनमा यो सिद्धान्त अनुसरण गरिएको हो ।

## २.२.५ प्रकार्यवाद र संरचनात्मकवादको मूलभूत मान्यताहरु

**(क)** समाज एउटा प्रणाली हो, जसमा विभिन्न अन्तरसम्वन्धीत भागहरु हुन्छन्, प्रकार्यात्मक अन्तरसम्वन्ध, एकता र अन्तरर्निर्भरता हुन्छ ।

**(ख)** प्रणाली भित्रका भागहरु अन्य भागहरुसँग निर्भर हुन्छन् । समग्रमा सम्पूर्ण भागहरु प्रणाली संचालनका लागि मिलेर काम गर्दछन् । प्रणाली र त्यसका भागहरुलाई एक आपसमा अगल गर्न सकिँदैन ।

**(ग)** प्रणालीको केही भागहरुले अनुपयोगी भूमिका खेलेमा यसको सन्तुलनमा कमीकमजोर आउन सक्छ तर प्रणालीले सन्तुलन बनाइ राख्न मद्दत गर्छ ।

**(घ)** सामाजिक प्रणाली गतिशील एकताको रुपमा रहन्छ । पूर्ण एकता कहिलै प्राप्त गर्न सक्दैन

**(ङ)** सामाजिक प्रणालीमा कुकार्य, विचलन, तनाव र द्वन्द्व पनि उत्पन्न हुन्छ । तिनीहरुलाई विस्तारै समाधान गर्न सकिन्छ । यो विस्तारै समाधान हुँदै जान्छ । यसका भागहरुको व्यवस्थापन सुव्यवस्थित तरिकाले गरिएको हुन्छ ।

**(च)** प्रणालीलाई निरन्तरता दिनका लागि केही प्रकार्यात्मक पूर्वशर्तहरु आवश्यक रहन्छ ।

**(छ)** प्रकार्य बिना सामाजिक संरचना र सामाजिक संरचनाको अभाव कार्य हुँदैन

**(ज)** सामाजिक प्रणाली स्थिर, दीर्घकालिन र स्वयम संचालित हुन्छन् ।

## २.२.६ प्रकार्यवाद र संरचनात्मकवादको आलोचना

मेलिनोस्कीलगायतले समाज र संस्कृतिको प्रकार्यवाद विश्लेषण विकासवाद र प्रसारवादको दाँजोमा धेरै महत्वपूर्ण वैज्ञानिक हुनुका साथै एक कदम अगाडि देखिए पनि यसमा धेरै आलोचना भएका छन् । ती आलोचना यस्ता छन् ।

**(क)** उद्देश्यमूलक सिद्धान्त भनेको यस्तो सिद्धान्त हो । जसले कुनै पनि घटनाको उत्पत्ति हुनाको कारण अर्को घटनाको परिणामको लागि हो भन्ने मान्यता राख्दछ । यसको अर्थमा संरचनात्मक प्रकार्यवाद उद्देश्यमुलुक हो । यसले समाज वा सामाजिक संरचनाहरुका उद्देश्य वा लक्ष्यहरु हुन्छन् । लक्ष्य प्राप्त गर्न समाजले विशिष्ट सामाजिक संरचना र सामाजिक संस्थाहरुको सृजना गर्छ । प्रकार्यवादको साझा मान्यता भनेको समाज र संस्कृतिका तत्वहरुको योगदान सो समाजको पूर्णताको लागि हो ।

**(ख)** प्रकार्यवादी विश्लेषक गैर ऐतिहासिक छ । यसले इतिहासको वेवास्त गर्छ । संस्कृतिहरुको उद्य कसरी भयो ? समाज तथा संस्कृति कसरी विकसित हुँदै आएको छ ? यस्ता पक्षमा राम्रोसँग

ध्यान दिएको छैन। यसले केवल खास समयको कालखण्डमा अडेर संस्कृतिका भागहरुले एकताका लागि प्रकार्य गर्छन्।

**(ग)** प्रकार्यवादी मोडेलको अर्को कमजोरी भनेको सामाजिक परिवर्तनको प्रक्रियालाई यसले वेवास्ता गर्छ। यसले स्थिरतामा जोड दिन्छ। मानव सभ्यताको आदिमकाल देखि नै समाज तथा संस्कृति परिवर्तित रुपमा प्रस्तुत हुँदै आएको भनाई तर्क राख्छ।

**(घ)** संस्कृतिका विभिन्न अंगहरुबीचमा क्रमबद्ध एकता हुन्छ भन्ने मान्यता यसको रहेको छ। तर, समाज तथा संस्कृतिमा विभिन्न समूहबीच द्वन्द्व हुने गर्छ। समाजभित्र एउटै विचार, भावना र स्वार्ग भएका मान्छे हुँदैनन भन्ने पक्षलाई यसले वेवास्ता गर्छ।

**(ङ)** प्रकार्यवाद एउटा राजनैतिक र वैचारिक रुपमा रुढीवादी सिद्धान्त हो। जसले स्थापित परम्परागत बारेमा समर्थन गर्छ। यसले वर्तमान विद्यमान समाज र सामाजिक संरचनालाई सर्वोत्तम मान्छ।

**(च)** प्रकार्यवादमा वैचारिक पूर्वाहग्रह पनि रहेको हुन्छ। डाऱ्यान्डोफका अनुसार प्रकार्यवादी विश्लेषण काल्पनिक छ। प्रकार्यलाई आफैमा स्वचालित रुपले प्रकार्य गरिरहेको सांस्कृतिक चलन वा सामाजिक स्वरुपको अस्तित्व र उद्देश्य खोजिएको छ।

## २.३ नीतिगत समिक्षा (Policy Review)

नीतिगत समीक्षको विषय सरकारले ल्याएको नीतिहरुको कार्यान्वयन र त्यसको प्रभावकारितासँग सम्वन्धित रहेको हुन्छ। राज्यको कुनै विषयमा कामकाज गर्न सहज होस भनी नीतिहरुको कार्यान्वयन र प्रभावकारितासँग सम्वन्धित रहेका हुन्छन्। आफनो विषयसँग सम्वन्धित सरकारको के कस्ता नीजिगत डकुमेन्टहरु के के छन ? नीति निर्देशनहरु के कस्ता छन ? आदि त्यस्ता रणनीतिको अभ्यास कसरी भएको छ ? आदिको नीतिगत र त्यसको अभ्यासमा के अन्तराल रहेको छ त्यसको विश्लेषण गरिने छ। .

**२.३.१ नेपालको अधिराज्यको संविधान २०४७** को दफा १९ को उपदाफा १ मा प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलि आएको धर्मको अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता दिएको छ। दफा २६ मा राज्यका नीतिहरुमा विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र

भाषाभाषीहरुबीच स्वास्थ्य एंव सुमधुर सामाजिक सम्वन्ध विकसित गरी सबैको भाषा, साहित्य लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक कायमै राखि राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गरेको पाइन्छ। यसले राजोपाध्यायहरुको संस्कार, चाडपर्व, कर्मकाण्ड, संस्कृति र परिवर्तित आयामको अध्ययनमा सहयोग पुग्ने छ।

**२.३.२ नेपालको संविधान पहिलो संसोधन** (२०७२) को प्रस्तावनामा संस्कृतिको संरक्षणका लागि बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतालाई आत्मसाथ गरी सामाजिक र सांस्कृतिक ऐक्यबद्धता जनाएको छ। प्रारम्भिकको धारा ४ सनातनदेखि चलि आएको धर्म संस्कृतिको संरक्षणमा जोड दिएको छ। प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक प्रदान गर्ने चर्चा गरिएको छ। नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफनो भाषा, लिपी, सांस्कृतिक सभ्यता र सम्पदाको सर्वद्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन र प्रचार प्रसार गर्ने संविधानमा व्यवस्था गरेका छन्। नेपालको संविधानको धारा ५० को निर्देशक सिद्धान्तहरुको २ मा धर्म, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्यगरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य रहेको भनिएको छ।

धारा ५१ को राज्यका नीतिहरुको उपधारा २ मा विभिन्न जात, जाति, धर्म, भाषा, र सम्प्रदायबीच पारस्परिक सद्भाव, संहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय इकाईबीच परम्परमा सहयोगात्मक सम्वन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने उल्लेख गरिएको छ। यसले राजोपाध्यायको सांस्कृतिक अध्ययनमा अनुसन्धान निमित्त निक्कै महत्वपूर्ण हुनेछ।

**२.३.३ नेपाल सरकार** (२०६७) ले विद्यमान कानूनहरुमा समय अनुकुल सुधारका गर्ने कुनै व्यक्ति, जाति वा समुदायको धर्म, दर्शन, सोच, विचार मान्यता, आस्था र विश्वासलाई सम्मान र धार्मिक संहिष्णुताको वातावरण बनाउने उल्लेख छ। नेपाल धर्म निरपेक्ष परिणत भइसकेपछि धार्मिक व्यवस्थापन र परम्परामा समय अनुकुल रुपान्तरण गर्दै जाने भनिएको छ। संरक्षण कार्य

अघि बढाउने, सबै जाति र समुदायका रितिरिवाज एवं चाडपर्वहरुको पहिचान र संरक्षणको व्यवस्था गरी विभिन्न जातिबीचको आपसी सद्भाव र एकता राखी अनेकतामा एकताको प्रतीकको रुपमा रहेको नेपाली समाजको पहिचानलाई कायम राख्ने भनिएको छ। यसले राजोपाध्याय रितिरिवाज पक्षको अध्ययनमा सहयोग पुग्ने छ।

## २.३.४ संस्कृति नीति २०६८ मा भएको व्यवस्था

संस्कृति नीति, २०६८ को बुँदा १ पृष्ठभूमि शीर्षको १:१ मा संस्कृतिलाई जाति वा समुदाय विशेषका मानिसहरुको संस्कृतिलाई तत्तत् जाति वा समुदायको संस्कृतिको रुपमा चिनिन्छ। उदाहरणको रुपमा नेवार, खस, गुरुङ, चेपाङ, धिमाल र थारु संस्कृति आदि हुन्। मानव संस्कृतिको विकासक्रमको विभिन्न कालखण्डमा मानिसले सिर्जना र अवलम्बन गरेका संस्कृतिलाई तत्तत् युग एवं कालखण्डका आधारमा सम्बोधन गर्ने प्रचलन रहि आएको छ। नेपालको सन्दर्भमा किराँत, लिच्छवी, प्राचीन संस्कृति, मध्यकालीन र अर्वाचन संस्कृति भन्ने प्रचनलाई उदाहरणका रुपमा लिन सकिन्छ।

**(ख)** जातीगत अध्ययनको विभिन्न बुँदाहरुमा भएको प्रावधान यस प्रकार रहेका छन्:-

**(१)** ९:२५ देशव्यापी रुपमा सर्वेक्षण र अध्ययन गरी विभिन्न जातिहरुको इतिहास लोक संस्कृति सम्वन्धी आधिकारिक विवतरण तयार गर्ने काम क्रमशः गरिने छ।

**(२)** ९:२६ तयार विवतरणहरुको प्रकाशन एवं प्रचार प्रसारको आवश्यकता व्यवस्था मिलाइने छ।

**(३)** ९:२७ विभिन्न जाति र समुदायको लोक रीतिरिवाज र चाडपर्वहरुको विस्तृत अध्ययन गरी तिनीहरुको विवरणसहित सूची तयार गरिने छ।

**(४)** ९:२८ विभिन्न रीतीरिवाज र चाडपर्वहरुलाई राष्ट्रिय, स्थानीय, समुदायगत विस्तृत तथा जातिगतरुपमा वर्गीकरण गरी सो अनुसार मान्यता र संरक्षण एवं व्यवस्थापनको जिम्मेवारी निर्धारण गरिने छ।

**(५)** ९:२९ विभिन्न जाति, समुदाय र संस्कृतिबीचको सद्भाव र सहिष्णुतालाई व्यापक तुल्याउने विषयहरुलाई विभिन्न तहका शैक्षिक पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाइने छ। प्रस्तुत

अध्ययन काठमाडौं उपत्यकाका राजोपाध्यायको सांस्कृतिक अध्ययनको २०६८ नीति अन्तर्गत अध्ययन गरिएकोछ ।

## २.३.५ स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ नगरपालिकाको काम, कर्तव्य रअधिकार शीर्षक अन्तर्गत दफा ११ को उपदफा २ (फ) को भाषा, संस्कृति र ललितकलाकोको संरक्षण र विकास सम्वन्धी स्थानीयस्तरको नीति, कानून र मापदण्ड बनाउने र योजना कार्यान्वयन, अनुगमन र नियमन गर्ने कामहरु स्थानीय सरकारको रहने व्यवस्था छ । काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा स्थानीय तहरुले आफ्नो संस्कृति नीति निर्माण गरेको देखिन्छ ।

## २.४ विधिगत समिक्षा (Methodological Review)

विभिन्न साहित्यहरुको अध्ययनबाट प्राय: अन्वेषणात्मक, ऐतिहासिक र विवरणात्मक अनुसन्धान ढाँचाको प्रयोग भएका छन् । अन्वेषणात्मक अनुसन्धान ढाँचा कुनै जानकारी वा ज्ञान नभएको अपरिचित विषय वा समस्याको बारेमा गरिने प्रारम्भिक किसिमको अध्ययन हो । यस अध्ययनबाट नयाँ विचार वा तथ्य पत्ता लगाउने र अनुसन्धान गरिएको विषयमा ज्ञानको क्षेत्र वा सीमा फराकिलो पार्ने उद्देश्यहरु राखिएका हुन्छन् । यसमा उद्देश्य पूर्व निर्धारित वा कठोर किसिमको नभई सामान्य किसिमका हुन्छ । यस्तै ऐतिहासिक अनुसन्धान ढाँचा भन्नाले विगतमा घटेका घट्ना, समस्या र विषयहरुको बारेमा विगतका प्रमाणहरुको व्यवस्थित र वस्तुगत संकलन, मूल्यांकन र विश्लेषण गरी निष्कर्षमा पुग्ने एक प्रक्रिया हो । विवरणात्मक अनुसन्धान ढाँचामा वर्तमानमा अस्तित्वमा रहेका कुनै घट्ना वा विषयवस्तुका बारेमा समग्र पक्षको अध्ययन गरी उपयुक्त तथ्यहरु संकलन गर्ने अनुसन्धान ढाँचा हो ।

यसको उद्देश्य तोकिएको जनसंख्याको विशेषता, धारणा र व्यवहार पत्ता लगाउन तथा वर्तमानमा रहेका परस्थिति र घट्नाहरुको व्याख्या गर्नु हो । यस अध्ययनमा क्षेत्र अध्ययन (Field Study), अवलोकन (Observation Study), जनजातिय अध्ययन (Ethonography Study), अन्तर्वार्ता (Interview), पुस्तकालय अध्ययन (Library Study) र फोटोग्राफी जस्ता विधिहरुको प्रयोग भएको छ । सन्दर्भ ग्रन्थहरुमा प्रारम्भिक र द्वितियक दुवै स्रोतहरुबाट संकलित तथ्यांकहरुको प्रयोग भएको छ । राजोपाध्याय सम्वन्धी कृतिहरुमा धेरै जसो द्वितियक स्रोत संकलन भएको छ । अधिकांश

सन्दर्भ सामग्रीहरु प्रचलित अनुसन्धान विधिको पूर्ण पालना गरेर तयार नगरिएकाले प्राप्त तथ्यांकलाई कसरी विश्लेषण गरी के निष्कर्षमा पुगियो भन्ने विषयमा ती अध्ययनहरु मौन देखिन्छन् । धेरै जसो सन्दर्भ सामग्रीहरुको तयार गर्न संकलित तथ्यांकहरुलाई विश्लेषण गरी निश्कर्षमा पुग्न के कस्ता सैद्धान्तिक आधारहरुको सहायता लिएको छ । कुन दार्शनिक दृष्टीकोण (Pholosophical Overview) यी अध्ययनहरुमा प्रयोग भएका छन् भन्ने पक्षमा ती सामग्रीमा खासै उल्लेख भएको छैन ।

## २.५ अनुसन्धान रिक्तता (Research Gap)

उपयुक्त सन्दर्भ साहित्यहरुको समिक्षात्मक छलफलबाट प्रस्तुत शोध शीर्षकको अनुसन्धान रिक्ततामा देखिएका मुख्य बुँदाहरु निम्न अनुसार प्रस्तुत गरिएको छ :-

**(क)** विषयगत (Empirical) : यस सन्दर्भमा साहित्यहरुको अध्ययन गर्दा अहिलेसम्म राजोपाध्यायहरुको इतिहास, संस्कृति, सामाजिक, भाषा र आर्थिक जस्ता मुख्य विषयहरुमा विभिन्न पुस्तक, लेख-रचना र साहित्यहरु प्रकासित भएका छन् । यसमध्ये राजोपाध्यायको इतिहास, सामाजिक र मुख्य पेशाको सम्वन्धमा विश्लेषण भएको देखिन्छ । धेरै जसो राजोपाध्याय सम्वन्धी उल्लेख भएका पुस्तक, लेख-रचनामा उनीहरुको सामाजिक अवस्था, संस्कार, चाडपर्व र इतिहासबारे गहकिलो रुपमा केन्द्रीय अध्ययन नभएको देखिन्छ ।

**(ख)** नीतिगत सन्दर्भ साहित्यहरुको अध्ययनबाट अन्तर्राष्ट्रिय कानून, नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन (२०७४) र संस्कृति नीति (२०६८) को मा राज्यले विभिन्न जातजाति र समुदायको इतिहास, भाषा, लिपि, धर्म, संस्कृति, साहित्य, कला, परम्परागत मान्यताहरुको संरक्षण र सम्बर्द्धन र विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै यी ऐन कानूनहरुमा समुदायका प्रत्येक व्यक्तिलाई स्वतन्त्रापूवर्क आफ्नो सामाजिक तथा सांस्कृतिक विकासमा लाग्ने अधिकार रहने र नेपालको संविधान अनुसार प्रत्येक नेपाली नागरिकलाई आफ्नो भाषा, लिपि, संस्कृति र सभ्यताको संम्बर्द्धन र संरक्षण गर्ने हक हुने व्यवस्था गरेको देखिन्छ । अतः 'काठमाडौं उपत्यकाका राजोपाध्यायको सांस्कृतिक' अध्ययन शीर्षको यस शोध नेपालको राष्ट्रिय कानून अनुकुल एवं वैधानिक सवाल रहेको देखिन्छ ।

**(ग)** सम्वन्धित सन्दर्भ साहित्यहरुको अध्ययनबाट हालसम्म प्रसारवाद र संरचनात्मक प्रकार्यवादको सैद्धान्तिक मान्यतामा आधारिक भएर 'काठमाडौं उपत्यकाका राजोपाध्यायको सांस्कृतिक अध्ययन' खासै अध्ययन भएको पाइएन् ।

**(घ)** विधिगत सन्दर्भ साहित्यहरुको अध्ययनबाट अधिकांश सन्दर्भ सामग्रीहरु अनुसन्धान विधिको पूर्ण रुपमा अध्ययन गरेको देखिँदैन । यसैकारण साहित्यहरुमा निचोडमा निकालिएका निश्कर्षहरु पूर्ण रुपमा सत्य, विश्वासनीय र वैध छन् भन्ने सक्ने अवस्था देखिँदैन । शोधको क्रममा अध्ययन भएका केही सन्दर्भ पुस्तकहरु आंशिक रुपमा अनुसन्धान विधिको पालना भएको देखिन्छ ।

## २.६ निष्कर्ष

यस परिच्छेदमा सन्दर्भ साहित्यहरुको सैद्धान्तिक, नीतिगत, विधिगत तथा विषयगत समिक्षा भएको छ । सन्दर्भ साहित्यको समिक्षबाट काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक विषयमा हालसम्म विस्तृत रुपमा प्राज्ञिक अध्ययन हुन नसकेको देखिन्छ । राजोपाध्यायहरुको ऐतिहासिकता, उनीहरुको बसाईसराई, संस्कार र पछिल्लो समयमा सांस्कृतिक पक्षमा यिनीहरुमा आएको परिवर्तन जानकारी राम्रोसँग आउन नसक्नु नै यस शोधको प्रमुख अनुसन्धान रिक्तताको रुपमा रहेको छ । यसै अनुसन्धान रिक्ततालाई पूरा गर्न प्रस्तुत शोध लक्षित भएको छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

## ३.१ विषय प्रवेश

अनुसन्धान कार्यलाई सही दिशा निर्देशन गरी निष्कर्षमा पुऱ्याउन अनुसन्धान विधिको मुख्य भूमिका रहेको हुन्छ । 'काठमाडौं उपत्यका भित्रका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शीर्षकको तेस्रो परिच्छेदमा अनुसन्धानलाई के कसरी सम्पन्न गरियो भन्ने विषयमा परिचय गराउन अनुसन्धानमा प्रयोग गरिएको विधि र प्रकृयाहरुको विश्लेषण गरिएको छ । जसअन्तर्गत मुख्य गरी अनुसन्धानमा प्रयोग गरिएको दार्शनिक दृष्टिकोण, अनुसन्धानको ढाँचाको प्रकृति, तथ्यांक संकलन तथा विश्लेषण विधि, अनुसन्धानको नैतिक सवालहरु तथा अनुसन्धानको सैद्धान्तिक र अवधारणागत ढाँचाहरुको निरपण गरी त्यसको ब्याख्या विश्लेषण गरी प्रष्ट पार्ने प्रयास भएको छ ।

## ३.२ अनुसन्धान दर्शन (Research Philosophy)


दर्शन शब्दको सामान्य अर्थ कुनै पनि विषय-वस्तुलाई हेर्नु वा देख्नु हो । यसको विशिष्ट अर्थ कुनै पनि विषय-वस्तुको गहिरो अध्ययन, चिन्तन, मनन तथा अनुभूतिको आधारमा तय गरिएको दृष्टिकोण हो । हाम्रो समाजमा पाश्चात्य जगत् र पूर्वीय दर्शनलाई बुझ्ने तरिका केही फरक पाइन्छ । पाश्चात्य जगत्मा दर्शनको अर्थ ज्ञानप्रतिको ममता नै हो । पूर्विय जगत्मा दर्शनको अर्थ जीवन र जगत्लाई हेर्ने दृष्टिकोण हो । अनुसन्धान दर्शन अनुसन्धानलाई सही मार्ग दिशा दिलाउनुका साथै निष्कर्षमा पुऱ्याउन सहयोग प्रदान गर्छ ।

यो एउटा महत्वपूर्ण औजार हो । दर्शनले कुनै विषय बस्तुलाई विभिन्न दृष्टिकोणबाट हेरी त्यसभित्र रहेको अन्तरवस्तुको सत्यतालाई बाहिर ल्याउने काम गर्छ । दर्शन भित्र तत्व बोध, ज्ञान आर्जन, तार्किक शोध र त्यस क्रममा प्राप्त परिणाममा रहेको हुन्छ । यसलाई कतिपय सन्दर्भमा तत्वशास्त्र, ज्ञान शास्त्र, तर्कशास्त्र र सत्यको रुपमा परिभाषित गरिएको पाइन्छ । तत्व बोधबाट अघि बढ्ने क्रममा ज्ञान प्राप्तिको प्रक्रिया सुरु हुन्छ । अनुभवलाई लिपिबद्ध गर्दै परिणामको खोजमा तर्क, तथ्य र प्रयोगलाई अंगाल्दै निष्कर्षसम्म पुग्ने मद्दत गर्छ (प्रभात, बि.सं २०७४, पृ.३२) । मनुष्यहरुको चिन्तत गर्ने, बुझ्ने, वर्णन गर्ने, त्यसको सुक्ष्म रुपमा विश्लेषण गर्ने, हेर्ने शैली र तरिकाहरु फरक-फरक हुन्छन् ।

यसै कारणले दार्शनिक चिन्तनका विभिन्न संप्रदायहरु विद्यमान छन् । तर, फरक दार्शनिक चिन्तन भएको संप्रदायहरुबीच सिद्धान्तको सैद्धान्तिककरण आधार भूत तत्व के-के हुन् भन्ने विषयमा सामान्यता एक रुपता देखिन्छ । यस्ता तत्वहरुमा सत्यलाई हेर्ने दृष्टिकोण (Ontology), ज्ञानको सिद्धान्त (Epistemology), मुल्य मिमांशा (Axiology) र विधिशास्त्र (Methodology) हुन् । यस्तो अनुसन्धान दर्शन र सैद्धान्तिककरणको आधारभूत तत्वहरु मिलेर अनुसन्धानको सैद्धान्तिक खाका (Research Paradigm) को निर्माण हुन्छ । अनुसन्धानमा विषयवस्तुको गहिरो अध्ययन गरी त्यसलाई वैध र विश्वसनीय निष्कर्षमा पुग्न उपयुक्त अनुसन्धानको सैद्धान्तिक खाका (Research Paradigm) को छनोट हुनु आवश्यक देखिन्छ । यस परिप्रेक्षमा अनुसन्धानको सैद्धान्तिक खाका निर्माणवाद (Constructivism) रहेको छ ।

निर्माणवादको सत्य सम्वन्धी दृष्टिकोण (Ontology) अनुसार सत्यहरु विषयगत हुन्छन्, वस्तुगत हुन सक्दैनन् भन्ने रहेको छ । साथै सत्यहरु मानव अन्तर्क्रियाद्वारा निर्मित र सापेक्ष हुन्छन् । यसैगरी, यसको ज्ञानशास्त्र (Epitemology) अनुसार सत्यहरु स्वयम सिद्ध हुँदैनन् । तिनीहरु सामाजिक खोजद्वारा निर्मित हुन्छन् भन्ने पक्षमा जोड दिएको देखिन्छ । यस अध्ययनको मुल्य सम्वन्धी मान्यता (Axiololgical Position) अनुसार मुल्यहरु विषयगत (Subjective), वैयक्तिक र गतिशील हुने र मानिस सत्यका निर्माता भएकाले उनीहरुसँगको अन्तर्क्रियाद्वारा अनुसन्धान विषयको विषयगत सत्यता (Subjective Reality) पत्ता लगाउनु हो । यस्तै यसको विधिशास्त्रीय मान्यता (Methodological Assumption) मा अनुसन्धान कसरी गर्ने ? भन्ने विषय-वस्तुहरु हुन् । यसमा खासगरी निश्चित अनुसन्धान ढाँचा तय गरिन्छ । यस अन्तर्गत अनुसन्धानको सैद्धान्तिक खाका, नमूना छनोट विधि तथा तथ्यांक संकलन एवं विश्लेषण विधिहरुको निर्धारण गरिएको हुन्छ । यस अनुसन्धान दर्शनको चित्र यस्तो रहेको छ ।

## चित्र फलक १



अनुसन्धान दर्शन
Research Philosophy
अनुसन्धान खाका
Research Paradigm
निर्माणवाद Constructivism
विधिशास्त्र
Methoidology
गुणात्मक
Qualitative
सत्य Ontology
सत्य सामाजिक रुपले मानिसको दिगमामा निर्माण हुन्छ। सत्य निरपेक्ष हुन्छ। यो विषयगत सत्य हुन्छ
ज्ञान Epistemology
व्यक्तिको अनुभव र घटनाहरुबाट निर्माण हुने भएकाले विषयगत सत्यता हो ।
मुल्य मिमांश Axiology
राजोपाध्यायको इतिहास र सांस्कृतिक अध्ययन सम्वन्धी संरचना ज्ञान हो
विषयगत सत्यता
Subjective Reality
विषयगत सत्यता
Subjective Reality

## ३.३ अनुसन्धानको ढाँचा (Research Design)

कुनै पनि अध्ययन वा मूल्यांकनलाई गुणात्मक र परिणात्मक दुई वटा अवधारणा वा धारहरुबाट संचालन गरिएको पाइन्छ। गुणात्मक र परिणात्मक विधिहरु आफैमा साधारण विभाजन मात्र नभएर यिनीहरुले आआफ्नै सैद्धान्तिक नमूना वा धारहरुलाई बोकेका हुन्छन्। अध्ययन र अनुसन्धानको क्षेत्रमा खोज गर्न उपयोग गरिने यी दुवै स्वरुप विधि प्रयोग भएको पाइन्छ। प्रस्तुत शोध अनुसन्धानको विषयवस्तु प्रकृतिको अनुसार यो गुणात्मक (Qualitative) अध्ययन विधि अपनाइएको छ। सामाजिक विज्ञानका विविध क्षेत्रहरुमा रहेका समस्याहरु निदान गरी ती समस्याहरुलाई उचित ढंगले समाधान गर्न गुणात्मक अनुसन्धानको अत्यन्तै ठूलो भूमिका रहन्छ । कतिपय समस्याहरुलाई गहन रुपमा अध्ययन गरी त्यस्ता समस्याहरुलाई समयमै हल गर्न विभिन्न व्यक्तिका विषय विचारहरुले पनि अत्यन्तै ठूलो भूमिका निर्वाह गर्छ। यस्ता विषयगत सूचनाहरु संकलन गरी उचित निष्कर्ष निकाली गुणात्मक अनुसन्धानको आवश्यकता पर्दछ।

गुणात्मक अनुसन्धानमा परिणात्मक अनुसन्धानमा जस्तो निश्चित ढाँचा र पूर्वनिर्धारत साधन प्रयोग गरिँदैन। यो गुणात्मक अनुसन्धानमा मानवीय साधनलाई तथ्यांक संकलन नै मुख्य साधनको रुपमा प्रयोग गरिन्छ। गुणात्मक अनुसन्धानमा अनुसन्धानकर्ताले प्रत्येक्ष रुपमा संलग्न भई प्राकृतिक परिवेशबाट नै तथ्यांक संकलन गर्दछन्। यस अनुसन्धानमा अनुसन्धानकर्ता नै सूचना संकलनको मुख्य व्यक्ति हुने भएकाले सत्य, तथ्य, सूचना संकलन गर्न उसले उत्तरदातासँग आवश्यक सूचनाहरु संकलन गर्दछन् (Creswell,2009 A.D, p.4)। यस्ता रेकर्ड गरिएका तथ्यांकहरुलाई आफ्नो अर्न्तदृष्टिको प्रयोग गरी सार्थक ढंगले वर्णात्मक रुपमा ब्याख्या गर्दछ। तथ्यांकहरुलाई जुन ढंगले संकलन गरिएको हुन्छ, त्यस्तै अर्थ दिने गरी विश्लेषण गरिन्छ। सांकेतिक रुपमा परिवर्तन गरी तथ्यांकलाई भावलाई बिगार्ने काम गरिँदैन।

यर्थाथमा यस अनुसन्धानले संसारमा रहेका सम्पूर्ण पक्षहरुलाई उजागर गर्न ती प्रत्येक अध्ययन गर्न लागेको व्यक्ति, वस्तु एवं घटनाहरुको वास्तविक उजागर गर्न ती प्रत्येक पक्षहरु सार्थक हुन्छन भन्ने मान्यता राख्दछ। त्यसैले तथ्यांक संकलनमा जुन रुपमा गरिएको हुन्छ, त्यही रुपमा ब्याख्या गर्नुपर्दछ। सवै तथ्यांक वा विषयवस्तुको बारेमा खोजी गरी तिनीहरुको बारेमा सुक्ष्म रुपमा विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको अनुसन्धान ढाँचालाई वर्णात्मक अनुसन्धान ढाँचा भनिन्छ।

यो विषयवस्तुको बारेमा खोजी गर्ने, महत्वपूर्ण तथ्यांक प्राप्त गर्ने र तिनीहरुको वर्णनबाट नयाँ ज्ञान प्राप्त गर्ने कार्यसँग सम्वन्धित रहेको हुन्छ (दाहाल र खतिवडा, बि.सं २०७७, पृ.१४७) ।

यसरी अनुसन्धानमा वर्णात्मक तथ्यांकहरुको प्रयोग गरिने हुनाले यो गुणात्मक अनुसन्धान (Qualitative Resarch) अर्को विशेषता हो। यसै गुणात्मक विधिअन्तर्गत इथ्न्योग्राफी (Ethnography) अध्ययन विधि पर्दछ। प्रस्तुत अध्ययन शोध अनुसन्धानमा प्राथमिक र द्वितीयक दुवै प्रकारको तथ्यांक प्रयोग गरी पूरा गरिएको छ। प्राथमिक स्रोत अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा उपस्थित भएर गहन सहभागिता मुलक अवलोकन गरी ठूलो परिणाममा तथ्यांक संकलनहरु गरिएको छ। प्राथमिक तथ्यहरुमा स्थलगत मुख्य गरी राजोपाध्यायहरुको जन्मदेखि मृत्यु संस्कारसम्म अवलोकन गरिएको छ।

यसैगरी द्वितीयक स्रोतमा राजोपाध्याय सम्वन्धी प्रकासित पुस्तकहरु, अप्रकासित पुस्तक, विश्वविद्यालयहरुको शोध अनुसन्धान, ई-लाइब्रेअरी र जर्नलआदि प्रयोग गरिएको छ। अनुसन्धानलाई प्रभावकारी र विश्वसनीयता बनाउन त्रिकोणात्मक विधिलाई अवलम्बन गरिएको छ। प्रस्तुत शोधमा आगमन (Inductive) विधिको प्रयोग गरिएको छ। यसका साथै राजोपाध्यायसँग सम्वन्धित क्षेत्रहरुमा भएका विभिन्न सांस्कृतिक र संस्कार अभ्यासहरुको प्रत्येक्ष अवलोकन र अन्तर्वार्ताको माध्यमबाट आवश्यक तथ्यांक संकलन गरिएकाले यो अध्ययन जनजातीय अध्ययन (Ethnograpy Study) पनि हो।

## ३.४ तथ्यांक संकलन विधि (Method of Data Collection)

यस अनुसन्धानलाई प्रमाणिक तथ्ययुक्त वैज्ञानिक बनाउन अनुसन्धानको प्रश्न, उद्देश्य शोध विधिका आधारमा विभिन्न किसिमका तथ्यांकहरुको आवश्यक पर्दछ। गुणात्मक अनुसन्धानको उद्देश्य अनुसार उद्देश्यमूलक नमूना छनोट विधिबाट सहभागी क्षेत्र चयन गरिएको छ। जसले अनुसन्धानकर्तालाई समस्या र अनुसन्धान प्रश्नहरु समाधान खोज्न मद्दत गर्दछ (Joshi & Banjara, 2004. p.59)। यस अनुसन्धानमा विद्यमान स्रोतहरुको वर्तमान अवस्थासँग सम्वन्धित तथ्यहरुको आधारमा अनुसन्धान भएको छ। सामाजिक अनुसन्धानमा सूचना तथा तथ्यांकहरु अनिवार्य मानिन्छ। यिनीहरु अनुसन्धानका प्रमाण मानिन्छ। प्रमाण संकलन गर्नु पूर्ण कार्य हो। अनुसन्धानमा सूचना वा तथ्यांकको संकलन गर्नु अध्ययन कार्यको महत्वपूर्ण कार्य हो। शोधसँग

सम्वद्ध विभिन्न सामग्रीहरुको खोजी गरी एकिकृत गर्ने कामलाई सामग्री संकलन भनिन्छ। वैज्ञानिक अनुसन्धानमा सामग्री संकलनलाई ज्यादै महत्वपूर्ण स्थान दिइको छ। अध्ययनको क्रममा कुन सामग्री कहाँ पाइन्छ भनी तथ्यांकको स्रोतको बारेमा जानकारी हुनुपर्छ।
गुणस्तरीय सामग्री संकलनबाट निष्कर्ष निकाल्दा शोधमा वैधता, प्रामाणिकता, विश्वसनीयता, वस्तुनिष्ठता र व्यापकता आउँछ। तथ्यांक संकलनले शोध कार्यलाई ठोस आधार प्रदान, वैज्ञानिक समाधान, सप्रमाण निष्कर्षको प्रमाणिकरण, विश्वसनीय र वैध सामान्यीकरण गर्छ (शर्मा र लुइटेल, वि.सं. २०६८, पृ.२९)। तथ्यांक तथा सूचनाहरुको संकलन गर्ने यस इथ्नोग्राफी अध्ययन विधिमा संकलनमा प्राथमिक र द्वितीयक स्रोत प्रयोग गरिएको छ। प्राथमिक तथा द्वितीयक स्रोतबाट अध्ययनका निमित्त संकलित तथ्यांकहरुको गुणात्मक तथ्यांक विश्लेषण विधि अपनाइएर ब्याख्या गरिएको छ। गुणात्मक तथ्यांक विश्लेषण विधिका प्रमुख तत्वहरुमा तथ्यांकहरुको संपादन, संकेतीकरण, वर्गीकरण र तालिकाकरण गर्नु हो। यस्तो भए पनि अध्ययनमा विषयगत र उद्देश्यगत रुपमा तथ्यांकहरुको संपादन, संकेतीकरण र वर्गीकरण गरी सोही अनुसार संकलित तथ्यांकलाई प्रशोधन र विश्लेषण गर्दै अध्ययनको निष्कर्ष निकालिएको छ।

### ३.४.१ प्राथमिक तथ्यांक संकलन विधि

यस शोधको प्राथमिक तथ्यांक संकलनको रुपमा काठमाडौं उपत्यका भित्र केन्द्रित रही बसोबास गर्ने राजोपाध्यायहरुको वंशावली, अभिलेख, ताडपत्र, ताम्रपत्रको अध्ययन, प्रत्येक संस्कारको अवलोकन, चाडपर्वमा स्थलगत सहभागी र पेशागत अवस्थासँग सम्वन्धितसँग अन्तर्वार्ता र छलफल विधि अपनाएको छ। प्राथमिक स्रोत अन्तर्गतको मुख्य अवलोकन विधिमा अनुभवमा आधारित विधि मानिन्छ। तसर्थ यसलाई वास्तविक थाहा पाउन सवैभन्दा भरपर्दो विधि हो। यस विधिबाट अनुसन्धानकर्ता आफै प्रत्येक्ष रुपमा सहभागी भएर तथ्यांक संकलन गरिएको छ। प्रत्येक्ष अवलोकनबाट विगत र वर्तमान अवस्थाको बारेमा जानकारी प्राप्त भएको छ। प्राथमिक स्रोतको अर्को मुख्य पक्ष अन्तर्वार्ता विधि हो। यस विधिमा २० भन्दाबढी खुला अनौपचारिक प्रश्नावलीहरुबाट उद्देश्यमूलक अन्तर्वाता लिइएको छ। खुला अनौपचारिक प्रश्नावलीबाट राजोपाध्यायहरुको परिचय, संस्कार र परिवर्तन पक्षलाई हेरिएको छ।

### ३.४.२ द्वितीयक तथ्यांक संकलन विधि

यस शोधको द्वितीयक स्रोतहरुमा हालसम्म प्रकासित पुस्तकहरु, विश्वविद्यालय, अन्य संस्थानले गरेका अनुसन्धानात्मक शोधपत्रहरु, प्रतिवेदन, पत्रपत्रिका, जर्नल, सोसल मिडियामा प्रकासित लेख रचनाहरु, फोटो, भिडियोग्राफी, फिल्ड नोट डायरीआदि समेत तथ्यांक संकलनको रुपमा द्वितीयक स्रोतमा राखिएको छ ।

## ३.५. तथ्यांक विश्लेषण विधि (Method of Data Analysis)

यस अध्ययनमा संकलित तथ्यांकहरुको गुणात्मक तथ्यांक विश्लेषण विधि अपनाएर व्याख्या विश्लेषण गरिएको छ। गुणात्मक तथ्यांक विश्लेषण विधिका प्रमुख तत्वहरुमा तथ्यांक संकलन, संकेतीकरण, वर्गीकरण र तालिकाकरण रहेका छन् । यसो भए पनि यस अध्ययनमा विषयगत र उद्देश्यगत रुपमा तथ्यांकहरुको संपादन, संकेतीकरण र वर्गीकरण गरी सोही अनुसार संकलित तथ्यांकहरुलाई प्रशोधन र विश्लेषण गर्दै अध्ययनको निष्कर्ष निकालिएको छ। यस्तै संकलित तथ्यांकहरुको व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्न संस्कृति निर्माणका विभिन्न तात्विक सिद्धान्तहरु मध्ये प्रकार्यवाद (Functionalism) र प्रसारवाद (Diffusionism) का सैद्धान्तिक मान्यताहरुको सहायता लिइएको छ। यसमा पनि राजोपाध्यायहरुको मुख्य बसोबास स्थान, उनीहरुको जन्मदेखि मृत्युसंस्कार र नेवार समाज भित्र सामाजिक प्रकार्यात्मक भूमिकाको अवस्था के हो ? भन्ने पक्षको विश्लेषण गर्न संरचनात्मक प्रकार्यवाद (Structural Functionalism) का सैद्धान्तिक मान्यताहरुको सहायता लिइएकोछ ।

## ३.६. अनुसन्धानमा नैतिक सवालहरु (Ethical Issues in Research)

अनुसन्धानलाई अनुकूल वातावरण तयार गरी उचित र मर्यादित तरिकाले अनुसन्धान सम्पन्न गर्न शोधकर्तले केही नैतिक मूल्य मान्यताहरुको ख्याल गर्नुपर्छ। हरेक शोधकर्ताहरुले यो मुल्य मान्यता अनिवार्य रुपमा पालना गर्नुपर्छ। अनुसन्धान कार्य नैतिक, व्यवस्थित र वैज्ञानिक खोज भएकाले यसका सवै विधि र प्रकृया अनुरुप पेशागत धर्म र प्राज्ञिक मर्यादा कायम राखी यस शोधमा अनुसन्धान कार्य भएको छ। प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा निम्न लिखित नैतिक आचारसंहितलाई पालना गरिएको छ ।

**(क)** अध्ययनको क्रममा अध्ययन क्षेत्रका स्थानीय बासिन्दाका मूल्य मान्यता आस्था विश्वास आदि सम्मान गरिएको छ ।

**(ख)** यो एउटा सामाजिक अध्ययन भएकाले सामाजिक मूल्य मान्यतामा रहेर तथा प्राज्ञिक मर्यादा कायम राखेर अध्ययन गरिएको छ ।

**(ग)** कुनै स्थान जातिलाई होच्याउने पूर्वाग्रह तथा अशोभनीय शब्दहरूको प्रयोग भएको छैन, भाषिक संबेदंशिलता कायम गरिएको छ ।

**(घ)** स्रोत वा सुचना दाताहरूको मर्यादा आस्था र गोपनियता समेतलाई कायम गरी अनुसन्धान गरिएको छ ।

**(ङ)** प्रस्तुतिकारणमा इमान्दारिता, कृतिहरूको बौद्धिक चोरीलाई पूर्ण रुपमा निषेध गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

**(च)** जनसमुदाय वा मानिसहरुलाई थाहा नदिई र उनीहरुको सूचना गोप्य रुपमा अनुसन्धान कार्य संचालन गरिएको छैन ।

**(छ)** अनुसन्धानको क्रममा कसैलाई आर्थिक, भौतिक, मनो वैज्ञानिक र कानूनी क्षति पुग्ने कुनै व्यवहार गरिएको छैन ।

**(ज)** अनुसन्धान कार्य गर्दा विभिन्न जाति र समुदायको सामाजिक मुल्य र मान्यतालाई ख्याल गरिएको छ ।


**(झ)** कुनै भौगोलिक क्षेत्र, जातजाति तथा व्यक्तिप्रति पक्षपात एवं पूर्वाग्रहपूर्ण सोचाई राखी व्यवहार गरिएको छैन ।

## ३.७. सैद्धान्तिक र अवधारणात्मक ढाँचा (Theoretical & Conceptual Framework)

कुनै पनि अनुसन्धानमा प्रयोग गरिने सिद्धान्त र यसमा सम्बन्धित प्रमुख चर वा अध्ययन वस्तुहरुबीच आपसी सम्वन्धको व्याख्या गर्न निर्माण गरिएको कार्य ढाँचालाई नै अनुसन्धानको सैद्धान्तिक र अवधारणात्मक ढाँचा भनिन्छ । यस शोधको विषय अनुसार प्रस्तुत अध्ययनको सैद्धान्तिक र अवधारणात्मक ढाँचा चित्रमा यस्तो रहेको छ ।

## चित्र फलक २

**सैद्धान्तिक र अवधाराणात्मक ढाँचा (Theoretical & Conceptual Framework)**



## ३.८ निष्कर्ष

'काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' विषयको प्रस्तुत शोध प्रवन्धको तेस्रो परिच्छेदमा समग्र अनुसन्धान विधिको चर्चा भएको छ। अनुसन्धानको दार्शनिक निर्माणवाद (Constructivism) रहेको देखिन्छ। अनुसन्धानमा इथ्नोग्राफी र गुणात्मक विधि अपनाइएको छ। अनुसन्धनमा प्राथमिक र द्वितियक दुवै स्रोतहरुबाट तथ्यांकहरु संकलित भएका छन्। तथ्यांक संकलनका मुख्य औजारहरु स्थलगत अवलोकन, पुस्तकालय अध्ययन, अन्तर्वार्ता र फोटोग्राफी रहेका छन्। साथै अध्ययनमा विषयगत र उद्देश्यगत रुपमा तथ्यांकहरुलाई संपादन, संकेतीकरण र वर्गीकरण गरी सोहीअनुसार संकलित तथ्यांकहरुलाई प्रशोधन गरी प्रसारवाद र संरचनात्मक प्रकार्यवादका सिद्धान्त मान्यताहरुको आधारमा विश्लेषण गर्दै अध्ययनको निष्कर्ष निकालिएको छ।

# परिच्छेद : चार

# राजोपाध्याय समुदायको परिचय

## ४.१ नेवार जातिको परिचय

भाषा, संस्कृति र रीतिरिवाजमा नेवार समाज सम्पन्न छ । उनीहरुको आदिपूर्खाहरु गोपाल, किराँती तथा लिच्छविको रुपमा मानिन्छ (आचार्य, बि.सं.२०६०, पृ.४०-४१) । उनीहरुले प्राचीन देखि वर्तमानसम्म फरक भाषा, संस्कृति र रीतिरिवाजको विकास र विस्तार गरेका देखिन्छन् । काठमाडौं उपत्यका वा नेपाल उपत्यकामा विभिन्न समयमा अन्य जातिहरुको आगमनमा नेवारहरुले आफ्नो मूलथलोमा अधिपत्य जमाए । गोपाल, गुप्त, आभिर तथा लिच्छविकालमा स्थानीय बासिन्दासँग घुलमेल गरेको जनकलाल शर्माले विश्लेषण गरेका छन् (शर्मा, बि.सं.२०३९, पृ.३३८) । नेवार जाति भित्र आर्य, मंगोल तथ अस्ट्रेलाइड आदिवासी मिसिएको हो ।

नेवार भाषा (नेपाल भाषा) मा तिब्बतीको प्रभाव रहे पनि भारोपेलीको संस्कृत तथा नेपाली भाषाको असर यसमा परेको देखिन्छ (विष्ट, बि.सं.२०५५, पृ.६) । यिनीहरुले नेवार भाषालाई आफ्नो मातृ भाषाको रुपमा प्रयोग गर्दछन् । लुसिएनो पेटेकले नेवारलाई मंगोल मानेका छन् (Petech, 1958 A.D. p.179) । यसैगरी राजेश गौतमका अनुसार नेवारहरु तिब्वती वा चीनबाट नेपाल आएका र भारतबाट आएका व्यक्तिहरुको सम्मिश्रण हो (गौत्तम, बि.सं.२०५०, पृ.११३) । भाषा वंशावलीमा यिनीहरुलाई ब्रह्मपुत्र क्षत्रिय भनिएको छ । नेवारहरुको आदिम स्थल दक्षिणको नायर प्रदेश हो । उनीहरु कर्णाट वंशय राजा नान्यदेवसँगै नेपाल उपत्यकाभित्र प्रवेश गरेको मानिन्छ ।

कर्क प्याट्रिकले नेवारलाई एक स्वतन्त्र जातिको रुपमा उल्लेख गरेका छन् । ऋषिकेश शाहले नेवार दक्षिण भारतबाट आएको र यिनीहरु नैयर वा नायर हुन सक्ने मत राख्छन् । नायरबाट कालान्तरमा नेवार भएका हुन् ((Shah, No Date. p.26) । गोपालसिंह नेपालीले नेवार कर्णाटकबाट काठमाडौं उपत्कामा प्रवेश गरेको मत राखेका छन् (Nepali, 1965AD. p.28) । काशिनाथ तमोटले लिच्छविकालमा तामाङ र नेवार जाति रहेको धारणा राख्दछन् (तमोट, बि.सं.२०६०,पृ.८) । नेवारभित्र गाई पाल्ने जातिको इतिहास केलाउँदा गोपालराज वंशको नीपसम्म पुग्न सकिन्छ ।

अहिले पनि नीप ग्वालालाई आफ्ना पुर्खाको रुपमा गाईपाल्ने गोपालाहरु थानकोट, टिष्टुङ, कीर्तिपुर, मत्छेगाउँ, फर्पिङ तथा किलागलमा बसोवास गर्छन ।

भाषा वंशावली, गोपाल राजवंशावली तथा टिष्टुङको अंशुवर्माको सम्वत् ३७, टिष्टुङकै वसन्तदेवको सम्वत् ४३४, टिष्टुङको तौखेलको सम्वत् ३७ अभिलेखसँगसँगै मध्यकालमा तौखेलको ने.सं ८२७ र ललितपुरको कुन्छालको ने.सं ८३३ को अभिलेखमा गोपालीहरुको शब्द परेका छन् (श्रेष्ठ, ने.सं.११२१, पृ.१०-१२) । भाषागत रुपमा प्राकृत, संस्कृत भाषा बोल्ने दक्षिणी र भोट बर्मेली परिवारले प्रयोग गर्ने भाषा नेपाल उपत्यका र यसको वरिपरी क्षेत्रमा नवौं तथा दशौं शताव्दीमा एक भाषाको विकास भएको थियो । जसलाई नेवार भाषाको संज्ञा दिइयो । यसै भाषा बोल्नेलाई कालान्तरमा नेवार भनियो ।

नेवार शब्द नेपाल शब्दकै पर्यायबाची शब्दको रुपमा विकास भए पनि यसको प्रयोग १८औं शताब्दी अगाडि आएको देखिँदैन् । १८औं शताव्दीमा नेपाल आएका युरोपेलीहरुले लेखेको नेपालका वृत्तान्तमा नेवार शब्द प्रयोग भएको थियो (आचार्य, बि.सं २००९, पृ.२) । नेवार भाषामा 'र' र 'ल' को उच्चारण स्पष्ट नहुने भएकाले यी दुवै वर्ण एक अर्कोको सट्टामा प्रयोग हुन्छ । सोही कारणले नेवार–नेपाल, नेभाल–नेपाल नेपाल आदि प्रयोग भएको हो (आचार्य, बि.सं २०६३, पृ.७) । २०७८ को राष्ट्रिय जनगणनाको तथ्यांक अनुसार नेपाल भरी नेवारको जनसंख्या १३ लाख ४१ हजार तीन सय ६३ रहेको छ। यही तथ्यांक अनुसार बागमती प्रदेशमा ९ लाख ५२ हजार चार सय ४६ नेवारहरु बसोवास गर्छन् ।

यसमध्ये काठमाडौंमा ३ लाख ९१ हजार २ सय ६२, ललितपुरमा १ लाख ६३ हजार १ सय ४० र भक्तपुरमा १ लाख ५३ हजार ८ सय ५७ नेवारहरुको जनसंख्या रहेको छ। नेपालको कूल जनसंख्या मध्ये नेवारले ४.६ प्रतिसत हिस्सा ओगटेका छन्। नेवारहरुले नेपाल भाषालाई मातृ भाषाको रुपमा ८ लाख ६३ हजार तीन सय ८० संख्याले बोल्छन् ।

## ४.१.२ नेवार जाति भित्र राजोपाध्याय

प्राचीनकालदेखि काठमाडौं उपत्यका (नेपाल उपत्यका) मा विभिन्न जाति र जनजाति बसोबास गर्दै आइरहेका छन्। त्यस समयदेखि रहेको मानिने जाति मध्ये नेवार पनि एक हो। नेवार भित्र धेरै थरिका जातजाति छन् । यसै विभिन्न जाति-जनजाति मध्ये उपजाति राजोपाध्याय पर्छन् । हिन्दू

नेवार समाज भित्र राजोपाध्यायको स्थान विशेष रहेको छ। हिन्दू शास्त्रको वर्ण व्यवस्थाअनुसार राजोपाध्याय ब्राह्मण वर्गमा पर्छन्। नेवार भित्र बौद्ध र हिन्दू धर्माबलम्बी छन्। जसमध्ये राजोपाध्याय वैदिक सनातन हिन्दू धर्माबलम्बी अपनाउने समुदायको पुरोहित्याई गर्छन्।
उनीहरुले आफूलाई देव ब्राह्मण भन्छन्। नेवार समाज भित्र राजोपाध्याय रहेका कारण यहाँ सुरुमा नेवार जातिको परिचय र विश्लेषण गरिएको छ।

## ४.१.३ राजोपाध्याय नामकरण

काठमाडौं उपत्यकालाई मुख्य वसोवासको केन्द्र बनाएका राजोपाध्यायलाई उपाध्याय ब्राह्मण, द्यः ब्रह्मू, देउ भाजु, देव ब्राह्मण र देभ भाजु भन्छन् (Gubhani, 2015A.D, p.101). मध्यकालमा राजपुरोहित र राजगुरुको पदवी पाएका राजोपाध्याय हिन्दू नेवार समाजको जातिय व्यवस्थामा वर्तमान समय पनि माथिल्लो वर्गमै रही जजमनी गरिरहेका छन्। यिनीहरुले हिन्दू वर्ण व्यवस्था अनुसार जीवन शैली अपनाउने गर्छन्। शुक्ल यजुर्वेदीय माध्यान्दिनी शाखा अपनाउने राजोपाध्यायको मुख्य पेशा जजमानी हो। उनीहरुको राजोपाध्यायले ऋग्वेद र यर्जुवेदको विभिन्न रिचा अनुसार कर्मकाण्ड गराउँछन्। वैदिक परम्परासँगै राजोपाध्यायले तन्त्र गुरुको भूमिका निर्वाह गरिरहेका छन्।
शाब्दिक अर्थमा राज र उपाध्याय शब्दको मिश्रण नै राजोपाध्याय हो। 'राजोपाध्याय' थर शाहका राजा प्रतापसिंह शाहको समयदेखि चलनचल्तीमा आएको मानिन्छ। तर, मल्लकालमा राजोपाध्यायले राजपुरोहित वा राजगुरु पदवी पाइसकेको थियो। पशुपतिमा रहेको जयसिंहरामवर्द्धनको अभिलेखमा 'राजोपाध्याय' लेखिएको छ (परिशिष्ट ख)। अभिलेखमा मिती नभए पनि विद्वान जुही गुभानीले यस अभिलेखलाई बि.सं १४१७ मानेकी छिन्। नेपाली ब्याकरण अनुसार राजाको उपाध्यायमा समास भई राजोपाध्याय हुन गएको हो। राजाको कुमार 'राजकुमार', राजाको दरवार 'राजदरवार' भन्ने जस्तै राजाको उपाध्याय, राजउपायध्याय हो। नेपाली व्याकरण अनुसार 'ज' र 'उ' को सन्धि भई 'जो' भएको हो (राजोपाध्याय, ई.सं १९९८, पृ.३६)। राजोपाध्यायभित्र आचार्य, जुजु, शर्मा, सुवेदी, रिमाल र शुक्ल थर राखेको पाइन्छ।
मल्लकालमा राजाको राजपुरोहित भएको कारण राजोपाध्यायलाई 'जुजु' भनिएको हो। अमर कोशको दोस्रो काण्डको ब्रह्मवर्गअन्तर्गत सातौं श्लोकमा 'उपाध्याय' को पर्यायीवाची शब्द

अध्यापक दिइएको छ। अभिधानरत्न मालाको दोस्रो काण्डको ४००औं श्लोकमा अध्यापक 'उपाध्याय' भनी पर्यायको रुपमा नै दिइएको छ ।

मनुस्मृतिमा वेद वा वेदाङ्ग पढाएर जीविका गर्नेलाई उपाध्याय भनिएको छ । वेद र वेदाङ्गको अध्यापनसित सम्वन्धित पदवी हुनाले उपाध्याय शब्द मुख्यतः ब्राह्मण जातिको शिक्षादिक्षासित सम्वन्धित रहेको देखिन्छ । तर, यसको प्रयोग राजगुरुको निमित्त प्रयोग गरेको पाइन्छ । मनुस्मृतिमा यस्तो भनिएको छ : एकादेशन्तु वेदस्य वेदाङ्गान्यपि वा पुनः । योऽध्यापयति वृत्यर्थमुपाध्यायः स उच्यते (मनुस्मृति, २/२४५) । यसबाट उपाध्याय भनेको पढाउने गुरु हो । मल्लकालमा उपाध्याय शब्दको प्रयोग गुरुज्यू वा राजगुरुको अर्थमा प्रयोग हुन्थ्यो । राजोपाध्यायलाई हिन्दू नेवार समाजभित्र विद्वान्कै रुपमा लिएको देखिन्छ ।

### ४.१.४ लिच्छविकालका ब्राह्मण

यस शोधको मुख्य प्रश्न नै काठमाडौं उपत्यका भित्रको राजोपाध्याय समुदायको ऐतिहासिकता कस्तो रहेको छ ? राजोपाध्यायलाई लिच्छविकालदेखिको ब्राह्मण भएको तर्क राखेका छन्। मध्यकालमा राजपुरोहित पदवी धारणा गरेका राजोपाध्यायको मुख्य पेशा हिन्दू नेवारहरुका घरमा जजमानी गर्नु हो । यिनीहरुको ऐतिहासिकता पक्ष बारेमा मध्यकालमा धेरै देखिन्छ । तर, लिच्छविका देखि वर्तमान समयसम्म चल्दै गरेको विभिन्न जात्रापर्व तथा मन्दिरहरुमा उनीहरुले आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । चाँगुनारायणको कलश जात्रामा राजोपाध्यायको भूमिका रहन्छ । हनुमानढोका दरवारलाई मल्ल कालीन अगाडि गुणपौ दरवार भनिन्थ्यो ।

यसै गुणपौ दरवारमा हाल हुनमान ढोकामा चाँगुनारायणको कलश जात्राको अवसरमा प्रयोग हुने चाँदीको कलश राजोपाध्यायले नै विधि-विधान गरी भित्र लिने गर्दछन् (वज्राचार्य र मल्ल, ई.सं १९८५, पृ.२०) । लिच्छवि कालमा सभ्यताको प्रचुर विकास भएको हाँडी गाउँमा मनाइने केही जात्राका खटपूजा र भैरव पूजा देउपाटनका राजोपाध्यायहरुले केही समयअगाडिसम्म गर्थे । सुर्दशन तिवारीका अनुसार देउपाटनका राजोपाध्यायहरुको पूर्वजहरु हाँडीगाउँको राजपूरोहितको रुपमा रहेका थिए । हाँडीगाउँमा राजाहरुको संक्रमणकालमा कर्माचार्य पुजारीहरुलाई समावेश नगराइने र राजोपाध्याय पुजारी मात्र संलग्न रहन्थे (तिवारी, ई.सं २०२३, पृ.४५) ।

यसैगरी, लिच्छविकालका वैष्णव मन्दिरहरुमा उपाध्याय ब्राह्मणहरुले पूजा गर्दथे । प्रसिद्ध वैष्णव पीठहरुमा पूर्विया भनिने उपाध्याय ब्राह्मणले दैनिक पूजा गर्दै आइरहेका छन् । चाँगु नारायणको पूजारीले आफूले सुदर्शन ब्राह्मणको सन्तान मान्छन् (खनाल, बि.सं २०४०, पृ.१४) । काठमाडौंको ऐतिहासिक स्थानको रुपमा रहेको देउ पाटनको पुरानो वासिन्दाहरुमा राजोपाध्याय पर्छन् ।

पशुपतिनाथमा प्रत्येक महिनामा हुने महास्नानमा राजोपाध्यायको भूमिका रहेको हुन्छ । पशुपतिको दक्षिणतिर रहेको यज्ञशालामा होमसहितको यज्ञ तथा संकल्प पाठ आदि राजोपाध्याय ब्राह्मणले गर्छन् (टण्डन, १९९९ ए.डी, पृ ५४) । सहकालको देवता रातो मच्छिन्द्रनाथको रथजात्रामा पनि राजोपाध्यायको भुमिका अपरिहार्य मानिन्छ । वंशावलीमा लिच्छवि राजा हरिदत्त वर्माले राखेको चार मध्ये तीन नारायण (चाँगु, इचंगु तथा शेषनारायण) मा यिनै राजोपाध्याय ब्राह्मणले आजको दिनसम्म पुजा गरिरहेका छन् । लिच्छवि राजा भिमार्जुनदेवको पालोदेखि नै फर्पिङको शेष नारायणको मुलपुजारीको रुपमा राजोपाध्यायले दैनिक कार्य गर्दै आइरहेका छन् (आचार्य, बि.सं.२०४३, पृ.३६) ।

उत्तर प्राचीन कालीन संवत् ४२८ को थानकोटस्थिति आदिनारायणका पूजारी राजोपाध्याय ब्राह्मण हुन् । लिच्छवि कालको कतिपय अभिलेखमा ब्राह्मण शब्दहरु उल्लेखित छन्। त्यसबेला ब्राह्मणदेखि चाण्डालसम्म गरी चारवर्ण अठार जातका गृहस्थी थिए (खनाल, बि.सं.२०४०, पृ.१२) । मानदेवको चाँगु अभिलेख तथा ललितपुरको खपिंछेमा बसन्तदेवले राखेको अभिलेखमा ब्राह्मण शब्द छन् । लिच्छविकालमा थर उल्लेख नभएका ब्राह्मण नै मल्लकालका द्यः ब्रह्मु, देउ भाजु उपाध्यायमा परिनत गएको परिकल्पना गर्नसम्म सकिन्छ ।

ने.सं २४५ को एक वंशावलीमा विजयश्वरी देवीको सम्वन्ध मखन खलकको परिवारसँग जोडिएको छ । देवताहरुको वंशावलीमा कलिगत ३८२५ सालमा विजयश्वरीलाई मखन निवासी राजगुरु शिवभक्त भक्तानन्द राजोपाध्यायकी पुत्रीको रुपमा उल्लेख छ (राजोपाध्याय, बि.सं २०७०, पृ.३) । सो देवताहरुको वंशावलीमा राजोपाध्याय देउभाजुकी पुत्री ताराग्रन्थ योगिनी गणमा मिलन भएको उल्लेख छ । केही वंशावलीमा मखन टोलका शिव भट्ट ब्राह्मणकी छोरीलाई विजयश्वरी भनिएको छ (कर्माचार्य, बि.सं.२०७९, पृ.२७) । अहिले पनि मखन खलकको राजोपाध्यायले जन्मदेखि मृत्यु संस्कारसम्म विजयश्वरी मन्दिर छेउबाट वग्ने भौचा खुसीः रहेको ढुंगाको खम्बामा सिन्दुर र सुपारी राख्ने चलन छ ।

यो फलनाको बच्चा जन्म भएको सुतक र यो फलानो व्यक्तिको निधन भएको जनाउँन पिना राख्ने चलन छ । विजयश्वरीको वंशावली आधार लिँदा पूर्वमध्यकालमा काठमाडौं भित्र राजोपाध्याय खलक उपस्थिति भएको प्रष्ट हुन्छ ।

### ४.१.५ मल्लकालमा राजोपाध्याय

पूर्वमध्यकालमै काठमाडौंमा अस्तित्वमा आइसकेको राजोपाध्याय समुदाय मध्यकालमा पूर्ण रुपमा विकास भएको थियो । प्रसारवादको सिद्धान्त अनुसार केही राजोपाध्यायहरु काठमाडौं उपत्यकाभित्र विभिन्न समयमा विस्तार र वसाई भएको देखिन्छ । तत्काल उपाध्याय ब्राह्मण र कान्य कुब्ज ब्राह्मणलाई राजोपाध्यायहरुको मुख्य वंशज रुपमा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले लिएका छन् । मध्यकालमा जयस्थिति मल्लले राज्य व्यवस्थाको क्रममा भारतबाट झिकाइएका पाँच ब्राह्मण मध्ये कान्य कुब्ज थियो । मल्लकालिन समाज भित्र ब्राह्मणअन्तर्गत कान्य कुब्ज र मैथली गरी दुई भागमा बाँडिएको थियो ।

मल्ल राजा जयस्थिति मल्लले धर्मशास्त्र अनुसार जाति व्यवस्था लागू गरेपछि त्यसबेलाको समाजमा जातजातिहरु देखिए (बुढाथोकी, बि.सं. २०३९, पृ.घ) । समाजलाई व्यवस्थित बनाउन जयस्थिति मल्लले उत्तरी तथा दक्षिणी भारतबाट पाँचजना ब्राह्मणहरु कीर्तिनाथ उपाध्याय, कान्यकुब्ज, रघुनाथ झा मैथली, श्रीनाथ भट्ट, महिनाथ भट्ट, र रामनाथ झाका सहयोग लिएका थिए (Shah, 1992 A.D. p.57) । जयस्थिति मल्लले मल्लकालिन नेवार समाज पनि प्राचिन लिच्छविकालमा जस्तै जन्म आधारित वर्णहरु ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रमा विभाजन गरेका थिए । डिल्लीरमण रेग्मीले उत्तरी तथा दक्षिण भारतको दुई ब्राह्मण मध्ये दक्षिण भारतको पाँचथरि ब्राह्मणकै परिवारलाई नेवार ब्राह्मण मानेका छन् । त्यस बेलाको सामाजिक संरचनामा ब्राह्मण वर्गलाई माथिल्लो दर्जा दिएको थियो । जसमा देउ भाजु ब्राह्मणलाई माथिल्लो दर्जामा राखिएको थियो (Regmi, 1965 A.D, p.666) ।

यसै समयमा राज्य भित्र समाज व्यवस्थित बनाउन भारतबाट आएका ब्राह्मणमध्ये कान्य कुब्जका कीर्तिनाथ उपाध्यायको परिवारको रुपमा राजोपाध्यायको विस्तार भएको मानिन्छ (Petech, 1958 A.D, p.70) । कान्य कुब्ज ब्राह्मणअन्तर्गत अल्लास राज र उल्लास राजसँगै दक्षिण भारतको पञ्च द्रविड मध्ये एक हाँगाको रुपमा राजोपाध्याय रहेको भनिएको छ (कायस्थ, बि.सं.२०७७,

पृ.१४२) । काठमाडौंका मल्ल राजा रत्न मल्लको समयमा दक्षिण भारत र मिथिलबाट ब्राह्मण झिकाइएको थियो । जसको कार्य नै नेवार हिन्दू र बौद्ध धर्मका पुजारीको काम गर्नुपदर्थ्यो (Shah, 1992 A.D, p.70) । धेरै जसो विद्वानहरुले राजोपाध्याय मुख्य गरी मध्यकालमा प्रवेश भएको मत राख्छन् । सिमौनगग्रढका सेन राजा हरिसिंह देवले काठमाडौं उपत्यका भित्र रहेका कान्य कुब्ज ब्राह्मणहरुलाई हटाउन आफूसँगै केही ब्राह्मण तराईबाट ल्याएका थिए (levy & Rajopadhyaya, 1992A.D, p.349) । हरिसिंह देवको इष्ट देवी तलेजु पुजारीको रुपमा अहिले पनि राजोपाध्याय ब्राह्मणले पूजा गरिरहेका छन् ।

संभवत उपत्यका भित्रका केही राजोपाध्याय खलकहरु तराईबाट बसाईसराई गरेको हुन सक्छन् । डिल्लीरमण रेग्मीका अनुसार मल्लकालमा काठमाडौं उपत्यकाभित्र दुई थरीका ब्राह्मणहरु थिए । पहिलो दक्षिण भारतबाट आएका कान्य कुब्ज ब्राह्मण र दोस्रो उत्तर भारतबाट आएका ब्राह्मणहरु थिए । यी दुई मध्ये कान्य कुब्जा ब्राह्मणले निरन्तरता पाएको रेग्मीको भनाई छ (levy & Rajopadhyaya, 1992A.D, p.350) । विद्वान तौफिनले अल्लास राजले काठमाडौं र उल्लास राजले भक्तपुर रोजेको कथन छ । यी दुवै दाजुभाईले काठमाडौं र भक्तपुरमा जजमानी काम गरेका थिए । भक्तपुर बसेका उल्लास राजको निधन ईसं १५५७ मा भएको थियो (Toffin, 2008A.D, p.52) । भक्तपुरको एक राजोपाध्याय सम्वन्धी वंशवृक्षमा उलास राजलाई आफ्नो पूर्खा मानेको देखिन्छ (शर्मा, बि.सं. २०५६, पृ.७-८) ।

मल्लकालमा बौद्ध धर्मअन्तर्गत हिनयान र महायानी संप्रदायको दबदबा थियो । यी संप्रदायका व्यक्तिहरुले काठमाडौं उपत्यकाका १० ब्राह्मण परिवारलाई लखेटेका थिए । यी लखेटिएका ब्राह्मण आफ्नो ज्यान रक्षा गर्न हेतु भारतका मणिचुर पर्वतमा बसे । देशमा ब्राह्मणको अभावमा अशान्ती फेलियो । मल्ल वंशका एक राजाले मणिचुरमा बसेका ब्राह्मणलाई झिकाइएका थिए । त्यसमध्ये पाँच जना ब्राह्मणमात्र काठमाडौं उपत्यकामा आए । दुई जना भक्तपुर, दुई जना कान्तिपुर र एक जना ललितपुरमा बसे । मणिचुरबाट पनि मध्यकालमा राजोपाध्याय ब्राह्मणको आगमन भएको मानिन्छ (Toffin, 2008 A.D, p.57) । तोफिनले यसै कान्य कुब्जबाट नेपाल आएको र उल्लास राजबाट राजोपाध्याय फैलिएको मानेका छन् । जर्मन विद्वान माइकल विट्जेलले जर्मन भाषामा प्रकासित भक्तपुरको वंशावलीमा उल्लास राजको सन्ततीको रुपमा राजोपाध्यायलाई तर्क राखेका छन् ।

१३ र १४औँ शताब्दीमा हरिसिंह देवले आफूसँगै इष्ट देवी तलेजु भवानीसँगै ल्याएका थिए। तलेजु भवानीको दैनिक पुजाअर्जना गर्न राजा हरिसिंह देवले एक थरी ब्राह्मणसँगै आफूसँगै ल्याए (Toffin, 2008 A.D, p.51) । अहिले पनि भक्तपुर र पाटनको तलेजु भवानीको मुख्य पुजारी राजोपाध्यायहरु नै छन्। काठमाडौँको तलेजुमा राजोपाध्यायको जिम्मेवारी भुजारीको रुपमा रहेको छ। त्यसबेलाका ब्राह्मणहरुको काम नै राजपरिवारका सदस्यहरुलाई मन्त्र सुनाउने देखि दिक्षित बनाउनेसम्म थियो। मल्ल राजाहरुले यिनीहरुलाई राजगुरु वा राजपुरोहितको माथिल्लो दर्जा दिइएको थियो (Sharma, 2015 A.D, p. 76) । यिनै देउ भाजु ब्राह्मणले नेवार भित्र हिन्दूहरुका गुरु थिए। हिन्दू नेवार समाजमा राजोपाध्यायलाई पुरोहित वा पण्डित भनिन्थ्यो (Hamilton, 2007A.D, p.29) ।

मल्लकालमा विभिन्न थरीका ब्राह्मण समूह रहे पनि राजकाजमा उपाध्याय ब्राह्मणको मुख्य भूमिका थियो। तत्कालिन समाजमा नेवार उपाध्याय थरका ब्राह्मणहरुले राजगुरुको भूमिका खेल्ने गरेका थिए। विश्वम्भर उपाध्याय कान्तिपुरका राजगुरु थिए। ललितपुरमा विद्याचन्द उपाध्याय प्रमुख राजगुरुको रुपमा थिए (श्रेष्ठ, बि.सं २०७४, पृ.५७)। राजपुरोहितको रुपमा पुरोहित्याई एवं कर्मकाण्ड गर्ने थियो। राजकाजमा सल्लाह सुझाव दिने देखि उच्चवर्गको परिवारमा उपाध्याय थर भएका ब्राह्मणले मुल पुरोहितको काम गदर्थ्यो। मल्लकालीन समयमा उपाध्याय वा उपाध्याय नै देवभाजु स्तरका ब्राह्मणलाई अर्थ्याइएको थियो। जसरी नेवारभित्र गुभाजु, शाक्य र वज्राचार्यको स्थान उच्च रहेको थियो, देउभाजुको त्यही स्थान थियो (Shaha, No Date. p.28)।

त्यस समयमा बौद्ध धर्ममा वज्राचार्य र गुभाजुहरुको प्रभाव रहेको बेलामा हिन्दू नेवारहरुको पुरोहित्याई काम देउ भाजु ब्राह्मणहरुले गर्दथे। मल्लकालमा विभिन्न क्षेत्रबाट आगमन भएका ब्राह्मणहरुले राजोपाध्याय थर प्रयोग गरी आफ्नो मौलिका पहिचान गुमाएको भन्ने गरिन्छ (श्रेष्ठ, बि.सं.२०७४, पृ.५९)। उनीहरुले नेवार समाज अपनाएर नेपाल भाषा बोली आफूलाई पनि नेवार ब्राह्मणकै रुपमा चिनाएका छन्। मध्यकालमा राजोपाध्यायहरुलाई उपाध्याय वा देउभाजु र द्यः ब्रह्मु भनिन्थ्यो। यसै हिन्दूहरुको नेवार ब्राह्मणलाई देउ ब्राह्मण वा देउ भाजु भनिन्छ। मल्लकालमै उच्चस्तरको ब्राह्मणलाई नै देउ भाजु प्रयोग भएको पाउन सकिन्छ।

### ४.१.६ शाह र राणाकालमा राजोपाध्याय

मल्ल वंश पतन हुनुअघिसम्म राजोपाध्याय समाजमा उच्च स्थानमा बसेको थियो। तर, गोर्खाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि कब्जा जमाएपछि विस्तारै यहाँ रहेका जातजातिहरुले आफ्नो अस्तित्व गुमाउन पुगे। मध्यकालमा पाएको भूमिकाविहिन उनीहरु भए। राजप्रशासनिक कार्यबाट भूमिकाहिन हुने मध्ये राजोपाध्याय एक हो। काठमाडौं उपत्यकामाथि विजयी हात पार्नुअघिसम्म पृथ्वीरानारायण शाह र स्थानीय देउभाजु ब्राह्मणबीचको सम्वन्ध राम्रो थियो। पृथ्वीनारायण शाह र पाटनका कीर्तिराजानन्द उपाध्याबीच पत्र आदानप्रदान भएको शाहकालिन अभिलेखमा उल्लेख छ।

काठमाडौं उपत्यकामा कब्जा जमाएपछि पृथ्वीनारायण शाहले मल्ल राजालाई राजकाजमा सहयोग गरेकालाई नराम्रो व्यवहार गरेको प्रमाणहरु छन्। शाहले मल्ल राजाहरुलाई सहयोग गरेका काठमाडौं उपत्यकाका केही ब्राह्मणहरुको घरखेत जफत गरेका थिए। उनले नेपाल उपत्यका विजयी गरे लगत्तै कान्तिपुरका राजाका गुरु भए वापत चाँगुका पूजाहारी ललितानन्द र शिवेन्द्र उपाध्यायको सर्वस्व हरण गरेका थिए। पछि रणबहादुर शाहले बि.सं १९५४ मा सरकारले हरण गरेको बाहेक अन्य फिर्ता गरे (खनाल, बि.सं २०४०, पृ.४६)। यसैगरी अन्तिम मल्ल राजा जयप्रकाशका राजपुरोहित मध्ये एक भाजुदेव नामका ब्राह्मणको स्वामित्व हरण पृथ्वीनारायण शाहले गरेका थिए (जोशी, बि.सं २०६१, पृ.११)।

बि.सं १८६० मा पाटनका श्रीकण्ठानन्दोपाध्यायको सर्वस्व हरण हुँदा तलेजु पुजामा विघ्न आएको थियो। यसको पाँच बर्षपछि उनको सर्वस्वहरण फिर्ता भएको थियो। प्रतापसिंह शाहको समयमा राजोपाध्यायले नै उनलाई दिक्षित बनाएका थिए। यसबाट खुसी भएर प्रतापसिंह शाहले उनीहरुलाई 'राजोपाध्याय' पदवी दिइएको थियो। यसैवेला देखि नै राजोपाध्याय ब्राह्मणले 'राजोपाध्याय लेख्न थालेको मान्छन्। तर, युवराज धर्म मल्लको महामन्त्रीधिराज जयसिंहरामवर्धनले पशुपति राखेको अभिलेखमा 'राजोपाध्याय' लेखिएको छ (टण्डन, वि.सं २०५६, पृ.४९-५१)। राजोपाध्यायको इतिहासमा 'राजोपाध्याय' लेखिएको पहिलो अभिलेख नै जयसिंह रामवर्द्धनको अभिलेख हो।

नेपालमा राणाहरुको उदय हुनुअघि शाहकालिन समयमा राजोपाध्यायहरुको अवस्था उतारचढाव मै रह्यो । जंगवहादुर राणाको मुलुकी ऐनमा राजोपाध्यायलाई ब्राह्मणको स्थान दिएको देखिन्छ। सन् १९५४ को मुलुकी ऐनको जात विभाजनमा नेवार देउ भाजुहरुलाई आदिवासी जनजातिमा राखिएको थियो (शेरचन, बि.सं २०६३, पृ.१५)। श्री ३ चन्द्र शमशेर राणाको समयमा उनीहरुलाई संस्कृत पढनबाट वञ्चित गराएका थिए। त्यसबेला राजोपाध्यायले संस्कृत पढन लुकीछिपी पढथे (टेंगल निवासी गोविन्द भक्तानन्द राजोपाध्यायसँगको अन्तर्वार्ता) ।

लिच्छविकालमा ब्राह्मण, मल्लकालमा देउभाजुसँगै राजपुरोहितको पद पाएका राजोपाध्याय ब्राह्मणहरुले विभिन्न समयमा धेरै उतार चढावको सामना गरेका देखिन्छन्। वर्तमान समयमा राजोपाध्यायहरुले मुलत नेवारअन्तर्गत जाति व्यवस्थामा हिन्दूमार्गीहरुमा जजमानी गरिरहेका छन्।

# सामाजिक संरचना

## ४.२ परिचय

समाजलाई चिनाउने प्रमुख आधार नै संस्कृति हो। विशिष्ट संस्कृतिको कारणले समाजमा त्यस समुदायले आफ्नो फरक स्थान कायम गर्दछ। संस्कृतिको निर्माण, संवर्द्धन र पालनाले मानव सभ्यता विकसित र परिस्कृत हुनाले वर्ण-व्यवस्था समाजको एक प्रमुख अंग हो। हिन्दू जीवन दर्शनमा सांसारिक अभ्दुदय र अध्यात्मिक भावनाको समन्वय नै विकसित सामाजिक व्यवस्थाको परिणाम हो, यसलाई नै वर्णाश्रम भनिछ (बराल, बि.सं.२०४४, पृ.६)। हिन्दू सामाजिक व्यवस्थाको आधारशिला वर्ण व्यवस्था हो। यसलाई हिन्दू सामाजिक व्यवस्थाको केन्द्रिय धुरी भनिन्छ (काणे, ई.सं १९८०, पृ.१११)।

कर्तव्य, दायित्व र धर्मको व्यवस्थापन गरेर वर्ण-व्यवस्थाको तर्जुमा गरिएको छ। हिन्दू समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्णमा विभाजन गरी वर्ण अनुसार कार्य तोकेको छ। ऋग्वेदको कतिपय स्थानमा वर्ण शब्दको प्रयोग रंगको अर्थ गरिएको छ। सांख्य दर्शनमा रुप र रंगलाई नै वर्ण भनिएको छ। पुराणका कतिपय स्थलहरुमा शुक्ल ब्राह्मण, रक्त क्षत्री, पीत वैश्य र कृष्ण शूद्र लेखिएको छ (बराल, बि.सं.२०४४, पृ.९)। वर्ण व्यवस्थाको उत्पत्ति सम्वन्धी सिद्धान्तमध्ये परम्परागत सिद्धान्त सवैभन्दा पुरानो हो। ऋग्वेदमा ब्राह्मणहरु परमात्माको मुखबाट,

क्षत्रीहरु बाहुबाट, वैश्यहरु तिघ्राबाट र शूद्रहरुको उत्पत्ति पाउबाट भएको उल्लेख छ । वर्णाश्रम वर्ण र आश्रम मिलेर बनेको शब्द हो । धर्मको अर्थ नैतिक कर्तव्य वा जीवनको व्यवहारिक नियम हो । मानव समुदायले आफ्नो भौगोलिक वातावरण अनुसार संस्कृति तथा परम्परालाई विकास गर्दै लगेको हुन्छ । यसै कारण प्रत्येक जातिको संस्कृतिमा आफ्नो जातीय स्वाभाविक विशेषता आएको देखिन्छ। हिन्दू नेवार समाजभित्र प्रत्येक जातिको आ–आफ्नै अस्तित्व र पहिचान छ। राजोपाध्यायको सामाजिक संरचना वर्ण र चार आश्रम व्यवस्था अनुरुप रहेको देखिन्छ। लिच्छविकालका मन्दिर र जात्रामा प्रत्येक्ष संलग्नता जनाउने राजोपाध्यायहरुले मल्लकालमा नेवार समाजलाई व्यवस्थित बनाउन राजपुरोहितको भूमिका निर्वाह गरी वर्ण व्यवस्थालाई व्यवस्थित बनाएका थिए ।

मल्ल राजा जयस्थिति मल्लले समाजलाई हिन्दू धर्मको आधारमा सुव्यस्थित गर्न ब्राह्मण, क्षेत्री, वैश्य र शुद गरी चार श्रेणीमा विभाजन गरेका थिए । चार श्रेणीमा विभाजन वर्ण व्यवस्थामा जातअनुसार कर्म गर्नुपर्ने व्यवस्था मिलाइएको थियो (बुढाथोकी, बि.सं.२०३९, पृ.८) । यद्यपि, काठमाडौं उपत्यकामा वर्ण व्यवस्थाअनुसार जातिहरुले गर्नुपर्ने कतर्व्य सम्वन्धमा लिच्छविकालमै रहेको थियो । जयस्थिति मल्लले यसलाई थप व्यवस्थित बनाउन कार्य मात्र गरेका थिए । उनले सुधार गरेको नेवार समाजभित्र सवैभन्दा माथिल्लो वर्गमा ब्राह्मण राखिएको थियो । वर्ण व्यवस्थाको नियममा वसेर राजोपाध्यायले समाजलाई सञ्चालन गरेको देखिन्छ । प्रत्येक व्यक्तिलाई सामाजिक रुपमा अनुशासित बनाउने कार्यमा वर्ण व्यवस्थाले निर्देशित गरेको नियम नै उनीहरुले पालना गरेका छन् । राजोपाध्यायले जन्मदेखि मृत्युसम्म संस्कार वर्ण व्यवस्था अनुसारै छ । राजोपाध्याय समुदाय पितृ-सत्तात्मक हो ।

घरको जिम्मेवारी र अभिभावकत्व घरको मूली (थकाली) बाबु वा जेठो छोराले लिने गर्दछन् । थकालीको अवसानपछि घरको अभिभावकत्व महिलाले लिने गर्छिन । सामाजिक कार्यमा प्रायः जस्तो पुरुष तथा महिलाको स्थान समान छ । सामाजिक तथा धार्मिक कार्यमा मूली (थकाली) पुरुष तथा थकाली नकींको अनिवार्य हुन्छन् । परिवारभित्र हुने निर्णयमा महिलाहरुको भूमिका कमै छ । तर, सामाजिक क्षेत्रमा पुरुष सरह नै महिलाको स्थान बराबर रहेको छ । सामाजिक वा संस्कार कार्य हुँदा घरकी जेष्ठ महिला सदस्य वा त्यस खलकको जेष्ठ महिलालाई ‘थकाली नकीं’ को रुपमा विशेष अधिकार दिइएको हुन्छ । जन्मदेखि मृत्युसम्म थकाली नकींकी रुपमा

सवै काम गर्छिन् । परिवारभित्र कुनै नयाँ शुभ काम हुँदा छोरीलाई अगाडि पाइला टेकाएर अगाडि बढाउने चलन छ (मखनकी कदम राजोपाध्यायसँगको अन्तर्वार्ता) । राम्रो वा नराम्रो दुवै काममा चेलीवेटीको उपस्थिति अनिवार्य मानिन्छ । काठमाडौं उपत्यका बसोबास गर्ने राजोपाध्यायहरु संयुक्त परिवारमै बस्छन् । वैवाहिक पक्षमा कतिपय राजोपाध्यायहरुले अन्तरजातिय विवाहका गरेका दाम्पत्यलाई आगन पूजामा भित्र प्रवेश निषेध राखेका छन् । कतिपयले अन्तरजातिय विवाहलाई मान्यता दिँदै कुल देवतामा पूजा गराउने र आगन घरमा भित्र प्रवेश गराएको देखिएको छ (प्रत्येक्ष अवलोकन) । थोरै जनसंख्या भएका कारण राजोपाध्यायभित्र सात पुस्ता फरकमा दुई पक्षबीच विवाह गर्ने चलन समेत छ (Nepali, 1965 A.D., P. 191) ।

## ४.२.१ गोत्र

जन्म देखि मृत्य संस्कारसम्म गोत्र प्रवर चाहिन्छ । स्वाहा र स्वधा कार्यमा गोत्र आदिपूर्खाको नाम लिनुपर्छ । ऋग्वेद कालदेखिका प्राचीन ऋषिमुनिहरुले नर-नारी सु-सम्बन्धका लागि गोत्र प्रवर सम्वन्धी शास्त्रहरुको रचना गरिएको हो । गोत्रकै कारण स्वगोत्र अर्थात हाड-नाता भएको सम्वन्धमा वैवाहिक चल्दैन । हिन्दू वा बौद्ध धर्ममा कुनै पनि राम्रो वा नराम्रो कार्य अनुष्ठान गर्नुपूर्व गोत्र आवश्यक पर्छ । दुवै धर्ममा गोत्र अनिवार्य छ । विश्वाभित्र, जमदिग्न, भारद्वाज, गौतम, अत्रि, वशिष्ठ, कश्यप र अगस्त्य ऋषिका सन्तान सवै गोत्र हुन् (रुपाखेती, बि.सं.२०७८, पृ.४६) । अमरकोश अनुसार सन्तति, गोत्र, जनन, कुल, अभिजन, अन्वय, वंश र अन्वाय एवं सन्तान सवै शब्द अर्थात सन्तान हो ।

राजोपाध्यायाहरुले तीन गोत्र प्रयोग गर्छन् । गोपालसिंह नेपालीले ‘द नेवार’ मा ललितपुरमा गार्ग्य गोत्र प्रयोग भएको उल्लेख गरेका छन् । ललितपुरको पट्को खलकले भारद्वाज गोत्र लिन्छन् । काठमाडौं र ललितपुरमा दुई गोत्र छन् । भक्तपुरमा भारद्वाज गोत्र प्रयोग गरेको देखिन्छ (Sharma, 2006A.D, p.113) । काठमाडौंको मखन परिवार र भक्तपुरको ६ खलकका आठ कुल परिवारले त्रिप्रवर मध्यान्दिनी शाखाअन्तर्गत भारद्वाज गोत्र प्रयोग गर्दछन् । ललितपुरमा षट्कूलका ६ खलकले मध्यान्दिनी शाखाअन्तर्गत गार्ग्य गोत्र प्रयोग गरेका छन् (Nepali. 1965 A.D. p.151) । काठमाडौंको इन्द्रचोक परिवारले मध्यान्दिनी शाखाअन्तर्गत कौशिक गोत्र अपनाएको छ

### ४.२.२ राजोपाध्यायको बसोबास स्थान

मल्लकालिन दरवार परिसर क्षेत्रमा अधिकाम्स राजोपाध्यायहरुको बसोबास रहेको छ । अनुसन्धानको क्रममा काठमाडौं उपत्यकाका भित्र यिनीहरु कहाँ-कहाँ बस्छन् भन्ने तथ्यांक समावेश गरिएको छ ।

#### ४.२.२.१ काठमाडौं

विकिपिडियाको तथ्यांक अनुसार काठमाडौ उपत्यकाको उत्तरी पश्चिमी भाग र बागमती नदीको उत्तरमा रहेको काठमाडौं सहरले ५०.७ किमी (१९.६ वर्ग माइल) क्षेत्रफल आगटेको छ । काठमाडौं उपत्यकाका राजोपाध्यायहरु मुख्य गरी मल्लकालिन राजदरवार क्षेत्रमा बस्छन् । पछिल्लो समयमा दरवार क्षेत्रबाट पनि उनीहरुको वस्तीविस्तार भएको देखिन्छ। काठमाडौंमा मुख्य गरी राजोपाध्यायका दुई खलक छन् । यहाँ भक्तपुरबाट बसाई सराई गरी आएको परिवार पनि छन् । न्हैकहन्ता, चिंकमुगल, सिंघल र वटु क्षेत्रमा भक्तपुर जिल्लाबाट बसाईसराई गरी आएको मानिन्छ (न्हैकन्तलाका हरिओम राजोपाध्यायसँगको अन्तर्वार्ता) । काठमाडौंको मखनका राजोपाध्यायले भारद्वाज र इन्द्रचोकका राजोपाध्यायले कौशिक गोत्र प्रयोग गर्छन् । काठमाडौंमा वंग छे (१५) र मखं छे (९) गरी २४ घर छन ।

काठमाडौंभित्र मखन, इन्द्रचोक, असन, ढोका टोल, ब्रह्म टोल, चिंकमुगल, वटु, नःघल, दलाछिं, मैतिदेवी, न्यौंड, नयाँ वानेश्वर, वाङ्गेमुढा, न्ह्योखा, नरदेवी, वागवजार, साँखु, स्वयम्भू, लगन, ताहाचल, छायनी, चागल, बसन्तपुर, ज्यावहाल, जैसिदेवल, न्हैकन्ताला, फर्पिङ, इचंगु, डल्लू, कालीमाटी, कोटेश्वर, ज्याठा, ठंहिटी, थानकोट, पशुपति, देवपाटनआदि क्षेत्रमा वसोवास गरेका छन् । काठमाडौंको इन्द्रचोक खलक तत्काल मल्लकालका राजपुरोहित वा सरसल्लाह दिने व्यक्ति थिए (राजोपाध्याय, बि.सं २०५४, पृ.१) ।

#### ४.२.२.२ ललितपुर

ललितपुर जिल्लाको फैलावट २७ डिग्रि २२ मिनेट देखि २८ डिग्रि ५० मिनेट उत्तरी अक्षांश र ८५ डिग्रि १४ मिनेट देखि ८५ डिग्रि २६ मिनेट पूर्वी देशान्तरसम्म रहेको छ । पाटन (ललितपुर) को दरवार परिसर वरिपरी वसोबास गर्ने राजोपाध्यायहरुलाई षट्कुल भनिन्छ। ललितपुरको षट्को

कुलले भारद्वार गोत्र प्रयोग गर्दछन् । ललितपुरको षटकुलमा १ सय ९ घरहरु छन् । ललितपुरको स्वथः कुलले ललितपरको दरवारको मुःछे आगमलाई आफ्नो मान्छन् । मल्लकालको प्रख्यात तान्त्रिक गुरु गयो जुजु यसै सुलिह्म कुलका हुन् । ललितपुरका राजा सिद्धिनरसिंह मल्लका तान्त्रिक गुरु विश्वनाथ उपाध्याय बकनिह्म कुलका हुन् । ललितपुरमा गाःवहाल, वःलिम्हे, स्वनिम्हे, सुन्धारा, मंगलबजार, पट्को, पूर्णचण्डी, तुइलाको, स्वथ, पिंवहाल, कुसुन्ती, प्यगःथा तःधलिवि, सानेपा, इमाडोल, धापखेल, सातदोवाटो, जावलाखेल, चाकुपाट आदि क्षेत्रमा हुन् ।

### ४.२.२.३ भक्तपुर

भक्तपुर जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिम र उत्तरमा काठमाडौं र दक्षिणमा ललितपुर जिल्ला पर्दछ । यसको देशान्तर ८५.२१° देखि ८५.३२° पूर्वी देशान्तरसम्म रहेको । यसको अक्षांशमा २७.३६° देखि २७.४४° उत्तरी अक्षांशसम्म रहेको छ । भक्तपुरको राजोपाध्यायहरुको कुललाई षट्कुल भनिएको छ । भक्तपुरको चुचा छे (४१) र इपा छे (१४) गरी कुल ५५ घर छन् । खौमा, घट्खा, खाइसिमाचुक, लाय्कु, नासचा र यालाछे, चासुखेल वा त्याछेँ हुन् । घट्ना र खाईसिमा चुकलाई इपाछेँ र अन्यलाई चुचाछेँ भनिएको छ (वैद्य, बि.सं २०१६, पृ.६१५) ।

ने.सं ८२२ मा भक्तपुरको पाँचतले मन्दिरको निर्माण र प्रतिष्ठा कार्य हुँदा लेखिएको ठ्यासफुमा भक्तपुरमा रहेको राजोपाध्यायको बस्ती बारे उल्लेख छ । एपाछे, पलाछे, पशलाछे, तिप्रकाछे र द्वंय छे लेखिएको छ । भक्तरपुरको दरवार स्क्वायर, स्वाम्ला, तग्वः लों लायकु ध्वाखा, त्याछें, लालाछें, इनाचो, व्यासी, खौमा, सुकुलढोका, बोडे, टौमढी, कमलविनायक, वसपार्क, सूर्यविनाय र आदर्श क्षेत्रमा राजोपाध्याय बसोबास गर्छन् । यस शोधमा केवल काठमाडौं उपत्यकाको दरवार परिसर क्षेत्रमा रहेका राजोपाध्यायहरुको मात्र विवरण दिइएको छ । यसबाहेक अन्यको विवरण छैन । यद्यपि, चाँगुनारायण, देव पाटन, साँखु, गोकर्ण, ठिमी, बोडेँ, पनौती, हेटौडा, विराटनगर, मलंगवा र चितवनमा पनि राजोपाध्यायहरु छन् ।

यी क्षेत्रका राजोपाध्यायहरुको विश्लेषण यस शोधमा समावेश छैन । शोधको क्रममा स्थलगत रुपमा प्राप्त तथ्यांक अनुसार राजोपाध्याय काठमाडौं उपत्यकाभित्र १४ सयको हाराहारीमा रहेको छ ।

## ४.३ जाति व्यवस्था

नेपालमा जनजातीय समूहमध्ये नेवार भित्र जातीय व्यवस्थाको स्तरीकरण बलियो रुपमा रहेको देखिन्छ। नेपालमा नेवारहरुको बसोबास प्राचिन समयदेखि नै हुँदै आएको मानिन्छ। मल्लकालसम्म काठमाडौं उपत्यकामा नेवारहरुको अत्याधिक बाहुल्यता रहेको थियो । मल्ल राजा जयस्थिति मल्लले नेवार जातिहरुलाई उनीहरुको पेशागत अनुसार ६४ वटा उपजातमा विभाजन गरेका थिए (लेभी, बि.सं २०६५, पृ. १४६-१४९) । त्यसैबेला देखि नै नेवार समाजभित्र जातीय पदानुक्रम प्रचलन रहेको हो। नेवार समाजमा सामाजिक स्तरीकरणीको प्रमुख स्वरुपको रुपमा जातीय व्यवस्था रहेको छ ।

हिन्दूमार्गी र बौद्धमार्गी दुवै नेवार समुदायमा जाति व्यवस्था रहेको देखिन्छ। नेवार जातीय व्यवस्थाको सिद्धान्त हिन्दू धर्म दर्शनमा आधारित छन्। ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र हुन्। नेवार समाजभित्र सामाजिक संरचनाअन्तर्गत जाति व्यवस्थाको भूमिका महत्वपूर्ण रहेको छ । नेवार भित्र प्रत्येक जातिका आफनै सामाजिक भुमिका निहित छन्। पृथक–पृथक भूमिकाले नेवार समाज अन्य जातिको तुलनामा निकै समृद्धशाली बनाएको छ ।

समाजभित्र जातिका पेशागत व्यवस्थाको जग मल्ल राजा जयस्थिति मल्लले राखेका थिए। मल्लकालको समाजलाई व्यवस्थित बनाउन जयस्थिति मल्लले विभिन्न धर्मशास्त्रको सहयोग लिएर व्यवस्थिति बनाएका थिए। वर्ण एउटा सामाजिक संस्था हो। यो मनुष्यको गुण, कर्म, स्वभावको प्रकृतिअनुसार समाजमा आफ्नो वृत्ति छान्ने कामलाई वर्ण व्यवस्था भनिन्छ (खड्का, बि.सं २०७८, पृ.८१)। धर्मशास्त्र अनुसार वर्ण व्यवस्थाअन्तर्गत चार जात छत्तिस वर्णको व्यवस्था त्यसबेला रचिएको थियो। नेवार भित्र जातिगत तह, पद र भूमिकाको विभाजन भयो (Vaidya, Manandhar & Joshi, 1993 A.D, p.41-42)। जसमा उच्च ब्राह्मणदेखि अछुतसम्मका जाति पाइन्छन्। जयस्थिति मल्लको जाति व्यवस्थामा ब्राह्मण वर्गलाई माथिल्लो तहमा राखियो।

तत्काल वर्ण व्यवस्थामा रही राजोपाध्याय ब्राह्मणले नेवार समाजमा आफ्नो कतर्व्यको पालना गरे। नेवार जातिय व्यवस्था भित्रको तहगत विभाजनलाई विशेष गरी काठमाडौं उपत्यकाभित्र स्विकारेको पाइन्छ। नेवार समुदायभित्र जातीय व्यवस्थालाई पदानुक्रम अनुसार ६ वटा समूहमा सोपानीकरण मा विभाजन गरिएको छ। यस भित्र हिन्दू र बौद्ध नेवार राखिएका छन्। यसको दुवै वर्गको माथिल्लो स्थानमा ब्राह्मणलाई राखिएको छ ।

हिन्दूमा देव ब्राह्मण र बौद्धमा गुभाजु र वज्राचार्य रहेका छन् (पौडेल, बि.सं २०७६, पृ.६२)। नेवार जातीय संगठन पनि हिन्दू वर्ण व्यवस्थामा आधारित जातीय व्यवस्था जस्तै हो। जसमा उच्च पूजारी देखि अछुतसम्मका जातीयहरुको विभिन्न पद र भूमिका रहेको पाइन्छ। पहिलो वर्गमा रहेको ब्राह्मणलाई पुरोहित जातको रुपमा राखिएको छ। पुरोहित जातहरु धार्मिक गुरु, पुरोहित र गुरु हुन्। जसको काम नेवारहरुको विभिन्न सामाजिक एवं धार्मिक कार्यहरु सम्पन्न गर्दछन्। यसै जातीय व्यवस्थामा हिन्दू नेवारहरुमा देउभाजु ब्राह्मण र बौद्धमार्गी नेवारमा गुभाजु वा बज्राचार्य रहेका छन्। मल्लकालमै विकास भएको जातीय व्यवस्था अनुसार राजोपाध्यायहरुले अहिलेसम्म हिन्दू नेवार समाजमा जजमानी गर्दै आइरहेका छन्।

## ४.४ गुठी व्यवस्था

नेपालको गुठी पम्परार पनि हाम्रो समाजको एउटा प्रमुख पक्ष हो। जसले यहाँको सामाजिक सांस्कृतिक तथा धार्मिक व्यवस्थालाई जीवन्त राख्न मद्दत गर्दछ। गुठी हाम्रो समाजको विशिष्ट पहिचान बोकेको मौलिक परम्परा हो। आर्य सभ्यताबाट प्राचीनकाल देखि प्रेरित रही आएको नेपाली समाजमा कल्याणकारी अनुरुप सवै मिलेर काम गरौँ भन्ने भावना अनुरुप गुठी परम्परा विकास भएको हो। समाजमा अनेकौँ देवदेवीका मठ मन्दिरको स्थापन्न गर्ने, तिनीहरुको गुठीको जुन परम्परा बससालेको थियो। मानदेवको चाँगुनारायणको वि.सं ५२१ को अभिलेखमा गुठीको चर्चा छ। साथै लिच्छविकालका प्राप्त अहिलेसम्मका अभिलेखमध्ये ४८ वटामा कुनै न कुनै रुपमा गुठीको उल्लेख भएको छ (टण्डन, बि.सं.२०५२, पृ.१)। लिच्छविकालमा उल्लेखित गुठीको अभिलेखले त्यसबेला समाजलाई व्यवस्थित तथा संगठित तुल्याउन शासक वर्गले गुठी व्यवस्थालाई महत्व दिएको बुझिन्छ। यसका साथै मध्यकाल तथा शाहकाल समयमा गुठीको व्यवस्थाले निरन्तरता पाएको अभिलेखबाट प्रष्ट हुन्छ।

यही गुठी संस्कृति आज नेपाली समाजको एउटा अभिन्न अंगको रुपमा स्थापित भएको छ। गुठी परम्परा नेवार समाजको सामाजिक जीवनको अभिन्न अंगको रुपमा रहेको छ। नेवार समाजको सामाजिक जनजीवनमा गुठी बहुआयामिक पक्ष छन्। गुठी सञ्चालन गर्ने विधि प्रचलन संगठन र स्वरुपदेखि यसको नेतृत्व हस्तान्तरणजस्ता विविध पक्ष छन्। संगठित कार्यबाट नेवार समाजको सामाजिक व्यवस्था तथा जीवन पद्धतिलाई बलियो बनाउने मुख्य उद्देश्य तथा भूमिका रहन्छ।

गुठी केवल दान मात्र नभएर यसले समाजमा आवश्यक पर्ने काम सवैले मिलेर गर्न उत्पेरित गर्नु प्रमुख पक्ष हो । संस्कृतको गोष्ठीबाट अप्रभंश भएर गुठी भएको हो । गुठी शब्दले धार्मिक, लौकिक कामलाई अर्थ बुझाउँछ । गोष्ठीको अर्थ सामुहिक वा एकै थलोमा भेला हुनु हो । जसको कार्य सवैलाई एकै सुत्रमा बाँधेर उत्तरदायित्वको भावना जागरण समेत गराउनु हो । लिच्छविकालमा समाजलाई व्यवस्थित बनाउन उद्देश्यले स्थापित भएको गुठीले मध्यकाल, शाहकाल र वर्तमान समयसम्म निरन्तरता पाइरहेको छ ।

गुठी व्यवस्था राजोपाध्याय समुदायभित्र समेत छ । राजोपाध्यायले समाजमा गुठी धार्मिक प्रायोजन लागि मात्र स्थापना गरेको देखिँदैन । समाज भित्रको गुठीले बर्षको एकपटक आपसी सदभाव र एकै सुत्रमा राख्ने काम गरेको देखिन्छ । राजोपाध्यायहरुको उपाकर्म गुठी नै मुख्य हो । भक्तपुर र पाटनको षटकुल खलकको एक/एक गुठी छन् । काठमाडौंको मखन र इन्द्रचोक दुई फरक खलक भए पनि उनीहरुले संयुक्त रुपमा कान्तिपुर उपाकर्म गुठीलाई संचालन गरिरहेका छन् । पाटनको गुठी पालो चलाउने व्यक्तिले नृसिंह जात्रा चलाउँछन् । काठमाडौंमा उपाकर्म गुठी चलाउने ब्यक्तिले पहिला नारायणहिटी दरवारमा राजा समक्ष जल-प्रसाद दिन जान्थे । अहिले राष्ट्रपति समक्ष जलप्रसाद पुऱ्याइने गरिएको छ ।

गुठी सञ्चालनको क्रममा सदस्यहरुमध्ये जेष्ठताको आधारमा अध्यक्षता (थकाली) ले गर्छन् । तीन वटै सहरमा वसोबास गर्ने राजोपाध्यायहरुका आ-आफ्ना आगम घर छन् । दिक्षित व्यक्तिले मात्र आगन पूजा गर्न अधिकार पाउँछन् । भक्तपुरमा सवै राजोपाध्यायहरुको एकै आगन घर छन् । मखन र इन्द्रचोकका फरक-फरक छन् । ललितपुरमा षट्कूलमा ६ वटै आगन घर छन् । यसमध्ये नुगः खल लोप भइसकेको छ ।

## ४.४.१ कान्तिपुर उपाकर्म गुठी

काठमाडौं भित्र रहेका मखन र इन्द्रचोकका राजोपाध्यायहरुले बार्षिक रुपमा संचालन गर्ने गुठीलाई 'कान्तिपुर उपाकर्म गुठी' भनिन्छ । मखन (मखं छें) र इन्द्रचोक घर (वंघ छें) गरी दुई परिवारले संयुक्त रुपमा कान्तिपुर गुठी चलाउँछन् । भक्तपुरबाट बसाईसराई गरेको हेंन्कतलाको एक परिवार यस गुठीमा समावेश छ । कान्तिपुर उपाकर्म गुठी मध्यकालदेखि नै सञ्चालनमा आएको देखिन्छ । कोटेश्वर निवासी मनोज राजोपाध्यायको व्यक्तिगत संग्रहमा रहेको ने.सं ६४७ को ताडपत्रमा

कान्तिपुर उपकर्म गुठीको उल्लेख छ। श्रावण पुर्णिमा (जनाई पुर्णिमा) को एक साताअघि गुठी चलाउने पालो भएका व्यक्तिले आफ्नो निवासमा राख्ने वैठकमा सवै सदस्यलाई निमन्त्रणा दिन्छन् । वैठकमा सदस्यता लिएका गुठीयारहरुको उपस्थितिमा सरसल्लाह हुन्छ। गणतन्त्र अघिसम्म गुठी चलाउने व्यक्तिले श्रावणशुक्ल द्वादशीको दिनमा एक ढक्की वा किस्तीमा फूल राखी, अर्को किस्तीमा एकै प्रकारको वा १२ किसिमका रोटी राखेर नारायणहिटी दरवारमा राजालाई जनाई पूर्णिमाको दिनमा अभिषेक प्रसाद ग्रहण गर्न निमन्त्रणा दिने चलन थियो (इन्द्रचोकका विकास राजोपाध्यायसँगको अन्तर्वार्ता)।

अहिले राष्ट्रपति बस्ने सितल निवासमा यो कार्य हुन्छ। श्रावणशुक्ल पूर्णिमाको दिनमा सवै गुठीयार शोभा भगवतीको *'भाउचाः खुसि'* मा क्रमवद्ध रुपमा वसेर स्नान गर्दछन्। स्नान समाप्तीपछि नव यज्ञोपवित धारणा विधिपूर्वक गर्छन्। मखन खलकका सदस्यको गुठी चलाउने पालो चलाएको बेला विजयश्वरी देवीको पूजा, जप, पाठ गर्नु पर्ने नियम छ (राजोपाध्याय, ई.सं १९९८, पृ.१५) । इन्द्रचोकको पालो परेको अवस्थामा विजयश्वरीमा पुजा पाठ गर्नु पर्दैन। शोभा भगवतीमा मखन र इन्द्रचोकका थकाली वा प्रतिनिधिले दुईवटा कलशसँगै एक राजकलश स्थापना गरी विधिपूर्वक पूजा गर्छन्। त्यसपछि देव, ऋषि, पितृतर्पण र फल पिण्डदान गरेर यज्ञ समापन हुन्छ। अभिषेक आर्शीवाद तथा रक्षावन्धन पनि मुलीद्वयबाट उपस्थित ब्राह्मणहरुले लिन्छन्।

गुठी पालो चलाउने ब्राह्मणले कलशको जल राष्ट्रपतिलाई अभिषेक गर्न जान्छन्। जनाई पूर्णिमाको चार दिनपछि गुठी पालो चलाएको ब्राह्मणले सवैलाई कुमारी पूजाको प्रसादग्रहण (लिसः भ्वय) बोलाउँछन्। अहिले स्थान अभावका कारण कुमारी प्रसाद भोज घर बाहिर गर्ने चलन आइसकेको छ। यसै दिन पालो चलाउने सदस्यले अर्को वर्ष गुठी चलाउने ब्राह्मणलाई पालो दिन्छन्। उनलाई सवै प्रकारका गुठीका सामग्री हस्तान्तर गरिन्छ। यो क्रमपछि कान्तिपुरको उपाकर्म गुठी एक वर्षका लागि समाप्त हुन्छ।

## ४.४.२ ललितपुर उपाकर्म गुठी

काठमाडौं र भक्तपुरको तुलनामा ललितपुरको उपाकर्म गुठी केही फरकता छ। श्रावण पुर्णिमा (जनाई पूर्णिमा) को दिन गुठी मनाइने भएपनि यसमा भिन्नता छ। ललितपुरको षट कुलको ६ खलकबीच हुने गुठी विशेष गरी पाका उमेरका व्यक्तित्वले पालो चलाउँछन्। ललितपुरको उपाकर्म

गुठी पनि मध्यकालदेखि चलेको हो। ललितपुर उपाकर्म गुठी सम्वन्धी छालाले मोडिएको एक ठ्यासफुमा नेपाल संवत् ८६९ मा पहिलोपटक गुठी सुरु भएको उल्लेखित छ। ठ्यासफुमा निलकण्ठानन्दोपाध्यायले पहिलोपटक गुठी सञ्चालन गरेका थिए । मल्लकालको अन्तिम समयबाट सुरु भएको ललितपुरको उपाकर्म गुठीमा जनाई पूर्णिमाको चार दिनअघि द्वादशीमा गुठी पालो चलाउने ब्राह्मणले सवै गुठियार सदस्यलाई निम्तो दिन्छन ।

पालो चलाउने ब्राह्मणले ब्रह्मचर्याश्रममा राखिएका ब्रह्मचारीहरुको साथ मुली (थकाली), तलेजुका मूलपुजारी तथा अग्निशालाका अग्निहोत्री ब्राह्मणका घरघरमा फुल चढाउन जान्छन्। श्रावणशुक्ल पूर्णिमामा सवै गुठीका सदस्यहरु स्नान गर्दछन्। विधिवत रुपमा शोधन गरिएको यज्ञोपवित धारण गर्दछन्। देव, ऋषि, पितृतर्पण र फलपिण्डदान समेत गरेर यज्ञ समापन गरिन्छ। त्यसपछि अभिषेक आर्शीवाद तथा रक्षावन्धन पनि मुलीबाट उपस्थित व्यक्तित्वहरुले लिन्छन् (राजोपाध्याय, ई.सं १९९६, पृ.२५) । जनाई पूर्णिमाको चारदिनपछि गुठी पालो चलाएको व्यक्तिका ज्वाईलाई नृसिंह बनाएर पाटन सहरमा नृसिंह जात्रा गरिन्छ ।

## ४.४.३ भक्तपुर उपाकर्म गुठी

भक्तपुरमा बसोबास गर्ने राजोपाध्यायहरुले वार्षिक रुपमा उपाकर्म गुठी मनाउने गर्छन्। यस उपाकर्म गुठीले यस क्षेत्रका राजोपाध्याय समाजलाई एक सूत्रमा राख्ने काम गरेको छ। मल्लकालदेखि गुठी सञ्चालनमा आएको विश्वास गरिए पनि नेपाल संवत ९२१ एक अभिलेखमा यस गुठीको नाम पहिलोपटक उल्लेख भएको छ। भक्तपुरका राजोपाध्यायहरुले चलाउने उपाकर्म गुठी काठमाडौं र ललितपुर भन्दा फरक छ। हरेक वर्ष सञ्चालन हुने गुठीमा स्नान, यज्ञ, पञ्चगव्य, कलशार्चन, देव, ऋषि, पितृतर्पण, फलपिण्ड आदि कार्यक्रम गर्नमा षट्कुल (खुखाछें) का ६ जना मुली (थकाली) र एक पुरोहितलाई सप्तर्षिका रुपमा राखिन्छ (प्रत्येक्ष अवलोकन)। गुठीका सवैभन्दा जेष्ठ सदस्यकी ब्राह्मणीलाई समेत विधिवत कार्यमा सहभागी गराइन्छ ।

गुठी पालो चलाउने घरले सवै गुठीयार ब्राह्मणहरुलाई एक बर्षभित्र सवैलाई फलफुलहरु खुवाउने चलनसमेत थियो । अहिले यो एकथरिमात्र सिमित भएको छ। यसैगरी रोटीको रुपमा पञ्चपक्वान्न पनि दिने चलन छ (राजोपाध्याय, ई.सं १९९७, पृ.१५) । यसका लागि गुठीकै जग्गाबाट प्राप्त हुने वालीबाट यो कार्य हुन्छ। अहिले वाली पर्याप्त नआउने भएको कारणले यो प्रचलन लगभग वन्द

भईसकेको छ । भक्तपुरका राजोपाध्यायको गुठीको अर्को विशेषता गुठी पालो चलाउने व्यक्तिले एक वर्षसम्म प्रत्येक संक्रान्तिमा टौमढीस्थिति तिलमाधव, भैरवमन्दिर तथा दत्तात्रेयको परिसरमा अवस्थित वाकुपतिनारायण मन्दिरमा बत्ति दिन जानुपर्छ। उनले तिलमाधव र वाकुपतिमा रुद्री गर्नुपर्छ। यसकासाथै प्रत्येक पूर्णिमामा हनुमानघाटको परिसरमा रहेको वाल्मिकीश्वर शिवलिङ्गमा लघु रुद्रीसमेत गर्नुपर्दछ। रुद्रीमा चौरीको सिंङलाई जलधाराको पात्र बनाइन्छ। जनाई पूर्णिमाको दिनमा हनुमानघाटमा गई स्नान गर्नुअघि सवै गुठीयारले *'कोँ चिकँ'* भनेर जौको पिठो र तेल घस्नु पर्छ (टौमढी निवासी किशोर राजोपाध्यायसँग अन्तर्वार्ता) । अहिले हातमा तेल र जौंको पिठो घस्ने गरेको पाइएको छ। यसलाई शरीरको शुद्धिकरण मानिन्छ ।

यो कार्यपछि क्रमवद्ध रुपमा सवैले हनुमानघाटमा वैदिक विधि अनुसार स्नान गर्छन। कसैको घरमा व्रतवन्ध विधि अनुसार अग्निहोत्री बनाएका बटुकलाई ब्रह्मचारी नियमअनुसार हनुमान घाटमा ल्याएका हुन्छन्। ब्रह्मचारीलाई जो कोहीले छुन नहुने र उसले पनि कसैलाई छुन नहुने भएकाले विशेष स्थानमा स्नान व्यवस्था गरिएको हुन्छ। स्नानपछि ब्रह्मचारीलाई मूली (थकाली) ले भिक्षा दान दिन्छन्। गुठी पालो चलाउने व्यक्तिले मुख्य थकालीलाई छाता, खराउ र बस्ने आसनको व्यवस्था गर्नुपर्छ। स्नानपछि नयाँ जनाइ धारणा गर्ने, यज्ञ, कलाशार्चन र फलपिण्ड अीद कार्य हुन्छ। भक्तपुरमा मुख्य थकालीले यज्ञ गर्नुपर्छ।

त्यसपछि जेष्ठताका आधारमा आसनमा बसी सप्तर्षिको पूजा गर्छन्। तेस्रो तहमा आउने थकालीले हनुमान घाटको पाञ्चायन बद्रीनारायणमाथि रहेको वासुकी नागको पूजा गर्छन्। नाग पूजाको क्रममा गाजल चढाइन्छ। हनुमानघाटमा ओछ्याइएको ढुंगाहरु प्रत्येक खलकको प्रायोजन निमित्त राखिएको हुन्छ। त्यही ढुंगामा बसेर ब्राह्मणहरुले फलपिण्ड दिनु पर्ने नियम रहेको छ (सूर्यविनायकका प्रितम राजोपाध्यायसँगको अन्तर्वार्ता) । श्रावणशुक्ल पुर्णिमाको चार दिनपछि *लिसः भ्वय्* को रुपमा गुठी पालो चलाएका व्यक्तिले गुठीयारसँगै प्रत्येक घरबाट एक-एक सदस्य ब्राह्मणीलाई निमन्त्रण दिन्छन ।

जेष्ठताको आधारमा क्रमवद्ध रुपमा सवैले भोजमा बस्छन्। भोज खाने क्रममा कसैले नियम उलंघन गरेको खण्ड तत्कालै जरिवाना लगाइन्छ। गुठियार ब्राह्मणहरुलाई तेलको बत्ती बालेर एक-एक पाला दिएर पठाउने विशेष प्रकारको नियम भक्तपुर उपाकर्म गुठीमा छ ।

गुठीअन्तर्गत 'सी' गुठीले केवल भक्तपुरमामात्र निरन्तरता पाएको छ। ललितपुर र काठमाडौ विस्तारै लोपपउन्मुख अवस्थामा छ।

## ४.५ जजमानी पेशा

राजोपाध्यायको मुख्य पेशा नै हिन्दू नेवार कहाँ जजमानी गर्नु हो । यिनीहरुले हिन्दू नेवार समुदायमा जन्म देखि मृत्यु संस्कारको कर्मकाण्ड गर्छन् । साथैसाथै यिनीहरुले आफ्नै घरमा शुक्ल यर्जुवेद अनुसार जन्मदेखि मृत्युसम्म संस्कार कार्य गर्छन्। कर्म काण्डमा शुक्ल यर्जुवेद र ऋग्वेदका रिचा प्राथमिकतामा पर्दछ। यर्जुवेदका रिचालाई मिलाउन ऋग्वेदलाई सहायक रुपमा प्रयोग हुन्छ। रिचा समिश्रमणकै आधारमा राजोपाध्यायले वैदिक र तान्त्रिक पद्धतीबाट कर्मकाण्ड गर्छन। जजमानी नै पहिलो आर्यस्रोतका रुपमा रहेको छ। केही दशकयता यिनीहरुको वैकल्पिक आम्दानीको स्रोत नोकरी रहेको देखिन्छ । काठमाडौं उपत्यका भित्र लगभग ७० प्रतिसत जजमानी पेशालाई राजोपाध्याय समुदायले पहिलो प्राथमिकतामा राखेको छ ।

युवा पुस्ताले जजमानीलाई मुख्य पेशा बनाएका छैनन् । एक दशक यता यूवा पुस्ताका राजोपाध्यायहरु अध्ययनको सिलसिलामा विदेशतिर भाँसिएका छन्। धेरै जसो यूवाहरु विदेशतिर पलायन हुनु र त्यही नै आफ्नो भविष्य बनाउँदा भविष्यमा राजोपाध्यायहरुको जजमानी पेशा संकटमा पर्न सक्ने सम्भावना बढेको छ (नरदेवीका पुरुषोत्तम राजोपाध्यायसँगको कुराकानी) । आधुनिक शिक्षाकरणले यूवा पुस्तामा संस्कृत शिक्षाको अभाव धेरै छ। संस्कृत शिक्षालाई पहिलो प्राथमिकतामा राख्दा भविष्य सुनिश्चिता नहुने धारणाले युवा पुस्ताले आफ्नो पुस्तौनी मौलिक पेशाप्रति आकर्षित हुन नसकेका हुन्।

पछिल्लो २०-३० बर्ष भित्र हजुरबाबु देखि नातिसम्मको पुस्तासम्म यस पेशामा एक प्रकारले परिवर्तन आएको देखिन्छ। जजमानी कार्यमा संस्कृत अनिवार्य भएकाले युवा पुस्ताहरुले आधुनिक शिक्षालाई आफ्नो पहिलो प्राथमिकतामा नराखेका हुन् । जजमानी काममा संस्कृत भाषामा आउनु पर्छ । यसले कामकाज गर्न सहज हुन्छ । यस समुदायभित्र सिमित संख्याका राजोपाध्यायहरुले संस्कृति भाषाको शिक्षा लिएका छन्। यसै कारणले जजमानी पेशा कालान्तरमा राजोपाध्यायहरुको जजमानी पेशा संकटमा पर्न सक्ने छनक देखिएको हो ।

जजमानी पेशा मुख्य आयस्रोत भएकाले राजोपाध्यायहरु मध्यम वर्गिय समूहमा पर्छन् । धेरै जसो संयुक्त परिवार भित्र रहेकाले दैनिक जजमानी कार्यबाट आएको धनले घरजम चलाइरहेको अवस्था छ ।

## ४.६ धर्म

धेरै जसो स्वदेशी र विदेशी विद्वानहरुले राजोपाध्यायलाई शैवमार्गी मान्छन् । गोपालसिं नेपाली, जेरार्ड तोफिन र डिल्लीरमण रेग्मीले राजोपाध्यायहरुलाई शैवमार्गी रहेको विश्लेषण गरेका छन् । यद्यपि, राजोपाध्यायहरुले आफूलाई हिन्दू धर्माबलम्बीको रुपमा लिने गर्छन् । शैव मन्दिरमा पूजा गर्ने राजोपाध्यायलाई शैवमार्गी भन्छन् । वैष्णव मन्दिरमा पूजापाठ गर्ने र विष्णु भगवानको विभिन्न अवतार आधरित चर्चित पुराणहरु भन्ने राजोपाध्यायले वैष्णव धर्म मान्ने भनिएको छ । उनीहरुलाई शाक्तमार्गी पनि भन्छन् । देवी भागवत् पुराण वाचन (नवाह) गर्ने र शाक्त मन्दिरहरुमा पूजा गनेए भएकाले यिनीहरुलाई शाक्तमार्गी पनि भनिन्छ । भक्तपुर र ललितपुर तलेजुका मूलपुजारीको रुपमा राजोपाध्यायले आगम पूजा गर्छन् ।

## ४.७ भाषा

नेवार समुदायसँग दैनिक घुलमेल भएको कारणले राजोपाध्यायले नेपाल भाषालाई मातृ भाषाकै रुपमा लिने गरेका छन् । परिवारका ठूला सदस्यहरुबीच नेपाल भाषा प्रचलनमा छ । तर, अहिलेका यूवा पुस्ताका राजोपाध्यायले नेपाल भाषा राम्रोसँग बोल्न र लेख्न सक्देनन् । कतिपय घरमा अभिभावकहरुले आफ्ना बालबालिकासँग नेपाली भाषामै कुराकानी गर्छन् । काठमाडौंको तुलनामा भक्तपुर र ललितपुरका राजोपाध्यायले नेपाल भाषालाई प्राथमिकतामा राखेर दैनिक कामकाजमा प्रयोग गर्छन् । यिनीहरुले जजमानी कार्यमा संस्कृत र नेपाल भाषाको मिश्रण गर्छन् ।

## ४.८ नाता सम्वन्ध

सामाजिक संरचनालाई प्रभाव पार्ने महत्वपूर्ण इकाई नातासम्वन्ध वा नातेदारी व्यवस्था हो । समाजमा बसोवास गर्ने हरेक सदस्यलाई एकसुत्रमा ल्याउने कार्यको भूमिका नाता सम्वन्धले गर्छ । यस्तो खालको सम्वन्धले सवैलाई भावात्मक रुपमा नजिक पुऱ्याउँछ । संयुक्त परिवारबाट अलगिएर एकात्मक परिवारमा वसोवास गरेता पनि नाता सम्बन्धले उसलाई हरेक पल परिवारसँग नजिक

बनाएको हुन्छ । यस समुदायमा विशेष गरी वैवाहिक र रक्त सम्वन्ध गरी दुई किसिमका नाता छन् । वैवाहिक सम्वन्धले विवाह गरी आएकी बुहारीको परिवारसँग नयाँ सदस्यको रुपमा दर्जा दिइन्छ । रक्त सम्वन्धले फुकीसँग सम्वन्ध जोड्छ । परिवारको कुनै पनि सदस्यको जन्ममा सुतक तथा मृत्युमा जुठो बार्ने चलन रहेको छ । मृत्युको अवस्थामा रक्त सम्वन्धको सदस्य (फुकी) हरुले पुरै दस दिन बार्ने परम्परा छ (Toffin. 2008 A.D p. 69 ) । आफ्नै मामाको निधनमा भान्जा-भान्जीले चार दिन बार्ने गर्छन् । फुपुको निधनमा भदै वा भदाले चारै दिन, आफ्नै बहिनी वा दाई निधन हुँदा पनि चार दिनमा शुद्ध हुन्छन् । यस समुदायभित्र नजिकको नातामा वैवाहिक सम्वन्ध जोड्न निषेध गरिएको छ । जनसंख्या कम भएकाले सात पुस्ताको अन्तरमा पनि वैवाहिक सम्वन्ध जोडिएको देखिन्छ (Nepali. 2006 A.D p. 154 ) ।

## ४.९ छलफल र निष्कर्ष

यस शोधको चौथो परिच्छेदमा राजोपाध्यायको ऐतिहासिकता र संगठन पक्षको विश्लेषण भएको छ । यस शोधमा काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको ऐतिहासिकता के कस्तो छ ? यस अनुसन्धानको क्रममा पहिलो तथा दोस्रो स्रोत, विषयसँगका विज्ञहरुसँगको छलफलबाट राजोपाध्यायको ऐतिहासिकता पक्षको उत्तर खोजिने प्रयास भएको छ । नेपाली ब्याकरण अनुसार राजाको उपाध्यायमा समास भई राजोपाध्याय हुन गएको देखिन्छ । राजाको कुमार 'राजकुमार', राजाको दरवार 'राजदरवार' भन्ने जस्तै राजाको उपाध्याय, राजउपायध्याय हो । नेपाली व्याकरण अनुसार यसमा '**ज**' र '**उ**' को सन्धि भई 'जो' भएको हो ।

प्रसारवादको सिद्धान्त अनुरुप राजोपाध्याय लिच्छविकाल देखि नै काठमाडौं उपत्यकामा रहेको परिकल्पना गर्न सक्ने केही आधारहरु नभएको होइन । लिच्छविकालिन समयको विभिन्न मन्दिर तथा जात्रापर्वहरुमा यिनीहरुको भूमिका अहिलेसम्म महत्वपूर्ण मानिन्छ । लिच्छवि राजा हरिदत्त बर्माले स्थापना गरेको चार मध्ये तीन वटा नारायण (चाँगु, इचंगु तथा शेष नारायण) मा राजोपाध्याय नै मूल पूजारीको रुपमा रहेका छन् । यसैगरी, नरेन्द्र देवको समयमा भित्रिएको मच्छिन्द्रनाथ (रातो) को रथ यात्रामा पाटनको महाद्यः ननीका राजोपाध्यायहरुले रथको अग्रभागमा रही दायित्व निर्वाह गर्छन् । पशुपति नाथको महास्थानको क्रममा राजोपाध्यायहरुले होमआदि गर्छन् ।

चाँगुको कलश यात्रामा राजोपाध्याय ब्राह्मणले चाँदीको मुख्य कलश बोक्छन् । लिच्छवि समयमा गुणपो दरवार भनी चनिने हुनमान ढोका भित्र चाँगुको कलश भित्र लिने ब्राह्मण पनि राजोपाध्याय नै हुन् । हाँडीगाउँको खट् जात्रामा देउपाटनका राजोपाध्यायहरुले पूजा गर्थे । यद्यपि, अहिले यिनीहरु खट जात्रामा समावेश छैनन् । ने.सं २४५ को वंशावलीमा मखन टोलकी छोरी विजयश्वरीको उल्लेखले राजोपाध्यायको अस्तित्व पुर्वमध्यकालमा नै भएको स्पष्ट हुन्छ । जसरी स्वदेशी तथा विदेशीहरुले एउटा निश्चित गणना गरी गोपाल र किराती राजाहरुको समय निकालिएको थियो, त्यसै गरी विजयश्वरीको वंशावली अनुसार राजोपाध्यायहरुको पनि पुस्ता ने.सं २४५ भन्दा अगाडि रहेको जनाउन सकिन्छ ।

यसले काठमाडौं उपत्यकाभित्र यिनीहरुको बसोबास अगाडि देखि नै रहेको कल्पना गर्न सक्छौं । मध्यकालको आरम्भसँगै राजोपाध्यायलाई देउ भाजु, द्यः ब्रह्मु, उपाध्याय र देव ब्राह्मण आदि नाम दिइएको देखिन्छ। प्रसारवादको मुल प्रक्रिया भनेको नै संसारको कुनै पनि एक स्थान वा समुदायमा उत्पत्ति विकास भएको कुनै पनि प्रचलन वा सांस्कृतिक घटनाहरु क्रमशः सम्पर्क, बसाईसराई, ब्यापार, भेटघाटन, विभिन्न अभियान आदिका माध्यमबाट अन्य स्थान, समुदाय र समाजमा प्रसार हुन्छन्। परिकल्पना र प्रसारवादको सिद्धान्त अनुरुप राजोपाध्यायहरुको लिच्छवि देखि मल्लकाल हुँदै वर्तमानसम्म प्रसार भएको देखिन्छ ।

स्वदेशी तथा विदेशी विद्वानहरुले राजोपाध्यायलाई मल्लसमयमा देउ भाजु वा देव ब्राह्मणको रुपमा चर्चा गरेका छन्। तत्कालि काठमाडौं उपत्यकाका तीन वटै मल्ल राजाहरुले राजोपाध्यायलाई राजपुरोहित र गुरुको वर्गमा राखेका थिए। जयस्थिति मल्लले राज्य व्यवस्था सञ्चालन गर्न भारतबाट पाँच ब्राह्मणहरुलाई झिकाएका थिए । उनले जातिय व्यवस्थामा ब्राह्मणलाई माथिल्लो दर्जामा राखेका थिए । मल्लकालमा काठमाडौं भित्र ब्राह्मणको रुपमा उपाध्याय, आचार्य, मिश्र र भट्टहरु थिए । तथ्य र प्रमाण आधारमा मल्लकालमै कान्य कुब्ज ब्राह्मण अल्लास र उल्लास राज मध्ये उल्लास राजलाई राजोपाध्यायहरुले आफ्नो पूर्खाका रुपमा लिने गरेका छन्। त्यस समयमा सिम्रोनगढबाट हरिसिंह देवसँगै उनीहरुको आगमन भएको मानिन्छ । हरिसिंहदेवले काठमाडौं उपत्यका भित्र प्रवेश गर्ने क्रममा आफूसाथ इस्ट देवी तलेजु भवानीसमेत ल्याएका थिए ।

संभवत यसै तलेजु भवानीको दैनिक पूजाअर्चना गर्ने ब्राह्मण (राजोपाध्याय) ? पनि हरिसिंह देवलेसँगै आएका हुन सक्छन्। भक्तपुर र ललितपुरका तलेजु भवानीको मूल पुजारी अहिले पनि

राजोपाध्याय नै हुन् । प्रसारको प्रक्रिया निरन्तर एवं ऐतिहासिक हुन्छ । मल्लकालमा उनीहरु राजगुरुसम्म पदवी पाएका थिए । तर, मल्लवंशको पतनसँगै उनीहरुले विस्तारै आफ्नो हैसियत गुमाउन पुगे । पृथ्वीनारायण शाहले यहाँका राजगुरुको सर्वस्व हरण गरेका थिए । प्रतापसिंह शाहले नै यिनीहहरुलाई राजोपाध्याय पदवी दिइएको भनिन्छ । यद्यपि, मल्लकालमै राजोपाध्यायहरुले 'राजोपाध्याय' लेखिसकेका थिए । जयसिंहरामवर्द्धनको पशुपतिस्थिति बि.सं १४१७ को अभिलेखमा 'राजोपाध्याय' लेखिएको छ ।

यसरी विभिन्न प्रमाण तथा तथ्यहरुको आधार र प्रसारवादको सिद्धान्त अनुरुप राजोपाध्याय समुदायको विकास क्रम क्रमिक रुपमा भएको थियो । प्रसारवादीहरुको सवै मानिसको मानसिक बनोट, सृजना शक्ति एकै खालको हुँदैन, यिनीहरुमा त्यस्तो शक्ति सिमित हुन्छ, त्यसैले सांस्कृतिक गुण संसारका केही निश्चित मानिसका समूहद्वारा निश्चित ठाउँ र समयमा उत्पत्ति हुन्छ । सांस्कृतिक विनिमयको कारणले एक ठाउँको सांस्कृतिक गुण संसारका अन्य ठाउँमा मानसिको जीवनशैलीमा पुग्दछ । सांस्कृतिक समानाता देखिनु नै प्रसार भएको हो ।

यसै चौथो परिच्छेदमा राजोपाध्याय समुदायको सामाजिक संरचना विश्लेषण भएको छ । समाज र परिवारलाई संगठित र बलियो बनाउने मुख्य आधार नै संरचना हो । हिन्दू नेवार समुदाय भित्र जजमानी पेशा गर्ने राजोपाध्यायले वर्ण व्यवस्थालाई अंगालेको देखिन्छ । उनीहरु मल्लकालिन दरवार परिसर बाहिर बसोबास त्यति धेरै गरेको देखिँदैन । यद्यपि, अहिले खुला स्थान मनपराउने समूह भने सहर भन्दाबाहिर बसोबास गरेका छन् । तर, काठमाडौं उपत्यकाका धेरै राजोपाध्यायहरु दरवार परिसर आसपासमा बसोबास गर्छन् । आपसी सद्भाव राख्न र रीतिरिवाजलाई बचाइ राख्न गुठी चलाएका छन् । कान्तिपुर, भक्तपुर र ललितपुरका राजोपाध्यायहरुले श्रावण पूर्णिमाको दिन गुठी पालो परेका सदस्यले नदी किनारमा गुठी चलाउँछन् ।

ललितपुरका गुठी पालो चलाउने व्यक्तिले नृसिंह जात्रा चलाउँछन् । पाटनमा गुठी चलाउने व्यक्तिले सिद्धिनरसिंह मल्ललाई अहिले पनि निमन्त्रण दिने गरेका छन् । काठमाडौंको उपाकर्म गुठी पालो चलाउने राष्ट्राध्यक्ष समक्ष जलप्रसाद दिने जान जान्छन् । सवै जसो संयुक्त परिवारमा बस्ने रुचाउने राजोपाध्याय भित्र पुरुष र महिलाले फरक-फरक भूमिका निर्वाह गरेको देखिन्छन् । परिवार तथा गुठीमा जेष्ठताको आधारमा अभिभावकत्व रुपमा थकाली दर्जा दिइएको छ ।

यस समुदाय भित्र घरको निर्णय लिनुपर्दा पुरुषको तुलनामा महिलालाई त्यति स्थान नदिइएको देखिन्छ। तर, सामाजिक तथा संस्कारिक कार्यमा महिलाको स्थान माथि नै रहेको छ। नेवार समुदायसँग दैनिक हुलमेल भएका कारण उनीहरुले नेपाल भाषालाई मातृ भाषाकै रुपमा प्रयोग गर्छन्। तर, अहिलेको यूवा पुस्तामा नेपाल भाषाको कमी छ। जजमानी पेशामा नेपाली र नेपाल भाषा नै प्रयोग गर्छन्। जजमानी कार्यमा राजोपाध्याय ब्राह्मणले वदेको रिचालाई प्राथमकितामा राख्दछन्।

जजमानी कार्यमा यूवा पुस्तामा संस्कृत शिक्षाको अभावका कारण उनीहरु त्यति आकर्षित हुन सकेका छैनन्। यस कारण पुराना र यूवा पुस्ताबीच जजमानी कार्यमा फरक आएको देखिन्छ। राजोपाध्याय समुदायले आफ्नो समाजलाई प्रकार्य-संरचनाअन्तर्गत सामाजिक संरचनाको सिद्धान्त अनुसरण गरेको देखिन्छ। यस सिद्धान्त प्रतिपादन गरेका मध्ये चर्चित मानवशास्त्री रेडक्लिफ ब्राउनले पहिलोपटक सामाजिक संरचना अवधारणाको प्रयोग गरेका थिए। ब्राउनले सामाजिक संरचनामा धेरै इकाइहरु परस्परमा मिलेर बनेको एउटा व्यवस्थाको रुपमा वर्णन गरेका छन्। उदाहरणको लागि एउटा घरलाई लिन सकिन्छ। घरको संरचना वा बनावटमा झयाल, ढोका, काठ, छाना, इटा, ढुंगाआदिको संयोजन वा व्यवस्थित रुप हो।

हाम्रो शरीरको वनावटलाई पनि हेर्दा हात, खुट्टा, टाउको, नाक, कान आदि अंगहरु मिलेर बनेको हुन्छ। यस्तै अंगहरु पनि हाड, मासु, रगत जस्ता तत्वहरुबाट बनेको हुन्छ। घरको संचरना जस्तै हाम्रो समुदायको सामाजिक संरचना पनि विभिन्न तत्वहरुको मिश्रण हो। संचरनामा व्यक्तिहरुलाई एकआपसमा मिलाएर राख्ने काम हुन्छ। एउटा समाजभित्र पनि विभिन्न परिवारहरुको संयोजन भएको संरचना हुने गर्छ। स्वयम समाज पनि आफैमा एउटा संरचना हो। ब्राउनका अनुसार जनजातिहरु आवद्ध भएर रहेका व्यक्तिहरुले बेग्लावेग्लै समूह बनाउने गरेको मानेका छन्। प्रत्येक परिवारमा एक व्यक्ति, उसका श्रीमती, छोराछोरी मिलेर बस्ने गर्छन्। जन्म र मृत्युसम्म उनीहरुले आफूलाई सामाजिक संरचना अनुसारै कार्य गर्छन्।

# परिच्छेद पाँच

## राजोपाध्यायको सांस्कृतिक पक्षः संस्कार

### ५.१ संस्कारको परिचय

संस्कारको शाब्दिक अर्थ शुद्धिकरण गर्नु हो। जन्मदेखि मृत्युसम्मको मौलिक परम्परागत क्रिया हिन्दूहरुको लागि निकै आवश्यक छ। हिन्दू समाजमा वैदिककालदेखि प्रचलित संस्कार शब्दलाई धर्मशास्त्र तथा पुराणमा फरक किसिमले व्याख्या गरिएकोछ । संस्कृत वाङ्मयमा 'संस्कार' शब्दको प्रयोग विभिन्न रूपमा भएको पाइन्छ। मिमांसकहरूले 'संस्कार' शब्दलाई यज्ञाङ्गभूत पुरोडाशआदिलाई शुद्धि गर्नु भनेका छन्। नैयायिकहरूले 'संस्कार' भनेको मन्त्रो उच्चारणपूर्वक जल छर्किनु वा अभिषेक गर्नुलाई बुझाएका छन्। धर्म शास्त्रमा संस्कारको अर्थ शुद्ध गर्नु हो (काणे, इं.सं १९८०, पृ.७६)। धर्म शास्त्रको इतिहासअनुसार संस्कार शब्द भौतिक र आध्यात्मिक जीवनलाई परिस्कृत गर्नु वा शुद्धिकरण गर्नु हो। वैदिककालमा संस्कार परम्पराको रुपमा थियो ।

वैदिक साहित्यमा उपनयन र अन्त्येष्टिआदिको वर्णन छ । धार्मिक ग्रन्थअनुसार मानवले जीवनमा गरेका संस्कारलाई शारीरिक, मानसिक र आध्यात्मिक दोषहरूलाई नष्ट गरी एक नयाँ योग्यता प्राप्त गर्नु हो। संस्कारको अर्थ शरीरलाई शुद्ध बनाउनु हो (क्षेत्री र खतिवडा, बि.सं २०५६, पृ.२३४)। संस्कार शब्द ऋग्वेदमा समेत प्रयोग भएको पाइन्छ। ऋग्वेदको एक ठाउँमा संस्कार शब्द छ, जसको अर्थ शुद्ध हुनु हो। यसैगरी, वाचस्पत्य वृहतविधानमा मानिसको २४ मध्ये महत्वपूर्ण एक गुणको रूपमा संस्कारको उल्लेख छ। न्याय-दर्शनमा यसलाई आत्मवाचकको रूपमा व्याख्या गरिएको छ। विरमित्रोदय ग्रन्थमा संस्कार भनेको एक विलक्षण योग्यता हो। मानव जीवनमा गरिने संस्कार विभिन्न अनुष्ठानहरू छन्।

संस्कारको प्रचलन वैद्धिककालदेखि हुँदै आएको छ। धर्म शास्त्रमा संस्कारको संख्या फरक-फरक देखाइएको छ। अश्वलायन, परासर, वौधायन गृहसूत्रमा १३ किसिमका संस्कारहरूको संख्या उल्लेख भएका छन् । गौतम धर्मसूत्रमा ४४ संस्कारको नाम परेको छ (साधुचरणप्रसादजी, ई.सं १९५५, पृ.१३३)। वैखानस गृहसुत्रले हिन्दू समाजमा १८ संस्कार उल्लेख गरेको छ (पाण्डेय, ईसं १९९५, पृ.११९)। पारस्कर, बौधायन र बाराह गृह्यसूत्रमा १३ किसिमका संस्कार जनाएको छ । आश्वलायन गृह्यसूत्रमा ११ संस्कारको उल्लेख छ। संस्कारले व्यक्तित्व विकास हुनुका साथै सामाजिक उत्थानमा योगदान पुऱ्याउन सक्षम बनाउने भएकाले गौतम स्मृतिमा ४० संस्कार अनुष्ठानहरू पूरा गर्नुपर्ने

प्रावधान छ। गौतम धर्म-सूत्रमा संस्कारहरू गर्ने व्यक्तिमा दया, क्षमा उचित व्यवहार आदि नैतिक गुण हुनुपर्ने निर्देशन दिएको छ। शास्त्रहरूमा संस्कारका अनुष्ठान फरक-फरक संख्या देखाइएको छ। नेवार समाजमा अनिवार्य रुपमा संस्कारलाई प्रचलनमा ल्याएको देखिन्छ। हिन्दू धर्ममा मुख्य गरी १६ संस्कार प्रचलित छन्। जसलाई 'षोड्स संस्कार' भनिन्छ। मध्यकालिनमा नेवार समुदायमा गर्भाधानदेखि विवाहसम्मको १० संस्कार अनुष्ठानहरू हुन्थ्यो । मध्यकालिन हस्तलिखितग्रन्थ तथा ठ्यासफूहरूमा दशकर्म पद्धति भनिएको छ।

हिन्दू समाजमा संस्कार मुख्य दुई प्रकारका छन्। १. ब्राह्म र २ दैव हुन्। गर्भाधान संस्कारलाई ब्राह्म भनिन्छ। अन्य संस्कारलाई दैव भनिन्छ (क्षेत्री र खतिवडा, बि.सं २०५४, पृ.२३५)। गर्भाधान, पुंसवन, सीमन्तोन्यन, जातकर्म, नामकर्म, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह, भिमरथारोहण तथा अन्त्येष्टि हुन्। काठमाडौं उपत्यकाका नेवार जाति मध्ये उपजाति राजोपाध्यायले जन्मदेखि मृत्युसम्म षोड्स संस्कारलाई गर्छन् कोटेश्वर निवासी मनोज राजोपाध्यायसँगको अन्तर्वार्ता)। राजोपाध्याय समुदायले हिन्दू धर्मशास्त्र अनुसारै १६ वटा संस्कार मानेका छन्। हिन्दू धर्मशास्त्र अनुसार षोड्स संस्कारअन्तर्गत १. गर्भाधान २. पुशंवन ३. सिमन्तोन्यन ४. जातकर्म ५. नामकरण ६. निष्क्रमण ७. अन्नप्राशन ८. कर्णभेदन ९. चुडाकर्म १०. विद्यारम्भ ११. उपनयन १२. वेदारम्भ १३. केशान्त १४. समावर्तन १५. विवाह र १६. अन्त्येष्टि पर्छन्। यसलाई पनि पाँच भागमा विभाजन गरेको देखिन्छ।

जन्मअघि गर्ने संस्कारमा गर्भाधान, पुशंवन र सिमन्तोनयन वर्गिकरण गरिएको छ। बालक अवस्थामा गरिने संस्कारमा जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चुडाकर्म र कर्णभेदन हुन्। शैक्षिक अवस्थामा विद्यारंभ उपनयन, वेदारम्भ र समार्वतन संस्कार पर्छन। गृहस्थ जीवन सुरू गर्नु अगाडि विवाह तथा अन्तिम संस्कारका रूपमा अन्त्येष्टीलाई राखिएको छ। नेवार समुदायमा कन्या अवस्थामा वेल विवाह (इही) जसलाई 'सुवर्ण विवाह' भनिन्छ। पहिलोपटक रजस्वला हुदाँ कन्यालाई आठ दिनसम्म गुफामा राख्ने वा नेपाल भाषामा *बाह्रा तयेगु* भनिन्छ (धौबन्जार, बि.सं,२०६५, पृ.६५) छ। आशासफु कुथिको संग्रहमा रहेको कान्तिपुरका मनोहर राजोपाध्यायद्वारा नेपाल संवत् ९८३ मा रचित 'दशकर्म' नामक पुस्तकमा संस्कारलाई विभाजित गरिएको छ।

पहिलो कर्म अनुसार यवादक, गर्भाधानं, पुसंवणं, जातकर्म्म र षष्ठ दिवसे हुन्। दोस्रो कर्मअनुसार सुतिकाग्नि विधि, निस्क्रमणं, नामकरणं र फल प्राशनं संस्कार पर्छन्। तेस्रो कर्म अनुसार षष्ठ मासे,

चुडाकरणं, वटु कर्म, मेखलाबन्ध, व्रतवन्ध वेदारम्भ, श्रावणी कर्म, सवावर्त्तन, सूर्या दृष्ट, विवाहकर्म्म र कन्यादान हुन्। चौथो कर्म अनुसार ब्रह्मूणी फणिनी छाय, ब्रह्मुणीचा प्रथम रजस्वरा, सीमन्तोन्नयनारायण पूजा र पितविय विधि उल्लेख गरिएको छ। नेवार समुदायभित्र गरिने मुख्य १० वटा कर्मलाई दशकर्म संस्कार भनिन्छ। जातकर्म, नाभिच्छेदन, छैठी, आशौच, नामाकरण अन्नप्रशाशन, चूडाकरण, ब्रतवन्ध, विवाह र अन्त्येष्टी (राजभण्डारी, बि.सं २०६६, पृ.६)। मध्यकालिन समाजमा परापूर्वदेखि चलिआएका हिन्दू संस्कारहरू नै प्रचलितमा छन्। मध्यकालीन समयमा गरिने धेरै जसो संस्कारहरूको वर्णन हिन्दू संस्कारअन्र्तगत राखिएको छ (बराल, बि.सं.२०५०, पृ.२९१)। त्यसबेला विना संस्कार कसैको पनि जीवनपूर्ण नहुने मान्यता रहेको थियो। काठमाडौं उपत्यकाका राजोपाध्यायहरूले मध्यकालमै विकसित भएको संस्कारलाई पछ्याइरहेका छन्।

## ५.१.२ गर्भाधान

हिन्दू वर्णव्यवस्थाअन्तर्गत गृहस्थाश्रम पर्छ। गृहस्थाश्रमको मुख्य लक्ष्य नै सन्तान प्राप्त गरी पितृ ऋणलाई तिर्नु हो (बराल, बि.सं २०४१, पृ.४४)। गर्भाधानको विभिन्न नियम छ। मनुस्मृतिमा गर्भाधान संस्कार गर्भको शुद्धिका लागि गर्ने भनिएको छ। विवाह भएको लगत्तै गर्भाधान संस्कार गर्नुपर्छ। यस संस्कारलाई पहिलो पटकमा पूरा गरिन्छ। एकपटक संस्कार पूरा भएको सुसंस्कृत क्षेत्रमा जति वटा गर्भ रहे पनि त्यो निर्दोष मानिन्छ (राष्ट्रिय अभिलेखालयमा रहेको हस्तलिखित ठ्यासफु दशकर्म पद्धति)। हस्तलिखित ठ्यासफु पद्धतिअनुसार गर्भाधान विधिलाई पहिलो रजस्वला भएको समयमा पूरा गर्नुपर्ने उल्लेख छ। विवाहित महिलाको गर्भ पवित्र रहोस र उचित समयमा गर्भधारणा होस भन्ने कामनाका साथ यो संस्कार गरिन्छ।

गर्भाधन भनेको सन्तान प्राप्तिको निमित्त विधि पूर्वक देवीदेवताहरूको आह्वान गरी पूजापाठ गर्नु हो। विवाह लगत्तै नवदाम्पतीलाई सँगै राखी गर्भाधान संस्कार गरिन्छ। यस विधिको बारेमा विभिन्न शास्त्रहरूमा वर्णन गरिएको छ। याज्ञबल्क्य स्मृतिमा पत्नीको ऋतुकाल (मासिक धर्म प्रारम्भ भएको चार दिनपछि) का दिनहरूमा गर्भाधान गर्नु उल्लेख छ। मध्यकालमा लेखिएको हस्तलिखित ग्रन्थमा गर्भाधान संस्कारअन्र्तगत गर्भ सोधन क्रिया र त्यस क्रममा उच्चारण गर्नुपर्ने मन्त्रहरू उल्लेख गरिएका छन्। विशेष गरी ब्राह्मण वर्गमा ब्राह्मण पुरूषले बायाँ हातमा पवित्र (कुश) लिएर मन्त्रोउच्चरण गरी

आफ्नी श्रीमती (ब्राह्मणी) को पेटमा छुवाउने चलन थियो छ (ठँहिटीका महेश्वर जुजु राजोपाध्यायसँगको अन्तर्वार्ता) । अहिले यो संस्कार अहिले प्रचलनमा छैन ।

## ५.१.३ पुंशवनं

बच्चा गर्भमा रहेको तीन महिनापछि यो संस्कार गर्नुपर्छ । घरपरिवार र अन्य आफन्तजनलाई बच्चा गर्भमा रहेको जानकारी दिने उद्देश्यले पुंशवंन संस्कार गरिन्छ। बच्चा पेटमा रहेको देखि सुत्केरी स्याहार्नसम्म अगाडिसम्म अजिलाई पुंसवंन संस्कार गराउने छ । यस संस्कारमा अजिले गर्भमा रहेको बच्चा सुरक्षित र राम्रो रहोस भनी विभिन्न देवदेवीमा पूजा गर्छिन् । उनले गर्भवती महिलालाई बच्चा जन्मनुअघि के गर्नु हुने वा के खाने-नखाने सवै सिकाउने गर्छिन् । यसैगरी, आश्वलायन गृह्यसूत्रमा गर्भमा रहेको भ्रूणलाई पुरूष बनाउने संस्कारका रूपमा व्याख्या गरिएको छ (मिश्र, ई.सं. १९८६, पृ.२८५) । यो संस्कार गर्न विभिन्न धर्मशास्त्र र ग्रन्थमा समय निर्धारण गरिएका छन् । व्यास स्मृतिमा पुंशवनं संस्कार गर्न बच्चा गर्भमा रहेको तीन महिना भित्र गर्नुपर्ने उल्लेख छ ।

मध्यकालका विभिन्न हस्तलिखित ग्रन्थ र ठ्यासफुमा पुंशवनं संस्कार बच्चा गर्भमा रहेको ६ महिना भित्र गर्नुपर्ने उल्लेखित छन् । यो संस्कार गर्नु भनेको कुल पुत्र प्राप्तीको लागि हो । मध्यकालिन नेवार समाजमा यो संस्कार ज्यादै प्रचलित थियो (धौवन्जार, बि.सं २०६८, पृ.३१) । राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म नं बी. ३६/७ फो. संख्या २२ को दशकर्म पद्धति अनुसार गर्भवती महिलाको माइतीबाट ल्याइएको सवै सामग्रीलाई पूजाको क्रममा अगाडि राख्नु पर्छ । गर्भमा छोरी रहँदा यस्तो किसिमको संस्कार गर्नु नपर्ने हस्तलिखित ग्रन्थमा उल्लेख छ । छोरा नभएको अवस्थामा मृत्युपछि स्वर्गको ढोका नखुल्ने धारणा रहेको देखिन्छ ।

## ५.१.४ सिमन्तोनयन

गर्भवती अवस्थामा गरिने अर्को संस्कार सिमन्तोनयन हो । सिमन्त भनेको गर्भिणी महिलाको कपाल र उन्न्यनको अर्थ कपाललाई ठाडो बनाउने कार्य हो । पारस्कर गृहसूत्रमा 'सिमन्त' भनेको केश र उन्नयनको अर्थ उठाउनु भनेको छ (धौबन्जार, बि.सं २०६५, पृ.३२) । मध्यकालमा यो संस्कार प्रचलित रहेको थियो । शिशुको जन्मअगाडि गरिने संस्कारलाई सिमन्तोनयन भनिएको हो । भ्रूण अवस्थामा रहेको शिशुलाई नराम्रोबाट रक्षा गर्न यो सस्कार गर्भको पाँचौ वा छैटों महिनामा गर्नुपर्छ । गर्भमा

रहेको बच्चा विभिन्न कारणबस नबस्न सक्छ । कसैको अदृश्य दुष्ट शक्तिबाट गर्भमा रहेको बच्चा तुहिने सक्ने विश्वास छ । यस किसिमको नराम्रो शक्तिमाथि नियन्त्रण र गर्भमा रहेको बच्चाको रक्षा गर्न सिमन्तोनयन संस्कार गरिने चलन रहेको छ (साधुचरणप्रसाजी, १.१४.२, संख्या ३९) । यस संस्कारमा मुख्य कार्य गर्भवती महिलाका श्रीमानले गर्छन् । गर्भवती महिलाको केशलाई सृङ्गार गर्ने र केशलाई माथि ठड्याउने कार्य श्रीमानले गर्छन् ।

## ५.१.५ दही चिउरा ख्वाउने (तस्बिर १)

नेवार समाजमा दही चिउरा ख्वाउन जाने चलन छ । नेपाल भाषामा यसलाई *'धौबजि नकेगु'* भनिन्छ । गर्भवती भएको नौ महिना पूरा भएपछि माइतीबाट छोरीलाई दही चिउरा ख्वाउने जान्छ । सुत्केरी हुने बेलामा कुने अप्ठेरो नआउनु भनी कामनाका साथ माइतीका आफन्तहरु यस सस्कारमा सहभागी हुन्छ । सहज रुपमा बच्चाको जन्म होस भनी दहि चिउरा ख्वाउने चलन रहेको देखिन्छ (राजभण्डारी, बि.सं२०६६, पृ.१०) । दहि चिउरा खुवाउने संस्कारमा माइतीको परिवारले आफ्नी छोरीको मनपर्ने खानेकुरा जोड्छ । दहीका साथमा चिउरा, मिठाई, फलफुल, अन्डा, माछा, यो मरी, मासु, चार प्रकारका घासा (तरकारी) वारा र सगुनआदि लिएर छोरीको घरमा जाने चलन छ (कायस्थ, बि.सं २०७७, पृ.७५) । गर्भवती छोरीसँगै उनका श्रीमान्लाई सँगै राखेर सुगन दिइन्छ । खानेकुरा गर्भमा रहेका बच्चालाई कुनै हानी पुऱ्याउँदैन । आमालाई सकेसम्म धेरै खानेकुरा खुवाउने गरिन्छ । गर्भवती महिलालाई शुभकामनासहित सगुन दिने गर्दछन् । यो संस्कारपछि छोरी माइतमा बस्न मिल्दैन ।

## ५.१.६ जातकर्म

नवजात शिशु जन्मेपछि गरिने पहिलो संस्कार जातकर्म हो । नवजात शिशुको बुद्धिमानी होस् भनी यो संस्कार गरिन्छ । जातकर्म संस्कारमा जन्मिएको शिशुको नाल नकाट्दै जिभ्रोमा वेद लेख्ने चलन छ । शिशुलाई अनेक किसिमको अनिष्टकारी रक्षा गर्न यस संस्कार गरिन्छ । योस संस्कारअन्तर्गत बुबाले छोरा वा छोरीलाई हेर्न, सुध्ने तथा आर्शिवार्चन मन्त्र उच्चारण गर्दछन् (लम्साल, बि.सं २०२३, पृ.४१) । नवजात शिशुको नाभी काटेपछि बुबाआमा र बालकलाई शुद्ध पार्न स्नान गराइन्छ ।

पहिला यो संस्कार गर्ने क्रममा शिशु जन्मपछि बुबाले स्नान गर्नु पर्थ्यो । मनुस्मृतिमा शिशुको सालनाल काट्न अगाडि यो संस्कार गर्नुपर्ने उल्लेख छ । याज्ञवल्क्य स्मृतिमा शिशु जन्मेपछि मात्र यो संस्कार मनाउन भनिएको छ । मनु र याज्ञवल्क्य स्मृतिले शिशु जन्मिएपछि उज्ज्वल भविष्यको

कामनासहित जातकर्म गरिने उल्लेख गरेका छन् (मिश्र, ई.सं १९८६, पृ.२९२) । नेवार समुदायमा नवजात शिशुको जन्म भएको समयदेखि नाभी काट्नेसम्मको सांस्कृतिक कार्यलाई जातकर्म संस्कार मान्ने चलन छ । सुतकको शुद्धिकरण नभएसम्म सुत्केरी र नवजात शिशुलाई एउटै कोठामा राखिन्छ । सुत्केरीले प्रयोग गरेका भाडाकुँडाहरू कसैले छुन हुँदैन । यदि कसैले ती भाडाकँडा छोएको अवस्थामा आगोले स्पर्स गराउनुपर्छ (गाबहाल निवासी, मधुरजुजु रापोपाध्यायसँगको अन्तर्वार्ता) । पहिला घरमै सुत्केरी गराउने भएकाले यो संस्कार गरिन्थ्यो ।

## ५.१.७ सुत्केरीको जानकारी गराउने

सुत्केरी भएको जानकारी आफन्तहरूलाई दिनुपर्छ । घरको १३ दिने हाडनाता सम्वन्ध भएको (फुकी) देखि माइतीसम्म नवजात शिशु जन्मेको सन्देश दिलाउनु पर्ने चलन छ । यो कार्य नवजात शिशु जन्मेको चौथो दिनमा गर्नुपर्छ । कतिपयले यस कार्यलाई *'सिन्ह कंके छोय'* (सिन्दुरको जानकारी पठाउने) भन्छन् । सुतक लागेको घरमा मुल पुरोहितले कर्माण्डी कार्य गर्छन् । पुरोहितले थोरै सिन्दुर एक विशेष किसिमको पात *(ज्योनालप्ते)* भित्र सुपारी, चाकू, नुन, अदुवा र ज्वानो राखी पोका पार्छन् (Nepali, 1965 A.D, p,.90) । ज्योनालप्ते भित्र सिन्दुर र सुपारी मात्र राखी पठाउने चलन छ । पुरोहितले कलर्शाचन पछि परिवारका जेष्ठ नागरिक देखि सिन्दुर दिन्छन् । सिन्दुर लगाएपछि सुतकको पालना गर्नुपर्छ । सिन्दुर र सुपारीले पोका पारेको हेरी नै छोरा वा छोरी जन्मेको भन्ने जानकारी मिल्छ । छोरा भए पातभित्र सिंगो सुपारी राख्नुपर्छ ।

छोरी भएमा आधा सुपारी मात्र राखिन्छ । सिन्दुर लगाएपछि त्यस घरमा पनि सुतक लाग्छ । उनीहरू पनि १० दिनसम्म सुतकमै वस्नुपर्छ । यदि अस्पतालमा प्रसुति हुँदा नवजात शिशु र आमा घर नफर्कदासम्म परिवारका अन्य सदस्यहरुलाई सुतक लाग्दैन । आमा र बुबालाई शिशु जन्मेको दिनदेखि नै सुतक लाग्छ । घर आएपछि मात्र परिवारका अन्य सदस्यलाई सुतक लाग्ने मान्यता रहँदै आएको छ । सुत्केरीको माइतीमा यस्तो जानकारी पाएपछि त्यसमा रहेको सिन्दुर, नून, अदुवा, ज्वानोलगायत अन्य सामग्री निकाली आफनो घरमा राख्छन् (न्हैकतलाका हरिओम राजोपाध्यायसँग अन्तर्वार्ता) । पहिला यसै चौथो दिनमै शिशुको नाभि छेडन हुन्थ्यो ।

### ५.१.८ छैठीं (तस्बिर २)

नवजात शिशुको जन्म भएको छैटो दिनमा षष्ठी पूजा गर्नुपर्छ। सुतिका बसेको ठाउँमा गणेश र जन्मदा, जीवन्तिका र षष्ठीदेवको पूजा गर्नुपर्ने विधान छ। षष्ठी पूजा नवजात शिशुको रक्षा र दीर्घायुको लागि गरिने पूजा हो (पन्थी, बि.सं २०७३, पृ.४४)। हिन्दू नेवारमा यसलाई 'छैठी' गर्ने भनिन्छ। छैठीको दिनलाई *'प्युचा न्ह्याके विधि'* भनिन्छ। नवजात शिशुको हातमा लगाउने सुनको बालालाई नेपाल भाषामा *'प्युचा'* भनिन्छ। हातमा लगाइ दिने कार्यलाई *'न्ह्याके'* भन्छ। यसै कारण षष्ठी (छैठी) कार्यलाई *'प्युचा न्ह्याके'* भनिएको हो राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म नं बी. १४ फो. संख्या ४६ को दशकर्म पद्धति। यो संस्कारमा विशेषत षष्ठी देवीको पूजाअर्चना हुन्छ। घरका मुलपुरोहित र मुलीले कलार्शाचन गर्छन्। देवी भागवतमा षष्ठी देवीले बालकलाई दिर्घायू बनाउने, भरपोषण तथा रक्षा गर्ने भनिएको छ (राजोपाध्याय, ने.सं ११३८, पृ.१८४)।

यस दिन चित्र गुप्तले बालकको निधारमा भाग्य लेखेर जाने विश्वास छ। हिन्दू नेवार समुदायमा यो संस्कार वा शिशु जन्मेको छैटो दिनलाई विशेष महत्वका साथ लिने गरिन्छ। बालक वा बालिका जन्मेको छैटौं दिनमा यो संस्कार गरिन्छ। षष्ठी देवीको पूजा सन्ध्याकालमा नगरे शिशुलाई पीडा हुन्छ (पन्थी, वि.सं २०७०, पृ.३५)। यो दिन बालरक्षक षष्ठीका देवीको विशेष पूजा हुन्छ। किनकी पुराणआदिमा देवीलाई मातृरूपा, दयारूपा र रक्षक रूपमा भनिएको छ। जल, स्थल, अन्तरिक्ष आदिस्थानमा अनिष्ट भएमा शिशुको रक्षा देवीले गरिदिने विश्वास छ। यसदिन फुपूले बच्चालाई काँखमा राखी तेल घसाइन्छ। बच्चालाई नयाँ लुगा, सुन र चाँदीको औठीं दिइन्छ। यो कार्य साँझ वा राति हुन्छ। छैठी कार्यमा प्रत्येक फुपुहरूले शिशुलाई काखमा लिएर बस्छन्। फुपूहरू पूर्वतिर फर्केर शिशुलाई काखमा राख्छन्।

फुपूहरूले आफ्नो अगाडि धानको माथि बत्ती बाल्छन्। यो धान आधा मानाको ६ भागमा राखिन्छ। सो धानको माथि ६ वटा पालामा लहरै लरहै तेल राखेर बत्ती बालिन्छ (प्रत्येक्ष अवलोकन)। मूलपूरोहितले मन्त्रो उच्चारण गरिरहेका हुन्छ। सँगसँगै सवैभन्दा ठूली फुपूले शिशुलाई काखमा राख्छिन्। त्यसपछि शिशुलाई तेल लगाइदिने, भोटो लगाइदिनेसँगै थाङ्गना (एक किसिमको पुरानो कपडा) लगाइने गर्छिन्। क्रमिक रूपमा फुपूहरूले शिशुलाई यस्तै कार्य गर्छन्। शिशुलाई तेल लगाइदिने फुकुवा भएको मानिन्छ। ६ वटा पालामा बलिरहेको बत्तीको ध्वाँसोको गाजल बनाएर शिशुलाई लगाउने काम सुरू पनि हुन्छ।

यही छैठी संस्कारमा फुपूहरूले शिशुको टाउकोमा दक्षिण चढाउँछिन् । यस बेलादेखि शिशुलाई अन्य व्यक्तिले दक्षिण चढाउने *'दक्षिण छायेगु'* कार्य सुरू हुन्छ (राजोपाध्याय, ने.सं ११३८, पृ.१८३ । यसै दिनबाट अन्य नातेदारहरूले शिशुलाई कपडा दिने, दक्षिण चढाउन फुकुवा भएको सन्देश जान्छ । षष्ठी कुमार र षष्ठी देवीको पूजा विधिवत रूपमा हुन्छ । सो पूजा भनेको गाईको गोवरले बनाएको षष्ठिका देवीको एक प्रकारको मूर्ति बनाउने हो ।

मूर्ति सुत्केरीको कोठाको भित्तामा टाँसेर पूजा गरिन्छ । पौराणिक मान्यता अनुसार गोवरको गन्धले किराफट्याङग्राहरू आउँदैनन भन्ने मान्यता रहेको छ । फुपूहरूको काम सकिएपछि शिशुलाई पुनः आमाकै काखमा राखिन्छ । सो घरकी *थकाली नकी* (परिवारकै जेष्ठ महिला) ले फुपूहरूलाई नून र कपडा दिन्छिन् । छैठीको दिन काम सकिएपछि घर परिवार फुपूहरू र अन्य नातेदारहरू लगायतले नून, चाकु, अदुवा ज्वानो प्रसादको रूपमा लिने गर्छन् । नुन, अदुवा, चाकु र ज्वानो सुत्केरीका लागि उच्चकोटीको जडिवुटी र पौष्टिक आहार मानिन्छ । यो षष्ठी कर्मको कार्यबारे मध्यकालिन विभिन्न संस्कार सम्वन्धी हस्तलिखितग्रन्थहरूमा उल्लेख छन् ।

## ५.१.९ नामकरण (तस्बिर ३)

शिशु जन्मिएपछि गरिने अर्को संस्कार नामकरण हो । ऋग्वेदमा शिशुलाई नक्षत्र, गुप्त, साधारण र याज्ञिक नाम राख्न सकिने उल्लेख छ । मध्यकालीन साहित्यमा शिशु जन्मेको १० देखि दुई बर्ष भित्र नामकरण संस्कार हुनुपर्छ । तर, कूलको परम्पराअनुसार नामकरण १० देखि १२ दिन भित्र गरिने चलन छ । नामकर्म संस्कारको मुख्य कर्म जन्मलग्न, जन्मनक्षत्र, जन्मास तथा अन्यान्य इष्टदेव-देविताआदिलाई उद्देश्य गरेर वैदिक विधिपूर्वक गरिने कार्य हो । नवजात शिशुका पिता वा घरको मुलीले नवजात शिशुको कानमा कुलोचित नाम राख्छन् (पन्थी, बि.सं २०७३, पृ.४५) । नामकरणको दिनमा शिशुलाई जन्मकुण्डली अनुसारै नाम राखिन्छ । नामसित भावको र कुलको पनि सम्वन्ध रहने हुँदा वर्णभेदअनुसार नाममा पनि भेद हुन्छ ।

गुह्यसूत्रहरूमा वर्णभेद, लिङ्गभेद, जातिभेद, स्वरभेद, मात्राभेद र निश्चत वर्ण व्यवस्था नामका निमित्त भएको उल्लेख छ । नामकर्म संस्कारले शिशुको आयु एवं तेज बृद्धि हुन्छ । साथै सांसारिक व्यवहारको सिद्ध पनि हुन्छ । शिशुको नामकरण गर्ने दिनमा आमाले शुद्ध वस्त्र ग्रहण गर्ने र बच्चालाई शुद्ध वस्त्र लगाई दिने चलन छ । नामकरणको दिन ब्राह्मणले चिनामा शिशुको नाम लेख्छन् । बालकलाई नाम

सुनाउने समयमा आमाले शुद्ध बस्त्र लगाएपछि बाबुको काखमा शिशुलाई राख्ने चलन छ । त्यसपछि दैवज्ञले गोलोचन, कस्तुरी र चन्दन मिश्रणले लेखेको नाम बालको कानमा सुनाउने चलन छ । यसको अभिप्राय शिशुको शुभोदय, भाग्योदय र कीर्ति प्राप्ती भन्ने हो । शिशु जन्मिएर लागेको सुतकलाई चोख्याउनु पर्छ । यसलाई नेपाल भाषामा *'जयबिलि ब्यंकेगु'* भनिन्छ । शिशुका परिवार तथा १३ दिनको नाता पर्ने सदस्यहरू नचोखिँदासम्म कतै जाँदैनन् । चोख्याउने काम नसकेसम्म उनीहरूले आफूलाई अशुद्ध नै मान्छन् (राजवंशी, बि.सं २०६५, पृ.११) । नेवार भित्र जातजातिका नियम अनुसार सुतक वार्नुपर्ने नियम छ । कसैले १० वा १२ दिनमा सुद्धिकरण गर्छन् ।

जातकर्म संस्कार पूरा गर्नेक्रममा सुतक शुद्धिकरण गर्नेको अघिल्लो दिन नै सुतक लागेका दाजुभाई आफन्त सवैलाई शुद्धिकरणको निम्तो पठाउँछ । शुद्धिकरण अर्थात नामकरणको दिन बिहान सवै सुत्केरीको घरमा पुग्छन् । नाउनीबाट नङ काट्न लगाउँछन् (गाबहालका मधुरजुजु राजोपाध्यायसँगको अन्तर्वार्ता) । नवजात शिशुको बुबाले मात्र कपाल खौरिनु पर्छ । यस दिन ब्राह्मण पुरोहितले घर र परिवारका सदस्यहरूलाई गहूँत छर्ने र शुद्ध पार्ने कार्य गर्छन् । नवजात शिशु र आमा पनि शुद्ध हुन्छन् । यस दिनमा सुतक लागेको सवै जसो लत्ताकपडा अनिवार्य रूपमा धुनुपर्छ । पहिला घरमै सुत्केरी गराउने समयमा शुद्धिकरण नभएसम्म सुत्केरीलाई परालमा बसाउने चलन थियो (धौवन्जार, बि.सं २०६८, पृ.४२) ।

अहिले अस्पतालमै सुत्केरी गराउने भएकाले परालमा राख्ने चलन हटेको छ । सुत्केरी र शिशुलाई चिसो नआउस भनी त्यही किसिमको कोठामा वन्दोवस्त गरिन्छ । सुतकको शुद्धिकरण (नामकरण) को दिन माइतीबाट सुत्केरी र शिशुका लागि नयाँ लुगासहित पूजाथाली र आवश्यक सामग्री पठाउनु पर्छ । सुत्केरी र शिशुलाई नुहाइदिएपछि माइतबाट ल्याएको नयाँ लुगा लगाउन दिन्छ । त्यसपछि गोवरले लिपेको शुद्ध कोठामा शिशु र आमालाई राख्छन् । *छ्वास अजिमा* र अजिमालाई आह्वान गरी पूजा कार्य हुन्छ । ती देवदेवीहरूलाई 'बो' चढाउनुपर्छ । एउटै दाजुभाई खलक भित्र एकैपटक दुई जनाको सुतक पर्नु नहुने चलन छ ।

यस्तो हुन गएमा त्यसलाई अशुभको संकेत रूपमा लिने गर्छ । एउटाको सुतकको शुद्धिकरण नभएसम्म अर्को बच्चाको कार्य गर्न मिल्दैन । यस्तोमा बाधा अड्चन फुकाउने प्रावधान रहेको हुन्छ । दुई सुत्केरीहरूलाई बेग्लाबेग्लै स्थानमा सुतकको शुद्धि कार्य तथा शिशुको नामकरण गरेको घटना मध्यकालिन घटनावलीमा उल्लेख छ (वज्राचार्य, बि.सं २०२५, पृ.१९३) ।

भक्तपुरमा नामकरणको दिन शिशुलाई दरवार स्क्वायरमा रहेको आगन घरमा भित्र प्रवेश गराउने चलन छ। यस दिनमा भित्र प्रवेश गराउँदा साइत हेर्नु पर्दैन। नामकरणको दिन शिशुलाई आगमन घरमा प्रवेश गराउन सकिएन भने अन्य दिनमा साइत हेर्नुपर्छ। त्यसबेला बोका बलीसहित आगन घरमा प्रवेश हुन्छ।

## ५.१.१० निस्क्रमण

निस्क्रमण भनेको घरबाट बाहिर जानु हो। नवजात शिशुलाई पहिलोपटक घर बाहिर लैजाने संस्कारलाई निस्क्रमण भनिन्छ। निस्क्रमण संस्कार गर्ने दिन शिशुलाई पृथ्वी, तेज, वायु, आकाश जलको मूर्तरूप सूर्य दर्शन गराउँछ। यसले शिशुको आयु बढने र ऐश्वर्य प्राप्त हुने विश्वास छ। विभिन्न स्मृतिहरूमा बालक जन्मेको १२ देखि ४ महिनाभित्र यो संस्कार गर्नुपर्ने उल्लेख छ। याज्ञवल्क्यमा चार महिनामा मात्र गर्नुपर्ने भनिएको छ। वीरमित्रोदयमा शिशुलाई तेस्रो महिनामा सूर्य दर्शन र चौथो महिनामा चन्द्र दर्शन गराउनु पर्ने लेखिएको छ (पन्थी, बि.सं२०७३, पृ.४६-४७)।

यो संस्कारपछि माइती पक्षले सुत्केरी स्याहार्न शिशु र आमा लिन आउँछ। शिशु जन्मेको २१ दिनमा सुत्केरीले नुहाएपछि माइती पक्षले छोरीलाई लिन आउँछ। यसलाई नेपाल भाषामा *'मचाबु लहिके यंकेगु'* (सुत्केरी पालिने जाने) भनिन्छ। सुत्केरी लिन जाँदा माइती पक्षले मासुको परिकार, चिउरा, चाहु, फलफुल र मिठाईआदि लैजान्छ। सुत्केरीलाई गुँदपाख, घिउ, चाकु, मासु, चाकुवास र क्वाँटी खुवाउने गरिन्छ (श्रेष्ठ, बि.सं २०६६, पृ.१४४)।

## ५.१.११ अन्नप्राशन (तस्बिर ४)

शिशुलाई ठोस पदार्थ खुवाउने संस्कारलाई अन्नप्राशंन (पास्नी) भनिन्छ। नेपाल भाषामा यसलाई *(मच्चा जंको)* भनिन्छ। बालकलाई ६ महिनामा र बालिका भए पाँच महिनामा अन्नप्रशासन गर्नुपर्छ। बच्चाको पाचन शक्ति विकसित हुने र उसको दाँत निस्किएपछि अन्नप्राशन गर्नुपर्छ (राजभण्डारी, ने.सं ११२८, पृ.३२)। शिशुको दाँत निस्कनु अन्नभक्षण क्षमताको चिन्ह हो। अन्नप्राशन संस्कार नगरेसम्म बच्चालाई आमाको दुधबाहेक अन्य ठोस पदार्थ खुवाउन नमिल्ने चलन छ। पारस्कर गृह्यसूत्रमा शिशुको दाँत नआउँदासम्म चार महिनाअघि अन्नप्राशंन गर्नु नहुने भनिएको छ। निर्धारित समयमा यो संस्कार गर्न नसक्न आठ, नौं र दश महिनामा गर्न सकिन्छ। मनुस्मृतिमा बालक ६ महिनाको भएपछि यो संस्कार गर्नु पर्ने उल्लेख छ। यसमा नसके आठ महिना पूरा भएपछि गर्न मिल्छ।

यदि कुनै ६ वा ८ महिनामा गर्न सकिएन भने अन्नप्राशन नव, दश र बाह्र महिनामा गर्न मिल्ने मनुस्मृतिमा उल्लेख छ। छोरालाई जोर र छोरीलाई विजोर महिनामा अन्नप्राशन गराउने चलन छ। छोरीलाई पाँच, सात वा नौ महिनामा पनि अन्नप्राशन गराउन सकिन्छ (पारस्कर गृहसूत्र, १.१४.२, पृ.२९०)। यसरी छोरा वा छोरीलाई फरक समयमा गरिने अन्नप्राशनले उनीहरूको शरीरिक विकासको अन्तरलाई बुझाउँछ। छोराको तुलनामा छोरी बच्चाहरूको शरीरिक विकासक्रम छिटो हुन्छ। यसैले छोरी बच्चाहरुको अन्नप्राशन पाँच महिना र छोरा बच्चाको शरीरिक विकास क्रम अलि ढिलो हुनाले ६ महिनामा अन्नप्राशन गर्नुपर्छ। शिशुलाई पहिलोपटक भात खुवाउनेलाई अन्नप्रशासन वा पास्नी भनिन्छ। आमाको गर्भमा रहँदा शिशुको मुखमा जुन फोहोर वस्तु परेको हुन्छ। त्यसको शुद्धि अन्नप्राशन संस्कारबाट हुन्छ (मिताक्षरा, ई.सं १९४१, पृ.१२)।

अन्नप्राशनमा शिशुको शक्ति, बुद्धि र दृढताका लागि दूध, दही र घिउआदिका खुवाउँदा उत्तम मानिन्छ। अन्न नै सम्पूर्ण जीवनहरूको रक्षक हो, अन्नपति सूर्यदेवले अन्नदान तथा मंगलदान गरून। अन्न ब्रह्मा हुन्, रज विष्ण हुन र भोक्ता शिव हुन (पन्थी, बि.सं २०७३, पृ.४९)। अन्नप्राशनको अर्को महत्वपूर्ण पक्ष जीविका परिक्षा हो। कलम, पुस्तक, भाँडा, धन, हतियार, सुन र चाँदी आदि शिशुको अगाडि राखिन्छ। शिशुले अगाडि राखेको जुन वस्तु लिन्छन, भविष्यमा पनि त्यसैमा निर्भर हुने मान्यता रहेको छ (आचार्य, बि.सं २०४१, पृ.२४८)। यो संस्कार गर्न साइत हेर्नुपर्छ। अन्नप्राशंनको दिन पुरोहितले विधि पूर्वक कलशार्चन गर्छन्। कलशार्चन विधिपछि आमाले शिशुलाई पूर्वदिशा फर्किएर काखमा लिएर बसेकी हुन्छिन्। त्यसपछि घरक मुली (थकाली) ले बच्चालाई पञ्चग्रास खुवाउँछन्। यसपछि बच्चाको अगाडि *थाय्भू* (विभिन्न ८४ किसिमको खाद्यन्न राखेको काँसको थाल) राखिएको हुन्छ। थकालीले नै बच्चालाई थाय्भूमा रहेको मध्ये भातबाट पञ्चग्रास खुवाउँछन्।

यो विधिपछि बच्चाले भात खान सुरू भएको मानिन्छ (जोशी, बि.सं २०५३, पृ. ११४-११५)। थायभूमा मासुका परिकारमध्ये भारद्वाज पंक्षीको मासु र माछा राख्नुपर्ने मान्यता रहेको छ। भारद्वाज पंक्षीको मासुले बच्चाको वाणीलाई राम्रो बनाउँछ। माछाले बच्चाको शरीरलाई कोमल बनाउँछ भन्ने विश्वास गरिएको छ। कतिपय दशकर्म पद्धतिमा अन्नप्राशनमा जिउँदो हाँसको मुखको टुप्पो बच्चाको मुखमा छुवाउनु पर्ने उल्लेख छ। भक्तपुरमा जिउँदो हाँसको टुप्पा बच्चाको मुखमा राख्ने चलन यथावत् नै छ (प्रत्येक्ष अवलोकन)। काठमाडौं र ललितपुरमा थाय्भूमा राखेको हाँसको टाउको मात्र बच्चाको मुखमा छुवाउने गर्छ।

अन्नप्राशनको बेलामा बच्चा रूनुलाई कतिपयले राम्रो लक्षणका रूपमा लिन्छन् (Nepali, 1965 A.D, p.65) । ठूलो कासँको थालमा राखिएका खेलौना, धान, इट्टा, माटो, सुनको गहना, रक्षामाला, पुस्तक, कमलआदि बच्चालाई देखाउँछ । बच्चाले जुन बस्तुलाई पहिलो पटक लिन्छ वा छुन्छ, भविष्यमा त्यही हुने विश्वास छ । अन्नप्राशनमा मामाको भूमिका महत्वपूर्ण हुन्छ । अन्नप्राशनपछि मामाले भाञ्जा वा भाञ्जीलाई बाकेर स्थानीय गणेशको दर्शन गराउँछन् । गणेशआदि देवदेवीको दर्शन गराएपछि मामाले बच्चालाई आमाकै काखमा राख्छन् । बच्चा नफर्कदासम्म आमा यथास्थानमा बसेकी हुन्छिन् ।

उनले पछि थायभू खान्छिन् । त्यसपछि माइती पक्षले बच्चा, छोरी, ज्वाई, परिवारका अन्य सदस्यलाई सुगन दिने कार्य सुरू हुन्छ । भक्तपुरका राजोपाध्यायहरूले अन्नप्राशनको कार्यमा जोशी, कर्माचार्य र मुख्य पुरोहित राख्छन् । काठमाडौं र ललितपुरमा मुलपुरोहित मात्र यस संस्कारमा सहभागी हुन्छन् । अन्नप्राशनको अवसरमा काठमाडौंको मखन खलकका राजोपाध्यायले सोभा भगवतीमा रहेको विजयश्वरी र आगन घरमा पूजा पठाउँछ । इन्द्रचोक खलकले आकाश भैरवमा पूजा पठाउने चलन छ । पाटनका राजोपाध्यायले पूर्णचण्डीमा पुजा पठाउँछ । भक्तपुरमा स्थान गणेश र आगन घरमा विशेष पूजा पठाउने चलन छ ।

यसै दिन नामकरणको दिनमा फुकालेको 'भोटो' अन्नप्रशानको दिनमा अजिले मिल्काउने गर्छ । भक्तपुर र काठमाडौंमा अन्नप्रशासनको भोलि स्थान गणेशमा चौथी पूजा गरी सुगन लिने चलन छ । ललितपुरमा कुमारी मन्दिरमा *'वंजला वनेयु'* जाने चलन छ (जावलाखेलका प्रचण्डहरी राजोपाध्यायसँगको अन्तर्वार्ता) भनिन्छ ।

## ५.१.१२ इहि (बेलविवाह) तस्बिर ६

नेवार संस्कृति भित्र छोरीको अन्नप्राशनपछि गरिने महत्वपूर्ण संस्कारमा इहि (बेल विवाह) हो । यसलाई सुवर्ण कुमारसँग विवाह गर्ने भनिन्छ । नेपाल भाषामा यो संस्कार इहीको रूपमा प्रचिलित छ । नेवार समुदायमा सामुहिक इहि गरिएको देखिन्छ । राजोपाध्याय भित्र सामुहिक नभएर एकल इहि संस्कार हुन्छ । इहि एक किसिमले प्रतिकात्मक विवाहको स्वरुप हो । काँचो सुन (बुकी) मा नारायण रूपी सुवर्णकुमार प्रतिमा बनाइन्छ । सुवर्ण कुमारको प्रतिमालाई प्रतिक मानेर बेल *(तस्विर नं ७)* सँग कन्याको विवाह गर्ने कार्यलाई वेल विवाह (इहि) भनिन्छ । सुवर्ण कुमारसँगको प्रतिकात्मक रुपमा विवाह गरेपछि इहि गरेकी कन्याहरू कहिल्यै विधवा नहुने धारणा छ (राजोपाध्याय, वि.सं २०७४,

पृ.११२) ।  इहि संस्कार तीन, पाँच, नौ वा एघार बर्षको विजोर अंक हुनुपर्छ (जुजु, ने.सं. १११९, पृ.३२) । ऋग्वेदमा एक कन्याको जीवनमा चारपटक विवाह हुने उल्लेख छ । जसलाई 'चतु विवाह' भनिन्छ । पहिलोमा सोम (चन्द्रमा), दोस्रो गन्धर्व, तेस्रो सूर्य र चौथोमा मनुष्यसँग कन्याको विवाह हुन्छ । ऋगवेदअनुसारै नेवार समुदाय भित्र कन्याको तीनपटक प्रतिकात्मक र एकपटक मनुष्यसँग विवाह देखिन्छ । पहिलो विवाह सोम (वेलसँग), दोस्रोमा गन्धर्व (गुफा राख्दा *बाह्रा ख्याः*) सँग, तेस्रोमा गुफा राखेको अन्तिम दिनमा सूर्यसँग र चौथोमा मनुष्यसँग विवाह हुन्छ (डल्लूका लक्ष्मण राजोपाध्यायुसँगको अन्तर्वार्ता) । वेल विवाह अगाडिसम्म कन्यालाई कुमारी देवीको रूपमा पूजा गर्ने परम्परा छ ।

कन्या (छोरी) पहिलोपटक रजोवती हुनुअघि सुवर्णकुमार नामको धार्मिक देवपात्रसँग विवाह गरि दिने मान्यता छ । ग्रन्थहरूमा छोरीको विवाह नहुँदै बुबाको घरमा रजस्वला भए बृषली हुने धारणा छ । बृषलीको अर्थ कलंकलाई जनाउँछ । यसबाट मुक्त पाउन कात्यायन सूत्र र कल्पशास्त्रको निर्देशन अनुसार कुशण्डी यज्ञ विधिबाट आफ्नी छोरी कन्यालाई सुवर्णकुमारसँग विवाह गराइन्छ (राजोपाध्याय, ने.सं ११३१, पृ.१०२) । वेल विवाहमा प्रयोग हुन काँचो सुन र विटुलोले समाजभित्र प्रतिकात्मक सन्देश दिएको छ । सौभाग्यको प्रतिक फल विटुलो हो ।

खानीबाट निकालिएको सुन (काँचो) जसलाई *'कचि लूँ'* भनिन्छ । काँचो सुनलाई भगवान नारायणको प्रतिक रूपमा सुनको प्रतिमा बनाएर विधिवत पूजा गरी कन्यालाई सूवर्ण कुमारसँग कन्यादान पूजा गरिन्छ । सुवर्णकुमारसँग केन्याको विवाह हुनुअघि घरकी जेष्ठ महिला सदस्य (थकाली नकी) ले सिन्हमूमा रहेको सिन्दुरको कार्य महत्वपूर्ण मानिन्छ । थकाली नकीले कन्याकुमारीको निधारमा तीनपटक दायाँबाट बायाँ, बायाँबाट दाँया गरी निधारसम्म सिन्दुर राखिन्छ (राजभण्डारी, ने.सं ११११२, पृ.६७) । यसलाई सिन्दुरारोहण भनिन्छ । कन्याकुमारीले वेल विवाहको अवसरमा लगाउने साडीलाई नेपाल भाषामा *इहि पर्सि* भनिन्छ । यही इहि पर्सि लगाएर कन्या आफ्ना बुबाको काखमा बस्छिन् । बुबाले छोरीलाई दायाँपट्टिको काँखमा राख्छन् ।

कन्यादानको अवसरमा तामाको थालीमा वेलफल, बुके सुन (काँचो सनुको प्रतिमा) राखी पूजा हुन्छ । कन्यादानको अवसरमा कोल्ला आवश्यक पर्छ । कन्याको बुबाले छोरीको बुढी औला समाति र कुशसँगै तिल लिएर प्रतिमा छोइराख्छन । कन्याकी आमा र थकाली नकीले कलशबाट गाईको दुध र पानीको धाराद्वारा तपर्ण गर्न लगाउँछन् (राणा, बि.सं २०२७, पृ.२३७) ।

यसरी कन्यादान गरी कन्यालाई सुवर्ण कुमारलाई सुम्पिन्छ । वेल विवाहको प्रतिकातमक वा साँकेतिक अर्थ हो, घरकी कन्याकुमारी आजको दिनबाट ठूलो भइन् । समाजमा एक जिम्मेवार सदस्यको रूपमा नीति नियम पालना गराउनको लागि पनि हो । यसैगरी कन्यालाई वेल विवाहको भोलिका दिनबाट परिवार भित्र जन्मदेखि मृत्यु संस्कारसम्मका सबै नियम पालना गर्नुपर्ने सन्देश दिलाउनु हो । वेल विवाहको अघिल्लो दिन पूर्वाङ्गको काम हुन्छ । नेपालमा भाषामा यसलाई दुसो भनिन्छ । पुर्वाङ्गको दिन आफ्ना पूर्वजहरू (पित्तृ) लाई आह्वान स्वरूप नांदी श्राद्ध गर्नुपर्छ । यसलाई बृद्धि वा नानीमुखी श्राद्ध *(तस्बिर १४)* भन्छन् । बेयर, दुवो र पञ्चामृतको मिश्रणमा पूर्वजहरुलाई  आह्वान गरिन्छ । मंगल कार्यको अवसरमा पितृहरूलाई प्रसन्नता र सन्तोष दिलाउन आभ्युदयिक श्राद्ध गरिएको हो । यसलाई आभ्युदयिक श्राद्ध वा अभ्युदयको उपलक्ष्यमा गरिने बृद्धि श्राद्ध भनिन्छ ।

आफ्ना सन्तानहरूको अभ्युदय बृद्धि देखेर आनन्दित भएका नान्दीमुखी पितृहरूको उद्देश्यले गरिने श्राद्ध भन्दछ (राणा, बि.सं २०५६, पृ.७७) । नान्दी श्राद्ध समापनसँगै वेल विवाह गरिने कन्यालाई विधिवत रूपमा पूजामा सहभागी गराइन्छ । कन्यालाई थाय्भू *(तस्बिर ११)* खुवाइन्छ । थाय्भू खाएपछि कन्याले नुनिलो खाद्यन्न खान मिल्दैन । यस दिन पिठ पूजा र चापूजा हुन्छ । चापूजा भनेको तान्त्रिक विधानअनुसार राति गरिने विशेष किसिमको पूजा हो । यसै दिन कन्याको टाउको देखि खुट्टासम्म पहेलो धागोले १०८ पटक तलमाथि गर्नुपर्छ । जसलाई *दुसोका (तस्बिर ५)* भनिन्छ । इहिमा कन्याको नङ फुपुहरूले काँसको थालमा थाप्छन् । फुपुहरूले थापेको नङ खोला बगाउँछन् (प्रत्येक्ष अवलोकन) । पहिला राजोपाध्याय भित्र इही संस्कार हुँदैन्थ्यो । त्यो समयमा छोरी घरमै रजस्वला हुनुलाई नराम्रो वा असुभ मानिन्थ्यो । त्यसबेला कन्याको सानै उमेरमा विवाह हुन्थ्यो (ठँहिटीका महेश्वरजुजु राजोपाध्यायसँगको अन्तर्वार्ता) । आजभन्दा ६०-७० बर्षअघि राजोपाध्याय भित्र बालविवाह प्रचलित थियो ।

## ५.१.१३ बाह्रा तयेगु (गुफा राख्ने)

छोरीको अर्को प्रमुख संस्कार गुफा राख्ने हो । नेपाल भाषामा यसलाई *बाह्रा तयेगु* भनिन्छ । कन्या पहिलोपटक पहिलोपटक रजस्वला भएको दिन अध्यारो कोठाभित्र राखिन्छ । गुफामा बसेकी कन्यालाई पुरूषले हेर्न नहुने मान्यता छ । राजोपाध्याय भित्र छारी कन्यालाई आठ दिन राखिन्छ । पहिलो र चोथो दिन थकाली नकीले गुफा बसेकी कन्यालाई नछोई कपडा राखी सुगन दिन्छिन् । छोरी गुफामा बस्दा

आमाबुबालाई सुतक लाग्छ । गुफा राखिएको कोठा भित्र कपासको *बाह्रया ख्याक*को प्रतिमा बनाएको हुन्छ । भूतको प्रतिकलाई मानिएको यसलाई कसैले छुनु हुँदैन (राजवंशी, बि.सं २०६५, पृ.२३) । गुफामा रहँदा कन्याले सात दिनसम्म नुन खान मिल्दैन । गुफामा रहँदा आफू परिपक्व भईसकेको कन्याले महसुस गर्छिन् । महिलालाई सात दिनसम्म सूर्यको किरण नआउने कोठामा राखिन्छ । आठ दिनमा पुरोहितले विधिपूर्वक पूजा गरेपछि कन्यालाई सूर्यको दर्शन गराउँछन् । सूर्यको दर्शन गरेपछि कन्याले बुबाको मुख हेर्छिन् । थकाली नकीले कन्यालाई सिन्दुरारोहण गर्छिन् । त्यसपछि छोरीलाई स्थान गणेश मन्दिरमा लैजाने चलन छ । हिन्दू संस्कारमा ठूला काममा साइत निकाली काम हुन्छ । तर, गुफा वस्दा साइत हेर्नु पर्दैन । यसमा महिना, वार र उमेरको मतलव हुँदैन ।

पहिला गुफामा बस्दा मनोरञ्जनको सामग्री कोठा भित्र महिलाहरूबीच नै श्रृंगार गर्ने, गट्टा खेल्ने, चुल्ठो बाट्नेआदि हुन्थ्यो । गुफा बसेकी कन्यालाई खुवाउनु अघि सवै खानेकुरा गुफाको भुतलाई चढाउनु पर्छ । गुफामा रहँदा उनै भुतले रक्षा गर्ने विश्वास छ । यदि गुफा राखेको अवस्थामा कन्याको मृत्यु भएको अवस्थामा त्यही कोठाको दलिन प्वाल पार्दै छिंडीमा गाँडनु पर्छ । काठमाडौंको इन्द्रचोकस्थित एक घरमा यस्तो घटना भएको देखिन्छ (इन्द्रचोकका प्रमोद राजोपाध्यायसँगको अन्तर्वार्ता) । आजभोलि गुफा राखेको बेलामा नराम्रोसँग विरामी भएको अवस्थामा डाक्टरद्वारा नै उपचार गराउँछ । राजोपाध्याय भित्र आजभोलि छोटकारी करण प्रभाव परेको देखिन्छ । अहिले साइत निकाली गुफा राख्ने चलन विस्तारै सुरु भएको छ ।

## ५.१.१४ चुडाकर्म (तस्बिर नं ९)

जसरी एक कन्या वयस्क नहुँदासम्म बेलविवाह र गुफा राख्ने चलन छ । त्यसैगरी, नेवार समुदायमा पुरूषहरूलाई यस्तै किसिमको संस्कार गर्नुपर्छ । बाल्यकालमा अन्न प्राशनपछि पुरूषको दोस्रो महत्वपूर्ण संस्कार चुडाकर्म हो (वज्राचार्य, ने.सं ११२१, पृ.१३) । चुडाले बालकको शिरको कपाल खौरनेलाई अर्थ्याउँछ (आप्टे, ई.सं १९९६, पृ.३८५) । बालकको केश मुण्डन गरी राख्ने शिखा (टुप्पी) राख्ने संस्कारलाई चुडाकर्म भनिन्छ (जोशी, ई.सं १९६७, पृ.३०४) । चुडाकर्म भनेको छोराको पहिलो पल्ट कपाल खौरिने कर्मलाई बुझाउँछ । चूडाकर्म संस्कारलाई शास्त्रमा 'चुडाकरण' भनिन्छ । यसलाई छेवर गर्ने वा क्षौर गर्ने भनिन्छ । यस संस्कारमा पहिलोपटक छुरा लगाएर कपाल काट्ने काम हुन्छ । चूडाकरण संस्कार वैदिक मन्त्रद्वारा सम्पन्न गरिन्छ । यो संस्कार स्वच्छतासँग सम्वन्धित भएको

कारणले बालकको दीर्घायु र कल्याणका निमित्त गरिने संस्कार हो (कर्क, ई.सं १९५२, पृ.२)। शरीरको नङ केश काट्ने र खौरिने संस्कारबाट हर्ष, सौभाग्य र उत्साहको बृद्धि भई पापको नाश समेत हुन्छ। बालक पारस्कर गृहयसूत्रमा यस संस्कार बालक जन्मेको ३, ५ वा ७ बर्षमा गर्नुपर्ने उल्लेख छ। राजोपाध्याय भित्र साइत निकालेर चुडाकर्मको दिन बालकको कान छेडने तथा कपाल खौरिने काम एकै दिन हुन्छ। नेपाल भाषामा 'बस्खा वा बुस्खा' तयेगु: भनिन्छ। चुडाकर्ममै कान प्वाल पार्ने संस्कार भएकाले यसलाई 'कर्णवेध' भनिन्छ ।

यो कर्णवेध बालक जन्मेको विजोर वर्षमा सूर्य, बृहस्पति राम्रा, तारा चन्द्र अनुकूल, शुभ तिथि र शुभ ग्रहको बार पारी आश्विनी मृगशिरा पुनर्वसु आदि नक्षय हेरी शुभ लग्नमा पूर्वाङ्ग पारी गर्नु भन्ने उल्लेख छ (राणा, बि.सं २०५६, पृ. ३३३)। चैत्र र पुस महिना, चर्तुमास, जन्म महिना, जन्म नक्षण, जोश बर्ष, एकादशी अष्टमी पर्व, आइतबार, मंगलबार र शनिबार, जन्मराशि वा जन्मलग्न देखि अस्टम लग्न र अस्टम ग्रह भएको बेला गर्नु हुदैन। शास्त्रअनुसार कान छेड्दा छोराको दायाँ र छोरीको बायाँमा गर्नुपर्ने उल्लेख छ (राणा, बि.सं २०५६, पृ. ३३४)। हिन्दू संस्कार अनुसार बालकको कान छेड्न कार्य नवौं संस्कारका रूपमा पनि लिइन्छ। पारस्करगृह्यसुत्र, कात्यायन श्रौतसूत्र र वीरमित्रोदय संस्कार प्रकाशमा यसको वर्णन भएको छ। शारीरिक स्वास्थ्य र सौन्दर्य वृद्धि निमित्त पनि चूडाकर्मको बेलमै कर्णभेदन गरिन्छ (पन्थी, बि.सं २०७३, पृ.५१)।

चुडाकर्मको अघिल्लो दिन पूर्वाङ्ग *(दुसो)* कार्य हुन्छ। यसै दिनमा घरको मुलीले सवै पितृहरूको आह्वान निमित्त नान्दी श्राद्ध गर्छन्। बालकलाई पहेलो धागोले शरीर नाप्ने काम हुन्छ। यसलाई दुसो का: भनिन्छ। बालकलाई थाय्भू (८४ प्रकारका विभिन्न खाद्यान्न राखी भोजन राखी) खुवाइन्छ। पूर्वाङ्गको राती मामाले चुडाकर्म गर्ने बालक (भाञ्जा) को शिखा (टुप्पी) बाँधने काम हुन्छ। मामाले शिखा बनाउँदा सुनको औंठीको घेराभित्र राख्नुपर्छ (भक्तपुरस्थित आदर्शका कमलधर राजोपाध्यायसँगको अन्तर्वार्ता)। अर्को दिन पुरोहित र घरको थकालीले विधिवत रूपमा वैदिक, पूजापाठ र कुशण्डी यज्ञकर्म गर्दछन्। कलार्शाचन पूजापछि बालकलाई घरकै जेष्ठ महिला सदस्य (थकाली नकी) ले लसकुस गरी ल्याउँछिन्। मामाले सुनको छुराले बालकको चारै दिशामा संकेतिक रूपमा कपाल खौरिने कार्य गर्छन्।

त्यसपछि हजाम वा नौ (नेपाल भाषामा कपाल काट्ने व्यक्तिलाई नौ) ले बालकको कपाल र नङ काट्ने काम गर्छन्। कपाल र नङलाई फूपूहरूले काँसको थालमा थाप्नुपर्छ। फूपूहरूले बालकको

कपाल र नङलाई नदिमा विर्सजन गर्नुपर्छ। काठमाडौंमा वाग्मती वा विष्णुमती, भक्तपुरमा हनुमानघाट तथा पाटनमा शंखमुलमा फुपुहरुले कपाल र नङ नदीमा सेलाउने गर्दछन (प्रत्येक्ष अवलोकन) । बालकको मुण्डन भएपछि हजाम वा नौले कान छेड्न गर्छन। त्यसपछि पुरोहितले बालकलाई यज्ञमा सहभागी गराउँछन्। चुडाकर्मको भोलि बालकलाई मामा खलकबाट सगुन दिन्छ। चुडाकर्म बालक पाँच बर्ष पूरा भएपछि गर्नुपर्छ। तर , आजभोलि यो आफू अनुकुल समयमा गरेको देखिन्छ। अहिले यो संस्कार घर बाहिरि गर्ने गरेका छन्।

## ५.१.१५ *बुन्हाँ तयेगु* (व्रतवन्ध )

हिन्दू धर्ममा तीनवटा ऋण छोराले तिर्नु पर्दछ। द्विजबालकलाई जन्मदा देव, ऋषि र पितृ ऋण लाग्छ। यी ऋणबाट मुक्त हुन द्विजसन्ततिले व्रतवन्ध संस्कार गर्नुपर्छ। देव ऋणबाट मुक्त हुन यज्ञ वा दान गर्नुपर्छ। यसका लागि व्रतवन्ध संस्कार गरिएको हुर्नुपर्छ। असंस्कृत व्यक्ति यज्ञमा दीक्षिताबाट वन्चित छ। ऋषि ऋणबाट मुक्त हुन वेदाध्ययनपूर्वक ब्रह्मज्ञान गर्नुपर्छ। व्रतबन्ध संस्कार विना वेदाध्ययन गर्न मिल्दैन। पितृ ऋणबाट मुक्त हुन तर्पण, श्राद्ध र तीर्थश्राद्ध गर्नुपर्छ। यो कार्य गर्न व्रतबन्ध हुनुपर्छ। यसै तीनवटै ऋण चुक्ता गर्ने माध्यम नै उपनयन वा व्रतबन्ध संस्कार हो (पन्थी, बि.सं २०७३, पृ.५८)। गुरू ऋण तिर्ने मुख्य संस्कार नै विद्या आरम्भबाट हुन्छ। यसै संस्कारबाट शिक्षा तथा दीक्षाको प्रारम्भ हुन्छ। यो संस्कारबाट व्यक्ति ब्रह्मचार्य आश्रममा प्रवेश गर्छ। उपनयनको अर्थ नजिक लैजानु हो (पाण्डे, ई.सं १९६९, पृ.१५)।

यसले बालकलाई अध्ययन गराउन, ज्ञान सिक्न गुरूसमक्ष नजिक पुऱ्याउनेको निमित्त उपनयन वा व्रतवन्ध संस्कार गरिन्छ। व्रतवन्धअगाडि बालकको अनिवार्य रूपमा चूडाकर्म हुनुपर्छ। चुडाकर्म नहुँदासम्म व्रतवन्ध गर्न मिल्दैन (राणा, बि.सं २०५६, पृ.७४)। यो संस्कार नहुँदासम्म द्विजकुलका मनुष्य पनि शुद्र नै हुने भएकोले ब्राह्मण कुलमा व्रतवन्ध संस्कार आवश्यक मानिएको हो। ब्राह्मण कूलमा जन्मे पनि यज्ञोपवीत धारणा नगरेसम्म बालकले वेद पढन पाउँदैन। वेदाध्ययन गर्नुपर्ने भएकाले वेदाध्ययनको अधिकारी हुन गरिने कर्म नै 'व्रतवन्ध' हो। यसलाई उपनयन पनि भनिन्छ। व्रतवन्धमा यज्ञोपवीत (जनाई) नलगासम्म द्विज कुनै काम गर्नका लागि अधिकारी हुँदैन। बालकले यज्ञोपवीत र गायत्री मन्त्रप्राप्त गरेपछि कुल धर्म गर्न अधिकार प्राप्त गर्छन् (भट्ट, ई.सं १९४६, पृ.१७१)। व्रतवन्ध संस्कारमा गुरूले बालकलाई शिष्यका रूपमा स्वीकार गर्छन।

गुरूकुलीय पाठशालामा शिक्षा तथा दीक्षा दिने गर्दछन । गुरूकुलमा बालकले वेद शिक्षा लिएर कर्मकाण्डीय पाठसमेत ग्रहण गर्छन् । व्रतवन्ध नगर्दासम्म राजोपाध्यायले जजमानी र अन्य पूजापाठ गर्न मिल्दैन । अश्वलयान गृहसूत्रमा ब्राह्मण भए आठ बर्षमा दिने, क्षेत्री भए ११ तथा वैश्यले १२ बर्षमा बालकलाई व्रतवन्ध संस्कार गर्नु पर्ने उल्लेख छ (स्वामी, ई.सं १८९३, पृ.६) । यसबाहेक यो संस्कार १६, २२, २४ बर्षमा गर्न भनिएको छ । ब्राह्मणले सेतो रंग, क्षेत्रीले रातो तथा वैश्यले पहेंलो रंगको जनाई लगानु पर्ने उल्लेख छ । व्रतवन्धपछि ती बालकले ब्रह्मचार्य आश्रममा जादाँ गुरूकुलमा ओढ्नका लागि कृष्णसारमृगको छाला प्रयोग गर्नुपर्छ । धर्मशास्त्रमा व्रतवन्धको लागि नियम उल्लेख भएपनि राजोपाध्याय भित्र प्रचलनमा त्यति छैन ।

पहिला राजोपाध्याय भित्र बालक ८ बर्ष हुँदा नै व्रतवन्ध गरिन्थ्यो (शर्मा, ने.सं ११२७, पृ.३९१) । अहिले चुडाकर्मपछि अनुकुल समय मिलाएर व्रतवन्ध संस्कार गर्ने चलन छ । चूडाकर्म र व्रतवन्ध संस्कार एकै दिनै सम्पन्न गर्ने गरेको देखिएको छ । राजोपाध्याय भित्र पहिले व्रतवन्ध संस्कार गर्दा तीन महिनासम्म राखिन्थ्यो । उनीहरूले यसलाई ‘कय्ता पूजा’ भन्छन् । नेपाल भाषामा व्रतवन्ध र कय्ता पूजालाई *बुन्हाँ तयेगु* (शाब्दिक अर्थ व्रतवन्ध) का रूपमा प्रचलित छ । बालकलाई तीन महिनासम्म व्रतवन्ध संस्कारमा राखिदा जनैपूर्णिमाको दिन निकाल्नुपर्छ । जनै पूर्णिमाको अगाडि विधिवत साइत हेरी बालकलाई तीन महिनासम्म एउटै कोठामा राखिन्छ । पुरूषको व्रतवन्ध र महिलाहरू गुफा वस्ने संस्कार सांकेतिक रूपमा उस्तैदेखिन्छ । तीन महिनासम्म एउटै कोठामा बस्दा उसलाई दैनिक नित्यकर्म गर्नुपर्ने सवै संस्कार सिकाइन्छ । पुरोहित र पण्डितहरूले दैनिक जसो तीन बालकलाई जन्मदेखि मृत्यु संस्कारसम्म गर्नुपर्ने कार्य, वेर्दाचन तथा यज्ञकर्मआदि सिकाउँछन् ।

तीन महिना ती ब्राह्मणले नै दैनिक भात पकाएर खानुपर्छ । जनै पूर्णिमाको दिन निकाल्न मिलेन भने बालकलाई वैशाखमा व्रतवन्धमा राखिन्छ (शर्मा, ने.सं ११२१, पृ.३९१) । त्यसपछि उसलाई भाद्रमहिनामा कोठाबाट बाहिरि निकालिन्छ । व्रतवन्ध आषाढ महिनामा गायत्रीमन्त्र प्रदान गरिए विपक्षीमाथि विजय र यशस्वी हुन्छ । यसैगरी, माघ महिनामा गर्दा धनप्राप्त हुने, फालगुनमा मेधावी हुने, चैतमा वेद जान्ने हुन्छ, वैशाखमा सुखि र जेठमा बलियो विद्वान हुने कृति तत्वसंग्रहमा उल्लेख छ । तीन महिना ब्रह्मचार्यमा रहँदा बालकले पहेलो रंगको लुगा लगाउने र प्रत्येक दिन नुहाउनु पर्छ । ब्रह्मचार्यमा रहँदा बालकलाई कहाँसम्म जान मिल्ने (बाहिर) नियम राखिएको हुन्छ । उसले दिनमा एक छाँकमात्र खानु पर्छ ।

जनै पूर्णिमाको दिनसम्म रहँदा प्रत्येक दिन यज्ञादि गर्नुपर्छ। यस दिनबाहिर निकाल्दा घरको मुलीले ती बालकलाई गायत्री मन्त्र प्रदान गर्छन्। यद्यपि, राजोपाध्यायभित्र बालकलाई तीन महिना ब्रह्मचार्यमा राख्नु पर्ने नियम पूर्ण रूपले लोप भइसकेको अवस्था छ। बालक तीन महिनासम्म बाहिर आउन नमिल्दा उसको पढाईमा निकै असर पर्छ। यस कारणले पनि अहिले तीन महिनै ब्रह्मचार्य नियम पालना नभएको हो (टेंगलका गोविन्दभक्तानन्द सुवेदीसँगको अन्तर्वार्ता)। केही समयसम्म चार दिनसम्म बालकलाई ब्रह्मचार्यमा राखिन्थ्यो। अहिले यो संस्कार दुई दिनमा सिमित भएको छ। दुई दिनको कार्यको पहिलो दिन पूर्वाङ्ग (दुसो) मा बालकलाई काँसको थालमा थाय्भू (८४) प्रकारका विभिन्न खानाहरू) खुवाइन्छ। यो कार्यमा घरकी थकाली नकीले गर्छिन्।

पूर्वाङ्गको भोलि कलाशार्चनसँगै यज्ञ गरी व्रतवन्ध काम हुन्छ। घरको मुलीले बालकलाई लंगौटी लगाइदिने र गायत्री मन्त्र दिन्छन्। मामाले बालक (बटुक) को सुनको हतियारले सांकेतिक रूपमा चारै दिशामा काट्छन्। त्यसपछि हजामले कपाल खौरिने र नङ काट्छन्। फुपूहरूले बालकका कपाल र नङ काँसकै थालमा थाप्छन्। सवै काम सकेपछि बुबा र आमाबाहेक अन्यसवैले बालकलाई भिक्षा दिन्छन्। सवैले भिक्षा दिएपछि बालक (बटुक) ले आमाबुबालाई तीन चक्कर लगाएर आज्ञा लिँदै वनवास तिर जान्छन्। मामाले बालकलाई स्थान गणेशमा सात पाइला हिडाउन घर बाहिर लैजान्छन् । सात पाइला हिडेर बालक भाग्दा नदी नाध्न हुँदैन। यदि यस्तो घरमा उसलाई घर फर्कन वर्जित गरिएको छ। काठमाडौं र ललितपुरमा फरक/फरक स्थानमा सात पाइला हिडाउने गरिएको देखिन्छ। भक्तपुरमा बालकलाई हनुमानघाटमा हिडाउने चलन छ (प्रत्येक्ष अवलोकन)।

बालकले सात पाइला टेक्दा मामाले समात्ने गर्दछन्। ब्रतवन्ध संस्कारपछि बालक (बटुक) ले जजमानी काम गर्न अधिकार पाउँछन्। व्रतवन्ध र उपनयनको सम्वन्धमा मध्यकालीन दशकर्म पद्धति सम्वन्धी हस्तलिखित ग्रन्थ र ठ्यासफुमा समेत उल्लेख छ। यस क्रममा उपनयनलाई वटुकर्म्म भनिएको छ। वटुकरण, जातवन्ध, व्रतबन्ध र कयताविगु जसलाई मेखलावन्ध भनिएको छ (बज्राचार्य र मल्ल, ई.सं १९८५, पृ.५७)।

## ५.१.१६ विवाह

विवाह शब्दको 'वि' उपसर्गपूर्वक 'वह प्रापणे' भन्ने धातुवाट सिद्ध हुन्छ। 'विशेषण उह्याते' यस विग्रहअनुसार 'विवाह' शब्द बनेको हो। यसको अर्थ विशेष किसिमले वहन गर्नु तथा पुऱ्याउनु हुन

आउँछ। विवाह शब्द संस्कृतबाट आएको हो। यसको अर्थ कुनै वस्तुलाई धारणा गर्नु। यसरी कन्यालाई विशेष प्रकारले आफ्नो पत्नी बनाएर लैजाने विधिलाई नै विवाह भनिन्छ (नाना, ई.सं १९९४, पृ.५१)। हिन्दूशास्त्र अनुसार १६ संस्कार मध्ये विवाह एक महत्वपूर्ण संस्कार हो। गृह्य सूत्रहरूमा प्रारम्भ विवाह संस्कारबाटै भएको छ। समाजको प्रत्येक व्यक्तिले विवाह गरेर गार्हस्थ्य जीवन चलाउन प्रारम्भ गर्छ। धार्मिक विधि विधानमा पत्नीसहित हुनुपर्ने व्यवस्था छ। ऋणत्रयबाट मुक्ति पाउन सन्तान जन्माउनु आवश्यकता भएदेखि विवाहको महत्व अधिकारिक बढ्दै गएको छ (पन्थी, बि.सं २०७३, पृ.१२१)।

विवाहको उद्देश्य दुई विपरित लिङ्गका प्राणीलाई पति र पत्नीका रूपमा परिवार एवं समाजमा स्थापित गर्नु हो। हिन्दू धर्ममा मनुष्यले तिर्नु पर्ने तीन ऋणमध्ये पितृ ऋणबाट मोक्ष पाउन गृहस्थ आश्रमलाई धारणा गर्नुपर्दछ। विवाहको केही विशिष्ट लक्ष्य मध्ये यो मुख्य हो। ब्रह्मचार्य आश्रमपछि पुरूषले अनिवार्य रूपमा गृहस्थ आश्रम जानुपर्छ। वैदिककालमा विवाहलाई सामाजिक व्यवस्था तथा धार्मिक कर्तव्य भनिएको छ। हिन्दूशास्त्रहरूले विवाहको मुख्य लक्ष्य आदर्श जीवनको कार्यान्वयन भनेका छन्। जीवन रूपी लामो यात्रामा पति-पत्नीका रूपमा एउटा अनुशासित, व्यवस्थित र मर्यादित जीवन निर्वाह गर्न नै विवाह अनिवार्य मानिन्छ (क्षेत्री र खतिवडा, बि.सं २०५४, पृ.२५२-२५३)।

अश्वलायन, यज्ञावल्क्य, महाभारत, कौटिल्य अर्थशास्त्र र मनु स्मृतिमा आठ प्रकारका विवाह प्रचलित भएको उल्लेखित छन् (झा, ई.सं १९३२, पृ.४७)। ब्रह्म, दैव, आर्ष, प्राजापत्य, गान्धर्व, राक्षस आसुर तथा पैशाच हुन्। वसिष्ठ धर्म सुत्र र आपस्तम्ब धर्म सूत्रलले आसुर र पैशाचलाई अलग समूहमा राखी हिन्दूधर्ममा ६ प्रकारको विवाह भएको उल्लेख छ (त्रिपाठी, ई.सं १९७०, पृ.४७)। गृहसुत्र तथा स्मृतिहरूमा ब्रह्मा, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ प्रकारका विवाह उल्लेख भएका छन्। गान्धर्व, राक्षस तथा पैशाच पद्धति अनुसारको विवाह समाजमा प्रचलित छैनन्। यद्यपि, नेवार समाजभित्र 'मागी विवाह' चल्दै आइरहेको छ (धौबन्जार, बि.सं २०६८, पृ.६८)। केटा र केटीसँगै राखी विधिविधान अनुसार हुने विवाहलाई भागी विवाह भनिन्छ।

यसलाई प्राजापात्य विवाहको रूपमा लिइएको छ। बाह्म, दैव, आर्ष तथा प्राजापत्य विवाह हिन्दूधर्ममा प्रचलित छन्। राजोपाध्याय समुदायमा ब्राह्म तथा प्रजापत्य दुई प्रकारले विवाह संस्कार गरिन्छ। जसमा यज्ञ तथ होम गरी कन्यालाई वरसँग कन्यादान दिन्छन्। अहिले कन्यादान विस्तारै हराउँदै गएको छ। राजोपाध्याय भित्र विवाह संस्कार विभिन्न चरणमा सम्पन्न हुन्छ।

### ५.१.१६.१ सुपारी लैजाने (तस्बिर १६)

विवाहको लागि केटी खोज्ने र प्रस्ताव लाने कार्य दुई किसिमले हुन सक्छ। सुरूमा केटा पक्षले केटी पक्षसम्म कुरा चलाउन आफन्तबाट पठाउँछ। यसैगरी लमी (दुई पक्षबीच कुरा चलाउने मध्यस्तकर्ता) को मार्फतबाट विवाहको प्रस्ताव पठाउँछ। मध्यस्तकर्ताले केटी वा केटा पक्षबाट विवाहको प्रस्ताव स्विकार्य रहेको सूचना दिएपछि विवाह संस्कारको प्रक्रिया अगाडि बढ्छ। सुरुमा केटा र केटीको जन्मकुण्डली जुराउने कार्य हुन्छ। कुण्डली भिडाएर केही नल्मिदा विवाहको प्रस्ताव अगाडि बढदैन (श्रेष्ठ, वि.सं २०६६, पृ.१४९)। राजोपाध्याय भित्र एकै घरका दुई छोराबीचको विवाह हुँदा जेठो छोराको मात्र कुण्डली हेरिने चलन छ। जन्मकुण्डली मिलेको खण्डमा दुई परिवारबीच अन्तिम कुरा छिन्न एउटा दिन निर्धारण हुन्छ।

केटा पक्षको घरका जेष्ठ सदस्यहरू केटी पक्षको घरमा जान्छन्। केटी छिन्न बिहिबार वा सोमबार दिनमा जान्छ। यसबाहेक अन्य दिनमा विवाहको कुरा छिन्न मिल्दैन। विवाहको अन्तिम कुरा छिन्न जानेलाई सुपारी लैजाने *(ग्वय यंकेगु)* भनिन्छ। यस विधीलाई *'खं क्वछियगु'* (कुरा छिन्न जाने) समेत भनिन्छ। केटी पक्षको घरमा सुपारी लैजादा केटा पक्षबाट घरको मूली (थकाली) ले कन्या पक्षकी मूलीलाई सुपारी दिन्छन् (शर्मा, ने.सं ११२७, पृ.३९३)। यसमा केटा पक्षका मुलीले केटी पक्षकी मुलीलाई रातो कपडामा काँचो १० वटा सुपारी दिन्छन्। सृङ्गारिएको काँचो सुपारी प्रदान गरिन्छ। केटा पक्षबाट सुपारी लैजादा केटी (विवाह हुने महिला) लाई सगुनको रूपमा दिने पूजाको थाली, विभिन्न किसिमका लाखा, गहना, दोपट्टा, ओढने दोसल्ला, सिन्दुर वत्ता, फलफुल, दही, माछा, उसु र मिठाईआदि सामग्री किस्तीहरूमा *(तस्बिर १३)* पठाइन्छ (श्रेष्ठ, बि.सं २०७६, पृ.१५)।

नकीले कन्यालाई विधि अनुसार सगुन दिन्छिन्। विभिन्न कारण विवाह नभए केटी पक्षबाट सुपारी फिर्ता दिएर सम्वन्ध तोडिन सक्ने अवधारणा छ (शर्मा, ने.सं ११२७, पृ.२९३)। सुपारी लिएपछि विवाह हुने केटीले सुरूमा पुरोहितको घरमा सुगन लिन जान्छिन्। यसलाई *'नकीवुनी'* भनिन्छ। त्यसपछि उनी आफन्तसँग सुगन लिने जाने गर्छिन्। यो विवाहको चार दिनअघिसम्म चल्छ।

### ५.१.१६.२ कल्यां पठाउने (तस्बिर १५)

नेवार समाज भित्र रहे पनि राजोपाध्यायको विवाह संस्कारमा केही चलन फरक छ। विवाहको नौ दिन वा एक साता अगाडि सुपारी पठाइन्छ। विवाहको चार दिन अगाडि केटा पक्षबाट केटीलाई कल्यां

(सुन, चादी वा पित्तलको चूरा) सहित सुगन सामग्री पठाउने चलन छ (राजभण्डारी, ने.सं ११२२, पृ.३५)। *कल्यां* भनेको हातमा लगाउने चुरा हो। कल्यां लगाउने चलन 'अस्टमातृका' को प्रतिक हो (Nepali, 2003 A.D, p.140)। यस दिनमा पनि केटाको घरबाट केटी पक्षलाई सुपारीमा पठाएको सामग्री जस्तै पठाउनु पर्छ। यस दिनमा केटाको घरबाट *मरी कसी* (माटोको ठूलो भाँडो) पनि पठाउनु पर्छ। माटोको भाँडो भित्र लडडु राखिएको हुन्छ। सुगनको कार्य समाप्तपछि कन्याले माटोको भाँडो मुख फुटाछिन्। त्यसभित्रको लडडू सुरूमा देव भाग भनी छुट्याइन्छ। विस्तारै परिवारका सदस्यहरूलाई लडडू बाँडिन्छ (टौमढीकी रोहिणी राजोपाध्यायसँगको अन्तर्वार्ता)।

कन्याको घरबाट पनि केटाको घरमा सुगन पठाउने काम हुन्छ। सगुनसँगै कन्याको जन्मकण्डुली पठाउनु पर्छ। केटाले कन्याको घरबाट ल्याएको जन्मकुण्डलीसाथमा राखी सगुन लिन्छन्। कल्यांको दिन दुध राखेको भाडो *(दुरूदाई)* र माछा आफन्तहरूलाई केटी पक्षले बाँडिन्छ। विवाह हुने कन्या त्यसपछि नजिकको आफन्तका सुगन लिन जान्छिन्। सुपारी र कल्यांको दिनमा ल्याएका सामग्री पछि केटा पक्षको घरमा स्वयम्बरको भोलिपल्ट थपेर फिर्ता पठाउनु पर्छ। कल्यां लगाएपछि दुहली हुने घरको सिमाना नाघेर बाहिर जान मिल्दैन्।

## ५.१.१६.३ पूर्वाङ्ग वा दुसो (तस्बिर ५)

कन्यादान वा स्वयम्बरको अघिल्लो दिनमा केटा र केटीको दुवैका घरमा पुर्वाङ्ग (दुसो) को काम हुन्छ। भक्तपुरमा यस विधिलाई पीठ पूजा गर्ने भनिन्छ। काठमाडौं र ललितपुरमा यसलाई पूर्वाङ्ग वा दुसो मात्र भन्ने गरिएको छ। भक्तपुरमा यो कार्य गर्दा मूल पुरोहित, जोशी र कर्माचार्यले संयुक्त रूपमा काम गर्छन्। पूर्वाङ्गको दिन दुवै घरमा ब्रह्मा कलशको स्थापन्ना गरी पितृहरुको आभ्युदयिक श्राद्ध गरिन्छ (राणा, बि.सं २०२७,प.घ)। इष्ट देवता, वायु देवता, स्थान देवता, कुलदेवआदि लगायतमा पूजा पठाइन्छ। घरको मुली (थकाली) ले यी सवै कार्य गर्छन्। नान्दीमुखी श्राद्ध कार्यसँगै दुवै घरमा औपचारिक रूपमा विवाह कार्य सुरू भएको मानिन्छ।

सँगसँगै थकाली नकी (घरको जेष्ठ महिला) ले दुहली हुने बधुलाई गर्नुपर्ने संस्कार गर्छिन्। कन्याको उचाई अनुसार पहेलो धागो तलमाथि नापिन्छ। त्यसलाई सानो बाँसमा बेरेर राखिन्छ। पछि यो छोरी अन्माउँदासँगै पठाउनुपर्छ। यस दिनमा माटोको मूर्ति *(अलिंद्यः)* को (तस्बिर १२) पूजा हुन्छ (राजभण्डारी, ने.सं ११२२, पृ.५९)। विधिवत रूपमा पूर्वाङ्गको काम सकेपछि कन्यालाई 'थाय्भू'

खुवाइन्छ। यस कार्यमा देव र सूर्यलाई फरक भाग राख्नुपर्छ। कन्या पक्षमा गरिएको नान्दी श्राद्धको जलप्रसाद केटा पक्षमा पठाउनुपर्छ। विवाह गर्ने वरको घरमा पनि पूर्वाङ्ग काम हुन्छ। यो लगभग वधुको घरमा जस्तै विधि विधान अनुसार काम हुन्छ। यसमा कुल अनुसार रीतिरिवाज फरक छ। पूर्वाङ्गको साँझ वा वेलुकतिर कन्याको घरबाट शुभ साइतको पत्र लिएर हुने वाला दुलाहको घरमा निमन्त्रणा दिन जानुपर्छ।

## ५.१.१६.४ कन्यादान (तस्बिर १७)

स्वयम्बर वा कन्यादानको दिन वर (दुलाहा) को घरमा सुगन कामसँगै बाहिर पठाइन्छ। केटी (वधु) को घरमा पूजा हुन्छ। केटीको घरमा दुलाहलाई घरका मुलीले भित्र्याउँछन्। आजकल स्वयम्बर वा कन्यादान पार्टी प्यालेसमा गर्ने चलन आइसकेको छ। विवाह संस्कारसँगै होम काम हुन्छ। दुहलीतर्फकी नकीले सिन्दुरारोहण गर्छिन। दुलही पक्षका पुरोहितले कलाशार्चन कार्य गर्छन्। स्वयम्बर भए *(तस्बिर १८)* मा यही विधि अनुसार संस्कार कार्य हुन्छ। स्वयम्बर हुँदा यसैको विधि अनुसार विवाह हुन्छ। स्वयम्बरमात्र हुँदा दुहलीले दश वटा सुपारी लिएर दुलाहको तीनपटक चक्कर लगाउँछिन्। त्यसपछि दुलाहले दुलहीको औलामा सुनको औठी लगाइदिन्छन्। दुलाह पक्षबाट गहनाको कामपछि दुलही पक्षबाट दुलाहलाई गहना लगाउने काम हुन्छ।

त्यसपछि दुलाहले वत्तामा रहेको सिन्दुर दुहलीको निधारमा बायाँबाट दायाँ गरी तीनपटक राख्छन्। दुलाहले सिन्दुर बत्ता दुहलीलाई दिन्छन। यो क्रमसँगै स्वयम्बर विधी समाप्त हुन्छ। कन्यादान विधि अनुसार विवाह हुँदा नकी र दुलहीको आमाले दुलाह र दुहलीको औलासमातेर पानी र दुध खन्याउने गर्छन्। दुई पक्षका पुरोहितले वैदिक मन्त्रोउच्चरण गर्छन्। कन्यादान वा स्वयम्बर विधि समाप्त भएपछि दुलाह र दुलहीले यज्ञ गर्न जान्छन् (तस्बिर १९)। यज्ञमा वस्दा दुवैले पूर्वाङ्गको दिनमा लगाएको पहेलो धागो (दुसो का) साथमा राख्नुपर्छ। वर र वधुले *दुसो का*लाई ग्रन्थीवन्धन गर्नुपर्छ। हिन्दूहरूको विवाह संस्कारको एक अनिवार्य रूपमा सप्तपदीलाई लिइन्छ। वर र वधुका साथ ग्रन्थीबन्धन गरी पानको पात (पातमा ल्वाङ्ग, सुपारी, पैसा र लाभा) तीन पटक यज्ञशालाको परिक्रम हुन्छ (प्रत्येक्ष अवलोकन)।

यज्ञशालाको परिक्रमा गर्दा सात पाइला निकै महत्वपूर्ण मानिन्छ। यसमा गहस्थ धर्मका सात नियमहरूको स्मरणसमेत गराइन्छ। पुरोहितले प्रत्येक पाइलाको भावअर्थ बुझाउँदै जान्छन्। अभिनव

संस्कृति कोषमा उल्लेख भए अनुसार १. पहिलो पाइलाले अन्नको कामना हुन्छ । २. दोस्रो पाइला टेक्दा शारीरिक मानसिक बल कामना हुन्छ । ३. तेस्रोपटक पाइला टेक्दा धनको कामना गरिन्छ । ४. चौथो पाइलाले सुख प्राप्ति होस भनी कामना गरिन्छ । ५. पाँचौ पाइला प्रतिक सन्तानको प्राप्ति हो । ६. छैटो पाइलाले प्राकृतिक सहायताको कामना दुवैले गर्छन । अन्त्यमा सातौँ पाइला टेक्दा वर र बुधले पारस्परिक सहयोगको कामना गर्छन (जोशी, बि.सं, २०५८, पृ.२१९) । यसैगरी, दुवैले पृथ्वी, जल, अग्नि, वायु, विराट, परमाणु र प्रकृतिलाई साक्षी राखी स्विकार गरी दाम्पती जीवन स्विकारेको भाव गर्छन् । कन्यादान वा स्वयम्बरमा दुवै पक्षबाट ल्याएको मलसाहरू आदान प्रदान हुन्छ । पछिल्लो समयमा राजोपाध्याय भित्र छोरा वा छोरीको विवाह अन्तर जातिय भए (तस्बिर २०) पनि विधिपूर्वक नै धुमधामसँगै मनाउने क्रमश प्राथमिकता पाएको छ ।

### **५.१.१६.५** *भम्चा पितवियगु* (दुलहीलाई बिदा गर्ने)

साँझको समयमा दुहलीलाई विदा (अन्माउने) काम हुन्छ । छोरीलाई अन्माउनेलाई नेपाल भाषामा '*भम्चा पितवियगु'* भनिन्छ । यो कार्यमा साइत आवश्यक पर्दैन । दुलहीलाई विदा गर्नुअघि घर परिवार र अन्य नातेदारहरूले सुपारी लिन्छन् । आमा-बुबाले अन्तिममा छोरीसँग सुपारी लिन्छन् । सुपारीपछि दुलाह र दुलहीलाई 'थाय्भू' खुवाउने कार्य सुरू हुन्छ । यसमा दुलहीतिरकी नकीले सवै काम गर्छिन् । दुलाह र दुहलीले थाय्भू खाने सकेपछि सवै परिकार घरको चौवाटोमा *(छ्वास)* मिल्काइन्छ । स्वयम्बर गरिएको खण्डमा 'द्यपौँ' कार्य थाय्भू कार्यपछि गर्नुपर्छ । विवाह संस्कार कन्यादान अनुरूप भएको हुँदा द्यपौ कार्यक्रम त्यसैबला हुन्छ ।

रातो कपडा वा दोपट्टामा *द्यपौमा* १० वटा चाँदीको सिक्का, काँचौ सुपारी, दुवो राखेको फुल, कलिलो चामलआदि समावेश हुन्छ । दुलाह पक्षको मुलीले दुहली पक्षको आमा-बुबासँगै थकाली र नकीलाई द्यपौ देखाउँछन् । यसपछि दुलाह पक्षको मुलीले आफ्ना बुहारी (दुहली) लाई पाउँचु लगाइदिन्छन । हुने वाला सुसरा वा श्रीमान्को कुलका जृष्ठ पुरुष (थकाली) ले आजको दिनदेखि तिमी 'बुहारी' हाम्रो घरको लक्ष्मी रूपमा प्रवेश गरौँ भन्ने भावले पाउजु लगाउने हो । पाउजु सुरूमा बायाँ र त्यसपछि दायाँमा लगाउइ दिनुपर्छ । यो कार्य सकेपछि अन्तिममा कन्याको बुबाले *'ज्वल न्ह्याक'* (एक किसिमको सांकेतिक ऐना) दिन्छन । आमाले 'सिन्ह मू' सिन्दुर राखेको दिन्छिन (Nepali, 2003 A.D, p.149) । सँगसँगै आमा-बुबाले छोरीसँग सुपारी लिन्छन् ।

त्यसपछि घरको आगम वा मुलढोका अगाडि दुलाहले दुहलीको टाउकोमा पर्ने गरी माथि लाभा र अभिर फयाँक्छन् । मामाले आफ्नी भान्जी (दुलही) लाई बोकेर गाडीमा तीनपटक परिक्रमा गरी भित्र राख्दछन् (तस्बिर २१) । गाडीको पहिलो चक्कर लगाउँदा दुलाह र दुहलीसँगै हुनुपर्छ । दोस्रो र तेस्रो चक्करपछि दुलाह गाडी भित्र जान्छिन् । यसपछि स्थान गणेश वा चौवाटोमा दुवै पक्षका थकालीबीच कुराकानी विदा हुन्छन् ।

### ५.१.१६.६ दुहली भित्राउने कार्य (*होकेगु*)

घरमा जेष्ठ महिला (नकी) र दुलाहको आमाले *पिखालुख*देखि लसकुस भित्राउँछन् । यस कार्यलाई नेपाल भाषामा *'भौमचा दुकायगु वा होकेगु'* भनिन्छ । घर भित्राउनु अघि नकीले दुलाह र दुहलीलाई पाठी, साँचो र सुकुन्दाले अनुस्थान गर्छिन् । चामल वा चिउरा दुलाह र दुहलीको टाउकोमा छुवाई फयाक्ने कार्य गरी भूतप्रेत पन्छाउन लगाउने काम हुन्छ (श्रेष्ठ, बि.सं २०६६, पृ.१५२-१५३) । सासुले दुलहीलाई भोटे ताला समात्न लगाई घर भित्र प्रवेश गराउँछिन् ।  पुरोहितले दुलाह र दुलहीलाई यज्ञमा सहभागी गराउँछन् । यो कार्य सकेपछि दुलाह र दुलहीलाई थायभु खुवाउँछन् ।

### ५.१.१६.७ सँ प्याकेगु (तस्बिर २२)

विवाहको अर्को सांस्कृतिक पक्ष केश बन्धन गर्नु हो । यसलाई नेपाल भाषामा *सँ प्याकेगु* भनिन्छ । राजोपाध्याय भित्र विवाहको भोलिपल्ट यो संस्कार हुन्छ । दुलहीको माइतबाट आवश्यक पर्ने सवै सामग्री यस दिन पठाउँछ । पुरोहितले केश बन्धन कार्य गर्दा यज्ञ देखि कलश पूजा गर्नुपर्छ । पुरोहितले विधि अनुसार काम गरिरहँदा श्रीमानले आफ्नी श्रीमतीलाई विधिपूर्वक केश बाँटी जुरो पार्ने, सिन्दुर छाउने, टिका तथा गजाल लगाइदिन्छन् । यसरी श्रीमानले आफ्नी श्रीमतीको सृङ्गार गर्छन् (धौवन्जार, बि.सं २०६८, पृ.७९) । सृङ्गार गर्ने सवै जसो चाँदीको साम्रगी बुहारीको माइती पक्षबाट पठाउँछ । राजोपाध्याय भित्र सँ प्याकेगु दिन श्रीमानले यज्ञशालामा भात पकाएको श्रीमतीलाई खुवाउने प्रथा छ । दुलहीको माइतीबाट ल्याएको सामग्री मध्ये मरी कसी (माटोको भाडो) को कार्य पनि हुन्छ । यस पटक श्रीमानले भाडो फुटाल्ने काम गर्छन् (प्रत्यक्ष अवलोकन) ।

त्यस भित्र रहेको लडडू र रोटी (धाँगोले बाँधेको) आफन्तहरूलाई दिने काम हुन्छ । दुलहीको टाउकोमा रहेको झुल्कालाई घरको कान्छो व्यक्तिले थाप्दछन । यो झुल्का दुहलीकी माइजुले बुन्नुपर्छ । झुल्का थपेका व्यक्तिको चाँडै विवाह हुन्छ भन्ने विश्वास छ ।

## ५.१.१६.८ देवाली पूजा

सँ प्याकेगुपछि विवाहको अन्तिम कार्य देवाली पूजा हो। देवाली पूजा नहुँदासम्म नूनले बनेको केही खान मिल्दैन। विवाहको चौथो दिन देवाली पूजा हुन्छ। कुलदेवता पूजा गर्ने विधीलाई देवाली पूजा भनिन्छ। यो पूजा आगम विधि अनुसार हुन्छ। पूजा चलिरहँदा दिक्षित व्यक्तिहरू सहभागी हुन पाउँछन्। दिक्षा नलिएका व्यक्ति मन्दिर भित्र प्रवेश गर्न मिल्दैन। देवाली पूजामा काठमाडौं उपत्यकाभित्र रहेका राजोपाध्यायले आआफ्नो कुल अनुसार पूजा गर्छन्। देवालीमा बोकाको बलि दिनुपर्छ। यसै दिनमा नव दाम्पतीलाई कुलदेवतामा प्रवेश गराइन्छ। देवाली पूजापछि १३ दिनको नातेदारबीच *'सिंकाय भ्व'* खाने चलन छ (Nepali, 1965 A.D, p. 205)। कुलदेवतामा बलि दिएको बोकाको टाउँकोको भाग आठै राखिन्छ। यो वरीयता अनुसार भाग राखिन्छ। काठमाडौंको मखन खलकले धुम्बाराही र इन्द्रचोकका राजोपाध्यायले इंचगु नारायणको महालक्ष्मी स्थानमा देवाली पूजा गर्छन्।

पछिल्लो समयमा इन्द्रचोकका केही परिवारले टेकुको मचलीमा देवाली गर्दै आइरहेका छन्। भक्तपुरमा देवाली पुजा सल्लाघारीमा गरिन्छ। कतिपयले सल्लाघारीको कुलदेवता तानेर यो पुजा भक्तपुर दरवार भित्र स्थापना गरेका छन्। उनीहरूले त्यही दरवार स्क्वायरभित्र विवाहको अवसरमा देवाली गरेको पाइएको छ (स्थलगत अवलोकन)। पाटनका राजोपाध्याय खलकले पूर्णचण्डीमा देवाली मनाउँछन्। देवाली पूजाको दिनमा सवै आगमन पूजा थकाली र नकीले गर्दछन्। देवालीपछि मात्र दुवाह र दुलही भोज सहभागी हुन्छन्। देवालीमै दुहलीसँग दुलाह पक्षका १० दिनका आफन्तहरूले सुपारी लिन्छन्। समय अनुसार कन्या पक्षको घरमा नयाँ ज्वाँईलाई भित्र्याउने चलन छ। नेपाल भाषामा *'जिलाजं दुचायेकेगु'* भनिन्छ। सो दिन कन्या पक्षको परिवारसँग नयाँ ज्वाइको चिनजान हुन्छ। राजोपाध्याय समुदायमा मुख हेर्न चलन छैन।

## ५.१.१७. पास्नी (जंको)

बृद्ध अवस्थामा प्रवेश गर्ने संस्कारलाई पास्नी भनिन्छ। बृद्ध आमाबुवा वा हजुरबुबा-आमाको जंको सकेपछि उनीहरुलाई भगवान सरह मान्छन्। नेवार समाजभित्र पाँचपटक सम्मको जंकोको नाम राखिएको छ। मध्यकालिन हस्तलिखित ग्रन्थ र ठ्यासफूमा यस संस्कारलाई *'ज्याःथजंक्व'* भनिएको छ। ने.सं ८१५ को भीमरथारोण सम्वन्धी हस्तलिखितग्रन्थमा भीमरथारोहण, सहस्त्रचन्द्र, महारथ, दिव्यरथ र

महादिव्य रथ नाम रहेको छ (धौवन्जार, वि.सं २०६८, पृ.८१)। मध्यकालका हस्तलिखित ग्रन्थ र ठ्यासफूमा पहिलोपटकको जंको बाहेक अन्यका दिन र उमेर फरक छन्। पहिलो पटकको जंको सवै सात अक्षरमा हुन्छ। जन्मेको दिन देखि ७७ बर्ष सात महिना सात, सात घडी र सात पला भएको दिनमा पहिलोपटकको जंको हुन्छ (कायस्थ, वि.सं २०७७, पृ. ८२)। यसलाई भीम रथारोहण *(तस्बिर २३)* भनिएको हो। ७७ बर्षमा गरिने भीम रथारोहणलाई 'उष्णीष विजयोत्सव' को प्रतिक रुपमा लिने गरिन्छ (वज्राचार्य, मिती नभएको, पृ.१)।

यस अवसरमा उष्णीय विजयानाम आयु देवताको पूजा गरी तीनपटक रथमा घुमाउने गर्छ। बुबा र आमाको पास्नीको दिनमा सवै अनुष्ठान कार्य जेठो छोरा र बुहारीले गर्छन्। यद्यपि, कुलका थकाली र नकीले अनुष्ठान कार्य गरेको पाउन सकिन्छ। यो संस्कार गर्न धान, नाङ्लो, कुचो, सिन्दुरदानी, आर्षी ऐना, जन्मकुण्डली आवश्यक पर्छ। श्रीमान्को जंको गर्ने समयमा श्रीमतीसँगै राखी भीम रथारोहणमा समावेश गरिन्छ। भीम रथारोहणमा विहान सूर्यको पूजा हुन्छ। भीम रथारोहण दुई किसिमले गर्न सकिन्छ। एउटा कलार्शचन र दोस्रो यज्ञसहित कशल पूजा गरी गर्न सकिन्छ (इन्द्रचोकका प्रमोद राजोपाध्यायसँगको अन्तर्वार्ता)। यज्ञ गरी भीम रथारोहण विधि ज्यादै लामो छ। पछिल्लो समय कलश पूजा मात्र गरी भीम रथारोहण गरेको पाइन्छ।

जंको गर्ने बुबा वा आमाले देवदेवताको पूजा गरेपछि सात पाइला टेकाएर साइत अनुसार रथमा राख्छन्। श्रीमानले सुरुमा दायाँ र श्रीमतीले बायाँ खुट्टा पानको पातमा टेक्नु पर्छ। काठबाट बनेको दुई वटा रथमा दुवैलाई राखिन्छ। श्रीमान दायाँ र श्रीमती बायाँ रथमा बस्छन्। जंको गरेकालाई थकाली नकी वा जेठी वुहारीले टिका सुगन दिन्छिन। रथमा बसेपछि नकी वा जेठी बुहारीले दुवैलाई तीनपटक सिफारिस गर्छिन्। सुरूमा यो मरी, दोस्रोमा तीलको लडडू र तेस्रो फलफुलबाट सिफारिस हुन्छ। पास्नीकर्ताहरूलाई उपस्थित सवैले लावाले पूजा गर्छन्। दुवैका कानामा *पुन्नेचा* (कानमा लगाउने विशेष किसिमको सुनको रिङ) लगाइदिन्छ। पुरूषको वेताली र महिलाकी लूँची (सुनको टिका) हो। मुख्य जंकोकर्ताले आफ्नो जन्मकुण्डली रथमा राख्नुपर्छ। नाति-नातिनीआदिले रथ तीनपटक घुमाउँछन्। त्यसपछि दुवैका अगाडि तामाको भाँडो (कोल्ला) मा अड्याइएको खुट्टामा सवैले खुट्टा धुने काम गर्छन् (मखन टोलका त्रिलोचन राजोपाध्यायसँगको अन्तवार्तार्ता)।

दोस्रोपटकको चन्द्र रथारोहण ८३ बर्ष, चार महिना र चार दिनमा हुन्छ *(तस्बिर २४)*। दोस्रो पटकको जंकोमा हजार पूर्णिमाको दर्शन गरेको मानिन्छ। चन्दमा उदाएको लगत्तै दोस्रोपटकको जंको अनुष्ठान

कार्य सुरु हुन्छ। यसमा १६ चन्द्रमाको पूजा हुन्छ। यसैगरी तेस्रो पटकको पास्नी ८८ बर्ष, आठ महिना र आठ दिनमा हुन्छ। यसलाई महा रथारोहण भनिन्छ (लालाछेका हरिसरण शर्मासँगको अन्तर्वार्ता)। तेस्रोपटकको जंको विहान महाविष्णुको पूजा हुन्छ। तेस्रोपटकको जंको गने कर्तालाई झ्यालबाट तानिन्छ। रथलाई तीन पटक घुमाई सकेपछि वुवा वा आमालाई झ्याँलबाट संभव भएसम्म रथै समेत कोठा भित्र लिइन्छ (प्रत्येक्ष अवलोकन)।

चौथोपटकको पास्नी ९९ बर्ष, नौ महिना र नौ दिनमा हुन्छ। यो पाली एकादश रूदको पाठ गर्नु पर्छ। लगभग सय बर्ष बाँच्दा नयाँ जन्म भएको प्रतिक रूपमा जंकोकर्तालाई एउटा ध्याम्पो भित्र राखिन्छ। त्यसलाई फुटाएर उनलाई बाहिर निकालिन्छ। १०८ बर्ष, आठ महिना र आठ दिनको दिन गरिने पाँचपटकको जंकलाई महादिव्य वा महादेवरथ भनिन्छ (कायस्थ, बि.सं.२०७७, पृ.८२)। श्रीमानको उमेर भन्दा श्रीमतीको उमेर बढी छ भने उनको जंको गर्न मिल्दैन्। श्रीमानको उमेर पुग्दा श्रीमतीसँगै पास्नी कार्य गरिन्छ। पहिला यो संस्कार घरमै हुन्थ्यो। अहिले संस्कार विभिन्न पार्टी प्यालेसमा हुन थालेको छ। राजोपाध्यायहरूको संस्कारमा अभ्युद श्राद्ध पूर्वाङ्गको गर्नुपर्छ। जंकोको अघिल्लो दिन पूर्वाङ्ग (दुसो) गर्नु नपरे पनि अभ्युद श्राद्ध गर्नुपर्छ।

## ५.१.१८ मृत्यु संस्कार

मृत्यु संस्कार नै समाजको अन्तिम संस्कारमा पर्दछ। नेवारभित्रमा ६ थरे श्रेष्ठ र देउभाजुमात्र मृत्यु नजिक पुगेका व्यक्तिलाई घाटमा लैजाने चलन छ। घरमै मृत्यृ भएको अवस्थामा गुठीका परिवार नआएसम्म लास उठाउन मिल्दैन। सी गुठी व सना गुठीका सदस्यहरू आएपछि अन्तिम संस्कारको काम सुरु हुन्छ। पहिला ब्यक्तिको मृत्यु हुँदा 'सी' गुठीले लासलाई उठाउँथ्यो। काठमाडौं र ललितपुरमा 'सी' गुठी लगभग लोपउन्मुख अवस्थामा छ। भक्तपुरमा सी गुठी पालो चलिरहे पनि मृत्यु संस्कारमा सहभागी भएको कमै देखिन्छ (टिबुक्छेका नवीन राजोपाध्यायसँगको अन्तर्वार्ता)। काठमाडौंको मखन तथा इन्द्रचोकका राजोपाध्याय ब्राह्मणको मृत्यु हुँदा शोभा भगवतीमा जलाउनु पर्दछ। भक्तपुरको लिंगो ठड्याउनेसँगैको चुपिंगाल घाटमा दाह संस्कार हुन्छ। पाटनको शखमुलमा जलाउनु पर्दछ। समयानुसारले धेरै जसो राजोपाध्यायले पशुपतिको आर्य घाटममै दास संस्कार गरेका छन्। दीक्षा भएको व्यक्ति मृत्यु भएमा टाउँकोलाई उत्तर दिशामा राखिन्छ। मृतकको जन्मकुण्डलीलाई टाउँकोमै राखी जलाईन्छ। व्यक्तिको निधन हुँदा १३ दिनसम्म परिवारका सदस्यसँगै फुकीहरुले जुठो

बार्नु पर्छन् । विवाहित महिलाले माइतीको जुठो चार दिनसम्म लाग्छ । चौथो दिनमा छोरी चोखिन्छ । काठमाडौं र ललितपुरमा ६ दिनसम्म *विचा वनेगु* (अपशोच प्रकट) गर्न जाने गर्दछन् । भक्तपुरमा पाँच दिनमा *न्यानुमा* (मृत आत्मालाई भोग राख्ने) भएकाले चारदिनसम्म अपशोच मनाउने जाने परम्परा छ (टौमढीका किशोर राजोपाध्यायसँगको अन्तर्वार्ता) । काठमाडौं र ललितपुरमा सात दिनमा *'ह्यनुमा'* (मृतक आत्माको निमित्त राख्ने खाद्यन्न पदार्थको भोग) राखिन्छ । यो घरको पिखालखु (घरभित्र छिर्ने मुल ढोका) मा राख्दछ ।

यो विवाहिता छोरी वा चेलीवेटीले ह्यनुमा राख्छिन् । सात दिनको राति घर बाहिर राति पाखा जाः राख्नुपर्छ । यो राखेपछि घरबाट बाहिर निस्कनु हुँदैन । अहिले धेरै जसोले घाटमै ह्यनुमा र पाखा जा राख्ने गरेको पाइन्छ (प्रत्येक्ष अवलोकन) । आठ दिन देखि १० दिनसम्म लुगा धुने काम हुन्छ । दश दिनमा चोख्याउने काम हुन्छ । यस दिनमा छेवर गरिसकेका केटाहरू नजिकको घाटमा गएर कपाल खौरने गर्दछन् । यस दिनमा क्रिया बसेकाले आफ्नो मृतक बुबा वा आमाको नाममा ३० वटा पिण्ड दिन्छन् । पिण्ड दिने काम सकेपछि क्रिया बसेका व्यक्ति अन्तिममा कपाल खौनिरन्छन् । त्यही नै पुरोहितले क्रिया बसेकालाई सेतो पहिरण दिन्छन् (प्रत्येक्ष अवलोकन) ।

क्रिया बसेका व्यक्ति घर फर्कने क्रममा जापो खाए गर्छन् । अर्थात मृतकलाई मृत्यु भएको आभषा दिलाउने प्रक्रिया हो । १० दिनको राति एकादश बो राख्नुपर्छ । रातिको समयमा मृतकलाई मन पर्ने खाद्यन्न परिकारहरु अध्यारो कोठामा कसैले नछुने गरी राख्नुपर्छ । ११ दिनको मिरमिरे विहान एकादश बो घाटमा फयाक्न लैजान्छ । ११ दिनलाई *घःसु* भनिन्छ । नेपाल भाषामा 'घ' भनेको घैटो हो । 'सु' को अर्थ सुद्धिको अपभ्रशं छोटकरी रूप हो ।

पानीले चोख्याउने भएकाले घःसु भनिएको हो । यस दिन परिवारका सवै सदस्य र फुकीहरुले आफूलाई चोख्याउँछन् । क्रिया बसेकाले यस दिन घाटको वारी र पारी दुईपटक श्राद्ध गर्नुपर्छ । ११ दिनमा ब्राह्मण पुरोहितले एकादश श्राद्ध सकेपछि 'ग्वा स्वाँ' काम गर्छन् । यसमा दतिवन, सुपारी, पानको पात र सिंकाले जुठोमा परेकाहरुले सुद्ध गर्छन् । आचाजुले होम कार्य गरी ११ दिनको घःसु होम गर्छन् । यदि मृतक व्यक्ति पञ्चकमा लागेको छ भने यसै दिनमा पाँच किसिमले होम गर्नुपर्छ । १२ दिनमा पार्क श्राद्धसहित सपिण्ड श्राद्ध हुन्छ । पछिल्लो समयमा राजोपाध्याय समुदाय भित्र पाक श्राद्ध कमै भएको देखिन्छ । पाक श्राद्ध भनेको बोका टाउको विभिन्न अंग समावेश गरी पिण्ड दिनु हो । पार्क श्राद्ध अनुसार सपिण्ड गर्दा शुद्ध हुनुपर्छ । यसमा दिक्षा भएको व्यक्तिमात्र बस्नुपर्छ । १३ दिनमा

समानोत्तर श्राद्ध गर्नुपर्छ । त्यसपछि ४५ दिन, ६ महिना, एक बर्ष तथा दुई बर्षमा श्राद्ध गर्नुपर्छ । राजोपाध्यायहरुले श्राद्ध गर्दा मुलपुरोहित, अतिथि ब्राह्मण, विश्वदेव ब्राह्मणबाट कार्य गराउँछन् । भक्तपुरमा जोशी र कमाचार्य पनि श्राद्ध गर्ने बेलामा बस्नुपर्छ (प्रत्येक्ष अवलोकन) । यस प्रकारले राजोपाध्यायभित्र मृत्यु संस्कार हुन्छ ।

## ५.२ छलफल र सारांश

यस परिच्छेदमा काठमाडौं उपत्यका भित्रका राजोपाध्यायले जन्म देखि मृत्युसम्म गर्ने मुख्य १६ संस्कारहरूको विश्लेषण भएको छ । यस शोधको दोस्रो प्रश्न राजोपाध्यायका सांस्कृतिक पक्षअन्तर्गत संस्कार कस्तो छ ? यस परिच्छेदमा यस प्रश्नको उत्तर खोजिन प्रयास भएको छ । राजोपाध्यायले संस्कारहरू जीवनकै महत्वपूर्ण पक्षको रूपमा लिएको पाइयो । यस संस्कार परिच्छेदमा वर्तमान अवस्थामा आएका परिवर्तन सम्वन्धसमेत विश्लेषण भएको छ । बच्चा जन्मुअघि हुने संस्कार पछिल्लो समयमा नगरिएको पाइएको छ । बच्चा जन्मको छैटो दिनमा छैठी र १० दिनमा नामकरण हुन्छ । बालक वा बालिकाको जन्ममा फरक संस्कार हुन्छ । जस्तो बालकको चुडाकर्म ६ वर्षपछि र ब्रतवन्ध १२ बर्ष भित्र हुनुपर्छ । बालिकको हकमा ६ वर्षपछि बेल विवाह (इही) र सूर्य दर्शन (बाह्रा तयेगु) १२ बर्षअघि नै गर्नुपर्ने चलन छ । संस्कारमा सवै काम घरको जेष्ठ पुरूष (थकाली) र जेष्ठ महिला थकाली नकीं) को मुख्य भूमिका रहन्छ ।

दु:ख वा सुखद् अवस्थामा घरको कुल देवता, आगन पूजा। कुमारी पूजा र स्थान गणेशमा पूजा पठाउनु पर्छ । पाटनमा कुमारीपूजा अनिवार्य छ । राजोपाध्यायहरूको संस्कार कार्यमा पछिल्लो समयमा केही परिवर्तन आएको छ । पहिला बालकको ब्रतबन्ध गर्दा तीन महिना राखिन्थ्यो । अहिले यो एक दिनमा सिमित भएको छ । वैवाहिक कार्य पनि छोटकरीमा गरिन थालेको छ । वर्तमान समयमा कन्यादान विस्तारै हट्दै गएको छ । राजोपाध्यायले नेवारअन्तर्गत हिन्दू धर्म मान्ने समुदायले जन्म देखि मृत्यु संस्कारसम्म पछ्याएको देखिन्छ । यद्यपि, राजोपाध्यायहरूको कतिपय संस्कारमा फरकता पाइएको छ । राजोपाध्यायले जीवन पद्धति, विश्वास प्रणाली र सांस्कृतिक व्यवहारसँग जोडिएको पाइन्छ । यसले उनीहरूलाई सांस्कृतिक जीवनलाई परिचालन र दिशा निर्देशनतर्फ अग्रसर गराइरहेको छ । कुनै पनि समाज व्यवस्थाका एकाईहरू समाजको आवश्यकलाई परिपूर्ति गर्न निश्चित प्रकार्यको लागि निर्माण भएका हुन्छन् भन्ने सिद्धान्तको मान्यता संरचनात्मक प्रकार्यवादी सिद्धान्तको रहेको छ । समाज भनेको

सामाजिक सम्बन्धहरूको जालो हो। सामाजिक सन्दर्भमा कुनै एउटा संस्थाका रूपमा विकसित भएपछि समाज प्रकट हुने गर्दछन्। आफ्ना आश्यकता पूजा गर्न समाजका हरेक एकाईहरूले अन्तर्सम्वन्धित (Interrelated) र अन्तनिर्भर (Interdependent) भएर कार्य गर्दछन्। यही कार्यबाट समाजले आफ्ना आवश्यकता पूजा गर्दै आफ्नो अस्तित्वलाई निरन्तरता दिने कार्य गर्दछ। समाजभित्र रहेका हरेक संरचनाहरू (Structures) एक अर्काको सम्वन्ध विना अस्तित्वविहिन हुन पुग्दछन्।

यही सिद्धान्त अनुरूप राजोपाध्याय समुदायले जन्म देखि मृत्यसम्मको संस्कारलाई आफ्नो अस्तित्वको रूपमा लिएको पाइयो। संस्कारलाई भावी पुस्तालाई आफ्नो पहिचान बनाउन सहयोग मिल्ने सन्देशसहित कार्य गरेको देखिन्छ। संरचनात्मक प्रकार्यवाद (Structure Functionalism) दृष्टिकोण एउटा महत्वपूर्ण सिद्धान्त हो। यसले समाजलाई प्रणालीका रूपमा हेर्दछ। समाजिक प्रणालीका खास विशेषताहरूलाई सामाजिक व्यवस्था Social system) कायम राख्नमा विशेष महत्व राख्ने गर्दछ। समाजका विभिन्न एकाइ वा अंगहरू मिलेर एक किसिमको सामाजिक संरचनाको निर्माण हुन्छ। यस्तो समन्वयात्मक स्वरूपबाट समाजिक संरचना भनिन्छ। सामाजिक संरचना निर्माणका लागि सामाजिक मुल्य मान्यता, प्रथा, प्रचलन, रितिरिवाज, धर्म, संस्कृति, नियम, कानून र विश्वासआदि जस्ता खास किसिमका संरचनाहरूमा आवद्ध भएका हुन्छन्। राजोपाध्याय समुदाय यसै सिद्धान्त केन्द्रित रहेको देखिन्छ। उनीहरूले गर्नुपर्ने संस्कारलाई प्रचलन, रितिरिवाजसँगै धर्मसँग जोडिएको देखिएको छ। यसले समाजलाई नियमन, सन्तुलन तथा यसलाई निरन्तरता दिने महत्वपूर्ण योगदान दिएको देखिन्छ।

## ५.३ निष्कर्ष

यस परिच्छेदमा अध्ययन तथा विश्लेषण भनेको राजोपाध्याय समुदायको संस्कार हो। शोध प्रश्न अनुसार सैद्धान्तिक आधारहरू प्रयोग गरिएको विश्लेषणबाट राजोपाध्याय समुदाय भित्र संस्कारलाई जीवन अगाडि बढाउने, परम्परा र रीतिरिवाजको रूपमा रहेको देखिन्छ। राजोपाध्यायहरूले सामान्य वा बृहत रूपमा संस्कार कार्य सम्पन्न गरेको देखिन्छ। काठमाडौं, भक्तपुर र ललितपुरमा बसोबास राजोपाध्याय भित्र आधुनिकता र परसंस्कृतिको प्रभावले संस्कारलाई छोट्याइएको देखिएको छ। कतिपय राजोपाध्यायले सवै जसो संस्कार नियम संगत नै गरेको देखियो। यस्ता परिवारले आफ्नो परम्परा मास्न दिन नहुने र भविष्यका पुस्ताहरूलाई समेत जानकारी दिने उद्देश्यले विधि विधान अनुसारै संस्कार गरेको देखिन्छ। तीन सहरका लगभग सवै जसो राजोपाध्यायहरूले जन्म देखि मृत्यु

संस्कारसम्मको विधिमा खासै परिवर्तन छैन। तर, कही एकै संस्कारमा फरकता छ। जस्तो मृत्यु संस्कारमा काठमाडौं र ललितपुरमा सात दिनमा मृतकका लागि विभिन्न ठोया खाद्यान्न राखिन्छ। भक्तपुरमा यो पाँच दिनमा राख्ने चलन छ। भक्तपुरमा राम्रो र नराम्रो काममा राजोपाध्याय मूल ब्राह्मण, जोशी र कर्माचार्यको अनिवार्य उपस्थिति मानिन्छ। तर, काठमाडौं र भक्तपुरमा राजोपाध्याय मुल ब्राह्मणले नै सवै कार्य गर्छन्। यसले स्थान अनुसार कार्यविधि रहेको बुझिन्छ। विवाह कार्यमा देवाली पूजा मुख्य पक्ष हो। तर, इन्द्रचोकका केही परिवारले इंचगुमा नगएर टेकुस्थित मचलीमा देवाली पूजा गरेको देखिन्छ।

भक्तपुरको राजोपाध्यायहरूको मुख्य देवाली गर्ने स्थान सल्लाघारीको च्वँगा गणेश हो। त्यहाँबाट देवता तानेर भक्तपुर दरवारभित्र पुजा गर्ने चलन आएको देखिन्छ। पछिल्लो समयमा राजोपाध्याय समुदायमा आधुनिकरणको प्रभाव परेको स्पष्ट देखिन्छ। यसलाई परसंस्कृतिको प्रभाव भएको भन्दा खासै फरक पर्दैन्। उदाहरणको लागि विवाह र मृत्युको बेला गरिने कार्यलाई लिन सकिन्छ। विवाह संस्कार दुई साता लामो छ। सुपारी पठाउने देखि देवाली पुजासम्म १५ दिन जसो हुन आउँछ। सुपारी पठाएपछि दिन हेरेर कल्यां पठाइन्छ। कल्यां पठाएको चार दिनपछि विवाह (स्वयम्बर वा कन्यादान) हुन्छ। तर, अहिले यो एक सातामा सिमित हुन लागेको छ। विवाह संस्कारलाई छोट्याउने उद्देश्य देखिन्छ। सानै उमेरमा वेलसँग विवाह भएको भनी पछि कन्यादान नगर्ने चलनले प्राथमिकता पाएको छ।

पहिला राजोपाध्याययभित्र अन्तरजातिय विवाहले मान्यता पाएको थिएन। अहिले छोरी वा छोराको अन्तरजातिय विवाह धुमधामसँग गर्ने चलन चलेको देखिएको छ। केही बर्षअघिसम्म पनि यस्तो विवाह गरे खण्डमा लगभग मुख्य पूजाबाट बाहिर राखिन्थ्यो। यहाँसम्म नवदाम्पत्य जोडीलाई आगम पूजामा समेत सहभागी गराइदैन। अहिले यस्तो अवस्था छैन। सहज रूपमा आगम र देवाली पूजासमेत सहभागिता गराएको देखिन्छ। सिमित संख्यामा रहेको राजोपाध्यायहरूले सात पुस्तान्तरमा एक आपसमा वैवाहिक सम्वन्ध राख्नेलाई प्राथमिकता राखेको देखिएको छ। समग्रमा काठमाडौं उपत्यका भित्रको राजोपाध्याय समुदायले संस्कारलाई पहिलो प्राथमिकतामा राखेको देखिन्छ। तर, यसमा बाहिरी, परसंस्कृति र आधुनिकरणले विस्तारै प्रभाव पारेको स्पष्ट छ। यसका कारण नयाँ पुस्ताले आफ्नो मौलिक संस्कार, परम्परा र रीतिरिवाज नजिकबाट अनुभव गर्ने पक्षबाट वन्चित हुने अवस्था पुगेको अनुसन्धानले देखाएको छ।

## परिच्छेद ६

# राजोपाध्याय समुदायमा आएका परिवर्तन

### ६.१ परिवर्तनको परिचय

हामीलाई हाम्रो भाषा, धर्म, संस्कार र संस्कृतिले आफ्नो पहिचान दिएको छ। यसको संरक्षण र सम्बर्द्धन गर्दै अर्को पुस्तामा हस्तान्तरण गर्नुपर्ने हुन्छ। तर, समय परिवर्तनशील छ। भाषा, धर्म, संस्कार, संस्कृति पनि समयक्रमअनुसार परिवर्तन हुँदैहुँदै यहाँसम्म आइपुगेको हो। समयानुसार हामीले आफूलाई पनि परिवर्तन गर्न जान्नुपर्छ। समयसापेक्ष परिवर्तन स्वाभाविक हो। हिजो भयो, आज भइरहेछ र भोलि पनि परिवर्तन निरन्तर चल्ने छ। अहिले आधुनिकताको नाममा आयातीत संस्कृतिमा समाज रम्दै गइरहेको छ। 'आधुनिक' देखिने वा कहलिने लहडमा आफ्नो भाषा, धर्म, संस्कार र संस्कृतिलाई बिगार्ने काम भइरहेको छ। यसको मूल स्वरुप र मौलिकतामा असर नपर्ने गरी समयसापेक्ष परिवर्तनसहित भावी पुस्तामा हस्तान्तरण गर्न सक्नु नै संरक्षणको सही उपाय हो।

समाजशास्त्रीहरुका अनुसार एक भन्दा धैरै मानिसहरूको समुदाय एवं मानवीय सम्बन्धहरूको जालो नै समाज हो। परिवर्तनको संवाहक मानिससँगै समाज निरन्तर परिवर्तनशील छ। समाज परिवर्तनसँगै मानिसको विचार, आदर्श, व्यवहार, मनोभावना मात्र होइन, उसले आफ्नो कला, दैनिकी, रहनसहन, लवाइखवाई, चालचलन, धर्मसंस्कृतिमा पनि परिवर्तन अंगीकार गर्छ। जसले उसलाई सामाजिक बनाउँछ। परिवर्तनको नाउँमा समाजले स्वीकार गर्न नसक्ने विकृतिहरू पनि भित्रिन सक्छन्। परिवर्तनले समाजलाई उन्नत, प्रगतिशील, अग्रगामी एवं विकासको दिशामा अग्रसर गराउँछ।

समाजले परापूर्व कालदेखि स्वीकार गर्दै आएको मूल्यमान्यता, धर्म, संस्कृति, परम्परामा आघात पुग्ने क्रियाकलाप समाजलाई पाच्य हुँदैन तर पनि कुनै-कुनै परिवर्तन नचाहेर पनि हुने गर्छन्। सामाजिक सोच, विचार, चिन्तन र व्यवहार गतिशील प्रक्रिया हो। सामाजिक रूपान्तरण सामाजिक विकासका लागि अपरिहार्य हुन्छ। सामाजिक रूपान्तरणको नियमले समाजको आवश्यकतालाई मध्यनजर गर्दै समाजलाई सकारात्मक संरचनात्मक परिवर्तनको दिशामा लगेको हुन्छ। समाज परिवर्तनको लागि भइरहेको बानी, व्यवहार, संस्कृति र मूल्य मान्यता परिवर्तन गर्न धैरै उर्जा प्रयोग गर्नुपर्दछ।

समाजले परिवर्तनबाट सामाजिक विकासको अवसर देखेको खण्डमा परिवर्तनलाई सजिलै आत्मसात गर्दछ । सामाजिक व्यवहार परिवर्तन गर्न शिक्षा, सूचना, चेतना, प्रदर्शन तथा उत्प्रेरणा जस्ता तत्वहरूले महत्वपूर्ण भूमिका खेल्दछन् । परिवर्तन भनेको समाजमा सकारात्मक परिवर्तन हुनु हो । समाज परिवर्तन र विकासमा अनेकौं बाधाहरू रहेको पाईन्छ । नेपालमा जाति वा समुदाय विशेषका आ-आफ्नै विशिष्टतायुक्त सयौँ भिन्न संस्कृति तथा जीवनशैलीहरू छन् । पछिल्लो पुस्तामा प्रविधि र परिश्रममा रमाउने, समाज र विश्व परिवेशप्रति अपडेट हुने, नयाँ शैलीको व्यवसाय गर्ने जस्ता पक्षहरू विकास हुँदै गएको पाइन्छ ।

प्रविधिमा अभ्यस्त युवाहरू प्रत्येक नयाँ पुस्ताका रूपमा बदलिँदै गएका छन् । पढ्ने, बोल्ने, प्रतिक्रिया दिने, मनोरञ्जन गर्ने जस्ता व्यवहारिक शैली सबै बदलिएको छ । लवाई खवाई, रहनसहन र आशा-अपेक्षाहरू फेरिएका छन् । समाज यथास्थितिमा रहन सक्दैन । समाजको परिवर्तन र समाजको विकास प्राकृतिक एवं निरन्तर चलिरहने प्रक्रिया हो । समाज परिवर्तन बहुआयमिक प्रकृतिको हुन्छ भने योजनाबद्ध वा आकस्मिक रूपमा समाजको परिवर्तन गर्ने गरिन्छ । समाज परिवर्तनलाई समय र सामाजिक वातावरणको कसीमा राखेर हेर्ने गरिएको हुन्छ । समाज परिवर्तनको उद्देश्य मानिसको व्यवहार, ज्ञान र क्षमता, विश्वास, आस्था तथा सामाजिक संरचना र संस्कृतिमा परिवर्तन गर्नु हो ।

समाज परिवर्तन जहिले पनि मानवमुखी हुनुपर्दछ । इवि टेलर भने झैं संस्कृति भनेको ज्ञान, कला, विज्ञान, विश्वास, नैतिकता, कानुन एवं समाजको एक सदस्य भएको हैसियतले आर्जन गरेको क्षमता एवं आनिवानीको जटिल समग्रता हो । संस्कृतिलाई बुझ्ने सन्दर्भमा विभिन्न मतहरू पाइन्छन् । सामाजिक प्राणी भएको नाताले मानिसले आफूमा जुन कुरा राख्छ वा जस्तो व्यवहार ( जैविक, मनोवैज्ञानिक, सामाजिक) सिक्छ त्यो सबै संस्कृति हो । चाड, पर्व, धार्मिक क्रियाकलाप, रीतिरिवाज, भेसभुषा, प्रचलन, मान्यता र विश्वासहरूको समष्टिगत रूप हो संस्कृति । साथै यसले समाजमा स्थापित प्रथा र परम्परालाई समेत इङ्गित गर्दछ ।

## ६.२. राजोपाध्यायमा प्रमुख परिवर्तनहरु

यस शोधको तेस्रो प्रश्न नै राजोपाध्यायहरुको सांस्कृतिक पक्षमा पछिल्लो समयमा आएको परिवर्तन के कस्तो छ भन्ने हो । यसै प्रश्नको उत्तर खोजिने प्रयास यस परिच्छेदमा भएको छ । काठमाडौं

उपत्यकाका राजोपाध्याय समुदाय भित्र पछिल्लो ३०-४० बर्ष भित्र रीतिरिवाज र संस्कारहरुमा परिवर्तन भएको देखिन्छ। मुख्यत परसंस्कृति र आधुनिकीकरणको नाममा मौलिक परम्पराहरु विस्तारै हट्दै गइरहेका छन्। जसको प्रभाव भावी पुस्ताहरुले आफ्नो मौलिक सांस्कृतिक पक्ष अनुभव गर्न वन्चित हुन सक्ने अवस्था आउन सक्छ। नेवार समाजअन्तर्गतनै राजोपाध्यायहरुले षोड्ष संस्कार मनाउने गर्छन्। यद्यपि, संस्कार एकै किसिमको भए पनि स्थान विशेष अनुसार चलनचल्ती फरक छन्। काठमाडौं, भक्तपुर र ललितपुरमा बसोबास गर्ने राजोपाध्यायबीच कतिपय संस्कार उस्तै छन्। तर, कुलको नियम अनुसार केही भिन्नता रहेको पाउन सकिन्छ। राजोपाध्याय समुदाय भित्र पछिल्लो समयमा मुख्य गरी संस्कार, सामाजिक संरचना र कर्मकाण्डमा परिवर्तनहरुलाई संक्षिप्तमा यसरी हेरिएको छ।

## ६.३. दही चिउरा खुवाउने

हिन्दू नेवार समाज भित्र दही चिउरा खुवाउने एक फरक किसिमको चलन छ। गर्भवती भएको नौ महिना पूरा भएपछि वा बच्चा जन्मे केही दिनअगाडि माइती पक्षबाट दिही चिउरा खुवाउन आउने चलन छ। यसलाई नेपाल भाषामा दौबजि नकेगु भनिन्छ। पछिल्लो समय दहि चिउरा खुवाउने भन्दा पनि यसमा पश्चिमेली शब्दमा ‘बेबी सावर’ रुपमा बढी चलनचल्तमा आएको छ। दही चिउरा खुवाउने वेलामा अनिवार्य रुपमा निश्चित सामग्री आवश्यता पर्छ। यसबाहेक अहिले थप खानेकुरा राखिएको पाएको छ।

**६.४ बेल विवाह (इही) :** राजोपाध्याय समुदायभित्र छोरीको अन्न प्रशासनपछि गरिने महत्वपूर्ण संस्कार बेल विवाह हो। यसलाई सुवर्णकुमार विवाह भनिन्छ। छोरी पहिलोपटक रजस्वला हुनुअघि यो संस्कार गर्नुपर्छ। राजोपाध्याय समुदायमा पहिला यो संस्कार गर्ने चलन थिएन। ८०-९० बर्ष अगाडि महिलाहरुको सानै उमेरमा विवाह हुन्थ्यो। त्यसबेला घरमा छोरीको पहिलोपटक रजस्वला हुँदा असुभ मानिन्थ्यो। यसै कारण छोरीको विवाह सानै उमेरमा गरिदिन्थ्यो। त्यस समयमा एक किसिमले बालविवाहको प्रचलन थियो (टेंगलका गोविन्द भक्तानन्द सुवेदीसँगको अन्तर्वार्ता)। त्यस समयमा महिलाहरुको रजस्वला श्रीमानकै घरमा हुन्थ्यो। अहिले राजोपाध्याय भित्र बाल विवाह पूर्ण रुपमा हटिसकेको छ। राजोपाध्याय समुदाय भित्र बेल विवाह पहिला प्रचलनमा थिएन। नेवार समाजमा महत्वपूर्ण संस्कारमा रहेको वेल विवाहलाई राजोपाध्यायहरुले अहिले पछ्याएका छन्।

छोरीलाई सानै उमेरमा सुवर्णकुमारसँग विवाह गराउने प्रचलनमा आइसकेको छ। यसैलाई नै बेल विवाह भनिन्छ। नेपाल भाषामा इही भनिने गरिन्छ। वेल विवाहको क्रममा पुर्वाङ्ग (दुसो) कार्य गर्नुपर्छ। तर, संस्कारमा छोटकरी र वर्तमान समय परस्थिति पुर्वाङ्ग नगरी एकैपटक साइत निकालि एक दिनमै वेल विवाह भएको पाइएको छ (प्रत्येक्ष अवलोकन) । स्थानको अभावले यो कार्य घर बाहिर कुनै पार्टी प्यालेसमा गरिएको पाइन्छ।

## ६.५ गुफा राख्ने (सूर्य दर्शन) :

कन्या पहिलोपटक रजस्वला (रजोवती) भएको हुँदा अध्यारो कोठा भित्र राख्ने चलनलाई गुफा राख्ने वा सूर्य दर्शन भनिन्छ। यसलाई नेपाल भाषामा बाह्रा तयेयु भनिन्छ। गुफा राख्दा खेरी साइत हेर्नु पर्दैन। तर, वर्तमान समयमा सूर्य दर्शन महिलाको जीवन चक्र अनुसार भएको देखिँदैन। साइत निकालेर छोरी कन्यालाई गुफामा राख्छन्। आठ दिनको स्थानमा कपितयले चार दिन गुफा राखेर सूर्य दर्शन गराएको पाइएको छ। चार दिन राख्दा खेरी साइत निकालिन्छ। प्राकृतिक रुपमा पहिलोपटक रजस्वला हुँदा साइत निकाल्नु पर्दैन। पहिला सानै उमेरमा महिलाको विवाह हुन्थ्यो। श्रीमानको घरमै पहिलोपटक रजस्वला हुँदा त्यहीँको नियम अनुसार कार्य हुने गरिन्थ्यो (मखन टोलकी कदम राजोपाध्यायसँगको अन्तर्वार्ता)। त्यसबेला सूर्य दर्शन भन्ने हुँदैन्थ्यो। राजोपाध्याय सुमदायमा पछि बालविवाह हट्दै गयो। हिन्दू नेवार समाजभित्रको संस्कार मध्ये सूर्य दर्शन (बाह्रा तयेगु) लाई राजोपाध्यायहरुले अनुसरण गरेको देखिन्छ।

## ६.६ चुडाकर्म र व्रतवन्ध

राजोपाध्याय समुदायमा चुडाकर्म गर्नु भनेको पहिलोपटक पुरुष बालकको कपाल खौरिनु हो। चुडाकर्म नगर्दासम्म कपाल मुण्डन गर्नु हुँदैन। चुडाकर्म ६ बर्षको यो मरी लगाएपछि यो संस्कार गरिन्छ। अहिले चुडाकर्म गर्दा शास्त्रले निर्देशन गरे अनुसार कर्मकाण्ड गरेको देखिँदैन। चुडाकर्म गरे पछि मात्र व्रतवन्ध गर्नुपर्छ। लगभग ४० बर्षअघिसम्म व्रतवन्ध गर्दा बटुकलाई तीन महिना एकै कोठामा राखिन्थ्यो। ती बटुकलाई जनै पूर्णिमाको दिन बाहिर निकालिन्थ्यो। अहिले समयमा यो चार दिन, दुई दिन र एक दिनमा सिमित भएको छ (इन्द्रचोकका विकास राजोपाध्यायसँगको अन्तर्वार्ता)। अझ कतिपय राजोपाध्यायहरुले एकै दिनमा चुडाकर्म र व्रतवन्ध गरेका छन्। नियमपूर्वक गर्दा पिठ पूजा, पूर्वाङ्ग र होमआदि गर्नुपर्छ। व्रतवन्धमा राजोपाध्याय वटुकलाई जनै

(यज्ञपवित) दिइन्छ । जनै धारणा गरेको दिन देखि उसले जजमानी कार्य देखि अन्य सवै पूजापाठमा सहभागी हुन पाउन अधिकार पाउँछन् । जनै लगाएको दिन देखि उनीहरुले बिहान, दिउँसो र बेलुका सन्ध्या तर्पण गनुपर्छ । यस कार्यमा संस्कृति शिक्षा अनिवार्य भएकाले पछिल्लो समयमा यूवापुस्ताहरुले यसलाई त्यति ध्यानपूर्वक गरेको देखिँदैन । तर, संक्षिप्तकरण र आधुनिककरणको प्रभावका कारण अहिले एकै दिनमा सवै काम हुने गर्छन् । एकै दिनमा चुडाकर्म र व्रतवन्ध गर्दा पूर्वाङ्गको कार्यविधि पनि त्यही दिनमै गरिएको पाएको छ ।

अहिले घरमा नभएर खुला स्थान (पार्टी प्यालेस) मा गर्ने प्रचलन फस्टयाएको छ । स्थान गणेशमा बटुकलाई सात पाइला टेकाउनु पर्ने स्थानमा पार्टी प्यालेसकै भित्र कुदाउने गरिन्छ । अनुसन्धानका क्रममा इन्द्रचोक खलकले इचंगुको इष्ट देवता नै तानेर मचलीमा पूजा गरेको पाइयो । ती परिवारले आफ्नै सवै कार्य त्यी मचलीमा गरेका छन् ।

## ६.७ विवाह

पछिल्लो २० बर्षभित्र राजोपाध्याय समुदायमा धेरै परिवर्तन आएको मध्ये विवाह संस्कार हो । नेवार भित्र रहेका जातजाति मध्ये राजोपाध्यायहरुको विवाह संस्कारमा केही फरकता पाउन सकिन्छ । नियमपूर्वक विवाह कार्य सम्पन्न हुँदा दुई साता समय लाग्न सक्छ । सुपारी पठाउने देखि देवाली पूजासम्मको काम हुँदा लगभग दुई साता जसो हुन आउँछ । एकै काम लामो समयसम्म हुने र त्यसमा धेरै विधि विधान हुँदा यसको मौलिकता विस्तारै हराउँदै गएको छ । अहिले विवाह संस्कार डेढ साता वा एक सातामा सिमित भएको छ । सुपारी पठाउने दिन दुलाह पक्षबाट दुहलीको घरमा निश्चित संख्यामा रोटी, फुलफुल र आदि पठाउनु पर्छ । ती सामग्रीहरुको आफू खुसी संख्या बढाउने र घटाउने कार्य भएको देखिन्छ ।

सगुनको रुपमा केकलाई प्राथमिकतामा राखिएको छ । विवाह (स्वयम्बर वा कन्यादान) को चार दिन अगाडि कल्या पठाउनु पर्छ । यसमा त्यति फरकता आएको देखिँदैन । तर, मुख्य गरी स्वयम्बरको दिनमा व्यापक परिवर्तन आएको पाउन सकिन्छ । ४० वर्षअघिसम्म पनि कन्यादानलाई पुन्यका रुपमा आमाबुबाहरुले लिने गर्थे । अहिले आफ्नी छोरीलाई अरुलाई दानको रुपमा दिन नहुने धारणाले मान्यता पाउँदा यो स्वयम्बरमा सिमित भएको छ । स्वयम्बरलाई पनि सकेसम्म छोटोविधिमा गर्ने चलन आइसकेको छ । छोरी अन्माउँदा थाय्भू (एक किसिमको ८४ प्रकारको

खानेकुरा) खुवाउनुपर्छ। घरको थकाली नकी (परिवारको जेष्ठ महिला) ले थाय्भू जोड्नु पर्छ। पार्टी प्यालेसमै विवाह संस्कार हुने भएकाले अहिले रोटी र चिउरामै थाय्भूको रुपमा प्रचलनमा आएको छ।

विवाह संस्कारमा आएको ठूलो परिवर्तन नै अन्तजार्तिय हो। आज भन्दा तीन वा चार दशक अगाडिसम्म पनि घरका छोरा वा छोरीको अन्य जातसँगको विवाह कसैलाई स्विकार्य हुँदैन्थ्यो। छोराले अरु जातकी महिलासँग विवाह गर्दा सवै कार्यमा वन्देज लगाइन्थ्यो। छोरीले अन्य पुरुषसँग विवाह गर्दा उसलाई सकेसम्म घरमै भित्र नै लिँदैन्थ्यो। यद्यपि, उनीहरुलाई परिवारले स्विकार्य गरे पनि ठुलठूला पूजापाठ वा संस्कारमा सहभागिता गराउँदैन्थ्यो। पछिल्लो समयमा अन्तर जातिय विवाह समेत राजोपाध्याय समुदायमा निकै धुमधामका साथ गर्ने चलन आइसकेको छ।

एक किसिमले अन्तर जातिय विवाहले राजोपाध्याय भित्र मान्यता पाइसकेको छ। उनीहरुलाई आमन घरमा भित्राउने देखि ठूला कर्मकाण्डमा समेत सहभागी गराउने प्रचलन फस्टाएको छ। विवाह संस्कारमा आएको परिवर्तन मध्ये देवाली पूजा पनि हो। देवाली पूजामा दिक्षित भएका राजोपाध्यायहरु पूजामा सहभागी हुन पाउँछन्। यसमा आफ्नो कुलबाहेक अन्य कुलका सदस्यहरु देवाली पूजा गरेको स्थानमा भित्र जान मिल्दैन। देवाली पूजा नितान्त सुद्ध हुनुपर्छ। पूजामा जोकोही पनि भित्र जान सक्ने अवस्था छ।

## ६.८ मृत्यु संस्कार

नेवार समाजमा मृत्यु संस्कार नै अन्तिम कार्य हो। मृत्यु संस्कार पुरै नियम पालना गर्नुपर्छ। यसमा तलमाथि गर्न नहुने मान्यता छ। मृत्यु संस्कार कार्यमा तलमाथि हुँदा मृतकको आत्माले शान्ती नपाउने विश्वास छ। राजोपाध्याय समुदायभित्र मृत्यु संस्कारमा परिवर्तनहरु आएका छन्। जसरी विभिन्न जातजातिहरुको मृत्यु संस्कार (शवयात्रा) को वेलामा बाजा राख्नुपर्छ। त्यसैगरी कुनै एक राजोपाध्यायको निधनमा बाजासहित घाटमा लैजाउनु पर्छ। भक्तपुरको चुपिंगाल घाट, ललितपुरको शंखुमुल, काठमाडौंमा शोभा भगवतीमा दाह संस्कार हुन्छ। अहिले सवै जसो राजोपाध्यायहरुले आर्य घाटमै अन्तिम दाह संस्कार गर्दै आइरहेका छन्। यी सवै कार्यमा गुठीको भूमिका रहेको हुन्छ। जसलाई 'सी गुठी, सना गुठी वा इन्द्रायणी गुठी' भन्ने गर्दछन्। सिमित व्यक्तिको सहभागीतामा इन्द्रायणी र सी गुठीमा अस्तित्वमा छन्।

यद्यपि, गुठी भए त्यसमा रहेका सदस्यहरुले मृत्यु संस्कारमा सहभागी भएका देखिँदैनन्। अहिले सीधै पशुपतिको आर्यघाटमा मृतकलाई लैजाने हुँदा गुठीको भूमिकाहिन भएको देखिन्छ। पहिला गुठी पालो चलाउनेले घर देखि घाटसम्मका सवै प्रवन्ध मिलाउनु पर्छ। कतिपय बेलामा गुठीका सदस्यहरु आउने ढिला हुँदा अन्तिम मृत्यु संस्कार कार्य ढिला हुने गरेको थियो। यसकारण पनि मृत्यु संस्कारका लागि राखिएको गुठीका सदस्यहरु आउनु अगाडि नै पार्थिव शरीरलाई घाटमा लैजाउने गरिएको छ (प्रत्येक्ष अवलोकन)। भक्तपुरमा पाँच, काठमाडौं र ललितपुरमा सात दिनमा मृतकको नाममा ठोष खाद्यन्न चढाउनु पर्छ। भक्तपुरमा यसलाई न्यान्हुमा भनिन्छ। काठमाडौं र ललितपुरमा न्ह्यन्हुमा राख्ने भनिन्छ। घरको पिखालखु अगाडि पाकेको भातसँगै केवल उसिनेको खाद्यन्न राखिन्छ। बेलुका पाखा जा राख्नुपर्छ।

अहिले यो कार्य घाटमै भएको देखिन्छ। भक्तपुरमा विधिवत रुपमै यो कार्य भएको देखिन्छ। ११ दिनमा घःसु हुन्छ। यस दिनमा विससर्ग श्राद्ध गर्नुपर्छ। यो श्राद्ध कतिपयले गर्न छाडेका छन्। अन्तिम संस्कारको १२ दिनमा पाक श्राद्ध गर्नुपर्छ। पाक श्राद्ध भनेको बोकाको टाउको अंगहरु मिसाएर पिण्डकार्य गर्नु हो। तर, यो कार्य निकै झन्झट हुने भएकाले पाक श्राद्ध नगरी सपिण्ड श्राद्ध मात्र हुने गरेका छन्। प्रत्येक महिना मृतकको तिथिमा गर्नुपर्ने श्राद्ध कार्य अहिले जलदान स्वपमा परिर्णत भएको छ। ४५ दिन, ६ महिना र एक बर्षमा एकैपटक श्राद्ध गर्ने गरेका छन्।

## ६.९ जजमानी

राजोपाध्याय समुदायमा अलि धेरै परिवर्तन आएको पक्ष जजमानी कर्मकाण्ड हो। राजोपाध्याय ब्राह्मण हिन्दू नेवार कहाँ जजमानी गर्छन्। जजमानी कार्यमा संस्कृत भाषा आवश्यकता पर्छ। जजमानी काम प्रयोग हुने पुस्तक संस्कृत भाषामा हुन्छ। सहजीकरणमा नेपाल भाषा वा नेपाली भाषा कार्य गराउन सकिन्छ। तर, कर्मकाण्डको मुख्य लेखिएको पुस्तक वा ग्रन्थ संस्कृत भाषा हुँदा यो भाषा नजान्ने ब्राह्मणले जजमानी काम कुशलतापूर्वक गर्न सक्दैनन्। पछिल्लो समयमा यूवा पुस्ताहरुले यस कामप्रति ध्यान दिएका छैनन्। किन भने यूवा पुस्ताहरु संस्कृत भाषा भन्दा पनि आधुनिक शिक्षातर्फ अग्रसर भइरहेका छन्। यस कारण उनीहरुले जजमानी काममा रुची नदेखाएका हुन्।

## ६.१० सामाजिक संगठन

समाजलाई चिनाउने प्रमुख पक्ष नै संस्कृति हो। नेपाल भित्र रहेका प्रत्येक समुदायको एक फरक संस्कृति छन्। यसले समाजमा त्यस समुदायले आफ्नो विशिष्ट स्थान ओगट्ने काम गर्छ। मानव सभ्यता विकसित र परिस्कृत हुनाले वर्ण व्यवस्था समाजको एक प्रमुख अंग हो। अझ हिन्दू धर्ममा वर्ण व्यवस्थाको महत्व ज्यादै छ। राजोपाध्याय समुदाय वर्ण व्यवस्था अनुसार चलेको देखिन्छ। वर्ण व्यवस्थाको नियम मानेर उसको जीवन चक्र चलिरहेको हुन्छ। तर, पछिल्लो समयमा आधुनिकरणका कारण त्यति प्रभावशाली हुन सकिरहेको छैन। आधुनिककरणको प्रक्रिया भनेको दैनिक क्रियाकलाप एवं वानी व्यवहार र संरचनालाई समय अनुसार बनाउनु हो। जसलाई आधुनिकता प्राप्त प्राप्त गर्न प्रक्रिया हो। कुनै पनि समाज तथा संस्कृतिले इतिहासका पानाहरुमा विभिन्न जटिल अवरोह र आरोह गरेका हुन्छन्।

राजोपाध्यायको सामाजिक संगठनको प्रमुख पक्ष जजमानी पेशा हो। यद्यपि, यसमा धेरै परिवर्तन आएको छ। आधुनिक शिक्षाले यूवा पुस्तामा संस्कृति शिक्षाको अभाव देखिन्छ। जसले यूवा पुस्ता आफ्नो पुस्तौनी मौलिका पेशा प्रति आकर्षित हुन सकेका छैनन्। यसैगरी, भाषागत रुपमा पनि परिवर्तन भइरहेको छ। राजोपाध्यायले मुख्य गरी दैनिक कामकाजमा नेपाल भाषा नै प्रमुख बनाएका छन्। अहिले यो हजुरबुबा, काका-काकी, दाई र भाईबीचको पुस्तामा नेपाल भाषा प्रयोग हुन्छन्। वर्तमान यूवा पुस्ताबीच संवाद नेपाली भाषा नै भएको देखिन्छ। मृत्यु संस्कारमा नाता सम्वन्ध भूमिका महत्वपूर्ण मानिन्छ। तर, कुनै १३ दिन नाता पर्ने व्यक्तिको निधन हुँदा उनीहरु जजमानी काम गर्न घर बाहिर बस्ने गरेका छन्।

नौ दिनको राति घर फर्केर एक दिन जुठो बार्ने गरेको देखिएको छ। परिवारका सवै सदस्य जुठोमा रहँदा जजमानी पेशामा हानी-नोक्सानी हुने संभावना हुन्छ। यस कारण यस्तो अवस्थामा कुनै एक सदस्य घर बाहिर बसी जजमानी काम गरिरहेका हुन्छन्। बुबा र आमा बन्ने बेलामा उनीहरु ठूला मन्दिरमा जान नहुने, मत्यु संस्कारमा सहभागीता जनाउन नमिल्ने र ठूलाठूला अनुष्ठान कार्यमा जान नहुने चलन छ। तर, वर्तमान समयमा यो चलन त्यति अपनाएको देखिँदैन। नाता सम्वन्धमा सात पुस्ताको अन्तरमा विवाह गर्ने प्रचलन सुरु भएको छ।

### ६.११ निष्कर्ष

यस शोधको छैटो परिछेदमा राजोपाध्याय भित्र आएको परिवर्तनमा प्रसारवादको सिद्धान्त प्रयोग भएको छ । प्रसारवाद अनुसार पारस्परिक रुपमा सांस्कृतिक आदान प्रदान हुन्छ । यही प्रक्रियाबाट संस्कृतिको विकास र परिवर्तनको मान्यता राख्दछ । यस सिद्धान्तले संस्कृतिको विकास र परिवर्तनमा प्रसारको भूमिकामाथि जोड दिएको हुन्छ । समयक्रम अनुसार प्रत्येक संस्कृतिमा विकास क्रम देखिन्छ । यद्यपि, संस्कृतिमा परिवर्तन भए पनि त्यसको मौलिक पक्ष यथावत् रहन्छ । राजोपाध्याय भित्र पछि ४०-५० बर्ष भित्र संस्कार र सामाजिक संगठनमा परिवर्तन देखिए पनि यसको मौलिकता पक्षहरु अहिलेसम्म यथावत् छन् । राजोपाध्यायहरुको संस्कार, सामाजिक संगठन र पेशालाई एकैसाथ अगाडि बढी रहेको छ । यसमा संरचनात्मक प्रकार्यवाद सिद्धान्त अनुसार अध्ययन भएको छ । यस सिद्धान्त अनुसार सिंगो समाज र यसका इकाहरुबीच कार्यकारण सम्वन्धको अध्ययन गर्दछ । समाज एउटा वस्तुमात्र नभएर समाजिक सम्वन्धहरुको जटिल जालो हो । यही सामाजिक सम्वन्धको जालो भित्र रहेका विभिन्न ईकाइहरुद्वारा गरिने प्रकार्यबाट समाज निर्माण र संचालन भएको हुन्छ । जन्मदेखि मृत्यसम्मका संस्कारहरु विभिन्न इकाईबाट सञ्चालन भएका छन् । यो एक किसिमले सामाजिक र सांस्कृतिक प्रक्रिया हो । कुनै सामाजिक क्रियाको परिणाम त्यस संरचना तथा समाज निर्माणका अंगहरुको अनुकुलन तथा तिनीहरुको बीचमा पारस्परिक सहायता नै प्रकार्य हो । मुलत राजोपाध्याय समुदायभित्र आएका परिवर्तन समय परस्थिति अनुसारै देखिएको छ ।

# परिच्छेद सात

# सारांश तथा निष्कर्ष

## ७.१ अनुसन्धानको साराशं

'काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शीर्षकको प्रस्तुत शोधप्रबन्ध सात परिच्छेदमा रहेको छ । यस शोधप्रबन्धको पहिलो परिच्छेदमा शोध विषयको परिचय प्रस्तुत भएको छ । त्यसपछि क्रमशः शोध परिचय, समस्याकथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको महत्व, अनुसन्धानको सिमा, अनुसन्धान क्षेत्र छनोट गर्नुका कारण र अध्ययनको संगठन संरचना प्रस्तुत गरिएको छ । शोधको शीर्षकलाई शोध परिचयमा परिभाषित गरी यसको समस्याहरुको विश्लेषण गरिएको छ । यी शोध समस्याहरु र सन्दर्भ साहित्यको समिक्षाको आधारमा काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको अध्ययन र विश्लेषण गरी यस अनुसन्धानको उद्देश्यहरु उल्लेख गरिएको छ ।

यस अनुसन्धानले काठमाडौं उपत्यका भित्र मल्लकालिन दरवार परिसर क्षेत्रमा बसोबास गर्ने  र यसबाहेक क्षेत्रबाहेकका राजोपाध्यायहरुको बारेमा प्रचलित संस्कार र पेशागत रुपमा आएका परिवर्तन बारे विश्लेषण गरिएको छ । यसले भविष्यमा राजोपाध्याय सम्वन्धि थप अनुसन्धान गर्न मद्दत पुग्ने विश्वाससँगै प्रस्तुत शोधकार्यको औचित्यपूर्ण हुने उल्लेख छ । यद्यपि, काठमाडौं उपत्यका क्षेत्र भन्दा बाहिर पनौति, चाँगु, फर्पिङ, सतंगुल, विराटनगर, हेटौडा, चितवन तथा मलंगवाका राजोपाध्यायहरुको बारेमा क्षेत्रगत सिमाका कारण अध्ययन गरिएको छैन । अहिलेसम्म स्वदेशी तथा विदेशी विद्वानहरुले राजोपाध्याय सम्वन्धी अध्ययन गरेका छन् । तर, उनीहरुले राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययनको सुक्ष्म रुपमले नगरेकाले यसको आवश्यकता परेको यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

यसका साथै उनीहरुको संगठनको रुप रेखासमेत उल्लेख भएको छ । संगठनमा राजोपाध्यायहरुको गुठी व्यवस्था, हाडनातासम्वन्ध र पेशाआदि विश्लेषण गरिएको छ । यस शोध प्रबन्धको दोस्रो परिच्छेदमा शोध शीर्षकसँग सम्वन्धित साहित्य समिक्षा गरिएको छ। साहित्य समिक्षालाई सैद्धान्तिक, नीतिगत, विधिगत र विषयगत समिक्षा गरिएको छ । सैद्धान्तिक समिक्षाअन्तर्गत यस शोधमा प्रसारवाद र संरचना प्रकार्यवादको विश्लेषण भएको छ । यी दुवै सिद्धान्तहरुको मान्यता तथा आलोचनासमेत समिक्षा भएको छ । नीतिगत समिक्षामा धार्मिक सांस्कृतिक हक र अधिकार

सम्वन्धी अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था, संस्कृति नीति २०६८ को नीतिगत प्रावधान र स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्थाहरुको समिक्षा भएको छ ।

विधिगत समिक्षामा स्वदेशी तथा विदेशी विद्वानहरुले राजोपाध्याय सम्वन्धी लेखेका लेख रचनाको समिक्षा गरिएको छ । ती लेख तथा रचनाहरुमा भएका पक्ष तथा त्यसको अनुसन्धान रिक्तताको पनि विश्लेषण भएको छ । यस शोधको तेस्रो परिच्छेदमा अनुसन्धान विधि रहेको छ । अनुसन्धान विधि परिच्छेदमा राजोपाध्याय समुदायको अध्ययन क्रममा भएका विधिहरुको विश्लेषण गरिएको छ । शोधको शीर्षक अनुसार अनुसन्धान दर्शन, अनुसन्धान ढाँचा, तथ्यांक संकलन, तथ्यांकको विश्लेषण विधि, अनुसन्धानको नैतिक प्रश्नहरु, अध्ययनको संरचना तथा अध्ययनको सैद्धान्तिक र अवधारणात्मक खाका जस्ता पक्षलाई शीर्ष र उपशीर्षक राखेर विश्लेषण गरिएकोछ ।

यस शोधको दर्शनको मुख्य तत्वहरुमा सत्यलाई हेर्ने दृष्टिकोण (Ontology), ज्ञानको सिद्धान्त (Epistemology), मुल्य मिमांशा (Axiology) र विधिशास्त्र (Methodology) छन् । यो शोध जनजाति (इथ्नोग्राफी) भएकाले यो गुणात्मक प्रकृतिको अनुसन्धान भएको छ । अनुसन्धानमा आगमन (Inductive) विधिको प्रयोग भएको उल्लेख गरिएको छ । यस अध्ययनमा स्थलगत रुपमा उद्देश्यमुलक अनुसार तथ्यांक संकलन भएको छ । अवलोकन, अन्तर्वार्ता, फोटोग्राफी, पुस्तक तथा लेख रचनाहरुबाट संपादन, संकेतिकरण, वर्गिकरण र विश्लेषण गरी यसको निष्कर्ष निकालिएको छ ।

### ७.२ अनुसन्धानको निष्कर्ष

'काठमाडौं उपत्यकाका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शीर्षको प्रस्तुत शोधप्रवन्धमा समस्या कथनमा आधारित उल्लेखित शोध प्रश्नहरुको समाधान गरिएको छ । सूचना तथा तथ्यांक विश्लेषणको आधारमा यस शोधप्रवन्धको अनुसन्धान भएको छ । प्रस्तुत शोधको प्रमुख प्रश्नहरु : काठमाडौं उपत्यका भित्रको राजोपाध्याय समुदायको ऐतिहासिकता कस्तो रहेको छ ? यिनीहरुले सांस्कृतिक पक्षअन्तर्गत संस्कार कसरी मनाउँछन ? सांस्कृतिक पक्षमा पछिल्लो समय आएको परिवर्तन के-कस्तो छ ? भन्ने पक्षको खोजी निति, विवेचना र विश्लेषण गरिएको छ । प्रमुख शोधको प्रश्नहरुको क्षेत्राधिकार भन्दाबाहिर नगएर प्राथमिक सामग्री र यससँग सम्वन्धि द्वितियक स्रोत तथ्यांक संकलन गरी यसको अनुसन्धान भएको छ । साथसाथै शोधको लागि आवश्यक पर्ने र सान्दर्भिक सिद्धान्तहरुको आधार प्रयोग गरी उनीहरुको विश्लेषण माध्यमबाट यसको निष्कर्ष

निकालिएको छ। यसबाट शोधकर्ताले 'काठमाडौं उपत्यकाभित्रका राजोपाध्याय समुदायको सांस्कृतिक अध्ययन' शीर्षकमा प्रस्तुत शोध गर्नुका कारणहरु र यसको औचित्यता प्रमाणित भएको छ। यस शोधको निष्कर्षहरुलाई यसरी प्रस्तुत गरिएको छ।

नेवार भित्र धेरै जातजाति छन्। यसमध्ये राजोपाध्याय पनि एक उपजाति हो। यिनीहरुले आफूलाई हिन्दू नेवार ब्राह्मणको रुपमा परिचय गराउन रुचाउँछन्। मध्यकालमा राजोपाध्यायहरुलाई देउ भाजु, द्यः ब्रह्मु, उपाध्याय ब्राह्मणआदि नामले सम्बोधन गरिन्थ्यो। मध्यकालमा मल्ल राजाहरुको प्रमुख सल्लाहकार र राजपूराहित दर्जा उनीहरुले पाएका थिए। राजोपाध्याय सम्वन्धि ने.सं २४५ को एक वंशावली अहिलेसम्म प्राप्त प्रमाणिक हो। ने.सं २४५ को वंशावलीमा काठमाडौंको मखन खलककी छोरी विजयश्वरी देवीमा परिणत भएको उल्लेख छ। पूर्व मध्यकालको यस वंशावली अनुसार उपत्यका भित्र मखनका राजोपाध्याय अस्तित्वमा देखिसकेको थियो। प्रसारवादको सिद्धान्त अनुसार घटना क्रमले परिवर्तन भइरहन्छ। उनीहरुको विकास क्रम पनि सँगै भइरहेको हुन्छ। यसै सिद्धान्त आधार मनेर संभवत राजोपाध्यायको विकास क्रम लिच्छविदेखि रहेको देखिन्छ।

लिच्छवि राजा हरिदत्त वर्माले काठमाडौं उपत्यकाको डाँडामा स्थापना गरेको चाँगु, इचंगु, विशंखु तथा शेषनारायण मध्ये तीन वटा मन्दिरमा अहिले पनि राजोपाध्यायहरुले दैनिक पूजा गरिरहेका छन्। चाँगु, इचंगु र विशंखुका मुल पूजारीले आफ्नो पूर्वजहरु लिच्छविकालदेखि नै मन्दिरमा पूजा गरेको मानेका छन्। लिच्छविकाल राजधानी हाँडीगाउँमा खट् जात्रामा देउपाटनका राजोपाध्यायहरुले पूजा गर्छन्। थानकोटको लिच्छविकाल नारायणको मन्दिरमा अहिले पनि राजोपाध्यायहरुले नै दैनिक पूजा गर्छन्। लिच्छवि समय भन्दा अगाडिको पशुपतिनाथ मन्दिर परिसर भित्र हुने विभिन्न कार्यमा राजोपाध्यायहरुको भूमिमा अनिवार्य मानिन्छ। लिच्छवि समयमा स्थापित जात्रा र मन्दिरहरुमा राजोपाध्यायहरुको उपस्थितिले संभवत त्यस समयदेखि नै उनीहरुले आफ्नो संस्कृतिलाई वर्तमान समयसम्म निरन्तरता दिएको भन्ने जनाउँछ।

लिच्छविकालमा ब्राह्मणहरुको उल्लेख भएका धेरै अभिलेख छन्। वर्ण व्यवस्था अनुसार त्यस समयमा पनि ब्राह्मण वर्ग माथिल्लो दर्जामै थिए। लिच्छविहरु भारतको वैशालीबाट आएका थिए। उनीहरुले आफूसँगै दैनिक पुजपाठको लागि संभवत बाह्मणहरु पनि ल्याएका थिए। काठमाडौं

उपत्यकाका प्रसिद्ध नारायणका मन्दिरहरुमा यिनै ब्राह्मणलाई मुख्य पूजारीको रुपमा राखिएको अनुमान वा परिकल्पना गर्न सकिन्छ ।

देउ भाजु, द्यः ब्रह्मु र देव ब्राह्मण भनिने राजोपाध्यायलाई शाहकालमा प्रतापसिंह शाहले 'राजोपाध्याय' उपाधि दिइएको भनिन्छ । त्यसैबेलादेखि राजोपाध्यायले 'राजोपाध्याय' थर लेख्न थालेको बताउने गरेका छन् । यद्यपि, मध्यकालमा काठमाडौंका युवराज धर्मदेव मल्लका महामन्त्रिधिराज जयसिंहरामवर्धनको पशुपति अभिलेखमा 'राजोपाध्याय' लेखिएको छ । शाहकालमा नभएर मध्यकालमै देउ भाजु वा देव ब्राह्मणले राजोपाध्याय लेखेको स्पष्ट हुन्छ । ब्याकरण अनुसार 'राज' र 'उपाध्याय' शब्दको मिश्रणबाट बनेको हो । जस्तो राजाको कुमार राजकुमार, राजाको दरवार राजदरवार भने जस्तै राजाको उपाध्याय, राजउपाध्याय हो ।

नेपाली ब्याकरण अनुसार यसमा 'ज' र 'उ' को सन्धी भएर जो बनेको हो । अमरकोशको दोस्रो काण्डको ब्रह्मवर्गअन्तर्गत सातौं श्लोकमा 'उपाध्याय' को पर्यायवाची शब्द अध्यापक हो । उपाध्याय भनेको पढाउने गुरु हो । राजोपाध्याय कुनै उपाधि होइन । उपाध्यायमा यो 'ज' र 'उ' को सन्धीबाट जो बनेको हो । विजयश्वरीको ने.सं २४५ को वंशावली आधार मान्दा काठमाडौंका राजोपाध्यायहरु पूर्वमध्यकालमै अस्तित्वमा आएको देखिन्छन् । यद्यपि, काठमाडौं उपत्यकामा विभिन्न समयमा राजोपाध्यायहरुको आगमन र बसाईसराई भएको देखिन्छ । प्रसारवादको सिद्धान्त अनुसार उनीहरुको विभिन्न कालक्रममा बसाई सराई गरी यहाँ नै स्थायी रुपमा बसोबास गरेका हुन् ।

मध्यकालका राजा जयस्थिति मल्लले राज्य व्यवस्था बलियो बनाउन र जातजाति अनुसार कार्य क्षेत्र निर्धारण गर्न भारतबाट उपाध्याय, द्रविड, भट्ट, मैथिल, बंगाल र खस ब्राह्मण झिकाएका थिए । जाति व्यवस्था लागू हुँदा देव ब्राह्मण र उपाध्याय ब्राह्मणलाई माथिल्लो दर्जा दिइएको थियो । देउ ब्राह्मण भन्नाले हालको राजोपाध्यायलाई बुझाउँने गर्छ । यसैगरी, कान्जकुब्जअन्तर्गत उल्लास राजलाई भक्तपुरका राजोपाध्यायहरुले आफ्नो पूर्खा मान्छन् । काठमाडौंमा विभिन्न समयमा यहाँ केही समूहका राजोपाध्यायहरुको आगमन र वसाई सराई भएको देखिन्छ । मल्लवंशको पतनसँगै नयाँ शासकको शासन काल र मुलुकमा आएको परिवर्तनसँगै राजोपाध्यायहरुले आफ्नो पद र सम्मान गुमाउँदै गएको देखियो ।

कुनै समय मल्ल राजाहरुको राजपुरोहित दर्जा पाएका यी राजोपाध्यायहरु अहिले नेवारहरुको पुरोहितका रुपमा जजमानी गर्छन् । प्रसारवादको सिद्धान्त अनुसार भौतिक तथा अभौतिक वस्तुहरु र प्रक्रियाहरुको निश्चित ठाउँबाट अन्य ठाउँमा हुने फैलावट भइरहन्छ । समाज वा संस्कृतिको तत्वहरु वा गुणहरुको खास सन्दर्भमा उत्पत्ति भएर विभिन्न ठाउँमा हुने विस्तारलाई इंगित गर्छ । प्रसारवादको मूल प्रक्रिया भनेको नै संसारको हुनै एक स्थान वा समुदायमा उत्पत्ति र विकास भएको कुनै पनि प्रचलन वा सांस्कृतिक घटकहरु क्रमशः सम्पर्क, बसाईसराई, व्यापार, लेनदेन, विवाह, भेटघाट तथा समारोह र समुदाय र समाजमा प्रसार हुन्छन र फैलिन्छन् । राजोपाध्यायहरुले लिच्छवि, मल्ल, शाहकाल र वर्तमान समयमा प्रसार भएको संस्कृतिलाई पछ्याएको देखिन्छन् ।

काठमाडौं उपत्यकाका तीन सहरहरका राजोपाध्याय ब्राह्मणहरुका विभिनन कुल छन् । काठमाडौं र भक्तपुरमा दुई-दुई कुल छन् । काठमाडौंमा इन्द्रचोक र मखन मात्र राजोपाध्याय रहेका छन् । यद्यपि, काठमाडौंमा भक्तपुरबाट बसाईसराई गरी आएका राजोपाध्याय छन् । भक्तपुरमा इपाछे र चुचाछे खलक छन् । यसैगरी ललितपुरमा मण्डिछे (स्वथः) बकनिह्ममा पट्को, गाःबहाल र बलिह्म रहेका छन् । वलानिह्म वा वला, स्वनिह्म (सुलिह्म), तधँलिवि (अग्निशाला) र नुगः (सुन्धारा) खलक रहेका छन् । काठमाडौंका मखन, ललितपुरको पट्को र भक्तपुरका राजोपाध्यायहरुले भारद्वाज गोत्र प्रयोग गर्छन् । ललितपुरको अन्य खलकहरुका गोत्र गार्ग्य हुन् । काठमाडौंको इन्द्रचोक खलकका ब्राह्मणले कौशिक गोत्र प्रयोग गर्छन् । हिन्दू नेवारअन्तर्गत शैव र वैष्णव धर्म मान्ने राजोपाध्यायहरुले सामाजिक संगठन अनुसार तीनै सहरम उपाकर्म गुठी चलाउँछन् ।

वर्तमान समयमा सनागुठी र सि गुठी लगभग निष्क्रिय भएका छन् । दरवार परिसर क्षेत्रको आसपासमा बसोकास गर्ने राजोपाध्यायहरुले शैव, शाक्त र वैष्णव धर्म मानेका देखिन्छन् । प्रकार्य संरचनावाद सिद्धान्त अनुसार राजोपाध्यायहरुले सामाजिक तथा सांस्कृतिक कार्य गरिरहेका छन् । नेवारहरुले आफूलाई काठमाडौं उपत्यकाका रैथाने मान्छन् । प्राचीन समय देखि नै उनीहरुले यहाँ बसोबास गरेको मानेका छन् । नेवार भित्र धेरै किसिमका जातजाति छन् । राजोपाध्यायहरुले आफूलाई यसै नेवार भित्रका एक अंग भन्ने गर्छन् । यद्यपि कतिपय राजोपाध्यायले नेवारहरुको ब्राह्मणका रुपमा मात्र आफूलाई परिचय दिने गरेका पाउन सकिन्छ ।

दैनिक रुपमा नेवार समाजभित्र हुलमेल भएका राजोपाध्यायहरुले उनीहरुको जन्म देखि मृत्यु संस्कार पछ्याएका छन् ।

यिनीहरुले तत्काल विकास भएको संस्कृति, भाषा र रीतिरिवाज अपनाएका देखिन्छन् । यद्यपि, केही संस्कार र रीतिरिवाजमा केही फरकता छ । नेवारहरुको जजमानी गर्ने मुख्य पेशा बनाएका राजोपाध्याय भित्र यूवा पुस्ता यस पेशामा त्यति आकर्षित नभएको पाएको छ । यूवा पुस्तामा संस्कृत शिक्षा अभाव र आधुनिक शिक्षाका कारण जजमानी पेशमा उनीहरु आकर्षिक हुन नसकेको देखियो । यस समुदाय भित्र वैवाहिक सम्वन्ध आफ्नै समुदाय भित्र हुने गर्थ्यो । पछिल्लो समयमा यो रीतिरिवाज तोडिएको अवस्था छ । अहिले अन्तरजातिय विवाहले पनि प्राथमिकता पाएको छ ।

राजोपाध्यायहरुको संस्कारको अध्ययनक्रममा हिन्दू नेवारको जस्तै छ । उनीहरुका जन्म देखि मृत्युसम्म मुख्य संस्कार हुन् । राजोपाध्याय भित्र केही संस्कारहरुमा फरकता भेटिएको छ । पुरुष ब्राह्मणलाई चुडाकर्म र व्रतवन्ध गरिन्छ । चुडाकर्ममा कपाल खौरिने र व्रतवन्धमा जनै धारणा दिने चलन छ । व्रतवन्धपछि मात्र ती ब्राह्मणले जजमानी काम गर्न पाउँछन् । अहिले चुडाकर्म र व्रतवन्ध एकैपटक गर्ने चलनसमेत आइसकेको छ । विभिन्न धर्मशास्त्र अनुसरण गर्दा व्रतवन्ध संस्कार तीन महिनासम्म एउटै कोठामा वटुकलाई राख्नुपर्छ । विधि छोट्याउने र आधुनिकरणको प्रभावले अहिले तीन महिनाबाट एक महिना, एक महिनाबाट चार दिन र चार दिनबाट एक दिनमै व्रतवन्ध संस्कार सम्पन्न भएको देखिएको छ । महिलाहरुको हकमा वेल विवाह र सूर्य दर्शन हुन्छ । विवाह संस्कार सम्पन्न हुन दुई साता अवधि लाग्छ । सुपारी पठाउने देखि देवाली पूजासम्म कार्य गर्न दुई साताको अवधि हुन आउँछ ।

अहिले यो एक सातामा सिमित भएको छ । पहिला राजोपाध्यायबीच विवाह हुँदा कन्यादान हुन्थ्यो । अहिले यो स्वयम्बरमा सिमित भएको छ । विवाहको चार दिन भित्र देवाली पूजा गर्नुपर्छ । देवाली पूजा मुख्य गरी आफ्नै समुदायभित्र हुँदा हुने गर्छ । अन्तर जातिय विवाह गरेको नव दाम्पतीलाई कुलदेवता वा आगम विधिबाट हुने अनुष्ठानमा समेत सहभागि गराएको छ । अन्तरजातिय विवाहको अवसरमा देवाली पुजा गरिँदैन । मृत्यु संस्कारमा सी वा सनागुठी पालो परेकाहरुले पार्थिव शरीर उठाउने देखि घाटमा चित्ता बनाउने सवै वन्दोवस्त गर्छन् । तर, अहिले

यी दुवै गुठी लोपउन्मुख अवस्थामा छ। यद्यपि, थोरै सदस्यहरुबीच ती गुठी सञ्चालनमा रहे पनि मृत्यु संस्कारको समयमा उनीहरुको सक्रियाता देखिँदैन।

संस्कारको अध्ययन क्रममा तीन वटै सहरमा १२ दिनमा गर्नुपर्ने पाक श्राद्ध खासै गरेको भेटिएन। पाक श्राद्ध भनेको बोकाको टाउको विभिन्न अंग मिसाएर पिण्डकार्य गर्नु हो। पार्क श्राद्ध गरेको अवस्थामा बेलुका 'सी' लिनु पर्छ। परिवारमा जेष्ठताको आधारमा बोकोका विभिन्न अंग राखी भोज खानेलाई जनाउँछ। एक महिना देखि एक बर्षसम्म श्राद्ध गर्नुपर्छ। ४५ दिन, ६ महिना र एक बर्ष मात्र श्राद्ध गर्ने र अन्य महिनामा जलदान मात्र गर्ने गरेका छन्। मुलतः विभिन्न आएका परिवर्तनहरुमा परसंस्कृति र आधुनिकरण प्रभाव परेको अध्ययनको क्रममा देखिएको छ।

## ७.२ प्राप्ती

१. काठमाडौं उपत्यका भित्रका राजोपाध्यायहरुको इतिहासको बारेमा जानकारी।

२. उनीहरुको ऐतिहासिकता र बसाई-सराई कसरी भयो भन्ने यर्थाथ विवरण प्राप्त भएको छ ।

३. अनुसन्धानले तीन सहरमा रहेका राजोपाध्यायहरुको इतिहास भिन्नता देखिएको छ।

४. राजोपाध्यायलाई पर्वते ब्राह्मण भनिए तापनि यिनीहरुले नेवार समुदायको रीतिरीवाज, संस्कार र परम्परालाई अंगीकार गरेको पाइयो।

५. अध्ययनको क्रममा राजोपाध्याय भित्र पनि केही संस्कार फरक ढंगबाट मनाउने चलन रहेको जानकारी प्राप्त भएको छ।

६. नेवारहरुको धेरै संस्कार राजोपाध्याय समुदायका केही संस्कार विलकुलै फरक पाइयो।

७. अध्ययनको क्रममा राजोपाध्याय समुदायका मानिसहरुले आफुलाई नेवार ब्राह्मणको रुपमा परिचय गराउन रुचाउँने गरेको पाइयो।

८. अध्ययनको क्रममा मल्ल राजाहरुको प्रमुख सल्लाहकार र राजपूराहित दर्जा पाएको देखिन्छ।

९. मध्यकालमा राजोपाध्यायहरुलाई देउ भाजु, द्यः ब्रह्मु, उपाध्याय ब्राह्मण आदि नामले सम्बोधन गरेको पाइयो।

१०. अनुसन्धानको क्रममा चाँगु, इचंगु र विशंखुका मुल पूजारीले आफ्नो पूर्वजहरु लिच्छविकालदेखि नै मन्दिरका पुजारी भएको दावी गरेका छन्।

११. लिच्छवि राजा हरिदत्त वर्माले स्थापना गरेको चाँगु, इचंगु, विशंखु तथा शेषनारायण मध्ये तीन वटा मन्दिरमा आजसम्म राजोपाध्यायहरुले दैनिक पूजा गरेबाट स्पष्ट हुन सकिन्छ।

१२. शाहकालमा प्रतापसिंह शाहले 'राजोपाध्याय' उपाधि दिएकोले त्यही समयदेखि 'राजोपाध्याय' थर लेख्न थालेको भन्ने धारणा पाइयो । तर, राजोपाध्याय लेख्न चलन मध्यकालमै भइसकेको आधार भेटिएको छ ।

१३. अनुसन्धानको क्रममा मल्लवंशको पतनसँगै राजोपाध्यायहरुले आफ्नो पद र सम्मान गुमाउँदै गएको पाइयो ।

१४. काठमाडौंका मखन, ललितपुरको पट्को र भक्तपुरका राजोपाध्यायहरुले भारद्वाज गोत्र, ललितपुरको अन्य खलकहरुका गोत्र गार्ग्य, काठमाडौंको इन्द्रचोक खलकका ब्राह्मणले कौशिक गोत्र प्रयोग गर्ने गरेको पाइयो ।

१५. राजोपाध्यायहरुले आफनो मुख्य पेशाको रुपमा नेवारहरुको जजमानी गर्ने गरेको पाइयो ।

१६. संस्कारको अध्ययन क्रममा तीन वटै सहरमा १२औं दिनमा गर्नुपर्ने पाक श्राद्ध खासै गरेको गरेको भेटिएन ।

# परिशिष्ट

## परिशिष्ट : क

**वंशावलीमा विजयीश्वरीको उल्लेख**

सम्वत् २४५ वैशाख सुदि १० रोज रो थ्वकुन्हु श्री ३ न्हुछेया नायक रत्नराज थकुल त्वं विष्णुमति भद्रमति संगम बिज्याक बेलस राजनिम्हया ब्राह्मणया म्ह्या छम्ह उन्मत्ता जुयाव थिवाङावा चोले रत्नराज थकुलं खङाव सोयाव वेलसं श्री लुतिदेवी प्रत्यक्ष जुयाव आज्ञा दयकाव आम खं आथेमुख आम ब्राह्मणी उयनी जुव मुख उयनी जुव मुख आ ब्राह्मणी जि सरीर थुका ।

जुजु, बलदेव (ने.सं.१११५०, **नेवा संस्कृति व नेवाः दर्शन**, संकटा प्रेस, पृ.८ ।

## परिशिष्ट : ख

**देव पाटनस्थित जयसिंहरामवर्द्धनको अभिलेख**

१. ॐ नमो भगवते श्रीशंकरनारायणाय ॥ यो तौ शंखपालभूषणकारौ मालाक्षि

२. मालाधरी देव्वौ द्वारवतीश्मसानलिर्यौ नागारिगोवाहनौं । द्वात्रयोक्षै बलिदक्षयज्ञमथ

३. नौ शैलजावल्लभौ पापं मे हरतां सदा हरिहरौं श्रीवत्सगंगाधरौ ॥ स्वस्ति ॥ राजाधिराज

४. जयरअयुवराजश्रीश्रीजयधर्म्मल्लदेवस्य विजयराज्ये श्रीश्रीभुवंत

५. राजकुलमहामंत्रेश्वर श्री३ पशुपतिलिंगस्थापनाचार । श्री ३ इन्द्रेश्वरप्रासादकनककलश

६. ध्वजावरोहनकृतसुवर्ण्णतोलापुरुषमहादानकृतराजलक्ष्मीसमलिंगितमहामंत्राधिरा

७. जश्रीजयसिंहरावर्द्धणेन । तदनुजसोभित्राज्र्जुणोयमेत्राचार्यमुखकमलविनिसृताभानतीर

१८. दाङ्गमंत्रनयव्याख्यानोपदेशपरमगुरुरघुवंशोद्भवराजपुरोहित

१९. रयणपतिआराध्यसर्म्मणः कनिष्ठपुत्रेण **माताश्रीतेजलक्ष्मीगर्भो**

२०. **तारराजोपाध्याय**द्विवरोत्तमश्रीरहंसपतिआराध्यसर्म्मणानु

५४. त्वयाव... सुखपरत्र मोक्षसंप्राप्त

*अभिलेख देव पाटनस्थित महास्नानघरको पूर्वतिरको चोकमा शंकरनारायणको मूर्ति रहेको ठाउँमा छ ।* यो अभिलेख संस्कृत संन्देश १ बर्ष, १०–४६ पृष्ठ, डि आर रेग्मी मेडिभल नेपाल तेस्रो भाग, ३७ संख्या, ३६–३९ पृष्ठ, र पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन (अभिलेख खण्ड), पृष्ठ ४९– ५१

## परिशिष्ट : ग

**श्री ५ प्रतापसिंह शाहको लालमोहर**

श्रीदुर्गा सहाय, श्रीचागुनारायण ३

१. स्वस्ति श्रीगिरिरराजचक्रमणिनरनारायणेत्यादिविधिधविरुदावलि

२. राजमानमानोन्न श्रीमन्यहाराजधिराज श्रीश्रीश्री महाराजे प्रतापसिंह

३. ह साह बहादुर र्समसेजंग देवानामसदार समर विजयिनाम्

४. आगे लछिमन उपाध्यायको नाति रामचन्द्र उपाध्यायको छोरा यदु सुवेडी

५. वतन चांगु **हरिसंषर उपाध्याके** त्रिलोचन पाध्या निवापान्या पितां

६. वरपाध्या पोषरयालको षायल चांगु .. नित्य नैमित्य पूजा

७. का गुठिषेत जागिरषेतसमेत वाहालिगरीबक्सयौं आफना षा तिर

८. जामासित नित्य नैमित्य परमपराका रितसित पूजागर हाम्रो जय

९. मनाव आसिर्वाद दिन्यागर, इति संवत १९३३ साल फाल्गुनवदि १२ रोज

१०. ज ५ मोकाम कांतिपुर श्रुभम ....

खनाल, मोहनप्रसाद (बि.सं २०४०), **चाँगुनारायणका ऐतिहासिक सामग्री,** नेपाल एसियाली अनुसन्धान केन्द्र, पृ. ३९९ ।

## परिशिष्ट : घ

आगन पीठको नाम

रुचुन भरदि ॥ नाश्वर । उपाया देव । थथु राजरया दुमाजु । वंगराय । पुरक्व इनाय । आजभेरु स्वच्छन्द भैरव । **ब्रह्म पुलिया आगम ।** चुखाछेया इनाय । नाश्वर । इन्द्रचुकयात । वंकरो नोजु । सिथपुरि (लक्ष्मीनारायण) वंकर दथुया महादेव । जवस खवस दथुस आगम मखन । लु इनाय। महेन्द्रेश्वर, मखन करक । यता खा । नखि देव । इतु वहार । **राजनिम्ह आगम ।** ये निह्म

बोल्ड गरिएको इन्द्रचोक र मखन छेंको आगन हुन् । यो बारे उल्लेख आगन पीठका नामावली आशासफू कुथिमा सुरक्षित एक अभिलेख ग्रन्थ वलि विधि नेस ६९७ मा रहेको छ ।

इतिहासको कुरो, Rolamba, voll 11. No 1. 1991 AD, p.21-22.

## परिशिष्ट : ङ

## जयस्थिति मल्लले विभाजित गरेको ६४ जाति सूची

१.ब्राह्मण, द्विज वा विप्रः उपाध्याय पुरोहित जात । नेपालको छिमेकका तराईबाट आएका ब्राह्मण पञ्च गौड र शंकराचार्यले ल्याएको डेक्कनका पञ्च द्रविड ब्राह्मण ।

२. भूप, राज, नरेन्द्र वा क्षतिय– सैनिक

३. लेखक– लेखक

४. कायस्थ– लेखनदासः पुरानो जमानामा यो राम्रो पेशा मानिन्थ्यो । अडड्खाना या प्रशासन यिनीहरु चालउँथे ।

५. मन्त्री, सल्लाहकार

६. सचिव– सहायक

७. अमात्य– मन्त्री

८. पुजित

९. देवचिन्त

१०. आचार्य

११, ग्रहचिन्तक–ज्योतिष, ग्रहचिन्तक

१२. ज्योतिष

१३, गणित– हिसाव किताव गर्ने गणक

१४. देवज्ञ– फलित ज्योतिष

१५. अलामा

१६. श्रीशान्त

१७. सुजकार

१८. सुपिक

१९. शिक्षक

२०. मरीकार

२१. शिल्पकार– शिल्पकार

२२. भरिया

२३. नापित–नाउ कपाल काटने

२४. लेपिका– वज्रकर्मी

२५. तक्षक–कर्मी

२६. दास्कार– काठको काम गर्ने

२७. श्रीङखरी

२८. क्षेत्रकार– नापतौल गर्ने

२९. कुम्भकार– कुह्माले, माटाका भाडाँकुडाँ बनाउने

३०. तुलाधर– तौलने

३१. कर्निका– धागो कात्ने, लुगा बुन्ने

३२. कम्स्यकार– धातुको काम, घण्टी बनाउने

३३. सुवर्णकार– सुनको काम गर्ने

३४. ताम्रकार– तामाको काम गर्ने

३५. गोपाल– गोठाला

३६. भयालासान्सु

३७. कम्जिकार

३८. तायोरुता

३९. टाङ्काधारो

४०. विमारी

४१. सुर्पकार

४२. नाटेवारुद

४३. बथहोम

४४. गायन– गायक वा गवैया

४५. चित्रकार– चित्र वनाउने

४६. सुरविजा

४७. नटजीव– पत्नीलाई वेश्यवृत्तिमा लगाउने

४८. मन्धुरा

४९. व्यञ्जनकार– खाना पकाउने

५० माली–बगैचे

५१ मासंविक्री– कसाई

५२. किराँत– सिकारी ?

५३. बदी

५४. धान्यमारी

५५. तन्डुकार– लुगा बुन्ने काम गर्ने

५६. नादीछेदि– सालनाल काटने

५७. कुन्दकार हस्तिहाडको काम गने

५८. लोहकार– फलामको काम गर्ने

५९. क्षतिकारक

६०. धोवी लुगा धुने

६१. रजक रंगलगाउने, धुने

६२. नियोगी

६३. मातङगी

६४. चर्मकार, यी दुवै छालाको काम गर्ने

सिल्भाँ लेभी, **नेपाल हिन्दूअधिराज्यको इतिहास पहिलो खण्ड,** हिमाल एसोसेट, पाटन, पृष्ठ १४६-१४९ २०६५

## परिशिष्ट च

तथ्यांक संकलन गर्दाको स्रोत व्यक्तिहरुको सूची

| | | | |
|---|---|---|---|
| १ गोविन्द भक्तानन्द राजोपाध्याय | (टेंगल) | बर्ष ८७ | २०७९/१२/२ |
| २. महेश्वर जुजु राजोपाध्याय | (ठँहिटी) | बर्ष ८५ | २०८०/१/१० |
| ३ मधुरजुजु राजोपाध्याय | (गाःवहाल) | वर्ष ८१ | २०८०/५/१२ |
| ४ लवकुश राजोपाध्याय | (लालाछैँ) | वर्ष ७८ | २०८०/७/२ |
| ५ लक्ष्मण राजोपाध्याय | (बाँडेमुढा) | वर्ष ७९ | २०८०/२/४ |
| ६. रविराज राजोपाध्याय | हैन्कतला | वर्ष ७२ | २०७९/८/२८ |
| ७ जीवनराज राजोपाध्याय | (सुकुलढोका) | वर्ष ६८ | २०८०/३/५ |
| ८ मधुर जुजु राजोपाध्याय | (गाःवहाल) | वर्ष ८१ | २०८०/४/९ |
| ९. प्रचण्डहरी शर्मा | (जावलाखेल) | वर्ष ७१ | २०८०/९/५ |
| १०. हरिओमपति राजोपाध्याय | (हैन्कतला) | वर्ष ७७ | २०८०/११/६ |
| ११. यादव राजोपाध्याय | (सूर्यविनायक) | वर्ष ६६ | २०८०/५/८ |
| १२ पुरुषोत्तम राजोपाध्याय | (मखन टोल) | वर्ष ६५ | २०८०/७/१० |
| १३. प्रमोद राजोपाध्याय | (इन्द्रचोक) | वर्ष ५२ | २०८०/८/१० |
| १४ शंकर राजोपाध्याय | (पूर्णचन्ण्डी) | बर्ष ५३ | २०८०/८/९ |
| १५ निलेश राजोपाध्याय | (गाःवहाल) | वर्ष ४८ | २०८०/११/६ |
| १६. प्रतापधर शर्मा | (महाद्योःननी) | वर्ष ३९ | २०८०/८/९ |
| १७. महेशधर राजोपाध्याय | (महाद्योः ननी) | वर्ष ४७ | २०८०/१०/७ |
| १८.कविन्द्र रिमाल राजोपाध्याय | (इन्द्रचोक) | वर्ष ७३ | २०८०/३/१५ |
| १९ आकाश राजोपाध्याय | (पूर्णचन्दी) | वर्ष ३५ | २०८०/६/८ |
| २०. रक्षण राजोपाध्याय | (मंगलवजार) | ४२ | २०८०/१२/१ |

## परिशिष्ट छ

तथ्यांक संकलनको लागि सोधिएको प्रश्नावलीहरुको सूची

१. राजोपाध्यायहरुको काठमाडौं उपत्यकाभित्र ऐतिहासिकता तपाई के कस्तो जानकारी छ ?

२. के राजोपाध्यायहरु प्राचीन समयदेखिकै उपत्यकाभित्रका ब्राह्मण हुन् ? यिनीहरु यहाँ बसाई सराई गर्दै आएका हुन् ?

३. काठमाडौं उपत्यका भित्र कुन-कुन स्थानमा उनीहरुको मुख्य बसोबास स्थान हुन् ?

४. अहिले पनि मल्लकालिन दरवार स्क्वायर क्षेत्र वरिपरि नै यिनीहरुको बसोबास मुख्य मानिन्छ ? यसको कारण के हुन सक्छ ?

५. यो क्षेत्र बाहिर जान नसक्नु कारण के जस्तो लाग्छ ?

६. राजोपाध्यायको जनसंख्या छ होला ?

७. सामाजिक संगठन बारे कस्तो फरकता छ ?

८. तीन वटै सहरका राजोपाध्यायहरुबीच के भिन्नता छ ?

९. राजोपाध्यायहरुको मुख्य पेशा नै जजमानी हो ? पछिल्लो अवस्थामा यो जजमानी पेशाको अवस्था के छ ?

१०. यूवा पुस्तामा जजमानी गर्न त्यति रुची छैन ? यसको प्रमुख कारण के हुन सक्छ ?

११. तपाई आफू जजमानी गर्नु हुन्छ ? यसमा कति सन्तुष्ट प्राप्त गर्नु भएको छ ?

१२. किन यिनीहरुले आफूलाई अन्य पेशामा परिवर्तन गर्न नसकेको हो ?

१३. जजमानी पेशाले घर परिवार चलाउन सकिन्छ ?

१४. नेवार र राजोपाध्याबीचको संस्कारबीच फरकता देख्नु हुन्छ ?

१५. तपाईं आफूलाई शैव मान्नु हुन्छ कि हिन्दू मान्नु हुन्छ ?

१६. पछिल्लो समयमा राजोपाध्याय भित्र संस्कारमा के कस्तो परिवर्तन आएको छ ? यसको कारण के-के हुन सक्छ ?

१७. मौलिक परम्परालाई बचाई राख्न के कस्तो प्रयास गर्नुपर्छ ?

# राजोपाध्याय सम्वन्धि संस्कारका तस्बिरहरु



तस्बिर १ : दही चिउरा खुवाउने क्रममा



तस्बिर २ : फुपुहरुले बच्चा जन्मेको छैटो दिन छैठी संस्कार गर्दै



तस्बिर ३ : घरको थकाली (जेष्ठ पुरुष) ले नामकरण दिन दक्षिण चढाउँदै



तस्बिर ४ : घरको थकाली (जेष्ठ पुरुष) ले अन्न प्राशंनमा पञ्चग्रास खुवाउँदै



तस्बिर ५ : विवाहको पूर्वाङ्गको दिनमा दुसो का (पहेलो धागो)



तस्बिर ६ : इही (बेल विवाह) मा फुपुले नङ थाप्दै



तस्बिर ७ : इही (बेल विवाह) मा वेल समात्दै कन्या



तस्बिर ८ : गुफा बसेको आठौं दिनमा सूर्य दर्शन गर्दै कन्या



तस्बिर ९ : बालकको चुडाकर्ममा कपाल कट्दै हजाम



तस्बिर १० : पार्टी भेन्जुमा गरिएको व्रतवन्ध संस्कार
स्रोत : रक्षण राजोपाध्याय फेसबुक



तस्बिर ११ : कुनै पनि संस्कारको पूर्वाङ्गमा खुवाउने थायुभू (८४ प्रकारका खानेकुर



तस्बिर १२ : पूर्वाङ्गको दिनमा माटोको देवताको प्रतिकका रुपमा अलि द्यः



तस्बिर १३ : विवाहको अवसरमा दुलाह पक्षाबट पठाइएको सुपारीका सामग्रीहरु



तस्बिर १४ : कुनै एक संस्कार गर्नुअघि पितृहरुको आह्वान निमित्त गरिने नान्दिमुखी श्राद्ध



तस्बिर १५ : कल्यांको दिन मरी कसिसहितको सामग्री



तस्बिर १६ : विवाहको लागि अन्तिमपटक कुरा छिन्ने क्रममा दुलाह र दुहली पक्षका सदस्यहरु



तस्बिर १७ : विधिवत् रुपमा विवाहको अवसरमा कन्यादान गरिएको क्षण




तस्बिर १८ : विवाहको छोटकरीकरण रुप स्वयम्बर



तस्बिर १९ : यज्ञ कलाशर्चनसहितको विवाह



तस्बिर २० : राजोपाध्याय भित्र अन्तरजातिय विवाह (महिला राजोपाध्याय)



तस्बिर २१ : भाञ्जीलाई अनमाउँदै मामाहरु (पितवियगु)



तस्बिर २२ : सँप्याकेगु (विवाहको भोलिपल्ट श्रीमानले श्रीमतीको केश मिलाउँदै)



तस्बिर २३ : पहिलोपटकको भीम रथारोहण




तस्बिर २४ : चन्द्र रथारोहणमा चन्द्रमाको दर्शन गर्दै



तस्बिर २५ : तेस्रोपटकको जंको (देव)



तस्बिर २८ : मामाले भान्जालाई स्थान गणेश लाने क्रममा
स्रोत : सञ्जय राजोपाध्याय फेसबुब



तस्बिर २९ : १२ बर्षको यो मरीसहित बालक
स्रोत सूर्यन्द्र राजोपाध्याय फेसबुक

# सन्दर्भ सामग्री

## अंग्रेजी


Creswell, J.W. ( 2009 ), *Research Design Third Part*, Sage Publication.

Hamilton, F. (2007), *An Account of Kingdom of Nepal.* Archibald Constable.

Joshi & Banjara ( 2004), *Research Design Methods and Thesis Writing*, Anand Ballabh Joshi.

Kane, P.V (1980*), Dharmashastra ka Itihas,* vol 1, Trans, Arjun Chaube Kashyap.

Nepali, G.S. (1965*), The Newar,* United Asia Publication.

Nepali, G.S. (2003), *Newari Sanskaras,* The Royal Nepal Academy.

Levy, R. & Rajopadhyaya K. (1992), *The Construction of the Mesocosm,* Motilal Banarsidass.

Petech, L. (1958), *Mediaeval History of Nepal,* Istituto Italiano per IL medio ed etremo oriente.

Regmi. D.R. (1965-66), *Medieval Nepal*, First & Third part, K.l Mukhopadhyay.

Shakya, M.R. (2006), Ganesh in Medieval Npela, *Rupa. CO.*

Shah, R. (No Date), *An Introduction To Npeal,* Ratna Pustak Bhandar.

Shah, Rishikesh (1992), *Ancient and Medieval Nepal,* Manohar Publication.

Sharma, P.R. (B.S. 2015*), Land, Lingeage and State,* Himal Books.

Tucci. G. (1961*), The Theory and Practice of Mandala,* Ridder and Company.

Toffin G. (2008), *Newar Society City, Village and Periphery*, Himal Books.

Vaidya, T.R. & Manandhar, T R. (1993), *Social History of Nepal*, Anmol Publication.


## नेपाली पुस्तक


आचार्य, उद्धव (बि.सं. २०४३), *फर्पिङको शिखरनारायण एक अध्ययन* (एम ए शोधपत्र), त्रिवि ।

आचार्य, वावुराम (बि.सं. २०६०), *प्राचीनकालको इतिहास,* श्रीकृष्ण आचार्य ।

“ ”, बाबुराम (बि.सं. २०६३), *नेपालको संक्षिप्त वृतान्त,* श्रीकृष्ण आचार्य

आचार्य, नित्यानन्द पर्वतीय (बि.सं २०४१), *संस्कारदीपक,* चौखम्बा संस्कृत संस्थान ।

कमाचार्य, बासुदेव (बि.सं.२०७९), *ब्राह्मण, कर्माचार्य र जोशी देवस्वरुप,* चण्डेश्वरी कमाचार्य ।

कायस्थ, बलराम (बि.सं २०७७), *नेवार समाजको इतिहास र संस्कृति,* रत्नपुस्तक भण्डार ।

" " बलराम (बि.सं २०७७), *प्राचीन तथा मध्यकालीन इतिहास,* पल्लव पब्लिकेशन प्रा.लि ।

कायस्थ, वीरेन्द्रप्रसाद (बि.सं २०७९), *मल्लकालीलन संस्कृति र चाडपर्व,* श्रीमती विष्णुमैयाँ कायस्थ ।

खनाल, मोहनप्रसाद (बि.सं.२०४०), *चाँगुनारायणका ऐतिहासिक सामग्री,* नेपाल एसियाली अनुसन्धान केन्द्र ।

घिमिरे, शिवहरि ( बि.स. २०७५), *होचो ढोका,* स्वदेश प्रकाशन प्रा.लि ।

जोशी, हरिराम (बि.सं २०५३), *अन्नप्राशन (नेवाः संस्कृति र संस्कार)* जगतलक्ष्मी स्मृति समाज ।

" " हरिराम (बि.सं २०५८), *अभिनव संस्कृति कोष,* जोशी रिसर्च इन्स्टिन्युट ।

जोशी हरिराम (बि.सं२०६१), *त्रिदेव स्वरुप ब्राह्मण, कर्माचार्य, जोशी,* जोशी रिसर्च इन्स्टिन्युट ।

टण्डन, गोविन्द (बि.सं.२०५२), *नेपालमा गुठी व्यवस्था,* नेपाल अध्ययन समूह ।

" ", गोविन्द (बि.सं २०५६), *पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,* अभिलेख खण्ड, श्रीझरेन्द्र शम्शेर ज.ब.रा तथा श्रीमती मञ्जु राणा

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (बि.सं २०७७), *अनुसन्धान पद्धति,* पैरवी बुक हाउस प्रा.लि ।

क्षेत्री, गणेश र सोमप्रसाद खतिवडा (बि.सं २०५४), *हिन्दू समाज र धर्म,* शिवा प्रकाशन ।

तमोट, काशीनाथ (बि.सं. २०६०), *नेपालमण्डल,* नेपाल मण्डल अनुसन्धान गुथि ।

तिवारी, सुदर्शनराज (बि.सं २०२३), *हाँडीगाउँ प्राचीन नेपालको राजधानी,* हिमाल किताव ।

धौबन्जार, गोपाल (बि.सं २०६५), *हिन्दू नेवार संस्कार पद्धति,* रामभक्त धौबन्जार र प्रभादेवी धौबन्जार ।

नरहरिनाथ, योगी (बि.सं २०१३), *देवमाला वंशावली,* गोरखापीठ ।

नेपाल, खेमराज (बि.सं २०७९), *मिश्रित जात-जाति हामी नेपाली,* मकालु प्रकासन गृह ।

पन्त, वेदराज (बि.सं २०७०), *प्राच्य जीवन शेलीको एक सत्र दशैं,* सविता प्रकासन

पन्थी, लक्ष्मीकान्त (वि.सं २०७३), *हिन्दू संस्कार परिचय र विमर्श,* रत्नपुस्तक भण्डार ।

पन्थी, लक्ष्मीकान्त (वि.सं २०७०), *हिन्दू संस्कार परिचय र विमर्श,* खिलशर्मा-राजीवलोचनजोशीस्मारक ।

पाण्डेय, मधुसूदन (बि.सं २०६३), *नेवार, नेपालका जनजाति,* नेपालका जनजाति, पैरवी प्रकासन ।

पौडेल, टंकमणि, (बि.सं २०७६) *जात र वर्ग,* क्वेस्ट पब्लिकेसन ।

पंगेरी, भवेश्वर (वि.सं २०७६), *दिगु (देवाली) पूजा,* साहुखलः देवाली गुठी ।

प्रभात, विष्णु (बि.सं.२०७४), *दर्शन बोध,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, बासु (बि.सं २०४४), *हिन्दू सामाजिक संगठनको प्रारुप,* साझा प्रकासन ।

बासुपास (बि.सं २०७८), *कान्तिपुर,* माइण्ड बडी लाईब्रेरी ।

बुढाथोकी, चन्द्रविक्रम (बि.सं २०३९), *जयस्थिति मल्लको सुधार,* साझा प्रकाशन ।

भट्ट, विद्यानथ उपाध्याय (बि.सं २०६२), *तन्त्रविद्यालोक,* अन्नपूर्णा उपाध्याय भट्ट ।

मुनंकर्मी, पूर्णराम (बि.सं. २०७५), *नेवाः संस्कारय् अन्त्येष्टि विधि व पितृमोक्ष,* मुनंकर्मी समाज ।

राजवंशी, लक्ष्मण (बि.स. २०६५), *नेवार संस्कृतिक चिनारी,* नागार्जुन पब्लिकेसन प्रालि ।

राजभण्डारी, विनोद (बि.सं. २०६६), *गर्भदेखि मरणोपरान्तसम्मको संस्कार,* गिता राजभण्डारी ।

राजभण्डारी, रीता (ने.सं. १११२), *नेवाः इहिपा विधि,* नेपालभाषा केन्द्रिय विभाग ।

राजवंशी, लक्ष्मण (बि.सं. २०६५), *नेवार सांस्कृतिक चिनारी,* नागार्जुन पब्लिकेसन ।

राजोपाध्याय, हरिशरण (ने.सं. ११३४), *नेवाः संस्कृतिमा घोत्लिँदा,* नेपाल साहित्य मन्दिर ।

“ ”, धनशमशेर.ज.व (बि.सं. २०२७), *विवाह पद्धति नेपाली भाषासहित,* रथी धनशम्शेर ज.ब.राण ।

“ “, धनशमशेर.ज.व (बि.सं.२०५६), *संस्कारपद्धति विवाहपद्धति,* प्रमुख संवाद सचिवालय राजदरवार ।

रेग्मी, जगदिशचन्द्र (बि.स. २०७६), *नेपालका ब्राह्मणहरुको संक्षिप्त इतिहास,* विद्यार्थी पुस्तक भण्डार ।

रुपाखेती, श्रीहरि (बि.सं. २०७८), *नेपाली थर-गोत्र-प्रवर,* रत्नपुस्तक भण्डार ।

लामिछाने, माधवप्रसाद (बि.सं २०७३), *नेपाली समाजमा तन्त्र परम्परा,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लेभी, सिल्भाँ (२०२०), *नेपाल, हिन्दू अधिराज्यको इतिहास* (पहिलो खण्ड, आठौं संस्करण), डिल्लीराज उप्रेत्ती (अनुवादक) हिमाल किताव ।

“ ”, मनवज्र (मिती नभएको), नेपालको मध्यकालिन कला, सूचना तथा प्रसार मन्त्रालय ।

वज्राचार्य धनवज्र र मल्ल कमलप्रकास (इ.सं १९८५), *गोपालराजवंशावली,* नेपाल रिसर्च सेन्टर ।

वज्राचार्य, धनवज्र (बि.सं २०५६), *मध्यकालका अभिलेख,* नेपाल र एसियाली केन्द्र ।

वैद्य, जनकलाल (बि.सं २०६१), *सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा,* ने.रा.प्र ।

श्रेष्ठ, कल्पना (वि.सं २०७७), *काठमाडौंको सांस्कृतिक परम्परा,* पल्लव प्रकाशन ।

श्रेष्ठ, तुलसी नारायण (बि.सं २०६६), *नेपालका नेवारहरु पहिचान र पृष्ठभूमि,* रत्नपुस्तक भण्डार ।

शर्मा, जनकलाल (बि.स. २०३९), *हाम्रो समाज एक अध्ययन,* साझा प्रकासन ।

शेरचन, सञ्जय (बि.सं. २०६३), *नेपाली राज्य र आदिवासी जनजाति,* सिरास ।

हस्तलिखितग्रन्थ, *दशकर्म पद्धति,* राष्ट्रिय अभिलेखालयमा रहेको माईक्रोफिल्म नं.बी. ३६।७, फो. २२ ।

**संस्कृत पुस्तक**

कर्क, जयराम (ई.सं १९५२), *पारस्करगृहचसूत्र,* (भाग दुई अध्याय दुई) वारायणसी ।

झा, गंगानाथ (ई.सं १९३२), *मनुस्मृति,* एशियायाटिक सोसाइटी अफ वंगाल ।

नाना, डोगरा (ई.सं १९९४), *गृहस्थरत्नाकर,* नाग प्रकाशक ।

भट्ट, कुल्लूम (१९४६), *मनुस्मृति* (भाग२), निर्णयसागरमुद्रणालय ।

मिताक्षरा, विज्ञानेश्वरप्रणीत (१९४९), *निर्णयसागर मुद्राणालय* ।

राणा, धनशम्शेर (बि.सं २०२५), *बृहत पुनश्चर्यार्णव,* नेपाल प्रेस काष्ठमण्डप ।

स्वामी, देव (१९८३), *आश्वलायनगृह्यसुत्र,* अडयार ।

**हिन्दी पुस्तक**

आप्टे, वामन शिवराम (ई.सं. १९६६), *संस्कृति हिन्दूकोश,* मोतीलाल बनारसीदास ।

काणे, पाण्डुङ्ग (ई.सं १९९६), *धर्मशास्त्रका इतिहास,* भाग ४, उत्तर प्रदेश हिन्दी संस्थान ।

प्रसादजी, श्रीबाबु साधुचरण (*१९५५), धर्मशास्त्र संग्रह,* खेमराज श्रीकुषण दास प्रकासन ।

पाण्डेय, राजवली (ई.सं १९९५), *हिन्दू संस्कार,* चौखम्बा विद्याभवन ।

पाण्डे, राजवली (ई.सं १९६९), *हिन्दी संस्कार,* मोतीलाल वनारसी दास ।

मिश्र, जयशंकर), *प्राचीन भारतका सामाजिक इतिहास,* हिन्दीग्रन्थ अकादमी ।

**नेपाल भाषाका पुस्तकहरु**

जोशी, राजनलाल (ने.सं ११३५), *नेवाः समाजय् द्यःला,* सोसाइटी फर नेवा स्टडिज ।

जुजु, बलदेव (ने.सं ११११९), *नेवाः संस्कार व उकिया विधि,* काठमाडौं बैद्धिक प्रतिष्ठान ।

श्रेष्ठ, रेवतीरमणानन्द (ने.सं ११२१) नेवाः साहित्य मूलुखाः ।

**अनुसन्धात्मक आलेख**

Gubhani, Juhee (2015 A.D), *Are Rajopadhyayas Newars* , p.101-112 https://archive.org/details/ReVisitingTheQuestionAreRajopadhyayasNewarsOfNepalByJuheeGubhani/page/n11/mode/2up

Nepali, G.S. (2006), *Newari Sanskaras*, p.154. Different Dimensions. Royal Nepal Academy.

राजोपाध्याय, आभाष धरानन्द (बि.सं २०७९), *काठमाडौं उपत्यकाका राजोपाध्याय ब्राह्मणको शाक्ततन्त्र परम्परा,* तन्त्र चर्चा, पृ. २६०-२७१), भोलानाथ बास्तोला ।

“ ”, स्व. विष्णु भक्तानन्द (सन् १९९६), *ललितपुरका षट्कुल देव ब्राह्मणहरु,* रोलम्ब, भोलम १६, नम्बर ४, पृ.२५, जोशी रिसर्च सेन्टर ।

“ ”, स्व. विष्णु भक्तानन्द (सन् १९९७), *भक्तपुरका षट्कुल देव ब्राह्मणहरु,* रोलम्ब, भोलम १६, नम्बर ३, पृ.१५, जोशी रिसर्च सेन्टर ।

“ ”, स्व. विष्णु भक्तानन्द (सन् १९९८), *काठमाडौंका षट्कुल देव ब्राह्मणहरु,* रोलम्ब, भोलम १८, नम्बर १, पृ.१५, जोशी रिसर्च सेन्टर ।

जी, राजोपाध्याय, (ने.सं *११२३), नेवाः संस्कार दुने नामकरण (लुमन्ती),* नेवाः पुचः नारायणघाट ।

राजोपाध्याय, मनोज, (सन् १९९७), *राजोपाध्याय सम्वन्धिी दुई वटा लिखित पत्र,* रोलम्ब, भोल ८, अंक ३, पृ. जोशी रिसर्च सेन्टर ।

जोशी, हरिराम (इ.वि १९८६), *इतिहासका कुरा,* रोलम्ब, बर्ष ६, अंक ४, पृष्ठ ११, जोशी इन्स्टिच्युट ।

वज्राचार्य, गौत्तमवज्र (बि.सं २०२५), *ऐतिहासिक घटनावली,* पूर्णिमा, पूर्णांक १९, संशोधन मण्डल ।

शर्मा, गौवर्द्धन (ने.सं ११२७), *राजोपाध्याय, नेवाः समाज,* नेवाः देय दवू

शर्मा, विनोदराज (बि.सं २०५६), *भक्तपुरका राजोपाध्याय ब्राह्मणहरुको वंशवृक्ष* पासूका बर्ष ३, अंक ११, पृ.७-८ ।

**<u>wave sites</u>**

https://censusnepal.cbs.gov.np/results/np/downloads/caste-ethnicity

https://ne.wikipedia.org/ Bhaktapur

https://ne.wikipedia.org/ Kathmandu

https://ne.wikipedia.org/ Lalitpur